# बौद्ध विश्वास

## (प्रथम भाग, द्वितीय भाग र तृतीय भाग)

## *What Buddhists Believe*




लेखकः के. श्री धम्मानन्द

K. Sri Dhammananda


सम्पादनः मदन रत्न मानन्धर


https://dhamma.digital

# बौद्ध विश्वास

(प्रथम भाग, द्वितीय भाग र तृतीय भाग)

*What Buddhists Believe*


लेखक:

**के. श्री धम्मानन्द**

**K. Sri Dhammananda**


Dhamma.Digital


सम्पादन

**मदन रत्न मानन्धर**



प्रकाशक

**धम्म डिजिटल, ललितपुर**

https://dhamma.digital

**प्रकाशक:** धम्म डिजिटल
धापाखेल, ललितपुर

आर्थिक दाता: बसु माया महर्जन, बहति, काठमाडौं

तीन भाग एकै ठाउँ: प्रथम संस्करण - १००० प्रति

बुद्ध सम्बत्: २५६६
नेपाल सम्बत्: ११४३
विक्रम सम्बत्: २०७९
ईस्वी सम्बत्: २०२३

**सहयोगार्थ:** रु. २५०।-
(अरू पुस्तक प्रकाशनार्थ)

**ISBN:** 978-9937-1-3453-8

**मुद्रक:** सिग्मा जनरल अफसेट प्रेस
सानेपा, ललितपुर
फोन: ५५५४०२९



https://dhamma.digital

# बिषय सूची

१. बौद्ध विश्वास (प्रथम भाग)

*- अनु. प्रकाश बज्राचार्य*....................१-७९

२. बौद्ध विश्वास (द्वितीय भाग)

*- अनु. बरदेश मानन्धर*................८७-१४९

३. बौद्ध विश्वास (तृतीय भाग)

*- अनु. मदन रत्न मानन्धर*..........१६३-२६७



https://dhamma.digital

# आशिर्वचन

यस धर्मकीर्ति प्रकाशनबाटै २०३८, २०३९ र २०५१ सालमा प्रकाशित भएको विश्व प्रसिद्ध पुस्तकको अनुवाद "बौद्ध विश्वास" (प्रथम, द्वितीय र तृतीय) भाग हाल अप्राप्य भइसकेको र सर्वसाधारण जनलाई बुद्धशिक्षाबारे व्यावहारीक ज्ञान दिन सफल भएको पुस्तक धम्म डिजिटलबाट तीनवटै भागको सिंगो रूपमा प्रकाशन हुन गइरहेको अत्यन्त खुसीको कुरा हो ।

बुद्धको शिक्षाबारे लेखिएका र प्रकाशित कृतिहरूलाई सबैले सुलभ तरिकाले अध्ययन, अध्यापन गर्न पाउन् भन्ने पवित्र उद्देश्यका साथ स्थापना भएको 'धम्म डिजिटल' ले आफ्नो उद्देश्य अनुरूप राम्रा राम्रा कामहरू सफलतापूर्वक सम्पन्न गर्दै जान सकोस् भन्ने शुभ आशिर्वाद दिंदै यस पुस्तक प्रकाशनका अनुवादकहरू प्रकाश बज्राचार्य, बरदेश मानन्धर र मदन रत्न मानन्धरहरूलाई पनि विशेष साधुवाद दिन चाहन्छु । साथै यस पुस्तक प्रकाशनका आर्थिक दाता परिवारलाई पनि आयु आरोग्यको शुभाषिस दिन चाहन्छु ।

विश्वमा सद्धर्म फैलिंदै जाओस् ।

२०७९।१०।४

धम्मवती
..............................

भिक्षुणी धम्मवती

सासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित, भाषा थुवाः

अध्यक्ष, धर्मकीर्ति विहार, श्रीघः नःघल, काठमाडौं ।



के. श्री धम्मानन्द

https://dhamma.digital

# सम्पादकीय

श्रीलंकाका प्रसिद्ध भिक्षु के. श्री धम्मानन्द (धम्मानन्द कौशाम्बी) द्वारा अंग्रजीमा लिखित विश्वप्रसिद्ध पुस्तक 'व्हाट बुद्धिष्ट्स् बिलिभ' को शायद दोश्रो वा तेश्रो संस्करण पुस्तकबाट श्री प्रकाश बज्राचार्यद्वारा अनुवादित 'बौद्ध विश्वास' - प्रथम भाग र श्री बरदेश मानन्धरद्वारा अनुवादित 'बौद्ध विश्वास'- द्वितीय भाग क्रमशः वि.सं. २०३८ र २०३९ सालमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट प्रकाशन भएको थियो । सोही पुस्तकको चौथो संस्करणबाट 'बौद्ध विश्वास' -तृतीय भागको अनुवाद २०५१ सालमा सोही गोष्ठीबाट प्रकाशन भएको थियो, जसको दोश्रो संस्करण २०७१ सालमा श्रीमती श्री कुमारी (गोरी) शाक्य बिजुलीबजारबाट प्रकाशन भयो ।

वर्तमान समाजमा बुद्धशिक्षालाई सर्वसाधारण माझ बुझाउन अत्यन्त सफल मानिएको उक्त 'बौद्ध विश्वास' पुस्तकको तीनै भागहरू हाल अप्राप्य भएको हुनाले ती तीनैवटालाई एकै ठाउँमा समेटी यो संस्करण सम्पादन गर्ने जमर्को गरेको छु ।

यसका लागि पूर्व अनुवादकज्यूहरू, प्रकाशकज्यूहरू लगायतमा हार्दिक आभार ज्ञापन गर्दछु । साथै यो संस्करण प्रकाशनको जिम्मा बहन गर्ने धम्म डिजिटल परिवारप्रति पनि अत्यन्त आभारी छु ।

आर्थिक दाता बसु माया महर्जन सपरिवारलाई हार्दिक साधुवाद छ ।

अप्राप्य भइसकेको बौद्ध विश्वास (प्रथम भाग) र द्वितीय भाग पुस्तक प्रदान गर्नुहुने पुनमसिंह लामा तथा सोको व्यवस्था



https://dhamma.digital

गर्नुहुने गुणकेशरी महर्जन प्रशंसाका पात्रहरू हुनुहुन्छ । स्मरणीय छ उहाँ गुणकेशरीज्यूले दोश्रो भागको पुनर्टाइप पनि गर्नु भएको हो । यसरी नै प्रथम भागको पुनर्टाइप गर्नुहुने श्रद्धेय सुवण्णवती गुरुमांप्रति पनि आभार व्यक्त गर्दछु ।

**मदन रत्न मानन्धर** २०७९।९।९

सोह्रखुट्टे, काठमाडौं

Dhamma.Digital



https://dhamma.digital

# प्रकाशकीय

बुद्ध जन्मभूमि नेपालमा बुद्धको शिक्षाबारे लेखिएका अमूल्य, अद्वितीय र महत्वपूर्ण कृतिहरूको संरक्षण, प्रचार प्रसार एवं समयानुकूल प्रविधिमैत्री बनाई चिरकालसम्म जगेर्ना गर्न ती कृतिहरूलाई डिजिटलाइज गरी वेबसाइट मार्फत आममानिसको पहुँचमा निःशुल्क तथा सहज रूपमा पुऱ्याउने उद्देश्य राखी बि.सं. २०७६ साल फागुन १० गते विधिवत उद्घाटनका साथ स्थापना भएको यस धम्म डिजिटलले आफ्नो उद्देश्य अनुरूप बुद्धशिक्षाका एक हजार भन्दा बढी पुस्तकहरू, सयौं बौद्ध पत्रिकाहरू, कतिपय श्रवदृष्य सामग्रीहरू लगायत वेबसाइटमा अपलोड गरिसकेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं ।

यस संस्थाले बुद्धशिक्षाका अप्राप्य पुस्तकहरूको प्रकाशन गर्ने पनि उद्देश्य राखे अनुसार प्रस्तुत पुस्तक 'बौद्ध विश्वास' (तीन भाग एकै ठाउँमा राखी) पुनर्प्रकाशन गर्ने जमर्को गरेका छौं । यसका लागि अनुमति प्रदान गर्नुहुने अनुवादकज्यूहरू, पूर्व प्रकाशकज्यूहरू, आर्थिक दाताहरू एवं मूल लेखकज्यूमा समेत हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

वर्तमान विश्वमा बुद्धको शिक्षाको महत्व विगतमा भन्दा अझ बढी उपयोगी, कल्याणकारी र व्यावहारीक हुँदै आएकोमा शायद दुईमत रहन्न होला । यही दृष्टिकोणले गर्दा पनि यस पुस्तकको पुनर्प्रकाशन गर्ने सोच बनेको हो भन्दा अत्युक्ति नहोला ।

पुस्तक प्रकाशन गर्ने क्रममा पुस्तक उपलब्ध गराई दिनुहुने, वातावरण मिलाई दिनुहुने, टाइप गरी सघाउनु हुने तथा प्रत्यक्ष अप्रत्यक्ष सहयोगी हात दिनुहुने सबैप्रति साधुवाद दिन चाहन्छौं ।



https://dhamma.digital

आर्थिक दायित्व बहन गर्नु हुने बसु माया महर्जन सपरिवारप्रति पनि सादर आभार प्रकट गर्न चाहन्छौं ।

आशिर्वचन प्रदान गरी संस्थालाई हौसला, प्रेरणा एवं शुभेच्छा प्रकट गर्नु भएकोमा श्रद्धेय धम्मवती गुरुमांप्रति सदा नतमस्तक छौं ।

यस पुस्तकको सम्पादन, छपाई शुद्धि आदिको अभिभार बहन गरिदिनु भएकोमा संस्थाका उपाध्यक्ष, सह-प्राध्यापक श्री मदन रत्न मानन्धरज्यू पनि प्रशंसाका पात्र हुनुहुन्छ ।

समयमै पुस्तक छपाई कार्य सम्पन्न गर्नुभएकोमा सिग्मा जनरल प्रेस परिवारलाई पनि हार्दिक साधुवाद छ ।

२०७९।१०।४ **धम्म डिजिटल, धापाखेल, ललितपुर**

Dhamma.Digital



https://dhamma.digital

# निर्वाण कामना

दिवंगत बुबा :

**नारान महर्जन**

नयाँ बजार



दिवंगत आमा :

**पुनमाया महर्जन**

जन्म : १९७२-८-४

दिवंगत : २०५९

https://dhamma.digital

# दाता



**बसुमाया महर्जन**

जन्म : २००२ साल

बहःति, काठमाडौं

https://dhamma.digital

# बौद्ध विश्वास

(प्रथम भाग)

लेखकः

**के. श्री धम्मानन्द**

Dhamma.Digital

अनुवादकः

**प्रकाश बज्राचार्य**

https://dhamma.digital

**प्रकाशक:**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति बिहार, श्रीघः नःघल टोल

काठमाडौं । फोनः १४५९५

बुद्ध सम्बत् २५२५

नेपाल सम्बत् ११०२

विक्रम सम्बत् २०३८

ईस्वी सम्बत् १९८२

**मुद्रक:**

शाक्य प्रेस ४८१ ओम्बहाल, काठमाडौं-५

फोन १३-६०४



https://dhamma.digital

# मेरो भन्नु

मेरो भनाइ सुन्नु भन्दा पहिले “पुस्तकको बारेमा” पढ्नु हुन म अनुरोध गर्दछु ! र मेरो तर्फबाट पुस्तकको बारेमा भन्नु यति नै छ कि बुद्धधर्मको अध्ययन गर्न चाहने कोही पनि व्यक्तिले यस पुस्तकको अध्ययन नगरी हुँदैन । बुद्धधर्मका व्यावहारिकता, आवश्यकता र वैज्ञानिकता यस पुस्तकमा रमाइलो भाषामा खुलाइएका छन् ।

अनुवाद गर्नु ढुंगा चपाउनु भन्दा पनि गाऱ्हो र साऱ्हो रहेछ भन्ने कुराको अनुभव गर्न पाएँ मैले । एक त अंग्रेजी शैली र नेपाली शैलीमा धेरै भिन्नता हुनु र अर्को कतिपय अंग्रेजी शब्दहरूको अभाव नेपाली भाषामा हुनु- यी नै कारणहरूले गर्दा मौलिक पुस्तकका रोचक वाक्यहरू, रमाइला शब्दहरू एवं हृदयस्पर्शी भावहरू यस पुस्तकमा बिलाएर गएका छन् । म यो भन्न हिच्किचाउँदिनं कि यस अनुवादमा थुप्रै गलतिहरू मेरो र प्रेसको तर्फबाट हुन गएका छन् ।

Dhamma.Digital

यति प्रचलित पुस्तकको अनुवाद गर्न पाएकोमा मलाई हर्ष लागेको छ । पुस्तक प्रकाशनको लागि सहयोग गरिदिनु हुने धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी तथा चन्दा दाता परिवार प्रति म कृतज्ञ छु । मार्ग दर्शन गराइ दिनु हुने पूज्य गुरु भिक्षु अश्वघोष वन्दनीय छ । प्रबुद्ध पाठकबाट आलोचनाको अपेक्षा गर्दछु ।

८.१०.०३८ अनुवादक



https://dhamma.digital

# प्रकाशकीय

प्रस्तुत पुस्तक भिक्षु के. धम्मानन्दद्वारा लिखित अंग्रेजी पुस्तक "WHAT BUDDHISTS BELIEVE" को नेपाली अनुवाद हो। बुद्धधर्मको खास सिद्धान्तहरू के हुन् भनेर प्रष्ट गर्न यो ८४औं धर्मकीर्ति प्रकाशन प्रस्तुत गर्दैछु।

पुस्तकको प्रथम भाग मात्रै हामीले प्रस्तुत गर्न सकेका छौं। यसको लागि आर्थिक अनुदान दिनु हुने श्रीमती पूर्णदेवी बनिया एवं श्रीमती हेरादेवी तुलाधरलाई हामी हार्दिक साधुवाद नदिई रहन सक्दैनौं। उहाँहरूका पूज्य मातापिताको निर्वाण प्राप्तिको कामना गर्छौं।

यस पुस्तकको दोस्रो र तेस्रो भाग प्रकाशन गर्न बाँकी नै छन्। आर्थिक अनुदान मिलेमा चाँडैनै प्रकाशित गर्ने हाम्रो लक्ष्य छ। हामीलाई विश्वास छ कि तपाईँलाई यो पुस्तक राम्रो लाग्ने छ।

आफ्नो अति व्यस्त समयमा पनि अनुवादको लागि समय निकाल्नु भएकोमा गोष्ठीका सदस्य श्री प्रकाश बज्राचार्य धन्यवादको पात्र छ। प्रूफ पढ्नु भएकोमा पूज्य भिक्षु अश्वघोषप्रति पनि हामी कृतज्ञता ज्ञापन गर्दछौं।

यस पुस्तकद्वारा बुद्धधर्म सम्बन्धी केही ज्ञान हासिल गर्न सकोस् यही नै हाम्रो लक्ष्य हो।

७ माघ २०३८

धम्मवती

अध्यक्ष, धर्मकीर्ति बौद्ध अध्यक्ष गोष्ठी



https://dhamma.digital

# धर्मदान

दिवंगत पूज्य पिता श्री अन्तविर सिं तुलाधर, दिवंगत पूज्य माता श्रीमती हर्षलक्ष्मी तुलाधर, र काका धनरत्न, काकी लक्ष्मीनानी, भोताहितिको पुण्य स्मृतिमा उहाँहरूको निर्वाण प्राप्तिको लागि हेतु बनोस् भन्ने कामना गर्दै यो पुस्तक प्रदान गर्दैछु ।

छोरीहरू

श्रीमती पूर्णदेवी बनिया

श्रीमती हेरादेवी तुलाधर

Dhamma.Digital



https://dhamma.digital

# पुस्तकको बारेमा

चौथो शताब्दिसम्म बुद्धधर्म मलेसियाका प्रमुख धर्महरू मध्ये एक थियो भन्ने कुराको ऐतिहासिक प्रमाणहरू थुप्रै पाइन्छन् । वर्तमान शताब्दिमा चिनीया, सिंहली र थाईबाट आएका मानिसहरूले बुद्धधर्मलाई (मलेसियामा) अस्तित्वमा ल्याएको थियो ।

हुनत आज मलेसियाको राष्ट्रिय धर्म इस्लामी हो, तर अन्य धर्मावलम्बीहरूले पनि आ- आफ्नो धर्म स्वतन्त्र रूपले पालन गर्न सक्छन् । यो विषयमा हामी सरकारप्रति कृतज्ञ हुनु पर्दछ कि यहाँ सबैले आ-आफ्नो धर्म मान्न पाउँछन् । अनुमान गरिन्छ कि यो देशमा झण्डै ३० लाख बौद्धहरू छन् । तैपनि सुव्यवस्था र सुझबुझको अभावले गर्दा यस महान धर्मको दैनिक अभ्यासमा मेलमिलाप र एकता छैन । बिना कुनै सुहाउँदो संयोजित मार्गदर्शनले गर्दा यहाँ विभिन्न थरिका अभ्यासहरू गरिन्छन् । थुप्रै व्यक्तिहरूले बुद्धधर्मलाई व्यापार गरेर आफ्नै स्वार्थ पूरा गर्ने र फाइदा लिने गरेका छन् । अज्ञानी मानिसहरूलाई कुबाटोमा लाग्ने गरी उनीहरूले हरेक प्रकारका अन्धविश्वासी कामहरू घुसाइसकेका छन् । त्यस्ता कामहरूले हाम्रो बुद्धधर्मलाई आजका शिक्षित मानिसहरूको आखाँमा मात्र एक उपहासको विषय बनाइदिएको छ । यी सबै कुराहरू भगवान् बुद्धले सिकाउनु भएको पवित्र धर्मलाई नबुझेर गरिएका हुन् । यो एक तीतो सत्य हो कि त्यस्ता व्यक्तिहरू पनि छन् जसले यस धर्मको शेखी गर्छन् र आफूलाई तथाकथित नेता भन्दछन् र तर पनि उनीहरूले यस धर्मको आधारभूत सिद्धान्तहरूलाई विचार गर्न सक्दैनन् । यो धर्म के को लागि भनेर उनीहरूले बुझेका छैनन् । महान गुरुको पवित्र





https://dhamma.digital

शिक्षाहरूलाई बिर्सेर यस पवित्र धर्मको अभ्यासमा थुप्रै शिर न पुच्छरका विश्वासहरू र नराम्रा रितिथितिहरू आँखा चिम्लेर घुसाइएका छन् ।

कसै कसैलाई यही पनि थाहा छैन कि बुद्धधर्ममा पालन गर्नु पर्ने केही शीलहरू (नियमहरू) पनि छन् । धेरैले देवल (मन्दिर) हरूलाई धार्मिक रितिथितिहरूको केन्द्र मात्रै मान्छन्, बुद्धका पवित्र शिक्षाहरूलाई पालन गर्ने झंझट उठाउँदैनन् ।

हाम्रो धर्ममा रहेका यी कुअभ्यासहरूले गर्दा अन्य धर्महरूका उत्साही धर्म प्रचारकहरूलाई हाम्रो धर्मको आलोचना गर्ने र अवमूल्यन गर्ने थुप्रै मौकाहरू पैदा गरेका छन्, र यसरी हाम्रा थुप्रै अनुयायीहरूलाई उनीहरूको पक्षमा तानेका छन् । यस्ता कुअभ्यासहरूले गर्दा थुप्रै बौद्धहरूले पनि आफूलाई बौद्ध भन्न मन पराउँदैनन् र लाज मान्छन् ।

यो ज्यादै नै दुःखलाग्दो अवस्था हो । केही बहकिएका व्यक्तिहरू र केही पथभ्रष्ट धार्मिक नेताहरूले गरेर यसो हुँदै आएको हो । व्यक्तिगत स्वार्थ वा गैरकानुनी प्रवृतिको कारणले गर्दा कोही कोही कुविचार हुनेहरू आर्थिक लालचका लागि हाम्रो भिक्षुसंघमा घुसेका छन । दुर्भाग्यको कुरो यो छ कि हाम्रा केही भिक्षुहरू मानवीय कमजोरीका कारणले गर्दा लोभ लालचमा फसेका छन् र यसरी भिक्षुसंघको प्रतिष्ठा र दर्जालाई तुच्छ तुल्याउँदै उनीहरू आफूलाई घुमन्ते व्यापारीको रूप दिदैछन् । संघका सदस्यहरूले जोश, अभ्यास र हाम्रा भगवान् बुद्धका शिक्षाहरूलाई उत्प्रेरित गर्ने उत्तरदायित्व बोकेका छन् र उनीहरूलाई गरिने आदर र सत्कारको लागि उनीहरूले यस्तो चाल चलनमा बस्नु पर्दछ कि कसैले नधिक्कारोस् ।



https://dhamma.digital

हामीले बुद्धधर्मलाई अँगालेको के मतलब भयो यदि यसलाई हामीले दैनिक जीवनमा प्रयोग गर्न सकेनौं भने ? हामी जे उपदेश दिन्छौं त्यसलाई आफैले पनि अभ्यास गर्नु पर्दछ । २५०० वर्ष अगाडि बुद्धले दिनु भएको अहिंसा र शान्तिको, मैत्री र करुणाको, क्षमा र सुझबुझको, सत्य र प्रज्ञाको, सबै प्राणीमाथि मान र आदरको, स्वार्थ, घृणा र हिंसाबाट मुक्तिको सन्देश आजको लागि पनि उपयुक्त छ । यो त एक अमर सन्देश हो । दुर्भाग्यवश हामी त्यस्ता महान गुरुका अयोग्य सन्तानहरू हौं । उहाँ आफ्नो समयकाललाई पनि उछिन्ने महान विभूति हुनुहुन्थ्यो । उहाँ त्यो व्यक्ति हुनुहुन्थ्यो जसले हामीलाई हाम्रो सन्तुलन, हाम्रो लय, हाम्रो मैत्री र हाम्रो मित्रतालाई व्यवस्थित गर्न चाहेमा हामीले के गर्ने भनेर सिकाउनु भयो । हामी विभिन्न मतहरूमा, विभिन्न समुदायहरूमा, विभिन्न राष्ट्रहरूमा विभाजित भएका छौं र हामी एक अर्कासँग लड्छौं । यदि हामी भ्रातृत्व स्नेहमा बाँच्न चाहन्छौं भने यो तरिका पक्कै पनि ठीक छैन ।

हामी कलह र घृणाले जर्जर भएको विश्वमा छौं । बुद्धले के भन्नुभएको थियो ? “रिसलाई शान्तिले जित, घृणालाई मैत्रीले जित” । के हामी यस्तो गर्दैछौं ? के हामी उहाँको शिक्षालाई लागु गर्दैछौ ? यदि कसैले यसलाई लागु गर्दैन भने उसलाई बुद्धको अनुयायी भन्नु अयोग्य छ ।

हामीले बोधिज्ञानको ‘बोधि’ हृदय विकसित गर्नु पर्छ, मैत्रीले भरेको हृदय, सुझबुझले भरेको हृदय । यदि हामीले यसरी आफूलाई विकसित गर्‍यौं भने तब संसारलाई सबैलाई सुहाउने स्थान बनाउने काममा हामीले पनि सहयोग गरेको हुनेछौं । दुःखलाग्दो कुरो छ कि बुद्धको शिक्षाको २५०० वर्ष पछि पनि बौद्ध राज्यहरू एकै ताल र सूरमा काम गर्न सकेका छैनन् । ज्योतिषहरू



https://dhamma.digital

भन्नेछन् कि नक्षत्र कै दोष छ। होइन, दोष हामीमा छ। हामीले आफ्नो हृदय स्वच्छ पार्नु पर्छ, हामीले आफ्नो प्रवृतिलाई राम्रोसँग जाँच्नु पर्दछ, हामीले पुनः आफूलाई अभ्यासमा समर्पण गर्नु पर्दछ र बुद्धका शिक्षाहरूलाई लेखाइले मात्रै होइन, आफ्नो उत्साहले पनि समर्थन गर्नु पर्दछ र आफूलाई संसारको हरेक दृष्टिकोणबाट सच्चा बौद्ध बनाउनु पर्दछ। तब मात्रै संसार बस्नलाई बढी योग्य हुनेछ।

कुरो आश्चर्यजनक छ तर साँचो हो कि धेरै मानिसहरूलाई उनीहरू कुन धर्मको भनेर थाहा नै छैन। यस्ता पनि छन् जो भन्छन् कि "मेरो विचारमा (सायद) म एक बौद्ध हुँ"। बुद्धधर्म अनुसार जिउने तरिकालाई कतिसम्म उनीहरूले बेवास्ता गरेको छ भनेर यसले देखाउँछ। अझ अरू धर्मावलम्बीहरूले समेत बरोबर सोध्छन् "आफ्ना छोराछोरीहरूलाई बुद्धधर्म सिकाउने कष्ट बौद्ध आमाबाबुहरूले किन उठाउँदैनन् ?" यस्ता टिप्पणीहरू सुनेर पक्कै पनि हरेक बौद्धलाई लाज लाग्नेछ।

यो कुरो राम्रैसँग थाहा भएको हो कि धेरैजसो देशहरूमा धर्मको नाउँमा मानिसहरू अनावश्यक कामहरूमा आफ्नो पैसा र समय बर्बाद गर्न तैयार रहन्छन्, तर स्कूल, अस्पताल, अनाथालय र बुढापाकाहरूको निम्ति घरहरू बनाइदिने जस्ता सामाजिक कार्यहरूप्रति कति नै बौद्धहरूले पाइला चालेका छन् र ? जनतालाई सेवा गर्ने र सार्वजनिक साधनहरूलाई बढी योग्य उद्देश्यहरूको लागि परिचालन गर्ने यी सामाजिक सेवाहरूलाई सहयोग गर्ने इच्छा कति बौद्धहरूले गरेका छन् र ? थुप्रै तथाकथित बौद्धहरू अन्धविश्वासी कामहरूका लागि हजारौ रूपैंया खर्च गर्न तैयार रहन्छन् तर बौद्ध धार्मिक स्कूलहरूको लागि र (बुद्ध) धर्म नजान्नेलाई ज्ञान दिलाउने बौद्ध पुस्तकहरूको प्रकाशनका लागि


https://dhamma.digital

केही रूपैंया चन्दा दिन हिचकिचाउँछन् । बुद्धधर्म एक अति उत्तम धर्म हो जसमा कि विश्वभरिका आधुनिक विद्वानहरूलाई तान्न सक्ने विवेकपूर्ण उपदेशहरू र गहन दर्शन छन् । तर धेरैजसो बौद्धहरूले यो धर्मलाई  मान्ने तरिका भगवान् बुद्धको शिक्षासँग मिल्दैन । यस धर्मको समर्थन गर्नेमा कोही कोही सुझबुझ नभएका व्यक्तिहरू छन् । उनीहरू कट्टर विचारधाराका छन् । उनीहरू आधुनिक मनलाई तान्ने बुद्धधर्म प्रचारका नयाँ माध्यमहरूलाई स्वागत गर्दैनन्; न त उनीहरू अनावश्यक र तर्कहीन केही केही नचाहिंदा अभ्यासहरूलाई छोड्न नै रूचाउँछन् ।

बुद्धको शिक्षामा हामीले बदल्नु पर्ने केही छैन किनकि उहाँले परमार्थ सत्य प्रकट गर्नु भएको थियो । तर हाम्रो आधुनिक जीवन पद्धति र हाम्रो आधुनिक शैक्षिक व्यवस्थालाई सुहाउने गरी बदल्न हुने थुप्रै अभ्यासहरू छन् । आज भोलि बौद्धहरूले गरिरहेका धेरै चलनहरू र परम्पराहरू बुद्धले परिचय गराउनु भएको थिएन बरु मानिसहरूले नै समय समयमा बनाइएका हुन् र यिनीहरूलाई हाम्रो वातावरण अनुसार परिवर्तन भैरहेका आवश्यकता र अवस्थाहरूलाई सुहाउने गरी बदल्नु पर्दछ । मलेसियाको बुद्धधर्म थुप्रै परम्परागत विश्वास एवं रितिथितिहरूको मिसावट हो । चिनीया, सिंहली, थाई तथा भारतीयहरूले आ-आफ्नो परंपरा र चलन अनुसार यस धर्मको अनुसरण गर्दछन् । आफ्नो राष्ट्रिय तरिका र चलन अनुसार यस धर्मलाई मान्दाखेरी यो पनि बुझ्ने कोशिश गर्नु पर्दछ कि बुद्धका आधारभूत शिक्षाहरूसँग उनीहरूको अभ्यास कतिसम्म मिल्छ । तर आनन्ददायक कुरो यो छ कि जतिसुकै विभिन्न अभ्यासहरू भएता पनि यी धार्मिक समुदायहरूका बीच कहिलै पनि गम्भिर मतभेद भएको छैन । बरु अर्को तिर यिनीहरू बीचको सहनशीलता र सुझबुझको प्रमाण छन् किनकि बेलाबखतमा सामूहिक धार्मिक सेवा र पर्वहरू मनाउन विभिन्न समुदायहरू आपसमा मिल्छन् ।





https://dhamma.digital

केही वर्ष अगाडिको मात्रैको त कुरो हो कि समुद्रपारिबाट आउने तथा आफ्नो समय र श्रमलाई प्रचार कार्यमा अर्पण गर्ने मुट्ठीभर समर्पित भिक्षुहरूको प्रभावले गर्दा नै हाम्रा स्थानीय बौद्धहरू भित्र प्रचार कार्य हेर्न र जन समुदायलाई हाम्रो धर्म बुझाउनको लागि मार्ग दर्शन गर्न एक योग्य संगठनको आवश्यकताको बोध भएको थियो । यस्तै जागृतिले गर्दा सन १९६२ मा बुद्धिस्ट मिसनरी सोसाइटी अस्तित्वमा आए । जनसाधारणलाई बुद्धका शिक्षाहरूको बोध गराउन यस सोसाइटीले हजारौं पुस्तिका र पाम्प्लेटहरू प्रकाशित गरेका छन् । सोसाइटीका अति लोकप्रिय प्रकाशनहरू मध्ये "बौद्धहरू के विश्वास गर्छन् ?" (WHAT BUDDHISTS BELIEVE) भन्ने सानो किताब पनि एक हो । यसको माध्यमद्वारा हजारौं बौद्धहरूले बुद्धको साँचो शिक्षा र जीवनका विभिन्न पक्षहरूको बौद्ध दृष्टिकोण बुझ्न र जान्न समर्थ भए । यस जागृतिको परिणामले गर्दा हाम्रा प्रकाशनहरूको ठूलो माग छ । हरेक दिन जस्तै "बौद्धहरू के विश्वास गर्छन्" पुस्तकको माग सोसाइटीले प्राप्त गर्छ । यसै मागलाई पूरा गर्न हाम्रो धर्मका आधार भूत सिद्धान्त र अभ्यासहरूको सफा र राम्रो ज्ञान सर्वसाधारणलाई दिलाउने हाम्रो प्रयास अनुरुप यो संशोधित र विस्तृत संस्करण अगाडि ल्याउन पाएकोमा हामीलाई गौरव र खुसी लागेको छ । हामीलाई विश्वास छ कि यस दिशातर्फको हाम्रो यो प्रयासलाई ठीक विचार शक्तिहुने सबै बौद्धहरूको सक्रिय सहयोग प्राप्त हुने छ ।

हाम्रो उद्देश्य धर्म परिवर्तन गराउने होइन । हाम्रो उद्देश्य त हाम्रो प्राचीन धर्मलाई गलत तरिकाले नबुझिलिउन् भनेर यसको सौन्दर्यता, सरलता र उपयोगिताको वर्णन गर्नु हो । यो पुस्तिका बुद्धका शिक्षाहरू बारे कुनै शंका, भ्रम वा गलत व्याख्यालाई निर्मूल



https://dhamma.digital

पार्न बनाइएको हो र बुद्धधर्मका गहन दार्शनिक पक्षलाई नियाल्न बनाइएको होइन । हुन त यसमा अन्य धर्ममा भएका कुनै विश्वास र रितिथितिहरूलाई लिएर केही आलोचनात्मक विश्लेषणहरू हुन सक्छन्, हामी हाम्रा पाठकहरूलाई विश्वास दिलाउँछौं कि अरूलाई होच्याउने वा अन्य सह धर्माबलम्बीहरूको भावनामा ठेस पुऱ्याउने विचार हामीमा छैन । बौद्धहरू भएकोले हामी अन्य धर्महरूलाई आदर गर्दछौं र अरूहरूबाट पनि हाम्रो धर्मप्रति आदरताको अपेक्षा गर्दछौं । हामी हाम्रो देशको शान्ति, सामञ्जस्यता र स्थिरताको लागि अरूहरूसँग मिलेर काम गर्न तैयार छौं ।

यस पुस्तकको तैयारीमा विभिन्न तरिकाबाट सहयोग र मद्दत दिनु भएका भिक्षु पियनन्द तथा बी.एम.एस.(बुद्धिस्ट मिसनरी सोसाइटी) का सभापति श्री तेह थीन चूलाई हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछु । यस प्रकाशनको लागि दयापूर्ण सहयोगको लागि श्री एच.एम.ए.ड सिल्वा, लिम तिओङ च्वान, गोह सेङ चाई, कोह केन लिएन, श्रीमती लो बून होइ तथा श्रीमती चेह गुआन चूनलाई पनि धन्यवाद छन् ।

३.२.१९७३ **के. श्री धम्मानन्द**

Dhamma.Digital



https://dhamma.digital

# बिषय-सूची


क्र.सं. पृष्ठ

मेरो भन्नु

प्रकाशकीय

धर्मदान

पुस्तकको बारेमा

१. गौतम बुद्ध ........ १

२. बुद्ध ........ ३

३. बोधिज्ञान लाभ ........ ७

४. बुद्धको शरणमा जानु ........ ९

५. सिंहको गर्जन ........ ११

६. बुद्ध ईश्वरको अवतार होइन ........ १३

७. बोधिसत्व ........ १४

८. अर्हत् पदको प्राप्ति ........ १६

९. सन्देश सबैका लागि ........ १७

१०. बुद्धको सेवा ........ १९

११. उहाँको गृहत्याग ........ २२

१२. बुद्धधर्म ........ २४

१३. बौद्ध नीति ........ २९

१४. आधुनिक धर्म ........ ३४

१५. परम सत्य ........ ३३





Dhamma.Digital

https://dhamma.digital

१६. कर्म ........................................................ ३८
१७. के प्रथम कारण (हेतु) थाहा पाउन सकिन्छ ? ........... ४७
१८. सिद्धान्त कि दर्शन ........................................ ४९
१९. मध्यम मार्ग वा अष्टांगिक मार्ग ........................... ५३
२०. बुद्ध धर्मका स्वतन्त्रता .................................. ५७
२१. बुद्ध र राजनीति .......................................... ६२
२२. समाजमा बस्ने मानिसको लागि बुद्धधर्म .................. ६३
२३. बुद्धधर्म उही पुरानै शिक्षा हो त ? ....................... ६७
२४. बुद्ध र विश्व .............................................. ६८
२५. नैतिक र मानसिक विकास ................................... ६९
२६. भक्ति, श्रद्धा र उपासना ................................... ७१
२७. शील (नियम) ................................................ ७२
२८. दश कुकर्म र दश सुकर्म .................................... ७५
२९. बुद्ध नास्तिक थिएनन् ...................................... ७६
३०. निराशावादी धर्म ............................................ ७७

Dhamma.Digital



https://dhamma.digital

# गौतम बुद्ध

## बुद्ध कुनै काल्पनिक व्यक्ति थिएन; बुद्धधर्मको स्थापना गर्ने एक सत्य ऐतिहासिक व्यक्ति हुनुहुन्थ्यो ।

२५०० वर्ष अघि उत्तरी भारतमा गौतम बुद्ध (जन्म-लुम्बिनी) रहनु हुन्थ्यो । उहाँ एक काल्पनिक व्यक्ति नभै एक सत्य ऐतिहासिक व्यक्ति हुनुहुन्थ्यो जसले बुद्धधर्म नामक धर्मको शुरुवात गर्नु भयो । उक्त महान गुरुको अस्तित्व सिद्ध गर्न तलका तथ्यहरू प्रमाणको रूपमा प्रस्तुत गरिन्छन् -

१) उहाँलाई व्यक्तिगत रूपमा चिन्नेहरूको साक्षी । शिलापत्र, स्तम्भ र उहाँको यादमा बनाइएका स्तूपहरू साक्षीको रूपमा अंकित छन् । यी प्रमाणहरू तथा उहाँका स्मारकस्तम्भहरू त्यसबेलाका राजा तथा अन्यहरूले बनाएका थिए जो कि उहाँको जीवनकालसँग यति नजिकै समयका थिए कि उहाँको जीवन कथाको प्रमाण दिन सकोस् । (यसैकारण लुम्बिनीको अशोकस्तम्भले पनि बुद्धको अस्तित्वलाई देखाउँछ । बुद्ध र अशोकको बीच १७९ वर्षको मात्रै समय अन्तर थियो । -अनु.)

२) उहाँको समयका वर्णनहरूमा उल्लिखित स्थानहरू एवं घर -दरबारका अवशेषहरूको पत्तो पाउनु ।

३) उहाँले स्थापना गर्नु भएको पवित्र संघ आजसम्म पनि अटुट रूपले चल्दै आएको छ। उहाँको जीवनी र उपदेशका तथ्यहरू संघको अधीनमा थिए । संसारका विभिन्न भागहरूमा यी एक पुस्ताबाट अर्कोलाई सुनाउँदै आइरहेका छन् ।



https://dhamma.digital

४) यो तथ्य कि उहाँको निवार्ण भएकै वर्षमा, र त्यसपछि पनि समय समयमा, उहाँका सांच्चैका उपदेशहरूलाई प्रमाणित गर्न संघको सभा तथा संगायनाहरू भएका थिए । यी प्रमाणित उपदेशहरू उहाँको समयदेखि आजसम्म गुरुशिष्य परम्पराबाट चल्दै आएका छन् ।

५) उहाँले संसार त्यागि सक्नु भएपछि उहाँको शरीरलाई जलाइयो र अस्थिधातु भारतका आठ राजाहरूका बीच बाँडियो । प्रत्येक राजाले आफ्नो भागको अस्थिधातु राख्न एक एकवटा चैत्य बनायो । राजा अजातशत्रुको हातमा परेको अस्थि धातु जुनकि उसले राजगृहको स्तूपमा स्थापना गरेको थियो त्यसलाई दुई शताब्दी नबित्दैमा सम्राट अशोकले निकालेर आफ्नो साम्राज्य भरि बाँडिदियो । यो र अरू स्तूपहरूमा राखिएका शिलापत्रहरूबाट यो कुरोको पुष्टि हुन्छ कि तिनीहरू गौतम बुद्धका अवशेषहरू (अस्थिधातु) थिए ।

६) हामीलाई थाहा भएको सबभन्दा राम्रो, विश्वसनीय, प्राचीन इतिहास महावंशले उहाँको जीवनीको विस्तृत व्यहोरा र साथै सम्राट अशोक र बौद्ध इतिहासका अन्य विशिष्ट व्यक्तिहरूको जीवनीको विस्तृत व्याख्या दिन्छ । भारतीय इतिहासले पनि बुद्ध जीवनी र बौद्ध गतिविधिलाई उन्नत दर्जा दिएको छ ।

७) ती बौद्ध राष्ट्रहरू जहाँका जनताले बुद्धकालको केही शताब्दी पछि नै बुद्धधर्मलाई प्राप्त गरेका थिए- राष्ट्रहरू जस्तै श्रीलंका, बर्मा, चीन, (तिबत) नेपाल, कोरिया, मंगोलिया, जापान, थाइलैण्ड, भियतनाम, क्याम्बोडिया, लाओस् यी राष्ट्रहरूमा पाइने रिकार्डहरूले एक अटुट ऐतिहासिक, सांस्कृतिक र परंपरागत प्रमाण देखाउँछ कि भारतमा गौतम बुद्ध नाम गरेका धार्मिक गुरु पनि भएको थियो ।



https://dhamma.digital

८) बुद्ध साँच्चै नै यो संसारमा जन्मेको थियो भन्ने प्रमाणित गर्न त्रिपिटक, जुनकि उहाँले ४५ वर्षसम्म दिनुभएका उपदेशहरूको एक अटुट रिकार्ड हो, को प्रमाण अति प्रशस्त छ ।

# बुद्ध

## विश्वको प्रकाश

विश्वमा आफ्नो प्रकट बुद्धले यसरी वर्णन गर्नु भएको छ -

“भिक्षुहरू ! जबसम्म सूर्य चन्द्र संसारमा उदाउँदैन त्यतिबेलासम्म त्यहाँ महान् प्रकाशको ज्योति हुँदैन, महान् किरणको ज्योति हुँदैन । बरु घना अन्धकार भ्रमको अन्धकारको राज रहन्छ । न दिन न रात छुट्याउन सकिन्छ न महिना, न अष्टमी, न त ऋतु नै निधो गर्न सकिन्छ ।

तर भिक्षुहरू ! जब चन्द्र र सूर्य संसारमा उदाउँछन् तब त्यहाँ महान् प्रकाशको ज्योति हुन्छ, महान् किरणको ज्योति हुन्छ, र घना अन्धकार, भ्रमको अन्धकारको नाश हुन्छ । तब दिन रात छुट्टिन्छ । तब महिना, अष्टमी र ऋतुको निधो गर्न सकिन्छ ।

त्यस्तै नै भिक्षुहरू ! जबसम्म कुनै बुद्ध, अर्हत्को उत्पत्ति हुँदैन तबसम्म महान् प्रकाशको ज्योति हुँदैन, महान किरणको ज्योति हुँदैन, बरु घना अन्धकार, भ्रमको अन्धकारले राज गर्छ र चार आर्य सत्यको प्रकट हुँदैन, उपदेश हुँदैन, बाटो देखाइँदैन, संगठित गराईदैन, खुलाईदैन, विस्तृत गरिंदैन, बुझाईदैन ।

कुन चार ? दुःख आर्य सत्य, दुःख समुदय सत्य, दुःख निरोध सत्य र दुःख निरोधगामिनी मार्ग सत्य ।


https://dhamma.digital

भिक्षुहरू ! जसको निमित्त तिमीहरूले आफै बुझ्न कोशिश गर्नु पर्दछ कि यो दुःख हो, यो दुःखको कारण हो, यो दुःख निरोध हो, यो दुःख निरोध गर्ने मार्ग हो।"

उहाँ यस संसारमा कुनै निश्चित समय र कुनै निश्चित स्थानमा आउनु भयो।

उहाँ त्यस कालमा आउनु भयो जब ग्रीकहरूले शुरु गरेको पश्चिमी दर्शनलाई हेराक्लाइटसले बाटो देखाउँदै थियो जसले कि प्राचीन ग्रीसका ओलम्पिया देउटाहरूको धर्मलाई नयाँ मोडमा ल्याइरहेको थियो। यो त्यो समय थियो जब बेबिलोनमा यहुदीहरूका बीच जेरेमियाले नयाँ सन्देश दिइरहेको थियो। यो त्यो समय थियो जब इटालीमा पाइथागोरसले पुनर्जन्मको सिद्धान्तलाई प्रकाशमा ल्याउँदै थियो। यो त्यो समय थियो जब कन्फ्यूसियसले आफ्नो आचरण नीतिद्वारा चीनमा राष्ट्रिय जीवनको जग बसाल्दै थियो।

स्थान भारत थियो। यो त्यो बेला थियो जब भारतको सामाजिक स्थिति पुरोहितहरूको छलकपट, आत्मदाह, जातपातको भेदभाव, दुषित सामन्तवाद, नारी बन्धन र ब्राम्हणहरूको प्रधानताको त्रासले पिल्सिएको थियो।

यो त्यस्तै बेला थियो जब बुद्ध, मानव जातिको सबभन्दा सुगन्धित फूल, भारतमा देखापर्नु भयो। उहाँ त्यस भूमिमा जन्मनु भयो जहाँ ऋषि मुनिहरू सत्यताको खोजीको लागि आफ्नो प्राणको तिलान्जलि दिन्थे।

उहाँ त्यो व्यक्ति हुनुहुन्छ जसले कि आफ्नै आयुकालमा पनि असाधारण प्रभाव पार्न सफल हुनु भयो। उहाँको व्यक्तिगत आकर्षण, नैतिक प्रतिष्ठा र आफ्नो खोजप्रति व्यापक विश्वासले उहाँलाई सर्वप्रिय सफल बनाइदियो। एक गुरुको रूपमा सक्रिय


https://dhamma.digital

जीवन जिइरहेको बेलामा बुद्धले थुप्रैलाई आफूतिर पल्टाए । उहाँले उँच र नीचजात, धनी र गरीब, शिक्षित र अशिक्षित, नर र नारी, गृहस्थी र गृहत्यागी, कुलीन र किसानहरू सबैलाई आकर्षित गर्नु भयो । उहाँ दुराचारीहरूको खोजमा जानु भयो, जबकि सच्चा सदाचारीहरू उहाँको खोजमा आए । उहाँले आफूले पत्ता लगाएको सत्यको उपहार सबैलाई दिनु भयो । उहाँका अनुयायीहरूमा राजाहरू र सैनिकहरू, व्यापारीहरू र करोडपतिहरू, मगन्तेहरू र वेश्याहरू, धार्मिक व्यक्तिहरू र मोहग्रसित जनताहरू सबै थिए । जब जब मान्छेहरूले झगडा गरे, उहाँले शान्ति स्थापना गर्नुभयो । जब उनीहरू भ्रमित भए, उहाँले ज्ञानको प्रकाश दिनु भयो । जब उनीहरू क्रोध र वासनामा जल्न थाले, उहाँले उनीहरूलाई सत्यको चिसो पानी छर्कनु भयो । जब उनीहरू तिरस्कृत र दुःखी भए, उहाँले उनीहरूमाथि आफ्नो करुण हृदयको असीम करुणा फैलाउनु भयो ।

उहाँ विश्वलाई पुनर्निमाण गर्न आउनु भएको थिएन । उहाँ लोकविदु "संसारलाई राम्रोसँग चिन्ने" - हुनुहुन्थ्यो र उहाँले संसारलाई यति राम्रोसँग बुझ्नु भयो कि यसको प्रकृतिको बारेमा कुनै भ्रम नै रहेन, वा यसका नियमहरू मान्छेको इच्छा अनुरूप बिल्कुलै बदल्न सकिन्छ भन्ने विश्वास नै रहेन ।

एक काल्पनिक परिपूर्ण समाजको श्रृजना गर्न उहाँले उत्साहित गर्नु भएन । बरु उहाँले हरेकलाई देखाउनु भयो त्यो बाटो, जसबाट आफ्नै संसारलाई बदल्न सकोस् - भित्रको त्यो मानसिक संसार जुनकि हरेकको आफ्नै नीजि क्षेत्र हो ।

मौलिक रूपमा उहाँका उपदेशहरू सरल थिए - "असल काम जति जम्मै गर्नू; खराब काम नगर्नू मनलाई स्वच्छ पार्नू ।


https://dhamma.digital

यही नै हो सबै बुद्धहरूले दिने शिक्षा।" उहाँले मान्छेहरूलाई कसरी अज्ञानतालाई निर्मूल पार्ने भन्ने सिकाउनु भयो । उनीहरूलाई विचारको स्वतन्त्रता दिनुभयो उहाँले। कठोर विधिहरू, सम्प्रदायवाद र मुढे ढिपिका सिद्धान्तहरू, जातपातको व्यवस्था - यिनीहरूलाई उहाँको जीवनकालमा स्थान थिएन। धर्मको आँखामा सबै समान थिए ।

उहाँले भन्नु भएकोमा, उहाँले गर्नु भएकोमा, र उहाँ जे हुनुहुन्थ्यो यी सबै क्षेत्रमा हरेक कोणबाट उहाँले आफू सांसारिक जीवनमा सर्वश्रेष्ठ व्यक्ति हुनुहुन्छ भन्ने कुरो सिद्ध गर्नु भयो। उहाँले सेवाको भावना, बलिदानको भूमिका र सफलताको बारे प्रकाश पार्नु भयो । उहाँले "परलोकहरू" लाई यही र अहिले कै दैनिक जीवनका असीमित उत्तरदायित्वहरूसँग पूर्णतवरले सम्बन्धित गर्नु भयो ।

विश्वलाई उहाँले सम्पूर्ण जगतको नौलो वर्णन दिनु भयो । उहाँले अनन्त सुख, बुद्धत्वप्राप्ति गर्नुबाट आउने सुखको नयाँ व्याख्या दिनु भयो। उहाँले त्यो बाटोलाई औंल्याउनु भयो जसबाट कि सारा अनित्यताबाट पर नित्य अवस्था प्राप्त गर्न सकिन्छ; त्यो बाटो हो निर्वाणको, दुःखमय जीवनको सागरबाट पाउन सकिने अन्तिम मुक्तिको ।

२५०० वर्ष अगाडि उहाँको समयकाल थियो। तर आजसम्म उक्त महान् मार्गदर्शनलाई सम्मान गरिन्छ। धार्मिक व्यक्तिहरूले मात्रै होइन, उहाँलाई अनीश्वरवादीहरू, भौतिकवादीहरू, कल्पनावादीहरू र हेतुवादीहरू समेत सम्मान गर्छन जसले कि उहाँलाई सम्यक सम्बुद्धको रूपमा स्वीकार गरेका छन् ।


https://dhamma.digital

# बोधिज्ञान लाभ

**यो संसारमा मान्छेले प्राप्त गर्न सक्ने सबभन्दा कठिन ज्ञान लाभ बोधिज्ञान लाभ हो ।**

बुद्धत्व कुनै खास व्यक्तिहरू वा अलौकिक व्यक्तिहरूलाई मात्रै सीमित छ भन्ने होइन । हरेक मान्छे बुद्ध बन्न सक्छ । कुनै पनि धर्मका संस्थापकले यसो भन्न सकेको थिएन कि उसका अनुयायीहरूलाई पनि उसको (संस्थापकको) दर्जामा पुग्ने अवसर छ । तैपनि बोधिज्ञान लाभ (बुद्धत्व प्राप्ति) यो संसारमा मान्छेले प्राप्त गर्न सक्ने सबभन्दा कठिन ज्ञान लाभ हो । यसमा संसारका सुखहरूको त्याग गरेर ठूलो मेहनत गर्नु पर्दछ । यो ज्ञानलाभको लागि आफ्नो मनलाई सारा विकारहरू (कुविचारहरू) बाट मुक्त गर्नु पर्छ, शुद्ध गर्नु पर्छ । बुद्ध हुनको लागि आफूलाई विकाररहित पार्न र आफ्नो मनलाई विकसित पार्न एक व्यक्तिलाई अनगिन्ति जन्म लाग्न सक्छ । लामो समयसम्म ठूलो प्रयास गर्नु आवश्यक छ यदि आत्मशिक्षाको यो उच्चतम गुणबाट परिपूर्ण हुनु छ भने । बुद्धत्वको शिखरमा पुऱ्याउने यस आत्मशिक्षाको पाठ्यांशमा आत्म संयम, आत्म अनुशासन, दैवी प्रयास (अति कठिन प्रयास), दृढ निश्चय र यस संसारमा दुःख भोगिरहेका अन्य प्राणीहरूको हितको लागि हरेक किसिमका कष्ट भोग्न उत्सुक हुनु सम्मिलित छन् । यसबाट राम्रैसँग स्पष्ट हुन्छ कि बुद्धले महान् बोधिज्ञानको लाभ खालि प्रार्थना, पूजा वा देवी देवतालाई भेटी चढाएर प्राप्त गर्नु भएको होइन । उहाँले बुद्धत्वको प्राप्ति गर्नु भयो आफ्नै मन र हृदयलाई स्वच्छ पारेर । उहाँले आफ्नो भित्री परिज्ञानबाट महान् बोधिज्ञानको लाभ गर्नु भयो । बिना कुनै बाहिरी दैवीक शक्तिको प्रभावबाट । यसरी उही व्यक्तिले मात्रै बुद्धत्व प्राप्त गर्न सक्छ जोसँग सबै अवरोधहरू, कमजोरीहरू र तृष्णाहरूलाई जित्ने दृढ



https://dhamma.digital

संकल्प र साहस छ। राजकुमार सिद्धार्थले खालि बोधिवृक्षको मुनि थपक्क बसेर राती बुद्धत्व प्राप्त गर्नु भएको थिएन । बोधिवृक्ष मुनि गहिरो ध्यानमा बस्नु भएको सिद्धार्थलाई कुनै देवी देवता पुलुक्क आई उहाँको कानमा खासखुस गरी कुनै कुरो भन्न आएको थिएन । यस महान् बोधिज्ञान प्राप्तिको पछाडि त पूर्वजन्महरूको लामो इतिहास लुकेको छ। महान् सम्बोधि ज्ञान लाभ गर्न उहाँले कतिपय पहिलेका जन्महरूमा आफ्नो प्राणैको पनि आहुति दिएर कतिको कठिन मेहनत गर्नु भयो भन्ने कुरो थुप्रै जातक कथाहरूले हामीलाई सुनाउँछ। दश पारमिता (दश सम्पूर्णता) को अभ्यासको लागि थुप्रै जीवनहरू अर्पण नगरी कोही पनि बुद्ध हुन सक्दैन। यी दश पारमिताहरू हुन् - दान, शील, नैष्क्रम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री र उपेक्षा । यी दश पारमिता पूरा गर्न लाग्ने लामो समयकालले यो कुरो प्रष्टसँग खुलाइदिन्छ कि किन युगौं युगको समय अवधिमा एकजना मात्रै बुद्धको उत्पत्ति हुन्छ। त्यसैले बुद्ध आफ्ना अनुयायीहरूलाई सल्लाह दिनु हुन्छ कि प्रत्येक व्यक्ति मोक्षप्राप्तिको लागि बुद्ध नहुन्जेल पर्खिराख्न आवश्यक छैन। मान्छेहरू अर्हत् भएर पनि मोक्ष प्राप्त गर्न सक्छन्। अर्हत् (अर्हन्त) हरूले पनि बुद्धहरूले जस्तै निर्वाणको परम आनन्दको अनुभव गर्न सक्छन् । निर्वाणमा तहतह छैन, विभाज्यता छैन । एउटै फरक के छ भन्दाखेरि बुद्धहरूसँग जस्तै अर्हत्हरूसँग महान् सम्यक् सम्बोधिज्ञान हुँदैन जसबाट कि अरूलाई ज्ञानको मार्ग देखाउन सकोस् (अर्थात् बुद्धहरूले बोधिज्ञान आफै लाभ गर्छ, अर्हत्हरूलाई अरूले लाभ गराउँछ - अनु.) । अर्हत्हरूले आफ्ना तृष्णाहरू एवं अन्य मानवीय कमजोरीहरूमाथि बिजय प्राप्त गर्न सक्छन् र परिपूर्ण बन्न सक्छन् । उनीहरूले बुद्धले पत्तालगाउनु भएको र सिकाउनु भएको धर्मलाई प्रशंसा गर्न सक्छन्। उनीहरूले अरूलाई पनि शुद्ध बौद्ध जीवन जिउन तरिका र मोक्षको मार्ग देखाउन सक्छन् ।



https://dhamma.digital

# बुद्धको शरणमा जानु

## बौद्धहरू बुद्धको शरणमा उहाँको डरको कारणले जाने होइन्, बरु आत्म शुद्धताकोलागि जान्छन् ।

बुद्ध एक जना देउता हो वा देवपुत्र हो भन्ने विश्वास गरेर बौद्धहरू बुद्धको शरणमा जाने होइन । बुद्धले कहिल्यै पनि देवत्वको घोषणा गर्नु भएन । उहाँ त मान्छेहरूको बीचमा एक मान्छे हुनुहुन्छ । उहाँ यस विश्वको भूमिमा जन्मनु भएकाहरू मध्ये सबभन्दा ज्ञानी हुनुहुन्छ, सबभन्दा करुणामयी हुनुहुन्छ, सबभन्दा बुद्धिमान् हुनुहुन्छ र सबभन्दा पवित्र हुनुहुन्छ । त्यसैले उनीहरू उहाँलाई मुक्तिको साँचो बाटो देखाइदिने गुरु वा स्वामीको रूपमा बुद्धको शरणमा जान्छन् । उनीहरूले उहाँलाई पूजा गर्छन् - कुनै चीज वरदान मागनलाई होइन, बरु आफ्नो कृतज्ञता र श्रद्धा जाहेर गर्नको लागि । बुद्ध एक देउता हुनुहुन्छ जसले वरदान दिन्छ, वा दण्ड दिन्छ वा सराप दिन्छ भन्ने विचार गरेर बौद्धहरूले उहाँको प्रार्थना गर्ने होइन । उनीहरू फूल र धूप चढाउने गर्छन्; यो पूर्वीय (दक्षिण पूर्वी एसियाको) चलन हो । यी उपहारहरू श्रद्धाका चिन्ह हुन् । उनीहरू केही सूत्रहरू पढ्ने गर्छन् तर प्रार्थनाको दृष्टिकोणले होइन्, बरु उहाँको महान धर्म र गुणहरूको संस्मरणको माध्यम ठानेर । उहाँको स्मरण गर्नु भन्नु नै उहाँको शिक्षामा लाग्नु हो । कोही कोही व्यक्ति बौद्धहरू बुद्धको शरणमा गएकोमा आलोचना गर्छन; उनीहरू भन्छन् कि बुद्ध त मरेर गइसक्यो । त्यस्ता व्यक्तिले बुद्धको शरणमा जानुको राम्रोसँग अर्थ बुझेको छैन ।

भारतको एक कवि श्री रामचन्द्र भारतिले आफू बुद्धको शरणमा परेको कारण दर्शाउँछः

"कुनै लाभको लागि तपाईंको शरण मैले खोजेको होइन,
तपाईंको डरले होइन, ख्यातिको इच्छाले होइन,



https://dhamma.digital

सौर्यवंशबाट झर्नु भएको तपाईं भएर होइन,
अगाढ ज्ञान प्राप्त गर्नको लागि पनि होइन,
बरु डुबेकोले असीमित स्नेहको शक्तिमा,
र तपाईंको सबैलाई अंकमाल गर्ने अनुपम ज्ञानमा
यो अगाढ संसार समुद्र पार गराउने,
म वन्दना गर्छु, भो भगवान, र बन्छु तपाईंको भक्त"

कोही कोही भन्छन् कि बुद्ध त एक मान्छे हो, उसको शरणमा जानुको केही मतलब छैन । बुद्धले स्पष्टसँग भन्नु भएको छ कि उहाँ मान्छे हुनुहुन्छ; तैपनि उहाँ साधारण मान्छे थिएन । उहाँ एक असाधारण र अतुलनीय पवित्र व्यक्ति हुनुहुन्थ्यो जोसँग सम्यक् सम्बोधि ज्ञान र सम्पूर्ण प्राणीमाथि असीम करुणा थिए । सबै किसिमका विकृति एवं कलंकहरूबाट मुक्त हुनुहुन्थ्यो उहाँ ।

धेरैजसो मान्छेहरूले सोध्ने अर्को प्रश्न यो हो: "यदि बुद्ध देउता होइन वा यदि उहाँ आजको यस संसारमा छैन भने कसरी उहाँले आशीर्वाद दिन सक्छन् ?" आशीर्वाद दिनलाई देउतै हुनुपर्छ भन्ने केही छैन; बाबुले छोरोलाई आशीर्वाद दिनसक्छ । बुद्धका अनुसार मानिसहरूले उहाँको सल्लाह अनुसार धार्मिक वा सम्यक् जीवन जिएमा उनीहरूले पक्कै पनि उहाँको आशीर्वाद पाउने छन् । एकपल्ट बुद्धले भन्नुभएको थियो, "यदि कसैले मलाई हेर्न चाहन्छ भने, मेरा उपदेशहरू हेर र तिनीहरूलाई अभ्यास गर ।" उहाँको उपदेशलाई लागु गर्न खोज्नेले सजिलैसित उहाँको शिक्षाको माध्यमबाट बुद्धको सच्चा सौन्दर्य रूप देख्न सकिने छ । धर्म अनुसार जिउनेहरू (सम्यक् जीवन जिउनेहरू) लाई धर्मले नै रक्षा गर्नेछ ।

अन्य धर्महरूमा मान्छेरूले उनीहरूमाथि कृपा होस् भनेर आ-आफ्ना देवी देउतालाई पूजा गर्छन् । बौद्धहरू बुद्धबाट कृपा


https://dhamma.digital

पाउनकोलागि पूजा गर्ने होइनन्, उहाँको महान् सफलताको लागि उहाँलाई श्रद्धा प्रकट गर्दै पूजा गर्छन् । जब बुद्धप्रति बौद्धहरू श्रद्धा प्रकट गर्छन्, उनीहरू अप्रत्यक्ष तवरले आफ्नो मनलाई पनि कुनै दिन त्यस्तै महाबोधिज्ञानबाट सुसम्पन्न गरेर मानवताको सेवामा लगाउनको लागि उक्साइरहेका हुन्छन् ।

बुद्धलाई बौद्धहरू गुरुको रूपमा आदर गर्छन्; तैपनि यो आदरले गुरुमाथि आशक्ति र निर्भरता भएको जनाउँदैन । यो खालको श्रद्धा उहाँको उपदेश अनरूप छ भनेर तल देखाइन्छ -

"भिक्षुहरू ! कुनै भिक्षुले मेरो चीवरको एक छेउ समातेर मसँगै पाइलै पिच्छे मेरो पछि पछि लागे पनि; यदि ऊ लोभी छ, इन्द्रिय सुखभोगहरूले गहिरोसित आकर्षित गर्छ, दुष्टमिजाजको छ, दुष्ट विचार र दुष्ट लक्ष्यको छ, शंका उपशंकाबाट ग्रष्ट छ, बेहोशियार छ, भावनारहित छ, विभाजित दिमागको छ, इन्द्रिय संयम छैनभने ऊ म भन्दा धेरै टाढा छ र म ऊ भन्दा धेरै टाढा छु ।"

"तर, भिक्षुहरू ! यदि त्यो भिक्षु लोभी छैन, इन्द्रिय सुखहरूले गहिरोसित आकर्षित गर्दैन, दुष्ट मिजाजको छैन, दुष्ट विचार र दुष्ट लक्ष्यको छैन, संकल्प शक्ति दृढ छ, होशियार छ, भावनासहित छ, एकैतिर ढल्केको (दृढ) विचारको छ, इन्द्रिय संयमी छ, भने ऊ एक सय मील पर बसेको भएता पनि ऊ मेरो नजिकै छ र म उसको नजिकै छु ।"

## सिंहको गर्जन

**बुद्धले बोल्नु भएको सुनेर धेरैले यो कुरो बुझे कि उनीहरूले आफूले मान्दै आएका जीवन सम्बन्धी गलत धारणालाई छाड्नु पर्छ ।**



https://dhamma.digital

एकपल्ट बुद्धले भन्नुभयो, भिक्षुहरू ! पशुहरूका राजा सिंह साँझपख आफ्नो गुफाबाट बाहिर निस्कन्छ । उसले आफूलाई तन्काउँछ। यति गरि सकेपछि उसले चारै दिशामा निरिक्षण गर्छ। यसपछि उसले तीनपल्टसम्म आफ्नो सिंहको गर्जन निकाल्छ । तीन पल्टसम्म सिंहको गर्जन निकालिसकेपछि शिकारको खोजमा ऊ लुसुलुसु अगाडि बढ्छ ।

अनि, भिक्षहरू ! पशुहरूका राजा सिंहको गर्जन सुन्ने जुनसुकै चौपाया पशु पनि धेरैजसो गरी डराउँछन्; उनीहरू हतास भएर कराउन थाल्छन् र डरले काम्न थाल्छन् । प्वालमा बस्नेहरू प्वाल खोज्न थाल्छन्; पानीमा बस्ने पानीमै डुबुल्कि मार्छन्, जंगली जन्तुहरू जंगलमै पस्छन्; पंक्षीहरू हावामा उड्न थाल्छन् ।

अनि गाउँशहर वा राजमहलमा छालाको बलियो दाम्लाले बाँधिएका जुनसुकै शासकका हात्तीहरू पनि जल्किन्छन् र बन्धन चुँडाल्छन्; डराएर मलमूत्र छाड्छन् र आत्तिएर यता उति भाग्न थाल्छन् । भिक्षुहरू, जन्तुहरूमाथि पशुहरूका राजा सिंह यति प्रभावशाली छ। यति शक्तिशाली र प्रबल छ सिंह ।

त्यसरी नै, भिक्षहरू, जब विश्वमा बुद्ध एक अर्हत्, सम्यक् सम्बुद्ध, प्रज्ञा र शीलमा परिपूर्ण, कल्याणकारी, सर्वज्ञ, शिक्षित हुनसक्नेहरूका लागि अद्वितीय गुरु, देव, र मनुष्यहरूका शास्ता, तथागत बुद्धको उत्पत्ति हुन्छ, अनि उहाँले (बुद्ध) धर्म सिकाउनु हुनेछ। "यस्तो छ 'अहं' को स्वरूप; यस्तो छ 'अहं' लाई नष्ट गर्ने मार्ग ।"

अनि, भिक्षुहरू, जस्तोसुकै दीर्घायु, रमाइला, सुखी र स्वर्गका महलहरूमा चिरकालदेखि आनन्द भोगिरहेका देउताहरू पनि बुद्धको धर्म देशना सुनेर धेरै जसो डराउँछन् । उनीहरू हतास भएर कराउन थाल्छन् र डरले काम्न थाल्छन् । उनीहरू भन्छन्,



https://dhamma.digital

"भगवान्, यस्तो लाग्छ कि आफूलाई अमर ठान्ने हामीहरू अनित्य रहेछन्; आफूलाई स्थिर ठान्ने हामीहरू अस्थिर रहेछन्; हामी सदाको लागि रहने छैनौं । भगवान, यस्तो लाग्छ कि हामीले आफूलाई चिरस्थायी ठानें । तर भगवान्, यस्तो लाग्छ कि हामीहरू अनित्य छौं, अस्थिर छौं; हामी सदाको लागि रहन सक्दैनौ । हामीहरू 'अहं' ले घेरिएका छौं ।"

भिक्षुहरू, देउता र मनुष्यहरूको संसारमा बुद्ध यति प्रभावशाली छ ।"

## बुद्ध ईश्वरको अवतार होइन

**म ईश्वरको पुत्र हुँ वा ईश्वरको दूत हुँ भनेर बुद्धले कहिल्यै पनि घोषणा गर्नु भएन ।**

बुद्ध यो संसारमा जन्म लिन आउने कुनै पनि देवताको अवतार होइन । न त उहाँ कुनै पहिलेको बुद्धको अवतार नै हुनुहुन्छ । धेरै बौद्धहरूमा यो गलत धारणा भएको देखिन्छ कि यो संसारमा उही एक बुद्ध समय समयमा उत्पत्ति हुने गर्छ । वास्तवमा संसारमा भिन्दाभिन्दै व्यक्तिहरू बुद्धहरू बन्छन् । जुनसुकै व्यक्ति पनि यिनीहरूमध्ये एक बुद्ध बन्न सक्छन्; तर पहिले उसले आवश्यक गुण एवं धर्महरू पालना गर्नु पर्छ, पूर्ण गर्नु पर्छ । यी गुण एवं धर्महरूको पूर्णता प्राप्त गर्न धेरै धेरै नै जीवनकाल लाग्छ ।

भारतका कोही कोही कट्टरपंथीहरूले बुद्ध उनीहरूको ईश्वरको अवतार हुनुहुन्थ्यो भन्दै बुद्ध र उहाँका सिद्धान्तहरूलाई आफ्नो मतमा सम्मिलित गरेका छन् । हुन त बुद्ध जन्मनु भन्दा पहिले उहाँ कुनै एक स्वर्गलोक (भूवन) मा हुनुहुन्थ्यो भन्ने कुरो



https://dhamma.digital

बौद्धहरू विश्वास गर्छन्, तर उनीहरू यो भन्दैनन् कि उहाँ यस संसारमा कुनै ईश्वरको प्रतिनिधि भएर आउनु भएको थियो ।

आज पनि कुनै कुनै धर्मवादीहरूले बुद्धलाई आफ्नो पन्थ (मत) मा गाभ्न खोज्दैछन्; उनीहरू भन्छन् कि बुद्धले आफैले भविष्यवाणी गर्नु भएको थियो कि उहाँको निवार्णको ५०० वर्ष पछि यो संसारमा अर्को बुद्ध आउने छ र उक्त पछिल्लो बुद्ध झन बढी लोकप्रिय हुनेछ । गौतम बुद्धको ६०० वर्ष पछिका एक अर्को धार्मिक गुरुलाई उनीहरूले सबभन्दा पछिल्लो बुद्ध माने । यसरी उनीहरूले मान्छेहरूलाई पुरानो बुद्ध छाडेर यो नयाँ बुद्धको अनुसरण गर्न सल्लाह दिए । तैपनि बुद्धलाई उनीहरूको धार्मिक गुरुको दर्जामा राखेकोले हामीहरू उनीहरू प्रति कृतज्ञ हुनु पर्दछ । तर हामी यो महसुस गर्छौं कि बुद्धधर्मलाई अर्को कुनै वादमा विलिन गर्ने यो कुनै अर्को कोशिश पनि हुन सक्छ । बोधिज्ञान लाभी भन्दै तथाकथित नयाँ बुद्धलाई चिनाउन खोज्नेहरूले यो कुरो बुझ्नु पर्छ कि उक्त नयाँ बुद्धको गुण गौतम बुद्धको जस्तै छ कि छैन । अवश्यै पनि यी दुई धार्मिक गुरुहरूले दिनु भएको शिक्षामा भिन्ना भिन्नै सिद्धान्तहरू छन् । यो कुरोमा शंका छैन कि बुद्धले यो संसारमा अर्को बुद्ध पनि आउनु हुनेछ भनेर उल्लेख गर्नु भएको थियो, तर यो कुरो राम्रैसँग प्रष्ट गरिएको छ कि उक्त भविष्यको बुद्ध अनगिन्ति वर्ष पछि (अनन्त भविष्यमा) जम्बुद्वीप मै मात्रै उत्पन्न हुनेछ ।

## बोधिसत्व

**बोधिसत्व उनीहरू हुन् जो कि सम्यक् सम्बुद्धपद प्राप्त गर्न आत्म अभ्यास गरिरहन्छन् ।**

थेरवादी बौद्धहरू उनीहरूसंग सम्मत छैन जो कि निवार्ण प्राप्तिको लागि प्रत्येक व्यक्तिलाई बुद्ध नै हुनुपर्दछ भन्ने विश्वास


https://dhamma.digital

गर्छन्। महायान विचारधारामा केही बुद्धहरूको उल्लेख गरिएका छन् जुन कि पक्कै पनि ऐतिहासिक बुद्धहरू होइनन्। उनीहरू ऐतिहासिक बुद्ध नभएकाले थेरवादीहरूले उनीहरूलाई त्यतिको ध्यान दिँदैनन्। न त उनीहरू मोक्षप्राप्तिको लागि बोधिसत्वहरूसँग प्रार्थना नै गर्दछन् । बोधिसत्वहरूले अरूलाई तार्न सक्छन् भन्ने कुरोमा उनीहरू विश्वास गर्दैनन्। आफ्नो आत्मशुद्धिद्वारा बुद्धत्व प्राप्त गर्न कोशिश गर्नेहरू नै बोधिसत्वहरू हुन् । जबसम्म बोधिसत्वहरूले बुद्धत्व हासिल गर्दैन, तबसम्म उनीहरूले अरूहरूलाई मुक्तिको साँचो बाटो औंल्याउन सक्दैनन्। कोही कोही बोधिसत्वहरू निर्वाण प्राप्त नगरिकनै सुखावति भूवनमा कुर्दैछन् ता कि उनीहरूलाई स्तुति गर्नेलाई  मद्दत दिन सकोस् भन्ने कथन बुद्धका मौलिक शिक्षासँग अपरिचित्त नै छ। थेरवादी बौद्धहरू उनीहरूसँग सम्मत छन् जो यो विश्वास गर्छन् कि कोही कोही बुद्धहरू तथा बोधिसत्वहरू निर्वाण प्राप्त नगरिकनै आफूखुसी सुखावती भूवनमा रहन्छन् जबसम्म कि हरेक प्राणीले मुक्ति पाउँदैनन्। जब उनीहरू हरेक प्राणीको कुरा गर्छन्, उनीहरूले यसै ग्रहका प्राणीहरूलाई विचार गरेको हुनसक्छ; उनीहरूले यो बिर्सेकि बुद्धकोअनुसार अरूपनि थुप्रै ग्रहहरू छन् जहाँ कि अन्य प्राणीहरू बस्ने गर्छन्। त्यसैले हरेक प्राणीले निर्वाण प्राप्त नगरेसम्म कुरिराख्नु त आकाशको फल आँखा तरी मर हो । यो कार्य स्पष्टसँगै असम्भव छ, कारण जबसम्म जीवहरू अज्ञानता र तृष्णामा चुर्ल्लुम्म डुबिरहन्छन् तबसम्म जीवन चक्र रूक्ने कुरै छैन ।

एक बोधिसत्वलाई बौद्ध नै हुनुपर्दछ भन्ने कुनै जरूरी छनै। आज पनि बौद्धहरूका बीच करुणामयी बोधिसत्वहरू पाउन सकिन्छन् र उनीहरू आफ्ना उत्तम अभिलाषादेखि बेखबर हुन सक्छन्; अन्य धर्महरूमा पनि बोधिसत्वहरू हुन सक्छन्।



https://dhamma.digital

यस बोधिसत्वको विषयले थेरवाद र महायान बीचको मुख्य फरक देखाउँछ ।

## अर्हत्‌पदको प्राप्ति

### अर्हत् भएर निर्वाण प्राप्त गर्नु स्वार्थ होइन ।

कोही बौद्धहरू विश्वास गर्छन् कि अर्हत भएर मुक्तिको तलाश गर्नु एक स्वार्थी विचार हो; त्यसैले उनीहरू यो भन्छन् कि हरेक व्यक्तिले अरूलाई हित गर्न आफू बुद्ध हुने कोशिश गर्नु पर्छ। यस्तो किसिमको विश्वास बिल्कुलै बौद्ध शिक्षामा आधारित छैन । बुद्धले यो कुरो कहिल्यै भन्नु भएन कि उहाँ संसारका सबै प्राणीलाई मोक्ष दिन चाहनु हुन्छ। आफ्नो सहायता उहाँले उसैलाईमात्रै दिनु भयो जसले उहाँको सम्यक् जीवनको विचारलाई स्विकार गर्ने इच्छा गरे। बुद्धको मौलिक शिक्षामा अरूलाई मुक्तगर्ने जस्तो कुनै कुरो थिएन । बुद्धले परिचय गराउनु भएको तरिका अनुसार हरेक व्यक्तिले निर्वाण प्राप्तगर्न आफैले दुःख गर्नु पर्छ। आफूलाई सुधार्न प्रयास गर्नु पर्छ र आफूलाई शुद्ध पार्नु पर्छ ।

मोक्ष प्राप्तिका लागि हरेक व्यक्ति बुद्ध नै हुनुपर्दछ भन्ने विचार बुद्धको मौलिक शिक्षामा पाउन सकिंदैन । यो विश्वास त अरूहरूको रोग र आफ्नै रोग पनि निको पार्न हरेक व्यक्ति डाक्टरै हुनुपर्छ भन्ने बिचारसँग नमिल्ने होइन । यो सल्लाह त सबभन्दा अव्यावहारिक छ। यदि कसैलाई आफ्नो रोग निकोपार्नु छ भने कुनै पनि योग्य डाक्टरको सल्लाह लिने उसको हक छ। तर आफ्नो रोग आफै निकोपार्न हरेक व्यक्ति डाक्टर नबनेसम्मको लागि पर्खिराख्न सक्दैन । हो डाक्टर हुन चाहनेहरू पक्कै पनि यसो गर्न सक्छन् । तर पनि उनीहरूमा बुद्धि र साहस हुनुपर्छ, र चिकित्साशास्त्र पढने कुनै माध्यम उनीहरूसँग हुनु पर्दछ। त्यस्तै नै आफ्नो मोक्षप्राप्तिका


https://dhamma.digital

लागि हरेक व्यक्ति बुद्ध नै हुनुपर्छ भन्ने अनिवार्यता छैन । बुद्ध हुन चाहनेहरूले यसो गर्न सक्छन् । तापनि बुद्धत्व प्राप्तिकोलागि हरेक किसिमका दुःख भोल्ने र आफ्ना सुख सुविधाहरूको तिलाञ्जलि दिने उनीहरूमा साहस र ज्ञान हुनुपर्दछ । त्यसैले अर्हत् भएर निर्वाण लाभगर्नु स्वार्थीपन हो भन्नु वेमतलब छ। बुद्धत्व निर्विवाद रूपले ३ प्रकारका आदर्शहरू (सम्यक् सम्बुद्ध, प्रत्येक बुद्ध र अर्हत्) मध्ये सर्वश्रेष्ठ र सर्वप्रधान छ। तर यस्तो सबभन्दा उच्च आदर्श प्राप्त गर्न सबैले त सक्दैनन् । पक्कै पनि सबै वैज्ञानिकहरू आइन्स्टेन र न्यूटनहरू त बन्न सक्दैनन्। आफ्नो सामर्थ्य अनुसार संसारलाई सेवा पुऱ्याउने साना वैज्ञानिकहरू पनि त हुनु पर्दछ।

## सन्देश सबैका लागि

**मानवताको फूल गौतम बुद्ध आजको संसारमा छैन, तर उहाँको शान्ति सन्देशको सुगन्धित बासना सदाको लागि रहिरहने छ।**

अहिल्यै पनि हाम्रा कानमा बुद्धको नरम र मिठो आवाज गुँजिन्छ। र कहिलेकाहीं हामी सायद लज्जित हुन्छौं किनकि बितेका हजारौं वर्षसम्म पनि हामीले उहाँलाई राम्रोसँग चिन्न सकेनौं र प्रायः हामीले सिर्फ उहाँको शिक्षाको प्रशंसा गऱ्यौं र उहाँलाई आदर गऱ्यौं तर उहाँको उपदेशलाई व्यवहारमा लागु गर्ने कोशिश गरेनौं। चाहे धर्ममा विश्वास गर्ने होस् या नहोस्, सबैमाथि बुद्धका उपदेश र सन्देशको प्रभाव परेको छ । उहाँको सन्देश सबैका लागि हो ।

हुनत बुद्ध, मानवताको एक पुष्प, आज यस संसारमा छैनन्, तर उहाँको उपदेशको मिठो सुगन्ध र उत्कृष्ट बासना चारैतिर



https://dhamma.digital

फैलिएको छ । यसको छरिएको सुगन्धित बासनाले लाखौंलाई शीतल र शान्त पारिदिएको छ । यसको दिव्य सुगन्धले यसले प्रवेश गरेको सबै जातिलाई उत्साहित र खुसी पारिदिएको छ । उहाँको शिक्षाले लाखौं हृदयहरूलाई तान्न सकेको कारण यो हो कि यो शिक्षा हतियारको जोर जबजस्तीले होइन, मानवताप्रति करुणा र अनुकम्पाद्वारा फैलाईएको थियो । यसको शुद्ध मार्गमा एक थोपा रगतको पनि दाग छैन । बुद्धधर्म मैत्रीको न्यानो हातबाट विजय प्राप्त गर्छ, न कि डर त्रासको चिसो हातबाट । दैवीय शक्तिको भय र चिरस्थायी नारकीय ज्वालाको सिद्धान्तलाई बुद्धधर्ममा स्थान छैन ।

बुद्धपछिका गतः २५ शताब्दी भित्रमा संसारमा थुप्रै परिवर्तनहरू आइ सके । राज्यहरूको उत्थान र पतन भइसके; राष्ट्रहरू विकसित भएर ध्वष्ट भइसके । आजको विश्वले यस्ता थुप्रै पुराना सभ्यताहरूलाई बिर्सिसक्यो । तर बुद्धको नाउँ आजपनि लाखौं मान्छेहरूको मनमा स्वच्छ र जीवित रहेको छ । उहाँले बसाउनु भएको न्यायिक सत्यको राज्यलाई अझै पनि दुश्मनहरूले हमला गर्न बाँकी नै छ र अझै पनि सबै उन्नतशील मानिसहरूको मनमा आशन जमाइराखेकै छ। उहाँको शिक्षा यसैले उदय गरिएको हो कि उन्नतशील र सभ्य समाजहरू शान्ति र सौहार्दताको वातावरणमा रहन सकोस् । जीवनका सबै अतिकठिन समस्यालाई हामी राम्रोसँग बुझ्न सक्नेछौं यदि हामीले उहाँको शिक्षालाई सिकेर व्यवहारमा प्रयोग गर्न कोशिश गर्‍यौं भने । मानव दुःख र समस्याहरूप्रति बुद्धको विचारधारा सरल र सोझो प्रकृतिको छ ।

बुद्ध विश्वले देखेको सवश्रेष्ठ विजेता हुनुहुन्थ्यो । मैत्री र सत्यको अचूक शस्त्रद्वारा उहाँले विश्व विजय गर्नु भयो । अन्धकार, घृणा र दुःखको संसारबाट मानवतालाई उज्यालो मैत्री र सुखको नयाँ संसारमा लग्ने बाटोलाई उहाँको शिक्षाले प्रकाशित पार्छ ।



https://dhamma.digital

# बुद्धको सेवा

**अज्ञानताको अन्धकारलाई धपाउन र विश्वलाई दुःखबाट मुक्त हुने मार्ग देखाउन बुद्ध जन्मनु भएको थियो ।**

बुद्ध आफूले दिनु भएका सबै उपदेशहरूको शारीरिक रूप हुनुहुन्थ्यो । पैंतालिस वर्षसम्मको उहाँको सफल र विख्यात धर्म प्रचारको अवस्थामा उहाँले आफ्ना सबै कुराहरूलाई काममा पनि लगाएर देखाउनु भयो । कहिल्यै पनि उहाँले कुनै पनि मानवीय दुर्बलता वा लालसा प्रकट गर्नु भएन । बुद्धको नैतिक शिक्षा संसारले जानेको सबभन्दा पूर्ण नैतिक शिक्षा हो ।

२५ शताब्दीभन्दा लामो समयकालभित्र लाखौं मानिसहरूले उहाँको शिक्षामा प्रेरणा र संतोष पाएका छन् । उहाँको महानता आज पनि सूर्य जस्तै बढदै छ जसको अगाडि साना तिना ज्योतिका कीर्तिहरू धमिलिएर जान्छन् । उहाँको शिक्षाले अझै पनि उदास तीर्थयात्रीलाई निर्वाणको शान्ति र सुरक्षातिर बोलाउँछ । दुःखग्रस्त मानव समाजको लागि अरू कसैले पनि यतिको बलिदान गरेका छैनन् ।

Dhamma.Digital

मानव इतिहासमा बुद्ध पहिलो धार्मिक नेता हुनुहुन्छ जसले कुनै पनि प्राणीलाई हानी नगर्न र ईश्वरलाई पशुबलि नचढाउन मानिसहरूलाई अर्ति दिनु भएको थियो, अपील गर्नु भएको थियो ।

बुद्धको दृष्टिमा धर्म एक नाफामूलक व्यापार नभै मोक्षको एक मार्ग थियो । उहाँले अन्धविश्वासी अनुयायीहरूलाई चाहनु भएको थिएन । उहाँले विद्वतापूर्वक स्वतन्त्र रूपले सोच्ने अनुयायीहरू चाहनु भएको थियो ।



https://dhamma.digital

बुद्धको आगमनले हामी सबै शान्त र आनन्दित भएका छौं । उहाँको उपस्थितिले सारा मानव जातिको कल्याण भएको छ ।

कुनै पनि अवसरमा बुद्धले कुनै एक व्यक्तिको प्रति पनि अमैत्रीभाव प्रकट गर्नु भएको थिएन । आफ्ना विरोधी एवं घोर शत्रुहरूको विरूद्ध पनि बुद्धले अमैत्रीभाव दर्शाउनु भएको थिएन । कोही कोही पक्षपाति विचारकहरू पनि थिए जो कि बुद्धका विरोधी बने र उहाँलाई मार्ने कोशिश गरे; तैपनि बुद्धले उनीहरूलाई कहिल्यै पनि शत्रुको रूपमा व्यवहार गर्नु भएन । बुद्धले एकपल्ट भन्नुभएको थियो, "जसरी रणक्षेत्रमा हात्तिले आफूमाथि हानेका वाणहरू सहन्छन् त्यस्तै नै म अरूको अमैत्री भाव र निन्दालाई सहन्छु ।"

इतिहासको पानामा बुद्धले जस्तै आफूलाई प्राणीमात्रको कल्याणको लागि अर्पित गर्ने कोही पनि मान्छे अरू किटिएको छैन । बोधिज्ञान लाभ गरेको समयदेखि लिएर उहाँको जीवनको अन्तिम क्षणसम्म मानवतालाई उठाउन उहाँले लगातार उद्योग गर्नु भयो । उहाँ दिनको २ घण्टा मात्रै सुत्नु भयो । हुनत उक्त महान गुरु बित्नुभएको २५ सयवर्ष बितिसक्यो, तर पनि उहाँको मैत्री र करुणाको सन्देश अझै पनि पुरानै शुद्धताकासाथ हाम्रो अगाडि छ । यो सन्देशले अझै पनि मानव भविष्यलाई दृढतासाथ प्रभावित पार्दैछ । उहाँ महाकरुणामयी हुनुहुन्थ्यो जसले विश्वलाई मैत्रीद्वारा उज्यालो पार्नु भयो ।

आफ्नो परिनिर्वाणपछि बुद्धले एक अमर सन्देश छाडेर जानु भयो जुन कि आजपनि विश्वमा हाम्रो बीच जिउँदै छ । आज हामीले विश्वशान्तिको लागि आएको भयानक चुनौतिको सामना


https://dhamma.digital

गर्नु परेको छ । विश्वको इतिहासको कुनै पनि समयकालमा उहाँको सन्देशको त्यति आवश्यक भएन जति आज हुन आएको छ ।

अज्ञानताको अन्धकार हटाउन र विश्वलाई कसरी दुःख, रोग, व्याधि, मरणबाट मुक्त हुने भन्ने देखाउन र प्राणी मात्रको चिन्ता सन्तापबाट अलग्ग पार्नको लागि बुद्ध जन्मनु भयो ।

कसै कसैको मत अनुसार ईश्वर दुष्टहरूको नाशगर्न र सज्जनहरूको भलो गर्न समय समयमा यस संसारमा आउनु हुन्छ । बुद्ध यस संसारमा दुष्टहरूलाई नाशगर्न आउनु भएको थिएन बरु उनीहरूलाई ठिक मार्ग देखाउनलाई आउनु भएको थियो ।

बुद्धको समयकाल अगाडि सम्मन्को विश्वको इतिहासमा के हामीले कोही यस्ता धार्मिक गुरुको बारे सुनेका छौं जो बुद्धले जस्तै दुःखीत मानवप्रति मैत्री र सबै प्राणीप्रति करुणाले काम गरेको होस् ? बुद्धको केही शताब्दीपछि हामी ग्रीसका केही बुद्धिमान् हरूको बारे सुन्छौः सुकरात, प्लाटो र अरस्तू (अरिस्टोटल) । तर यिनीहरू सिर्फ शुष्क विचारकहरू थिए र सत्यका भोका थिए; दुःखीत समाजको लागि प्रेरणादायी स्नेह (मैत्री) को उनीहरूमा अभाव थियो ।

कसरी मोक्ष पाउने भन्ने सिकाउनु नै मानव जातिलाई बचाउने बौद्ध तरिका हो । कसै कसैलाई मात्रै शारीरिक वा मानसिक पीडाबाट छुटकारा दिलाउनुमा उहाँको विशेष ध्यान थिएन । उहाँ सबै मानिसले अनुसरण गर्न सकिने मार्ग प्रकाशित गर्नुमा लागेको थियो ।


https://dhamma.digital

# उहाँको गृहत्याग

**राजकुमार सिद्धार्थले गृहत्याग गरेको एक मान्छेले चालेको अहिले सम्मको सबभन्दा साहसपूर्ण कदम हो ।**

सिद्धार्थले गृह र राज्यको त्याग गरेकोलाई लिएर आलोचकहरूले उहाँलाई आलोचना गरेका छन् । कसैले यसलाई "पत्नी र परिवारको निर्दयीसाथ परित्याग" भनेर वर्णन गर्छन् । तर यदि उहाँ त्यसरी चुपचाप ननिस्कनु भएको भए र यदि यहाँले औपचारिक बिदाई माग्न प्रियजनहरूसँग कुरा गर्नु भएको भए के हुने थियो होला ? पक्कै पनि उनीहरूले उहाँलाई विचार बदल्न अनुरोध गर्थे होला । मूर्च्छाले ग्रस्त दृष्य देखा पर्थ्यो होला र राजा शुद्धोदनको सानो राज्यमा सम्भवतः उपद्रव मच्चन बेर नलाग्ने थियो होला । अनि सम्भवतः सिद्धार्थले आफ्नो पिता र पत्नीलाई गृहत्यागको कुरो भन्ने साहस गर्न नसक्ने थियो होला नत्र उनीहरूले उहाँलाई भडकाउने थियो होला । सिद्धार्थ जीवनको चढ्दो उमेरमा पुगेको एक जोशिलो नौजवान थियो । यस्तो अवस्थामा सत्यको खोजीका लागि सबै त्याग नगर्नलाई उक्साउनु भयंकर खतरनाक हुनेथियो । राजमहलमा उहाँको अन्तिम घडिको बेला जब उहाँले आफ्नो अर्धनिद्रामा मस्त पत्नी र आफ्ना नवजात शिशुलाई हेर्नु भयो त्यसबेला त्यहीं रहि रहने (त्याग नगर्ने) विचारलाई अवरोध आएकोले उहाँलाई धेरै कष्ट भयो होला । पक्कै पनि त्यो जमानाको जम्बुद्वीपमा कसैले संन्यासी र ऋषि बन्न आफ्नो घर र प्रियजनलाई त्याग्नुलाई असल काम मानिन्थ्यो । यी जम्मै विचार गरेर हेर्दा यो देखिन्छ कि सिद्धार्थले आफ्नो योजनालाई छिटै साहसपूर्वक लागु गरेर राम्रै गर्‍यो ।

त्यस्तो कलिलो उमेरमा गर्नु भएको सिद्धार्थको गृहत्याग मान्छेले अहिलेसम्म चालेको सबभन्दा साहसपूर्ण कदम हो । त्याग,


https://dhamma.digital

मोक्ष र मुक्ति प्राप्तिको लागि नभई नहुने आवश्यक तत्वहरू मध्ये एक हो । अनुरागबाट मुक्त भई (त्यागी भई) नै मोक्ष प्राप्त गरिन्छ । जीवनका धेरैजसो संकटहरू अनुरागले गर्दा उत्पन्न हुन्छन् । हामी रिसाउँछौं; हामी चिन्तित हुन्छौं; हामी लोभी हुन्छौं र तीखोसँग चुक्लि गर्छौं । यी दुःख, तनाव, चिन्ता र पीरहरू सबै अनुरागले गर्दा नै उत्पन्न हुन्छन् । यदि तिमीलाई कुनै दुःख वा चिन्ता छ भने राम्रोसँग ध्यान दिएर हेर; तिमीले अनुरागलाई नै यसको कारण पाउने छौ । यदि राजकुमार सिद्धार्थले आफ्नो पत्नी, छोरो, राज्य र सांसारिक सुखप्रति अनुराग उत्पन्न गरेको भए उहाँले कहिल्यै पनि दुःखी मानवजातिका लागि उपाय पत्ता लगाउनु हुनसक्ने थिएन । त्यसैले उहाँले मनलाई बाधारहित पारी राम्रैसंग खुलस्त रूपले ध्यान केन्द्रित गर्न सांसारिक सुखसमेत सबै कुरालाई त्याग गर्नु पर्‍यो; यसरी मात्रै उहाँले मानवताको लागि केही पाउन सफल हुनुभयो ।

उक्त जवान राजकुमारको दृष्टिमा संसार नै वासना, क्रोध, लोभ र रागलाई सल्काउने अन्य धेरै कुविचारहरूद्वारा बलिरहेको थियो । उहाँले आफ्ना पत्नी र पुत्र समेत संसारका प्रत्येक व्यक्ति सबै किसिमका शारीरिक र मानसिक दुःखहरूबाट पीडित देख्नु भयो । त्यसैले उहाँले सबै कुरालाई छाड्ने निश्चित गर्नु भयो; उहाँ दुःखीत मानव समाजको दुःखलाई निर्मूलपार्ने उपाय खोज्नलाई तम्सनु भयो ।

एक ख्याति प्राप्त कविले बुद्धको गृहत्यागलाई यसरी देख्नु भयो -

प्यारो सन्तानको घृणाले होइन  
प्रिय पत्नीको घृणाले होइन  
मनका उत्तेजनाहरू - कम मन पराएको थिएन उहाँले



https://dhamma.digital

तर बुद्धत्व बढी मन परायो, र त्याग गऱ्यो । सबै उहाँले । (ड्वाइट गोड्डार्द)

## बुद्धधर्म

### बुद्धधर्म सत्य हो, अरू केही होइन ।

के हो बुद्धधर्म ? यो प्रश्नले धेरैलाई टोल्याएको छ जसले कि बुद्धधर्मलाई दर्शन हो कि वा धर्म हो वा जीवनको एक कला हो कि भनी प्रश्न गर्छन् । यसको सजिलो उत्तर यही हो कि बुद्धधर्म यति विशाल र गहन छ कि यसलाई कुनै एक विभाजनमा राम्रोसँग राख्नै सकिंदैन । यो पक्कै हो कि बुद्धधर्ममा दर्शन, धर्म र जीवनको कला निहित छ । तर बुद्धधर्म यी विभाजनहरू भन्दा विशाल छ ।

बुद्धधर्मलाई दिइएका यी विभाजन वा लेबलहरू ती साइनबोर्डहरू जस्तै हुन् जुन कि धर्महरूले आफ्नो स्वरूप जाहेर गर्न मान्छेहरूलाई देखाउँछन् । यदि हामीले बुद्धधर्मलाई एक औषधी पसलसँग तुलना गऱ्यौं भने तब औषधी पसलमा टांसिएको साइनबोर्डले रोग निको पर्दैन । यदि औषधी नै प्रभावशाली छ भने अनि यसलाई प्रयोग गर र खालि औषधीलाई मात्रै जाहेर गर्ने साइनबोर्डलाई वास्तै नगर । त्यस्तै नै यदि बुद्धको शिक्षा कल्याणकारी भए यसलाई उपयोग गर र लेबल वा साइनबोर्डसँग वास्तै नराख । बुद्धधर्मलाई कुनै एक विभाजन सीमामा मात्रै घुसाउने प्रयत्न नगर ।

विभिन्न समय काल र विभिन्न स्थानका मानिसहरूले बुद्धधर्मलाई विभिन्न 'साइनबोर्डहरू' र विभिन्न व्याखा दिएका छन् कसै कसैका लागि बुद्धधर्म खालि अन्धविश्वासी कामहरूको एक


https://dhamma.digital

समूह मात्रै हुन सक्छ । कसैका लागि बुद्धधर्म मानसिक लाभको एक विश्वासिलो लेबलमात्रै हुन सक्छ । अरूको लागि बुद्धधर्म एक विचार पद्धतिको रूपमा महत्वपूर्ण हुनसक्छ । एक धार्मिक बौद्धभक्तलाई बुद्धधर्म उसको सारा जीवन हुनसक्छ, उसको अगाडि पछाडिका सबै कुराको पूर्ति हुनसक्छ ।

कोही कोही विद्वानहरू बुद्धधर्मलाई भारतीय वातावरणको फल वा अरू कुनै भारतीय शिक्षाको परिणामको रूपमा देख्न सक्छन् । तर बुद्धधर्म यो होइन । हो त्यो बेला जम्बुद्धीपमा चलेको उच्चस्तरिय बौद्धिक खोजबिन र नैतिक प्रयत्न यी दुवै नै विस्मृतिको अन्धकारबाट धर्मको ज्योति पुनः प्रकट हुनुका मुख्य कारणहरू थिए । हजारौं हजार बर्षसम्मको धार्मिक र दार्शनिक विकासले भारतको बौद्धिक माटोमा विचार र आदर्शहरूको एक पोषिलो र उब्जाउ तह थुपारेको थियो । जुनकि (बुद्ध) धर्मको बीउ उम्रनको लागि सकेजति सबभन्दा असल गर्भ बन्यो । ग्रीक, चीन, इजिप्ट र बेबिलोनियाका प्रगतिशील विचारधाराहरू भारतका जंगल र हिमालयमा बस्ने ऋृषिहरूको दृष्टिको दाँजोमा पुग्न सकेको थिएन । मुक्ति (बोधिज्ञानको त्यो बीउ जुनकि टाढा टाढाको खेतबाट उडेर आएको बीउ झैं हामी भन्दा स्थान र समयको हिसाबले अनन्त दूरीबाट आएको हो त्यस्तो बीउले भारतको उत्तर पूर्वीभागमा हुर्कन र विकसित हुन पायो । बोधिज्ञानको यी बीउले अनुभवी व्यक्ति गौतम बुद्धको माध्यमबाट पूर्ण रूपले प्रकट हुन पायो । बुद्धधर्मको मुहानै यही अनुभव हो जसलाई बोधिज्ञान भनिन्छ । बोधिज्ञानको माध्यमद्वारा बुद्धले धर्मप्रचारको थालनि गर्नु भयो । जब हामी यो विचार गर्छौं कि बुद्धले लिंडे ढिपि र रहस्यद्वारा आफ्नो मत प्रचार गर्नु भएको थिएन बरु वैधानिक सर्वलोकिक (सबैलाई लागु हुने) अनुभवद्वारा गर्नु भएको थियो, तब बुद्धधर्मको परिभाषाको लागि सबभन्दा उपयुक्त शब्द हुनेछ - सत्य । स्मरण


https://dhamma.digital

रहोस् कि बुद्धले सिद्धान्तहरूबाट मार्ग देखाउनु भएको थिएन । उहाँले सँधै आफ्नो अनुभवले, आफ्नो ज्ञानले, र सत्यको माध्यमले मार्ग देखाउनु भयो ।

२५०० वर्ष अगाडि गौतम बुद्ध भन्ने व्यक्तिमा निहित भएको सत्यको रूपमा बुद्धधर्मको उदय भयो । जब बुद्धले आफ्नो शिक्षा प्रकट गर्नु भयो, उहाँले खालि जीवनको व्याख्या मात्रै गर्न खोज्नु भएको थिएन । बरु उहाँले त आफूले पत्ता लगाएको सत्य औंल्याउन र मोक्ष प्राप्तिको लागि ठीक र व्यावहारिक मार्ग देखाउन खोज्नु भएको थियो ।

बुद्धको मौलिक शिक्षामा जीवन र संसारको सत्य समाएको थियो । तैपनि बुद्धले आफैले दिनु भएको मौलिक शिक्षा (जसलाई प्रायः गरी धम्म वा बुद्ध उपदेश भनिन्छ) र पछि मान्छेहरूलाई यसमा आकर्षित पार्न बनाएको धर्मको बीचमा फरक छुट्याउनु अनिवार्य छ । उहाँको परिनिर्वाणको केही शताब्दीपछि बुद्धका अनुयायीहरूले आफ्नो गुरुको शिक्षाको आधार लिएर एक धर्मको श्रृजना गरे । धर्मको संगठन गरेको बेलामा आफ्नो गुरुको मौलिक शिक्षामा नभएका विभिन्न चमत्कार, गुप्तविद्या, ज्योतिषविद्या, मन्तर, जन्तर, स्तुति, र थुप्रै तमाशा विधिहरू घुसाए । जब यी असम्बन्धित धार्मिक विश्वास र अभ्यासहरू आए, तब धेरै मानिसहरूले यसका मौलिक शिक्षाहरू आत्म-अनुशासन, आत्म संयम, नैतिकताको वृद्धि र मानसिक विकासको अभ्यासलाई बेवास्ता गरे । मौलिक शिक्षाको अभ्यासको ठाउँमा भूत प्रेतबाट आफ्नो बचावट र सौभाग्य हुनुमा उनीहरूले बढी प्रयास र ध्यान केन्द्रित गरे । विस्तार विस्तारै मानिसहरूले मूल शिक्षामा ध्यान दिन छाडे; र नक्षत्र, कुविद्या र रोगव्याधिको कुप्रभाव वा दुर्दशाबाट बच्ने उपाय र तरिकाहरू पत्ता लाउनु तर्फ बढी ध्यान दिन थाले ।


https://dhamma.digital

यसरी धार्मिक अभ्यास र विश्वासहरू सांसारिक प्रवृतिहरूमा मात्रै सीमित रह्यो । आज पनि कतिपय मानिसहरू यो विश्वास गर्छन् कि बाहिरी शक्तिको प्रभावबाट उनीहरू आफ्नो कठिनाईबाट मुक्त हुन सक्छन् । मानिसहरू अझै पनि यो विश्वासमा जकडिएका छन्, त्यसैले उनीहरू संकल्प शक्ति, बुद्धि, बुझ्नसक्ने क्षमता र अन्य मानवीय गुणहरूको विकास गर्नुमा वास्ता गर्दैनन् ।

यसरी हामी देख्छौं कि एक धर्मको रूपमा बुद्धशिक्षा विभिन्न सामाजिक र साँस्कृतिक वातावरणमा बस्ने मानिसहरूको एक परिणाम मात्रै हो । जे होस् धर्मको रूपमा बुद्धशिक्षा स्वर्गबाट झरेको अलौकिक व्यवस्थाको रूपमा शुरु भएको होइन । बरु यो लामो ऐतिहासिक प्रक्रियाबाट उत्पन्न र विकास भएको हो । विकासको यो क्रममा धेरै मानिसहरू बुद्धका मौलिक शिक्षाबाट बिस्तारै टाढा हुँदै गए ।

बुद्धको मौलिक शिक्षाले एक धर्मलाई मात्रै नभै पूरा सभ्यतालाई प्रेरित गऱ्यो । यी शिक्षाहरूले कतिपय संस्कृति र राष्ट्रहरूको इतिहासमा एक ठूलो सभ्यताप्रेरक शक्तिको रूपमा काम गऱ्यो । वास्तवमा बुद्धधर्म विश्वले अहिलेसम्म थाहापाएको सबभन्दा उत्तम सभ्यताहरू मध्ये एक हुन आएको छ । साहित्य, कला, दर्शन, नीतिशास्त्र र शिल्प विद्याको क्षेत्रमा हासिल गरेको अद्‌भुत सफलताको इतिहास यसमा छ। सयौं वर्षको समयकालमा अनगिन्ति सामाजिक र शैक्षिक संस्थाहरू विभिन्न राष्ट्रहरूमा देखा परे जसले बुद्धको शिक्षाको लागि सेवा अर्पित गरे । बुद्धधर्मको इतिहास भ्रातृत्वभाव र प्रीतिको सुनौला अक्षरले लेखियो । बुद्धले आफ्नो शिक्षाको प्रचार गरेको दिनदेखि संसार एक बेग्लै ठाउँ हुन आयो ।



https://dhamma.digital

आज आधुनिक विश्वमा बुद्धधर्म एक सभ्यताप्रेरक शक्तिको रूपमा रहेको छ। सभ्यताप्रेरक शक्तिको रूपमा बुद्धधर्मले अनगिन्ति मानिसहरूमा आत्मसम्मान र उत्तरदायित्वको भाव जगाउँछ र थप्रै राष्ट्रहरूको वीर्य शक्तिलाई उत्तेजित गरिदिन्छ। यसले मान्छेलाई उसैको विचार शक्तिसँग अपील गरेर मानसिक प्रगतिको लागि उक्साउँछ। यसले जनतालाई धर्म र राष्ट्रको संकुचित भाव र कट्टरपना छाडेर सहनशक्तिको विकास गर्न टेवा दिन्छ। यसले मन निर्मल र संयमी पारी नागरिकहरूलाई सुधार्छ र पशु प्रवृतिलाई हटाउँछ। छोटकरीमा, बुद्धधर्मले मान्छेको सारा भविष्य उसको आफ्नै हातमा छ र उच्च लक्ष्य हासिल गर्न आफ्नो शक्ति र परिज्ञानको विकाश गर्ने क्षमता ऊ आफैसँग छ भन्ने सिकाएर आत्मविश्वासको भावलाई जागृत गर्छ।

२००० वर्ष भन्दा बढी समयदेखि बुद्धधर्मले झण्डै एक तिहाई मानव समाजको मानसिक अभावपनाको पूर्ति गर्दै आएको छ। आज पनि बुद्धधर्मको अपील उत्तिकै बलियो छ।

बुद्धको शिक्षाहरू मानव समाजको सबभन्दा धनी मानसिक श्रोतहरू मध्ये एक रहेको छ किनकि यिनीहरूले मानव प्रयासको क्षितिजलाई खालि मान्छेको सदा असंतुष्ट आवश्यकता र चाहनाहरूमा मात्र समर्पित नगरी यस भन्दा माथि उठाइदिएको छ। यसको विशाल स्वरूपले गर्दा जीवनप्रति बुद्धको दृष्टिकोणमा विद्वानहरूलाई तान्ने शक्ति छ। ती विद्वानहरू जसले आफ्नो (र अरूका) मन थकित र खालि पारि सके।

बुद्धधर्मले गर्नसक्ने अर्को अपील यो छ कि यो यर्थाथवादी छ र विश्व र जीवनको सत्य स्वरूप प्रस्तुत गर्दछ। यसले मानिसलाई मूर्खहरूको स्वर्ग (काल्पनिक स्वर्ग) तिर जालझेल गरेर तान्दैन, न त यसले मानिसहरूलाई सबै प्रकारका काल्पनिक भय र दोषिपना देखाएर तर्साउने र कष्ट दिने काम नै गर्छ।


https://dhamma.digital

बुद्धधर्मले ठिकसँग र मूर्तरूपमा हामीलाई यो भन्छ कि हामी को हौं, हाम्रो चारैतिरको संसार के हो; र हामीलाई पूर्ण मुक्ति, शान्ति, आनन्द र सुखको बाटो देखाइ दिन्छ ।

यदि आजको मानवलाई अधर्मबाट बचाउनु परेको छ भने बुद्धधर्म नै सबभन्दा प्रभावशाली गाडी हो । किनकि बुद्धधर्म त्यो मानव धर्म हो जसको संस्थापक त्यो मान्छे थियो । जसले आफ्नो शिक्षाको विकास गर्न कुनै पनि दैवी प्रेरणा र हस्तक्षेपको सहयोग लिएन । यस्तो युगमा जसमा कि मान्छे भौतिक जगतलाई नियन्त्रण गर्न सफल भएकोले झन आकुल व्याकुल भइरहेको छ, मान्छेले पछाडि फर्केर आफूले गरेको सबभन्दा गाह्रो विषयको नियन्त्रण आफैको नियन्त्रणका सफलताका रिकर्डहरू लिएर हेर्न चाहन सक्छन् । यसै धर्मलाई आफ्ना थुप्रै समस्या र शंकाहरूको उत्तरको रूपमा पाउने छ ।

आज बुद्धधर्मले पश्चिमी समाजलाई पनि तानिराखेको छ, कारण यसमा कुनै अन्धविश्वास छैन र यसले तर्क र हृदय दुवैलाई सन्तुष्ट पार्छ । यसले आत्मविश्वासको साथै अरूप्रतिको सहनशक्तिमा पनि जोड दिन्छ । यसले विज्ञान, धर्म, दर्शन, मनोविज्ञान, नीति शास्त्र र कलालाई अंगाल्छ । बुद्धधर्मले मान्छे आफै मात्रै आफ्नो वर्तमान जीवनको श्रृष्टिकर्ता हो र ऊ नै आफ्नो भाग्यको एक्लो नक्साकार हो भनी औंल्याउँछ। यस्तो छ बुद्धधर्मको प्रकृति ।

## बौद्ध नीति

**बौद्ध नीति मान्छेले आफ्नै काममा लाग्ने उद्देश्यहरूका लागि बनाएका कृत्रिम वा स्वेच्छाचारी सिद्धान्तहरू होइनन् । न त तिनीहरू जबर्जस्ती लादिएका नै हुन् । मान्छेले बनाएका**


https://dhamma.digital

## नियमहरू र सामाजिक चलनहरू बौद्ध नीतिशास्त्रको आधार बन्दैन ।

आजको संसार डाँवाडोल स्थितिमा छ; परम्परागत मूल्यहरू उल्ट्याईंदै छन् । भौतिक शंकाका शक्तिहरूले आफ्नो किरण परम्परागत नैतिकतातिर फर्काएका छन् । तैपनि संस्कृति र सभ्यतासँग सम्बन्ध राख्ने कुनै पनि व्यक्ति व्यावहारिक नीतिहरूसँग पनि आफ्नो सम्बन्ध राख्ने छ । किनकि नीतिशास्त्र मानव चालचलनसँग सम्बन्धित छ । यो हाम्रो आफ्नै बीचको सम्बन्ध र अरूसँगको सम्बन्धसँग सम्बन्धित छ ।

नीतिशास्त्रको आवश्यकता यो तथ्यबाट उठ्छ कि मान्छे प्राकृतिक रूपले आफैमा परिपूर्ण छैन; उसले असल बन्नलाई अभ्यास गर्नु पर्छ। यसरी नैतिकता प्रत्येक व्यक्तिको लागि जीवनको सबभन्दा महत्वपूर्ण पक्ष हुन आउँछ ।

बौद्ध नीति मान्छेले आफ्नै उपयोगमा लाग्ने उद्देश्यहरूका लागि बनाएका कृत्रिम वा स्वेच्छाचारी सिद्धान्तहरू होइनन् । न त तिनीहरू जबर्जस्ती लादिएका नै हुन् । मान्छेले बनाएका नियमहरू र सामाजिक चलनहरू बौद्ध नीतिशास्त्रको आधार बन्दैनन् । उदाहरणको लागि, कुनै हावापानी, समय वा सभ्यतालाई सुहाउँदो पोशाकका नमूनाहरू अर्कोमा अश्लील मानिन सक्छन्; तर यो पूर्णरूपले सामाजिक चलनको विषय वस्तु हो र नीतिशास्त्रसँग कत्ति पनि सम्बन्धित छैन । तैपनि समाजका कृत्रिम कुराहरू मान्य र अपरिवर्तित नैतिक सिद्धान्तहरूसँग बरोबर अलमलिने गर्छन ।

बौद्ध नीतिशास्त्रको जग छिन छिनमा बदलि राख्ने सामाजिक चलनहरूमा नरही बरु प्रकृतिका अटल नियमहरूमा रहेको छ । वास्तवमा बौद्ध नीतिहरू अटल प्राकृतिक नियम, कारण र प्रभाव


https://dhamma.digital

(कर्म) को एक हिस्सा रहेको छ। बौद्ध नीतिहरूको जरा प्राकृतिक नियमहरूमा रोपिएको छ भन्ने सरल सत्यले यसका सिद्धान्तहरू आधुनिक विश्वलाई उपयोगी र ग्रहणयोग्य बनाइदिन्छ । बौद्ध नीतिशास्त्र आज भन्दा २५०० वर्ष अगाडि बनाएको थियो भन्ने कुरोले यसका समयमा नबाँधिने गुणबाट पछि हटाउँदैन ।

चिरस्थायी सुख शान्तिको लक्ष्य वा अन्तिम सीमासम्म लगिदिने एक उपाय मात्रै रहेकोले बुद्धधर्ममा नैतिकता व्यावहारिक छ । आत्ममोक्षतिर लग्ने बौद्ध मार्गमा हरेक व्यक्ति आफ्नो भाग्य र दुभार्ग्यहरूको आफै जिम्मेवार ठानिएको छ। आफ्नो विमुक्तिको लागि हरेक व्यक्तिले कसैको सहायता बिना आफ्नै प्रयासले काम गर्ने आशा गरिएको छ; ईश्वर र चर्च जस्ता कुनै पनि कुराको भरमा ऊ पर्दैन। बौद्ध मुक्ति त आफैले गरेको कर्म वा इच्छाको परिणाम हो र न त यसलाई कसैमा पन्छाउन सकिन्छ, न त बाहिरबाट लिन नै सकिन्छ । बुद्धको काम त मानिसहरूलाई अस्तित्वको प्रकृतिको ज्ञान दिलाउनु (निर्वाण दिलाउनु), र उनीहरूलाई आफ्नो र अरूको हितको लागि कसरी सबभन्दा राम्रोसित व्यवहार गर्ने भन्ने सल्लाह दिनु थियो। यसको साथै बौद्ध नीतिशास्त्र मानिसहरूले मान्न करै लाग्ने कुनै हुकुमहरूमा खडा गरिएको थिएन । बुद्धले त सिर्फ मानिसहरूलाई धेरै समयसम्म फाइदा हुने हितकारी र उपयोगी अवस्थाहरू के के हुन् भनेर सल्लाह दिनु भयो । पापीहरूलाई 'निर्लज्ज', 'दुष्ट', 'अभागी', 'नालायक', र 'नास्तिक' भन्नुको सत्ता उहाँ यति नै भन्नु हुन्थ्यो, "तिमी अज्ञानी छौं र तिमीले आफूलाई पनि अरूलाई पनि दुःखी पार्ने तरिकाले काम गर्दैछौ ।"

बौद्ध नीतिका सिद्धान्तहरू धेरै नियमहरूमा व्यावहारिक रूपले उजागर भएका छन् । यी नियम वा निर्देशनहरू अरू केही



https://dhamma.digital

होइन खालि अन्तिम मोक्ष प्राप्त गर्न बौद्धहरू कता पट्टि लाग्नु पर्छ भन्ने दिशा देखाउने सामान्य मार्गदर्शनहरूमात्रै हुन् । हुनत यी नियमहरू धेरै जसो गरेर नकारात्मक रूपमा छन्, तैपनि हामीले यो सोच्नु हुँदैन कि बुद्धधर्मको नीतिशास्त्रमा खराब कामबाट मात्रै टाढा रहने तर असल चाहिँ नगर्ने मात्रै कुरा छन् ।

सबै नियमहरू (शीलहरू) मा पाइने नैतिकतालाई छोटकरीमा तीन साधारण सिद्धान्तहरूमा लिन सकिन्छ, "सुकर्म गर्ने; कुकर्म छाड्ने; मन शुद्ध पार्ने । यही नै सबै बुद्धहरूको उपदेश हो ।" (धम्मपद)

बुद्धधर्ममा सुकर्म र कुकर्मलाई छुट्याउन साह्रै सजिलो छः राग, द्वेष र मोहबाट उत्पन्न भएका, स्वार्थबाट उब्जेका सबै कामहरू जसबाट अहम्को हानिकारक मोह उत्पन्न हुन्छ, यी सबै अवगुण वा अकुशल वा कुकर्म हुन् । यी कामहरूलाई अकुशल कर्म भनिन्छन् । अमोह र प्रज्ञाबाट उत्पन्न सबै कामहरू कुशल हुन् । मन, वचन वा कर्मले गरेका सबै कामहरूमा सुकर्म र कुकर्मको सिद्धान्त लागु हुन्छ ।

बौद्ध नीति इच्छा वा संकल्पमा आधारित छ (बुद्ध भन्नु हुन्छ, "इच्छा नै कर्म हो") कार्यहरू आफैमा असल र खराब भनिएको छैन, तर 'विचारले कार्यहरूलाई त्यसो बनाइ दिन्छ ।' तैपनि बौद्ध नीतिले यो भन्दैन कि एकदम राम्रो बिचारले गरेको भन्दैमा कसैले अपराध (पाप) मानिएका दुष्कार्य पनि गर्नु हुन्छ । यदि यसो मानेको भए बौद्ध धर्मले खालि मनोविज्ञानका समस्याहरूमा मात्रै आफूलाई सीमित राख्ने थियो र मुक्ति दिने शिक्षालाई छोटो पार्न आचरणका कानुनहरू बनाउने र नैतिक नियमहरूको तालिका बनाउने, दिक्क लाग्दो काम मात्रै छोडेर जान्थ्यो । विचार र कार्य बीचको सम्बन्ध, मानसिक र भौतिक क्रियाको सम्बन्ध, सिर्फ


https://dhamma.digital

अकस्मात्‌ले मात्रै हुने होइन । कार्य वा काम त विचारको फैलावट मात्रै हो । राम्रो हृदयले हत्या गर्नु असम्भव छ किनकि ज्यान लिनु भनेको त घृणाले भरेको मानसिक अवस्थाको बाहिर प्रकट हुनु मात्रै हो । जसरी पानी भनेको हावा खुम्चेको मात्रै हो त्यस्तै कार्यहरू पनि विचारहरू खुम्चेका मात्रै हुन् । कार्यहरू प्रत्यक्ष देखाइएका विचारहरू मात्रै हुन् । बाहिरी कार्यको घोषणाबाट उनीहरूले आफ्नो हृदयका गोप्य कोठाहरूमा चुपचापसँग गरेका कुराहरूको मात्रै प्रचार गर्छन् ।

अनैतिक कार्य गर्ने कुनै व्यक्तिले यो देखाउँछ कि ऊ हानिकारक मानसिक अवस्थाहरूबाट स्वतन्त्र छैन । र साथै एक शुद्ध र उज्वल चित्त भएको व्यक्ति, सबै अकुशल विचार र भावनाहरूबाट मुक्त हृदय हुने व्यक्ति अनैतिक काम गर्न असमर्थ हुन्छ ।

बौद्ध नीतिशास्त्रले नैतिक मूल्यहरूको मूर्तरूप पनि बुझेको छ । अर्को शब्दमा भन्ने हो भने कार्यप्रति मानिसको प्रवृति वा समाजको प्रवृतिको मतलव नराखिकन कार्यको कर्मफल प्रकृतिको कर्मनियम अनुसार प्राप्त हुन्छ । जस्तै कि मदिरापानको कर्मफल छ; यो खराब छ किनकि यसले आफ्नै दुःख र अरूको दुःख बढाउँछ । रक्सीबाज वा उसको समाजले रक्सीखाने बानीलाई जस्तो ठाने पनि मदिरापानको कर्मफल त रहिरहन्छ । प्रचलित विचार र प्रवृतिहरूले मदिरापान मूर्तरूपले खराब छ भन्ने तथ्यबाट टाढा पार्न सक्दैन । मनोवैज्ञानिक, सामाजिक र कर्मको अवस्थाबाट कुनै कामलाई नैतिक र अनैतिक बनाउँछ; यी कार्यको निर्णय गर्नेहरूको मानसिक प्रवृतिको मतलब छैन । यसरी नैतिक सम्बन्धको ज्ञान चिनिन्छ, तर यसले मूल्यहरूको मूर्तरूपलाई कम गर्छ भन्ने मान्दैन ।



https://dhamma.digital

# आधुनिक धर्म

**बुद्धधर्म यति प्रबल छ कि यसले धर्मलाई हाँकदिने सबै किसिमका चुनौतीहरूको सामना गर्न सक्छन् ।**

पुरानो र आधुनिक विचार धाराहरू दुवैप्रति बौद्ध विचार धाराको ठूलो देन छ । हेतुवाद सम्बन्धी यसले शिक्षा, यसको सापेक्षवाद, इन्द्रिय सिद्धान्तको यसको उपदेश, यसका अनुभवी सत्यहरू, नैतिकताप्रति यसको जोड, कुनै पनि अमर आत्मामा यसको अविश्वास, बाहिरी शक्तिहरूसँग यसको बेवास्ता, नचाहिँदा चलन र धार्मिक रितिथितिहरूप्रति यसको अस्वीकार तथा अनुभवबाट थाहापाउन यसको अपील - यी सबैले यसलाई आधुनिकता भन्दा माथि उठाइ दिन खोज्छ ।

भविष्यको विश्वका आवश्यकताहरूको पूर्ति गर्न सुहाउने योग्य धर्मका सबै आवश्यक तत्वहरू बुद्धधर्ममा छन् । यो यति वैज्ञानिक, यति उचित र यति प्रगतिशील छ कि आधुनिक विश्वमा कसैले पनि आफूलाई बौद्ध भन्नुमा गर्व लाग्नेछ । साँच्चै त बुद्धधर्म विज्ञान भन्दा बढी बैज्ञानिक छ; समाजवाद भन्दा बढी समाजवादी छ; र सारा प्रगतिशील तत्वहरू भन्दा बढी प्रगतिशील छ ।

सबै प्रमुख धर्म संस्थापकहरूमध्ये, बुद्ध नै एक्लो यस्तो हुनुहुन्छ जसले आफ्ना अनुयायीहरूको अनुसन्धान गर्ने जोशलाई उत्साहित पार्नु भयो र जसले आँखा चिम्लेर आफ्नो धर्म स्वीकार नगर्न उनीहरूलाई सल्लाह दिनु भयो । अतः यो भन्नु अत्युक्ति नहोला कि बुद्धधर्म नै यस्तो धर्म हो जसलाई आधुनिक भन्न सकिन्छ ।

बुद्धधर्म व्यावहारिक जीवनलाई पूर्णरूपले विस्तृत गरिएको एक योजना हो र भित्रै आत्म उन्नति गराउने राम्रैसँग विचार



https://dhamma.digital

गरिएको एक व्यवस्था हो । साँच्चै त यो भन्दा बढी छ बुद्धधर्म; यो शिक्षाको एक वैज्ञानिक प्रणालि हो । जस्तोसुकै संकटमा पनि हाम्रो मनको आनन्दलाई सुधार्न र भविष्यमा हाम्रो लागि पर्खिराखेका जस्तोसुकै परिवर्तनहरूसँग पनि शान्तिपूर्वक सामना गर्न मद्दत गर्न यो धर्म सबभन्दा अधिक समर्थ छ ।

के इन्द्रिय सुखविना जीवन बिताउन सकिन्छ ? के नित्यतामा विश्वास नगरिकनै मान्छे नैतिक बन्न सक्छ ? दैवीय शक्तिको आश्रय नलिइकन के मान्छे पवित्रतातिर अग्रसर हुन सक्छ ? सक्छ - यो हो: बुद्धधर्मको उत्तर । यी कुराहरूलाई ज्ञान र मनको शुद्धताले प्राप्त गर्न सकिन्छ । ज्ञान नै माथि चढने बाटोको साँचो हो । शुद्धता त्यो हो जसले जीवनमा स्थिरता र शान्ति ल्याउँछ र जसले मान्छेलाई भौतिक संसारका आँधीहरूमा अटल तुल्याइदिन्छ ।

बुद्धधर्म साँच्चै नै आजको वैज्ञानिक युगलाई सुहाउने धर्म हो प्रकृतिबाट निस्केको, विज्ञानबाट निस्केको, इतिहासबाट निस्केको, मानवीय अनुभवबाट निस्केको, ब्रह्माण्डका सबै ठाउँबाट निस्केको प्रकाश बुद्धका उत्तम शिक्षाद्वारा चम्केको छ ।

# परम सत्य

## परम सत्य बुद्धको शिक्षामा पाउन सकिन्छ ।

बौद्ध धर्मले दुइ प्रकारका सत्यहरू चिन्छन्: बाहिरबाट देखिने प्रत्यक्ष सत्य र साँच्चैको परम सत्य । परम सत्यलाई ध्यानबाट मात्रै बुझ्न सकिन्छ, सिद्धान्तबाट र कल्पना गरेर सकिँदैन ।



https://dhamma.digital

बुद्धको शिक्षा संसारको परम सत्य (अन्तिम सत्य) हो । तैपनि बुद्धधर्म कुनै खुला वा संगठित धर्म होइन । सत्ता (अस्तित्व) को परम सत्य बारेका प्रश्नहरू समाधान गर्न लगाइएको शुद्ध वैज्ञानिक तरिकाको यो पहिलो उदाहरण हो । समयमा नबाँधिने यो शिक्षा २५०० वर्ष भन्दा अगाडि कुनै दैवीय शक्तिको सहायता बिना बुद्धले आफै पत्ता लगाउनु भएको थियो । यो नै शिक्षा यति प्रबल छ कि यसले आफ्नो शिक्षाका आधारभूत सिद्धान्तहरूलाई नबदलिकनै जस्तोसुकै चुनौतीको पनि सामना गर्न सक्छ। आधुनिक जमानालाई सुहाउने गर्नको लागि आफ्ना मौलिक सिद्धान्तहरूलाई बदल्न बाध्य हुने कुनै पनि धर्मलाई यस्तो धर्म भन्न सकिन्छ जसमा कि सुदृढ जग छैन र जसमा कि परम सत्य छैन । बौद्धहरूले आधुनिक जमानाका कठिन अवस्थाहरूमा पनि आफ्नो गुरु (बुद्ध) को मौलिक शिक्षाको सत्यतालाई जारी राख्न सक्छ। तैपनि बुद्धले नैतिकता र धार्मिक विधिहरूसँग सम्बन्ध नभएका कुनै व्यक्तिगत साँसारिक अभ्यासहरूको कुरो भन्नु भएन । बुद्धको आँखामा ती अभ्यासहरूको कुनै धार्मिक मूल्य थिएन । कहिलेकाहिं हामीले फरक छुट्याउनु पर्ने हुन्छ कि कुन कुरा बुद्धले सिकाउनु भएको थियो र कुन मान्छेहरूले बुद्धधर्मको नाममा गर्दैछन् ।

धर्मको प्रामाणिकता बारे निधो गरेर वा अन्धविश्वासमा लागेर धर्मको नाउँमा मान्छेहरूले गरेका कामहरू मात्रै हेरेर धर्मलाई गालि गर्ने उत्ताउलो निर्णय गर्नु हुँदैन । धर्मको यथार्थ रूप बुझ्न त्यो धर्मको संस्थापकको मौलिक शिक्षाहरूको अध्ययन र अनुसन्धान गर्नु पर्दछ ।

यदि बुद्ध वाक्यलाई बौद्धिक इमान्दारी, नैतिक तत्परता र आध्यात्मिक अन्तरदृष्टिले केलाएर हेरेमा तब यो मानवताको बौद्धिक विकासको नापमा अन्तिम वाक्यको रूपमा देखिने छ ।



https://dhamma.digital

## मन र पदार्थ (नाम - रूप)

बौद्ध धर्म अनुसार जीवन मन (नाम) र पदार्थ (रूप) मिलेर बनेको छ। मन भनको संवेदना, इन्द्रिय ज्ञान, इच्छाधीन कार्यहरू र चेतना मिलेर बनेको हुन्छ। पदार्थ भनेको पृथ्वी, जल, वायु र तेज - यी चार तत्वहरू मिलेर बनेको छ।

जीवन मन र पदार्थको बीच पारस्परिक संयोग (सामञ्जस्यता) हो। मन र पदार्थ बीच सामञ्जस्यताको अभाव नै मृत्यु हो। मन र पदार्थको वियोग नै मृत्यु हो। मन र पदार्थको, पुनर्मिलन नै पुनर्जन्म हो। भौतिक शरीर (पदार्थ) मरि सकेपछि, मानसिक शक्तिहरू (मन) फेरि मिल्छ र अर्को भिन्नै भौतिक शरीरसंग संयोग बनाउँछ।

पदार्थसंग मनको सम्बन्ध एउटा मोटरको इन्जिनसँग ब्याटरीको सम्बन्ध जस्तै छ। ब्याटरीले इन्जिन चालु गर्न मद्दत गर्छ। इन्जिनले ब्याटरी चार्ज गर्न (चलाउन) मद्दत गर्छ। यी दुईको संयोगले मोटर चलाउन मद्दत गर्छ। त्यस्तै प्रकारले पदार्थले मनलाई काम गर्न मद्दत गर्छ र मनले पदार्थलाई चलाइ राख्न मद्दत गर्छ।

बुद्धधर्मले यो सिकाउँछ कि जीवन पदार्थको मात्रै सम्पत्ति होइन र यो कि जीवन प्रकृया कारण र प्रभावको परिणाम अनुसार चल्दै जान्छ। अमिबादेखि लिएर हात्ति र मान्छेसम्मका संवेदनशील जीवहरू बनेको मानसिक र भौतिक तत्वहरूको पहिले पनि अन्य रूपमा अस्तित्व थिए।

हुनत कोही कोही यो विचारमा छन् कि जीवन पदार्थबाट मात्रै बन्छ, तर ठूला ठूला वैज्ञानिकहरूले यो स्वीकार गरेका छन्



https://dhamma.digital

कि जीवन उत्पन्न हुनको लागि पदार्थ भन्दा पहिला मन आउँछ। बुद्धधर्ममा यो विचारलाई 'पुनर्संयोगित चेतना' भनिन्छ।

जीवनको मनोभौतिक प्रकृतिको आन्तरिक ज्ञान हासिल गर्नु भन्नु नै यो कुरा बुझ्नु हो कि एक जीवित संवेदनशील प्राणीको जीवन सदाको लागि टिक्न सक्दैन, बरु सेकेण्डका हरेक क्षणमा अटूटरूपले फरक हुँदैछन्। दृढतापूर्वक भनौं भने जीवन मानसिक कृयाहरू रहुँजेलमात्रै टिक्न सक्छन्। मानसिक कृयाहरू ठप्प हुनासाथ जीव पनि सखाप हुन्छ। यदि कसैले तिमीलाई सोध्यो भने कि के तिमी भूतकालमा छौ, मित्र ? अहँ, तिमी भूतकालमा छैनौ। किनकि भूतकाल यहाँ छैन। के तिमी भविष्यमा छौ, मित्र ? अहँ, तिमी भविष्यमा हुन सक्दैनौ किनकि भविष्य यहाँ छैन। तर के तिमी वर्तमानमा छौ, मित्र ? तिमी वर्तमानमा पनि छैनौ किनकि तिमीले वर्तमान भन्ने शब्द भन्नु अगाडि नै वर्तमान बितिसकेको हुन्छ। तब तिमी कहाँ छौ त ? तिमी क्षण क्षण बगिरहेको विचारमा छौ। यस्तो धारा प्रवाहमा अमर आत्मा वा सत्ता पक्कै पनि हुन सक्दैन।

जीवनको मनोभौतिक प्रकृतिको आन्तरिक ज्ञान हासिल गर्नु भन्नु नै यो कुरो बुझ्नु हो कि जीवन एक भ्रम, एक मृगतृष्णा वा एक साबुनको बुल बुल हो, सिर्फ बन्नु र गायब हुनुको एक प्रकृया हो, वा उत्पन्न हुनु र नाश हुनु हो। जे जति छन् ती सबै कारण र अवस्थाहरूबाट उत्पन्न हुन्छन्। कारण (हेतु) बाट उत्पन्न हुने कुनै पनि कुरो नित्य हुन सक्दैन।

## कर्म

**कर्म भनेको कर्ता प्रधान नभएको प्राकृतिक नियम हो। जुनकि हाम्रो काम अनुसार चल्छ। यो आफैमा परिपूर्ण**



https://dhamma.digital

**नियम हो र यसको कुनै नियमकर्ता छैन । बिना कुनै बाहिरी, स्वतन्त्र शासकको हस्तक्षेप लिएर कर्मले आफ्नै क्षेत्रमा काम गर्छ ।**

कर्मलाई विभिन्न 'भाषा' मा वर्णन गर्न सकिन्छः

कर्मलाई एउटा बच्चाको साधारण भाषामा भन्न सकिन्छः असल गर र तिमीलाई अहिले र पछि पनि असलै हुनेछ । खराब गर र तिमीलाई अहिले र पछि पनि खराबै हुनेछ ।

बाली रोपाइको भाषामा कर्मलाई यसप्रकारले वर्णन गर्न सकिन्छ । यदि तिमीले असल बीउहरू रोप्यौ भने तिमीले राम्रो बाली काट्ने छौ । यदि तिमीले खराब बीउहरू रोप्यौ भने तिमीले नराम्रो बाली काट्ने छौ ।

विज्ञानको भाषामा कर्मलाई कारण र प्रभावको नियम भनिन्छः हरेक प्रभावको एक कारण हुन्छ । यसको अर्को नाउँ हो नैतिक हेतुवादको नियम । जसरी कृया र प्रतिकृयाको नियमले भौतिक क्षेत्रमा काम गर्छ त्यसरी नै नैतिक हेतुवादको नियमले नैतिक क्षेत्रमा काम गर्छ ।

धर्मपदमा कर्मलाई यसरी व्याख्या गरिएको छः मन नै सबै अवस्थाहरूमध्ये मुख्य (अगुवा) हो । यदि तिमीले राम्रो मनले कुरा गर्‍यौ वा काम गर्‍यौ भने आफ्नो पीछा नछोड्ने छायाँ झैं सुख तिम्रो पछि लाग्नेछ ।

कर्म साधारणतः क्रिया हो । जीवहरूको बीचमा एक प्रकारको शक्ति वा बल हुन्छ  जसलाई स्वाभाविक प्रक्रिया, चेतना आदि नामहरू दिइएका छन् । यो सहज प्रवृतिले हरेक चेतनशील प्राणीलाई चल्न बाध्य तुल्याउँछ । ऊ मानसिक वा शारीरिक



https://dhamma.digital

रूपले चल्छ । उसको गति नै क्रिया हो । क्रियालाई बारम्बार दोहोऱ्याउनु नै बानि हो र बानि नै उसको चरित्र बन्छ। बुद्धधर्ममा यो प्रकृयालाई कर्म भनिन्छ ।

यसको अन्तिम माने अनुसार कर्म भन्नाले असल र खराब मानसिक क्रियाहरू वा इच्छाहरू बुझिन्छन् । "इच्छा वा चेतना नै कर्म हो" - बुद्ध भन्नु हुन्छ । त्यसैले कर्म कुनै ठोस वस्तु होइन, बरु एक प्रकृया, क्रिया शक्ति वा बल हो । कसै कसैले यो शक्तिलाई 'कृया प्रभाव' भनि भन्दछन् । यो त आफूलाई नै प्रतिकृया गरिरहेका हामीले आफै गरेका कामहरू हुन् । मान्छेले अनुभव गर्ने दुःख र सुख त उसको आफ्नै काम, शब्द र विचार हरूको परस्पर प्रतिकृयाको परिणाम हुन् । हाम्रो काम, शब्द र विचारहरूले नै सफलता र विफलता, हाम्रो सुख र दुःख उत्पन्न गर्दछन् ।

कर्म भनेको कर्ता प्रधान नभएको प्राकृतिक नियम हो जुनकि हाम्रो काम (क्रिया) अनुसार दृढ भएर चल्छ । यो आफैमा परिपूर्ण नियम हो र यसको कुनै नियमकर्ता छैन । बिना कुनै स्वतन्त्र शासकको हस्तक्षेप लिएर कर्मले आफ्नै क्षेत्रमा काम गर्छ । पुरस्कार र सजायँ दिन निर्देशन दिने वा प्रशासन चलाउने कोही पनि गोप्य कार्यकर्ता यसमा नभएको हुनाले बौद्धहरू कुनै दैवीय शक्तिहरूलाई प्रभावित पार्न भक्ति प्रार्थनाको भर पर्दैन । बुद्धका अनुसार, कर्म हामी असहाय भएर आफूलाई समर्पित गर्नु पर्ने कुनै रहस्यमयी अज्ञात शक्ति वा बलहरूले लादेको भाग्य वा कुनै प्रकारको निश्चितता होइन ।

बौद्धहरू विश्वास गर्छन् कि मान्छेले जस्तो रोप्छ त्यस्तै फल पाउँछ । हामी पहिले जस्तो थियौं, त्यसको परिणाम अनुसार हामी अहिले छौं; र हामी अहिले जस्तो छौं, त्यस अनुसार हामी



https://dhamma.digital

भविष्यमा हुने छौं । अर्को शब्दमा भन्ने हो भने, मान्छे पहिले ऊ जस्तो थियो ठ्याम्मै त्यस्तै अहिले छैन; र ऊ अहिले जस्तो छ ठ्याम्मै र त्यस्तै पछि हुने छैन । साधारणतः यसको माने यो हो कि कर्म पूर्ण निश्चितता होइनः बुद्धले यो औंल्याउनु भएको छ कि यदि सबै कुरा पूर्वनिश्चित नै भयो भने स्वतन्त्र चिन्तन भन्ने कुरो हुन सक्ने थिएन र नैतिक वा आध्यात्मिक जीवन सम्भव हुने थिएन । हामी त खालि भूतकालको दासमात्रै हुने छौं । अर्कोतिर, यदि सबैकुरा अनिश्चित छ भने (अर्थात अहिले गरेकोको फल पछि आउँदैन भने) तब नैतिक र आध्यात्मिक विकासको उन्नति हुन सक्दैन । त्यसैले बुद्धले न त दृढ निश्चितता (अर्थात् गरेको कामको फल पाउनै पर्छ !) न त दृढ अनिश्चितता (अर्थात् गरेको कामको फल पाउँदैन !) लाई स्वीकार गर्नु भयो ।

यी कर्मको बारेमा गलत अनुमान वा विवेकरहित विचारहरू अंगुत्तर निकायमा उल्लेख गरिएका छन्; जसले यो सल्लाह दिन्छ कि बुद्धिमान्हरूले तलका कुराहरूलाई राम्ररी छानबिन गरेर छाडिदिन्छन्; १) कोही कोही यस्तो विश्वास गर्छन् कि हरेक कुरो पहिलेका जन्महरूमा गरिएका कुराहरूको परिणाम हो; २) कोही यस्ता छन् जो विश्वास गर्छन् कि सबै कुरा सर्वशक्तिमान ईश्वरको श्रृष्टिका परिणाम हुन्; ३) फेरि अरूहरू छन् जो विश्वास गर्छन् कि सबै कुरा बिना कारण वा बिना हेतु उत्पन्न हुन्छन् । यदि एक व्यक्ति हत्यारा, चोर वा व्यभिचारी बन्छ भने, यदि उसले गरेका कामहरू पहिले गरेका कामहरूको परिणाम मात्रै हुन् भने, वा सर्वशक्तिमान ईश्वरले श्रृष्टि गरेका हुन् भने, वा सिर्फ अकस्मात मात्रै भएका हुन् भने, तब त्यो व्यक्ति उसको दुष्ट काम प्रति जिम्मेवार हुने छैन ।

अझ कर्म सम्बन्धी अर्को गलत धारणा यो हो कि यो त कोही खास व्यक्तिहरूलाई मात्रै लागु हुन्छ वा कुनै खास



https://dhamma.digital

मत मतान्तरका व्यक्तिहरूलाई मात्रै लागु हुन्छ । तर मान्छेको अर्को जुनीमा हुने उसको गति (भाग्य) कमसेकम उसले छानेको धर्मको लेबलमा चाहिँ भर पर्दैन । उसको धर्म जुनसुकै भएता पनि मान्छेको भविष्य पूर्ण रूपले उसैको शरीर, वाणी र विचारले गरेका कामहरूमा निर्भर हुन्छन् । यसको कुनै मतलब छैन कि उसले कुन धर्मको लेबल आफूमा लगायो, जबसम्म उसले राम्रो काम गर्छ र अरूलाई हानि नपुऱ्याईकन उन्नत जीवन जिउँछ भने ऊ पक्कै पनि अर्को जीवनमा सुखी संसारमा पुग्नेछ । यदि उसले दुष्ट काम गर्छ र उसको मनमा दुष्ट विचारहरू पाल्छ भने ऊ पक्कै पनि दूभाग्यपूर्ण जीवन बिताउन जन्मने छ । त्यसैले, बौद्धहरूले यो प्रचार गर्दैन कि उनीहरूमात्रै ती भाग्यशालीहरू हुन् जो कि मृत्यु पछि स्वर्ग जान पाउँछन् । जस्तोसुकै मत मतान्तरको भएता पनि मान्छे आफैले यो जन्म र अर्को जन्ममा आफ्नो पदको निर्धारण गर्छ । कर्मको शिक्षाले एक चिरफाड गरिएको न्यायलाई अंकित गर्दैन । पछि पछिको स्वार्थी विचार नभएको बुद्धले धनीलाई बचाउन र गरीबलाई पछिल्लो जन्ममा भ्रामिक सुख दिने वचन दिएर सुविस्ता पुऱ्याउन यस्तो कर्मको नियमको उपदेश गर्नु भएको थिएन ।

मानव समाजमा रहेका असमानताहरूलाई कर्मले व्याख्या गर्छ भन्ने बौद्धहरू विश्वास गर्छन् । यी असमानताहरू वंश परम्परा, वातावरण र प्रकृतिले गरेर मात्रै होइन, कर्म वा हामीले गरेका कामहरूको परिणामले पनि हुन् ।

कर्म एक अदृष्य शक्ति भएको हुनाले यसले काम गरिराखेको हामी आफ्नो भौतिक आँखाद्वारा देख्न सक्दैनौं । कर्मले कसरी काम गर्छ भन्ने बुझ्नको लागि हामीले यसलाई बीउसँग दाँज्न सक्छौं: अर्ध चेतन मनमा कर्मको परिणाम त्यसरी नै लुकेको छ जसरी



https://dhamma.digital

रूखका पातहरू, फूलहरू, फलहरू र धड त्यसका बीउहरूमा लुकेका हुन्छन् । उपयुक्त अवस्था आउँदा साथ कर्मको फल त्यसरी नै प्रकट हुन्छ जसरी कि शीत र प्रकाशको प्रभावमा रूखका पातहरू र धड यसको सानो बीउबाट निस्कन्छन् ।

कर्मको कामगर्ने तरिकालाई बैंकको खातासँग पनि तुलना गर्न सकिन्छ: एक व्यक्ति जो कि आफ्नो वर्तमान जीवनमा धार्मिक दयालु र हितकारी छ, त्यो व्यक्ति जस्तै छ जसले कि आफ्नो असल कर्म संचित गर्दैछ । तर उसले आफूले खर्च गरेको (झिके) को बदलामा फेरि संचित गर्नु पर्छ, नत्र भने एक दिन उसको खाता सकिने छ र उसको दिवालिया निक्लने छ । तब उसले आफ्नो दयनीय अवस्थाको लागि कसलाई दोष दिन सक्छ र ? उसले न त अरूलाई न त भाग्यलाई नै दोष दिन सक्छ । ऊ आफै एक्लै जिम्मेवार छ । यसरी एक सच्चा बौद्ध पलायनवादी (भगुवा) हुन सक्दैन । जीवन जस्तो छ त्यसैलाई उसले सामना गर्नु पर्छ र त्यसबाट भाग्नु हुँदैन । कर्मको शक्तिलाई निस्क्रियता (अकर्मकता) ले रोक्न सक्दैन । असलपनको लागि अति सक्रियता हुनु आफ्नो खुसीको लागि अत्यावश्यक छ । पलायनवाद कमजोरहरूको आश्रय हो; तर एक पलायनवादी (भगुवा) कर्म नियमको प्रभावबाट भाग्न सक्दैन ।

कर्मको नियमलाई बुझ्नु भनेको नै हामी आफ्नो सुख र आफ्नो दु:खको लागि आफै जिम्मेवार छौं भन्ने बुझ्नु हो । हामी आफै आफ्नो कर्मको शिल्पकार हौं । बौद्धहरू यी विश्वास गर्छन् कि मान्छेले आफ्नो कर्मलाई ढाल्न (बदल्न) सम्भव छ र यसरी आफ्नो जीवनको दिशालाई प्रभावित पार्न सक्छ । मान्छे पूर्ण रूपले आफ्नो क्रियाहरूको बन्दी होइन; ऊ आफ्नो कर्मको दास होइन । न त मान्छे आफैलाई दास बनाउने स्वाभाविक शक्तिहरूलाई



https://dhamma.digital

स्वचालित ढंगले निकाल्ने मात्र एक मेशिन नै हो । न त मान्छे मात्र प्रकृतिको उत्पादन नै हो । मान्छेमा आफू भित्र आफ्नो कर्मलाई नियन्त्रण गर्ने शक्ति र सामर्थ्य छ। ऊ आफ्नो कर्म भन्दा बलवान् छ र त्यसैले कर्मको नियमलाई मान्छेको सेवा गर्नमा लगाउन सकिन्छ। आफ्नो कर्म शक्तिको अगाडि आत्मसमर्पण गर्दै मान्छेले आफ्नो आशा, प्रयत्न र बुद्धिलाई त्याग गर्नु पर्दैन। आफूले पहिले गरेका खराब कर्महरूको प्रतिकृयालाई निभाउन मान्छेले प्रार्थना गर्नु, पूजा गर्नु र धार्मिक संस्कारहरू पूरा गर्नु भन्दा असल कामहरू गर्नु पर्दछ र आफ्नो मन शुद्ध पार्नु पर्दछ ।

आफ्नो आदर्शलाई बढाउन प्रदान गरिएका वस्तुहरूलाई मान्छेले प्रयोगमा ल्याउनु पर्दछ। जीवन खेलको तासका पत्ताहरू हामीलाई दिइएको छ । हामीले तिनीहरूलाई चुन्दैनौं । पत्ताहरू हाम्रो पहिलेका कर्महरू अनुसार छन्; तर हामीलाई मन परे जस्तो तान्न सक्छौं, आफूलाई सुहाउँदो किसिमले खेल्न सक्छौं, र यसरी हामी खेल्दा खेरि हार्न पनि सकिन्छ र जित्न पनि ।

अंगुलिमाल र अशोकको चरित्रमा भएको आमूल परिवर्तनले आफ्ना कर्म शक्तिमाथि मानिसले नियन्त्रण गर्न सक्ने सम्भाव्यता स्पष्ट गर्छ ।

अंगुलिमार एक डाकु थियो जसले आफू सरहका हजारभन्दा बढी मान्छेहरू मारेको थियो । के हामीले उसको बाहिरी काममात्र हेरेर उसप्रति न्याय गर्न सक्छौं ? किनकि आफ्नो जीवन अवधि भित्र ऊ एक अरहत् भयो र यसरी आफूले पहिले गरेका सबै कुकर्महरू मेटिदियो ।

भारतीय सम्राट अशोकले आफ्नो लडाइँ जित्न र आफ्नो साम्राज्य बढाउन हजारौं हजार मानिसलाई मारे । तैपनि युद्ध


https://dhamma.digital

जितिसकेपछि उसले आफूलाई यतिसम्म पूर्ण रूपले सुधार गऱ्यो र आफ्नो जीवनको बाटोलाई बदल्यो कि आज "इतिहासको पाना भर्ने महाराजाहरू, सम्राटहरू र त्यस्तै अन्य हजारौं हजार राजाहरूको बीचमा अशोकको नाउँ एक्लै अलग्ग चम्किरहेको छ - एक तारा जस्तै ।"

मानिसले अन्तमा आफ्नो कर्म शक्तिलाई नियन्त्रण गर्न सक्छ भनेर बौद्धहरूले विश्वास गरेता पनि उनीहरूले हरेक कुरा कर्मले नै गरेर हुन्छ भन्ने कुरोमा विश्वास गर्दैनन् । प्रकृतिका अन्य शक्तिहरूले खेलेको भूमिकालाई उनीहरू बेवास्ता गर्दैनन् । बुद्धधर्म अनुसार भौतिक र मानसिक संसारलाई संचालन गर्ने ५ वर्गहरू वा प्रक्रियाहरू वा प्राकृतिक नियमहरू (नियामहरू) छन्: १) ऋतु परिवर्तन आदिसँग सम्बन्धित भौतिक नियमहरू (उतु नियाम), २) बीज र बीउहरूसँग सम्बन्धित जीव वैज्ञानिक नियमहरू (बीज नियाम), ३) नैतिक हेतुवाद वा क्रिया र परिणामको विधिसँग सम्बन्धित कर्मको नियम (कम्म नियाम), ४) विद्युत शक्तिहरू, समगतिहरू आदिसँग सम्बन्धित आध्यात्मिक विषय (धम्म नियाम र ५), चेतनाका प्रक्रियाहरूलाई छलाउने मनोवैज्ञानिक नियमहरू (चित्त नियाम) ।

यसरी कर्मलाई यस संसारमा व्याप्त विषमताकालागि जिम्मेबार ५ प्राकृतिक नियमहरू मध्ये एक मानिएको छ ।

प्रायः गरेर कर्मलाई बाहिरी अवस्थाहरूले प्रभाव पार्ने गर्छन्: हितकारी र हानिकारक शक्तिहरूले यस स्वचालित नियमलाई विपरीत पार्ने वा मद्दत गर्ने काम गर्छन् । कर्मलाई सहायता वा रूकावट दिने यी शक्तिहरू हुन्: जन्म, समयकाल वा अवस्था, सौन्दर्य र प्रयत्न ।


https://dhamma.digital

कर्मको परिणामलाई अनुकूल जन्म (गति सम्पत्ति) वा प्रतिकूल जन्म (विपत्ति) ले उन्नति गर्न वा रूकावट दिन सक्छ। भनौं कि एक व्यक्ति एउटा भद्र कुल वा सुखको अवस्थामा जन्मेको छ भने उसको सौभाग्यशाली जन्मले उसका सुकर्महरूलाई काम गर्न सजिलो मौका दिन्छ। कुनै सुकर्मको फलले कोही एक बुद्धु (मूर्ख) व्यक्ति राजपरिवारमा जन्मेमा उसको राजकीय ठाटबाटले गर्दा ऊ मानिसहरूद्वारा आदर गरिन्छ। यदि उही व्यक्ति कुनै कम सौभाग्यशाली कुलमा जन्मेमा उसलाई त्यस्तै प्रकारले व्यवहार गरिँदैन।

सौन्दर्य (उपादी सम्पत्ति) र कुरूपता (उपादी विपत्ति) दुई अन्य कुराहरू हुन् जसले कर्मको कामलाई अडचन वा मद्दत पुऱ्याउँछन्। यदि एक व्यक्तिले कुनै सुकर्मको फलस्वरूप एक भाग्यशाली जन्मलाई प्राप्त गरेको छ, तर कुनै कुकर्मको फलस्वरूप अंग भंग भएर जन्मेको छ भने तब उसले आफ्ना सुकर्महरूका राम्रा परिणामहरूको पूर्ण रूपले भोग गर्न सक्ने छैन। सिंहासनको उचित हकदारलाई पनि यदि ऊ केही गरी शारीरिक वा मानसिक तवरले अपांग छ भने त्यस उच्च पदमा नराख्न सक्छ। अर्को तिर सौन्दर्य चाहीं यसको स्वामीकोलागि एक सम्पति हुनेछ। गरीब आमा बाबुको हेर्दैमा राम्रो छोराले अरूहरूको ध्यान आकर्षित गर्न सक्छ र उनीहरूको प्रभावले आफूले यथोचित स्थान पाउन सक्छ। साथै हामीले गरीब र अस्पष्ट घरानाका मानिसहरू पनि भेट्न सक्छौं जसले कि सिनेमा अभिनेताहरू वा अभिनेत्रीहरू वा सौन्दर्य रानीहरू बनेर प्रशिद्धी र लोकप्रियता हासिल गरेका छन्।

समय र अवस्था अन्य कुराहरू हुन् जसले कर्मको कामलाई प्रभाव पार्छन्। अनिकालको बेला वा युद्धको समयमा कोही पनि नछुट्ने गरी सबैले उही दशा भोग्न बाध्य हुन्छन्। यहाँ


https://dhamma.digital

नसुहाउँदा अवस्थाहरूले दुष्ट कर्महरूलाई काम गर्ने मौका प्रदान गरे । अर्कोतिर सुहाउँदा अवस्थाहरूले कुकर्मको कामहरूलाई रोकिदिन्छ ।

कर्मको कामलाई प्रभाव पार्ने सबै कुराहरूमा प्रयत्न सायद सबभन्दा महत्वपूर्ण छ । प्रयत्नको बिना साँसारिक र आध्यात्मिक दुवै उन्नतिहरू असम्भव छन् । यदि कुनै व्यक्तिले रोगबाट आफू निको हुन वा कठिनाईहरूबाट आफूलाई बचाउन कोशिश गरेन भने वा आफ्नो उन्नतिको लागि मेहनती भएर उद्योग गरेन भने, तब उसको कुकर्मलाई उपयुक्त असरहरू देखाउन एक राम्रो मौका मिल्ने छ । तैपनि यदि उसले आफ्ना कठिनाईहरूलाई जित्ने प्रयास गरेमा उसका सुकर्महरूले उसलाई मद्दत गर्न आउने छन् । एक गहिरो समुद्रमा जहाज डुबेको बेलामा बोधिसत्व महाजनकले आफूलाई बचाउने प्रयत्न गरे जबकि अरूहरूले देउताहरूको पुकार गरे र आफ्ना भाग्यलाई यी देवताहरूको हातमा सुम्पिदिए । परिणाम यो निस्क्यो कि बोधिसत्व बच्यो तर अरूहरू डुबे ।

यसरी अन्य शक्तिहरू जन्म, सौन्दर्य र कुरूपता, समयकाल र व्यक्तिगत प्रयत्नद्वारा कर्मको कामका मद्दत वा बाधा पैदा हुन्छ ।

## के प्रथम कारण (हेतु) थाहा पाउन सकिन्छ ?

**हामीलाई यो बुझ्न गाऱ्हो छ कि कसरी प्रथम कारण बिना नै संसार अस्तित्वमा आयो । तर यो कुरो बुझ्न झन गाऱ्हो छ कि कसरी शुरुमा प्रथम कारण अस्तित्वमा आयो ।**

बुद्धको विचार अनुसार जीवनको प्रथम कारण अकल्पनीय छ । किनकि व्यावहारिक अनुभव अनुसार कारण नै प्रभाव बन्छ र प्रभाव नै कारण बन्न जान्छ । कारण र प्रभावको चक्रमा



https://dhamma.digital

प्रथम कारणलाई बुझ्न सकिँदैन। जीवनको सर्वप्रथम उत्पत्तिलाई लिएर बुद्ध घोषणा गर्नु हुन्छ "भव संसार (जन्म र मृत्यु) मा फेरि फेरि घुम्नुको शुरुवात भेट्टाउन सकिने अन्तिम छोरछेउ छैन। जीवहरूलाई अविद्याले रोक्छ र तृष्णाले अड्काउँछ। यी जीवहरूको प्रथम शुरुवातलाई भेट्टाउन सकिँदैन।" यो जीवनधारा अनन्तसम्म बग्नेछ जबसम्म कि यसलाई अविद्या र तृष्णाको फोहर पानी पिलाइन्छ। जब यी दुवैलाई ठ्याम्मै रोकिन्छ तब मात्रै जीवनधारा रोक्छ; तबमात्रै पुनर्जन्मको अन्त हुन्छ।

अन्तरिक्षको अन्तको कल्पना गर्नु कठिन छ। जुन हामीले समय भन्छौं त्यसको निश्चित अवधिको कल्पना गर्नु कठिन छ। तर त्यो समयको कल्पना गर्नु झन कठिन छ जबकि समय नै हुँदैन। त्यस्तै यो कुरो बुझ्न हामीलाई कठिन छ कि कसरी प्रथम कारण बिणा नै संसारको उत्पन्न भयो। र यो बुझ्न झन कठिन छ कि कसरी सबभन्दा पहिले (केही पनि नभएको बेलामा) प्रथम कारणको उत्पन्न भयो। किनकि यदि उत्पन्न नभइकनै प्रथम कारण बन्न सक्छ भने अन्तरिक्षका अन्य विषयहरू बिना उत्पन्न भइकनै बन्न सकिँदैन भन्ने कुनै कारणै छैन।

Dhamma.Digital

बिना प्रथम कारण कसरी सबै जीवहरू अस्तित्वमा आए भन्ने प्रश्नको उत्तरमा बौद्ध उत्तर यो छ कि यसको केही उत्तर छैन किनकि यो प्रश्न नै मानिसको सीमित ज्ञानको परिणाम मात्रै हो। यदि हामीले समय र सापेक्षवादको प्रकृतिलाई बुझ्न सक्यौं भने हामीले यो देख्नेछौं कि शुरुवात भनेको नहुन सक्छ। यतिमात्रै भन्न सकिन्छ कि यो प्रश्नका सबै साधारण उत्तरहरू मौलिक तबरले दोषपूर्ण छन्। यदि यो कुरो मानें भने कि कुनै कुरो बन्नलाई एक श्रृष्टिकर्ता हुनुपर्दछ जो कि यो भन्दा पहिले बनेको थियो; तर्कको हिसाबले यो स्पष्ट हुन्छ कि उक्त श्रृष्टिकर्ताको पनि



https://dhamma.digital

कुनै श्रृष्टिकर्ता हुनुपर्दछ; र यसरी नै अनन्तमा पुगिन्छ। अर्कोतिर यदि बिना कुनै अर्को श्रृष्टिकर्ताको कारणले कुनै श्रृष्टिकर्ता बन्न सक्छ भने सारा तर्क धराशायी हुन्छ। श्रृष्टिकर्ताको सिद्धान्तले कुनै समस्या समाधान गर्दैन, यसले त सिर्फ अन्य सिद्धान्तहरूलाई मात्र अल्झाउँछ।

यसरी संसारको श्रृष्टिका सिद्धान्तहरूतिर बुद्धधर्मले खास ध्यान दिंदैन। ईश्वरले संसारको श्रृष्टि गरेको हो कि यो आफै नै बनेको हो - यी कुराहरूले बौद्धहरूलाई कमै मात्रै फरक पर्छ। संसार सीमित छ कि अनन्त, यसले पनि बौद्धहरूलाई कमै मात्रै फरक पार्छ यी सैद्धान्तिक विचारहरूमा लाग्नु भन्दा बौद्ध धर्मले आफ्नो मोक्षको लागि कडा मेहनत गर्न मानिसहरूलाई सल्लाह दिन्छ।

## सिद्धान्त कि दर्शन

### बुद्धत्व खालि ज्ञानको परिणाम मात्रै होइन।

बुद्धधर्म यस संसारका हरेक जीवित प्राणीको सुखको लागि जीवनको सच्चा मार्ग हो। दुःख कष्टबाट मुक्त हुने र अनन्त मोक्ष प्राप्त गर्ने यो एक तरिका हो। बुद्धका शिक्षाहरू कुनै एक राष्ट्र वा जातिसम्म मात्रै सीमित छैन। न त यो कुनै धर्मविश्वास हो, न त कुनै विश्वास मात्रै। यो त समस्त ब्रह्माण्डको लागि एक उपदेश हो। यो त सँधैको लागि एक उपदेश हो। सबैको लागि सेवा, शुभेच्छा र शान्ति दिनु नै यसको प्रयोजन हो। मान्छेलाई दुःखबाट मुक्ति वा मोक्ष दिनु नै यसको प्रयोजन हो। बुद्धधर्ममा मोक्ष व्यक्तिगत र स्वयं प्राप्त गर्नु पर्ने खालको छ। जसरी तिमी आफैले खानु, पिउनु र सुत्नु पर्दछ त्यसरी नै तिमी एक्लैले आफूलाई बचाउनु पर्छ। बुद्धले दिनुभएको सल्लाहले मुक्तिको बाटो अंकित


https://dhamma.digital

गर्छ; तर उहाँको सल्लाहलाई कहिल्यै पनि एक सिद्धान्तको रूपमा लिनलाई चिताइएको थिएन । उहाँले कुन सिद्धान्तको प्रचार गर्नु भएको हो भनेर उहासँग सोधिएको बेला बुद्धले उत्तर दिनुभयो कि उहाँले कुनै पनि सिद्धान्तको प्रचार गर्नु भएको थिएन र जे जति उहाँले प्रचार गर्नु भयो त्यो उहाँको आफ्नै अनुभवको परिणाम थियो । यसरी उहाँको शिक्षाले विश्वलाई कुनै सिद्धान्त टक्रयाउँदैन । सिद्धान्तले कसैलाई पनि आध्यात्मिक पूर्णताको नजिक ल्याउँदैन । सिद्धान्तहरू त मनलाई बाँध्ने र आध्यात्मिक उन्नतिलाई रोक्ने बन्धन मात्रै हुन् । बुद्ध भन्नु हुन्छ, "विद्वान्हरूले गइरहेका सिद्धान्तहरूप्रति श्रद्धा राख्दैन । उनीहरूले आफूलाई किन बाँध्ने ? उनीहरू आफूले देखेका र सुनेका सबैकुरालाई विश्वास गरेर गएका हुन् ।"

सिद्धान्त ज्ञानको परिणाम हो र बुद्धले मानव ज्ञानको सीमा बुझ्केको थियो । ज्ञान मार्गमा लागेर मात्रै कसैले मुक्ति पाउन सक्दैन । हुन त यो कुरो हास्यास्पद देखिन्छ; तर पनि यो सत्य छ । ज्ञानीहरू अमूल्य समय अध्ययन, विवेचना र तर्क वितर्कमा नै बढी खर्च गर्न खोज्छन् । अभ्यासको लागि प्रायः गरेर उनीहरूसँग समय हुँदैन वा थोरै मात्रै समय हुन्छ । एकपल्ट बुद्धले वाण लागेर घाइते भएको एक जना मान्छेको कथा भन्नु भएको थियो । आफ्ना कुतुम्बहरूलाई वाण झिक्न लगाउन डाक्टर खोज्न पठाउनुको साटो त्यो मान्छेले पहिले कसले उसलाई हानेको, कालो कि गोरो, कहाँबाट आएको, कुन बस्तुबाट वाण बनाईएको, कसले वाण बनाएको, आदि पत्ता लगाउनमा ढिपि गरे । बुद्धले औंल्याउनु भयो कि यो कुराको उत्तर पाउनु भन्दा धेरै अगाडि नै त्यो मान्छे मरिसक्ने छ ।

अभ्यास नगर्ने तर पढि मात्रै रहने व्यक्ति त्यो मान्छे जस्तै छ जसले कुनै बाक्लो पाकशास्त्रको पुस्तक कण्ठ भन्न सक्छ तर


https://dhamma.digital

जो खाना बनाउन भान्छामा कहिलै पस्दैन । उसले किताबले मात्रै आफ्नो भोक कहिलै मेटाउन सक्दैन । त्यसैले अभ्यास बुद्धत्व प्राप्तिको लागि एक आधारभूत तत्व हो । बुद्धधर्मका कुनै समुदायहरूमा, जस्तै कि जेन्मा अभ्यासलाई ज्ञानलाई भन्दा बढता मान्यता दिइएको छ ।

एक महान विचारक (दार्शनिक, वैज्ञानिक, तत्वज्ञानी, आदि) पनि एक बुद्धिमान मूर्ख बन्न सक्छ; त्यस्तो व्यक्ति छिट्टै बुझ्ने र मिल्ने गरी स्पष्टसँग व्याख्या गर्ने शक्तिबाट विभूषित एक महान बुद्धिमान् हुन सक्छ । तर यदि उसले आफ्नो कार्यप्रति ध्यान दिँदैन र यदि ऊ आफ्नो कार्यहरूको परिणामप्रति होशियार छैन भने, र यदि ऊ जसरी पनि आफ्नै चाहना र इच्छा मात्रै पूर्ति गर्नमा ढल्केको छ भने, तब, बुद्धको अनुसार, ऊ एक बुद्धिमान मूर्ख हो अर्थात तल्लो स्तरको बुद्धि भएको व्यक्ति हो । त्यस्ता व्यक्तिले साँच्चै नै यहाँ र पछि पनि आफ्नो उन्नतिलाई नष्ट गर्नेछ ।

स्मरण होस् कि बुद्ध एक व्यावहारिक गुरु हुनुहुन्थ्यो जसले आफ्नो ज्ञान र अनुभवलाई बुद्धत्व प्राप्त गर्नमा उपयोग गर्नु भयो । यसरी उहाँको शिक्षामा व्यावहारिक प्रज्ञा निहित छ जसलाई सिद्धान्त वा दर्शनमा मात्रै सीमित गर्न सकिँदैन ।

बुद्धधर्म सिर्फ दर्शन मात्र होइन किनकि दर्शन ज्ञानसँग मात्रै सम्बन्धित छ तर ज्ञानलाई दैनिक जीवनको व्यवहारमा लागु गर्नेसँग सम्बन्धित छैन । अभ्यास गर्नुमा र बुझ्नुमा बुद्धधर्मले विशेष जोड दिन्छ । दर्शन शास्त्रीले जीवनका दुःख एवं निराशाहरू देख्छन् तर, बुद्धको विपरित, उसले जीवनको असन्तुष्ट हुने प्रवृतिको एक अंग हाम्रा निराशाहरूलाई हटाउने व्यावहारिक समाधान दिंदैन । दर्शन शास्त्रीले खाली आफ्नो विचारलाई बन्दबाटोतिर मात्रै ढकेल्छ । दर्शन शास्त्र राम्रो र असल छ तर मानसिक तिर्खा


https://dhamma.digital

मेटाउनमा यो असमर्थ छ । तर पनि दर्शन शास्त्रले हाम्रो बौद्धिक कल्पनाशक्तिलाई धनी पारेको छ र मनलाई उन्नति हुनबाट रोक्ने कट्टर विश्वासलाई घटाइदिन्छ । त्यहाँ सम्मको लागि बुद्धधर्मले दर्शनलाई आदर गर्दछ ।

स्मरण रहोस् कि बौद्ध जीवनको प्रमुख लक्ष्य मानसिक स्वतन्त्रता र बोधिज्ञान प्राप्त गर्नु हो । जन्म र मृत्युको जरो अज्ञानता (अविद्या) लाई ज्ञानले नाश गर्छ । तर पनि अज्ञानताको यो विनाश आफ्नो इच्छा शक्तिको अभ्यासद्वारा बाहेक अरूबाट हुन सक्दैन; अन्य सबै प्रयत्नहरू - खास गरेर सिर्फ बौद्धिक प्रयत्नहरू - पूर्ण रूपले निरर्थक छन् । यसै कारणले बुद्ध निर्णयमा पुग्नु हुन्छ, "यी (दार्शनिक) प्रश्नहरू लाभको लागि विचार गरिएका होइनन्; यिनीहरू धर्मसँग सम्बन्धित छैनन्; यिनीहरूले शुद्ध आचरणतिर वा विरागतिर, वा काम वासनाबाट शुद्धतातिर, वा शान्त हृदयतिर, वा सत्य ज्ञानतिर, वा उच्च परिज्ञानतिर वा निर्वाणतिर लग्दैन ।" दार्शनिक चिन्तनको ठाउँमा बुद्धले आफूले पत्तो लगाएको चार आर्य सत्यहरूलाई व्यावहारिक रूपमा सिकाउनमा बढी ध्यान दिनु भएको थियो: दुःख के हो; दुःखको उत्पत्ति (कारण) के हो; दुःखको अन्त के हो; दुःखलाई कसरी अन्त्य गर्ने अथवा मोक्ष (निर्वाण) प्राप्त गर्ने मार्ग । कारण यी सत्यहरू मुक्तिको महान कार्य पूरा गर्न दृढ इच्छा राख्नेहरू सबैले बुझ्न र सम्झन सक्ने व्यावहारिक विषय वस्तुहरू हुन् ।

बोधिज्ञान प्राप्त गर्नु नै अज्ञानतालाई धपाउनु हो; बौद्ध जीवनको यो एक आदर्श हो । अब हामीले राम्रैसँग बुझ्न सक्छौं कि बोधिज्ञान प्राप्त गर्नु ज्ञान (बुद्धि) को मात्र काम होइन । सिर्फ सुझबुझमात्रै हुनुबाट पुग्दैन र यो जीवनमा भिजिएको देखिँदैन । त्यसैले नै बुद्धले व्यक्तिगत अनुभवलाई ठूलो जोड दिनु भएको



https://dhamma.digital

थियो । व्यक्तिगत अनुभवबाट प्राप्त हुने सत्यतालाई प्रमाणित गर्ने व्यावहारिक र वैज्ञानिक तरिका ध्यान हो । ध्यानको माध्यमबाट मनले आफूमा लादिएको अवस्थालाई बढाउँछ र यही नै चेतनाको जागृति हो । सबै दार्शनिक समस्याहरूले हामीलाई केवल अल्झेको र गुटमुटिएको धागोको पोकामा फँसाइ दिन्छ ।

## मध्यम मार्ग वा अष्टांगिक मार्ग

### कनै पनि अति (सीमा उलंघन) तिर नलागी अभ्यास गर्नु नै बुद्धधर्म हो ।

मध्यम मार्गलाई जीवनको तरिकाको रूपमा पत्ता लगाउनु नै बुद्धको शिक्षाको एक अद्वितीय सत्य हो । बुद्धले आफ्ना अनुयायीहरूलाई इन्द्रिय सुख, भोग बिलाशिता र आत्म संयमको (दुष्कर चर्याको) अतिमा नलागी मध्यम मार्गको प्रकृयालाई अभ्यास गर्न सल्लाह दिनु भयो । मध्यम मार्गको अरू परिभाषाहरू हुन्- शाश्वतवाद (नित्यवाद) र उच्छेदवाद (विनाशवाद) आशावाद र निराशावादका अतिहरूलाई छाड्नु । जीवनको सच्चा मार्गको रूपमा रहेको मध्यम मार्गमा आफूलाई नैतिक आचरणको मार्गदर्शक भनेर घोषणा गर्ने कुनै बाहिरी व्यक्तिले दिएका आदेशहरू मान्नु पर्छ भन्ने छैन । मध्यम मार्गको ठिक (सम्यक्) आचरण कुनै दैवीय शक्तिको त्रासले होइन बरु आफ्नै वास्तविक शुद्धताद्वारा अभ्यास गरिन्छ । सम्यक् आचरण आफैले बनाएको अनुशासन हो जसको एक निर्दिष्ट लक्ष्य हुन्छः स्वयं शुद्धि ।

मध्यम मार्ग आन्तरिक उन्नति र आन्तरिक प्रगतिको एक व्यवस्थित पाठ्यांश हो । बढी बाहिरी पूजा र प्रार्थनाहरूबाट कसैले पनि सत्यता र परिज्ञानको साँचो उन्नति गर्न सक्दैन ।



https://dhamma.digital

बुद्धले भन्नु भएको छ कि उहाँको उपदेश वा धर्म वा सर्वव्यापी नियम अनुसार जिउने व्यक्तिलाई यसै नियमले बाटो देखाउने र रक्षा गर्नेछ । धर्मको अनुसार कसरी जिउने भनेर सिक्नु नै सर्वव्यापी (विश्व व्यापक) नियमलाई नबिगारिकन कसरी जिउने भनेर सिकीलिनु हो । यो नै जीवन जिउने सच्चा मार्ग हो जसबाट कि मध्यम मार्ग बनेको छ ।

मध्यम मार्गको अर्को नाउँ अष्टांगिक मार्ग हो । हरेक बौद्धलाई बुद्धले सिकाउनु भएको आर्य अष्टांगिक मार्ग अनुसार आफ्नो जीवन ढाल्न प्रोत्साहित गरिएको छ । जसले जीविकाको यस उत्तम कला अनुसार आफ्नो जीवन व्यतित गर्छ ऊ यस जीवनमा, र पछि पनि, दु:ख र आपतहरूबाट अलग्ग हुनेछ । यस कृयामा खराब कामबाट टाढा रही, नैतिकताको पालन गरी उसले आफ्नो मन शुद्ध गर्न सक्षम हुनेछ ।

अष्टांगिक मार्गलाई एक सडकको नक्सासँग दाँज्न सकिन्छः आफू जानु पर्ने ठाउँमा पुग्ने ठिक बाटो थाहा नपाएको यात्रीसँग त्यस ठाउँमा पुग्नलाई सहयोग दिने कुनै नक्सा वा गाइड हुनु पर्दछ । त्यस्तै नै अष्टांगिक मार्ग पनि एक नक्सा जस्तै हो जसले हामीलाई मानव जीवनको अन्तिम लक्ष्य - निर्वाण - पुग्ने बाटो देखाउँछ ।

अष्टांगिक मार्गका ८ वटा अंग यी नै हुन् ।

१) ठिक (सम्यक्) दृष्टि

२) ठिक विचार (संकल्प)

३) ठिक वचन

४) ठिक कर्म

५) ठिक जीविका



https://dhamma.digital

६) ठिक प्रयत्न

७) ठिक स्मृति (होस)

८) ठिक समाधि (एकाग्रता)

यो मार्गको अनुसरण गरेर सबैले आफूलाई शुद्ध पार्न सक्दैन । कोही कोही मानसिक प्रगति गर्न असमर्थ छन । जीवनमा उनीहरूलाई अर्हत्पदको शुद्धतासम्म पुऱ्याउने बाटोमा जान रोकिएका छन् । अझ उनीहरूले थुप्रै दुःख कष्ट झेल्नु पर्नेछ । यी व्यक्तिहरू हुन् -

१) आफ्नै बुबालाई मार्नेहरू

२) आफ्नै आमालाई मार्नेहरू

३) पवित्र अर्हत्हरूलाई मार्नेहरू

४) संघलाई टुक्रयाउने व्यक्तिहरू

५) बुद्धलाई घायल पार्नेहरू

एक बौद्धको लागि तलका व्यवसायहरू जीवन जिउने अनुचित तरिका मानिएका छन् । जसले आर्य अष्टांगिक मार्ग अनुसार बुद्धधर्मको अभ्यास गर्छ, उसको लागि यी कामहरू नीच स्तरका छन् । यिनीहरू हुन्:

क) रक्सी, जाँड बेच्नु

ख) मार्नको लागि पशु बेच्नु

ग) विष बेच्नु

घ) घातक हतियारहरू बेच्नु

ङ) दास किनमेल गर्नु

कोही कोही भन्छन् कि उनीहरूले जिउनको लागि यी व्यापारहरू गर्नु पर्छ र त्यसैले यसो गर्नु उनीहरूलाई अनुचित



https://dhamma.digital

छैन । तर यो तर्क बिल्कुल आधारहीन छ । यदि यो कुरो लागु हुने भए तब चोर, हत्यारा, डाकु र ठगहरूले पनि सजिलैसित भन्न सक्छन् कि उनीहरूले पनि यी घृणित कामहरू खालि आफ्नो जीविकाको लागि गरिरहेका हुन् र त्यसैले उनीहरूको चरित्र वा कृयाकलापमा कुनै अनुचितता छैन ।

कोही कोही विश्वास गर्छन् कि मनोरंजनको लागि माछा मार्नु र शिकार गर्नु तथा खानाको लागि पशुहरू मार्नु बौद्ध नियम विपरित छैन। यो बुद्धधर्मको बारेमा राम्रो ज्ञानको अभावले मान्छेको दिमागमा पैदा हुने भ्रम हो । यी सबै कामहरू जीविकाको उचित तरिका होइनन् । केही बाधाहरूको अनुभव भएतापनि एक बौद्धले सदैव जीविकाको उत्तम तरिका छान्ने कोशिश गर्नु पर्दछ । यस संसारमा जिउनको लागि अनुचित ढंगबाट जीवन यापन गर्नु बुद्धधर्म अनुसार ठिक छैन। एकपल्ट बुद्धले भन्नु भयो, "अनैतिक र असंयमी भएर सय वर्ष बाँच्नु भन्दा सदाचारी र ध्यानी बनेर एक दिन जिउनु जाति छ " पशु सरह बाँच्नु भन्दा त असल व्यक्ति भएर मर्नु नै बेस छ।

कृपया तलका पवित्र उपदेशको विचार गर्नुस् तः "सर्वव्यापी मैत्रीको उन्नति गर्नु भन्दा ठूलो पुण्य अरू छैन, मानसिक आनन्दभन्दा मिठो सुख अरू छैन, हरेक वस्तुमा अनित्यताको अस्तित्व भन्दा स्पष्ट देखिने सत्य अरू छैन, नैतिकता र बौद्धिक विकास भन्दा ठूलो धर्म छैन, आफूले र अरूले देख्न सकिने अहिलेको अहिल्यै परिणाम निस्कन्छ भनेर सिकाउने भन्दा ठूलो दर्शन अरू छैन ।"

जीविकाको बौद्ध तरिका भौतिक चीज र सांसारिक बस्तुहरूको पूजा गर्नुबाट ठ्याम्मै उल्टो छ। बौद्ध जीवन जिउने कला सर्वज्ञ बुद्धले देखाउनु भएको आर्य अष्टांगिक मार्ग समेत



https://dhamma.digital

चार आर्य सत्यहरूमा आधारित छन् । यी सत्यहरूलाई बुझ्नु नै आफ्नो बारेमा सम्पूर्ण ज्ञान हासिल गर्नुको साथै संसारको स्वभावलाई बुझ्नु हो । जब हामी बुझ्छौं कि सबै विषय वस्तुहरू क्षणिक छन्, दुःखबाट ग्रसित छन, र सारभूत सत्यताबाट सून्य छन्, तब हामीहरू यो दोषसिद्धि तिर आउछौं कि सच्चा र टिकाउ सुख भौतिक सम्पति र सफलतामा पाउन सकिंदैन । सच्चा सुख त कुनै अन्य ठाउँमा खोज्नु पर्दछ ।

वास्तवमा अस्तित्व भएका सबै कुराहरू दुःख हुन् भन्ने सिद्धान्तबाट चार आर्य सत्यको शुरुवात हुन्छ । तिनीहरू (चार आर्य सत्यहरू) दुःखको कारण देखाउन अगाडि बढ्छन् जुन कि तृष्णा हो । तब तिनीहरूले तृष्णा विनाश हुने ठाउँ देखाइदिन्छ र अन्त्यमा तृष्णाबाट उत्पन्न भएको उक्त दुःख विनाश गर्ने बाटो देखाउँछ जुनकि एकमात्र सच्चा सुख-निर्वाण हो ।

बुद्धले मूलतः दुःखलाई नष्टगर्ने उपायको रूपमा आर्य अष्टांगिक मार्ग देखाउनु भएको थियो । बुद्धधर्म जीवनको हरेक पक्ष अंगालेको तार्किक र दृढ शिक्षा भएकोले अष्टांगिक मार्ग पनि संसारमा सुखपूर्वक बाँच्नको लागि सबभन्दा राम्रो सम्भाव्य मन्त्रको रूपमा रहेको छ । यसले आफूलाई र अरूलाई पनि हित गर्दछ । निर्वाणपद प्राप्त हुनासाथ यसको काम सकिन्छ ।

## बुद्धधर्ममा स्वतन्त्रता

**यो धर्म मानिसले विना कुनै धार्मिक पक्षपाती भएर व्यतित गर्ने जीवनको एक उत्तम मार्ग हो ।**

अन्य धर्महरूका कुराहरू अध्ययन गर्न र सिक्नबाट कसैलाई पनि बुद्धधर्मले रोक्दैन । साँच्चै त बुद्धले आफ्ना अनुयायीहरूलाई


https://dhamma.digital

अरू धर्महरू अध्ययन गर्न र उहाँको शिक्षा तिनीहरूसँग तुलना गर्न सल्लाह दिनुहुन्छ । बुद्धले भन्नु भएको छ कि यदि अन्य धर्महरूमा उचित र योग्य कुराहरू छन् भने उहाँका अनुयायीहरूले त्यस्ता कुराहरूलाई आदर गर्न स्वतन्त्र छन् । कसै कसैले आफ्ना अनुयायीहरूलाई आफ्नो अधिनमा पारि राख्न उनीहरूलाई निरन्तर अन्धकारमा राखि राख्ने प्रयास गर्दैछन् । तिनीहरूका अनुयायीहरूले अन्य धर्मका पुस्तकहरू छुन समेत मनाही गरिएका छन् । उनीहरूलाई अन्य धर्मका उपदेशहरू नसुन्ने आज्ञा दिएका छन् । जस्तो सुकै अविश्वसीय देखिएता पनि उनीहरूलाई उनीहरूको धर्ममाथि शंका गर्न निषेध गरिएका छन् । जति जति उनीहरूले आफ्ना अनुयायीहरूलाई अंध्यारोमा राख्छन् त्यति नै सजिलोसित उनीहरूले अनुयायीहरूलाई भेडा जस्तै डोऱ्याउन सक्नेछन् । यदि उनीहरू मध्ये कसैले आफ्नो आँखा उघार्छ र प्रकाश देख्छ र यति बेलासम्म आफू अन्धकारमा रहेको स्वीकार गर्छ भने तब कुनै भूत प्रेतले उसको मनमा वास गऱ्यो भनी उसलाई भनिन्छ । बिचरो मान्छेलाई उसको व्यावहारिक ज्ञान, उसको शिक्षा, वा उसको बुद्धिको प्रयोग गर्ने मौका दिइँदैन । आफ्नो धारणा (दृष्टि) बदल्न चाहनेहरूले यस्तो विचार दिएको बुझिन्छ कि उनीहरूले आफैले कुनै कुरोको निर्णय गर्न आफ्नै स्वतन्त्र विचार प्रयोग गर्नलाई उनीहरू परिपूर्ण भएका छैनन् । तर यदि मानिस नै परिपूर्ण छैन भने किन ईश्वरले उसलाई परिपूर्ण पार्न नसकेको नि ? यस्तो देखिन्छ कि ईश्वले दिनु भएको सबै अधिकार र विवेक बुझ्न नसकिने खालका छन् ।

साँच्चै भनौं भने आज विश्वको कुनै पनि ठाउँमा साँच्चैको धार्मिक स्वतन्त्रता छैन । मान्छेले स्वतन्त्र भएर विचार गर्न पनि स्वतन्त्रता छैन । जब उसले बुझ्छ कि आफूले मानि आएको धर्मबाट सन्तोष पाउन सकिंदैन वा यो पाउँछ कि कुनै प्रश्नहरूको


https://dhamma.digital

संतोषजनक उत्तरहरू पाउन सकिँदैन, तब उसलाई आफ्नो धर्म छाड्न र आफूलाई मनपर्ने अर्को धर्म स्वीकार गर्न स्वतन्त्रता हुँदैन । कारण यो हो कि उसबाट त्यो स्वतन्त्रता धार्मिक अधिकारीहरू, नेताहरू र परिवारका सदस्सहरूले छिनिसकेका हुन्छन् । आफ्नो आफ्नो स्वतंत्र विचारले सुहाउँदो खालको धर्म छान्न मानिसलाई दिनु पर्छ । कुनै एक खास धर्म मान्नै पर्छ भनेर अरूलाई जबर्जस्ती गर्ने अधिकार कसैलाई छैन । कसै कसैले अर्काको धर्मलाई नबुझिकनै आफ्नो प्रेमी वा प्रेमिकाको लागि आफ्नो धर्मलाई त्यागि दिन्छ । त्यस्ता व्यक्तिहरू त कठपुतली समान हुन् । मानिसको भावुकता वा मानव कमजोरीले मात्रै धर्म परिवर्तन गर्नु हुँदैन । आफ्नो धर्म बदल्नु भन्दा अगाडि राम्ररी विचार गर्नु पर्दछ । नाफा खानलाई लेनदेन गर्ने वस्तु धर्म होइन; व्यक्तिगत भौतिक लाभको लागि धर्म परिवर्तन गर्नु हुँदैन । धर्म मानसिक विकार र स्वयं मुक्तिको लागि प्रयोग गरिनु पर्छ ।

बौद्धहरूले कहिलै पनि अन्य धर्माबम्बीहरूलाई भौतिक लाभको निम्ति उनीहरूको (बुद्ध) धर्म ग्रहण गर्नलाई उक्साउँदैन । न त बुद्धधर्मले नयाँ सदस्यहरू आकर्षित गर्न दरिद्रता, रोग, अशिक्षा र अज्ञानताको शोषण नै गर्छ । आफू कहाँ आउनेहरूलाई बुद्धले उहाँको उपदेशलाई स्वीकार गर्न हतपत नगर्न सल्लाह दिनु हुन्थ्यो । उहाँको उपदेशलाई राम्ररी विचार गर्न र उनीहरूको व्यक्तिगत लाभको लागि यो व्यावहारिक छ कि छैन भनेर आफैले पत्तो लगाउन उनीहरूलाई बुद्धले सल्लाह दिनु हुन्थ्यो ।

बुद्धधर्मले यो सिकाउँछ कि प्रज्ञा र पूर्णता हासिल गर्न खालि विश्वास वा बाहिरी आडम्बरहरू अपर्याप्त छन् । यो दृष्टिले हेर्दा खेरि बाहिरी धर्म परिवर्तन अर्थहीन हुन्छ । बुद्धधर्मलाई जवर्जस्ती मनाउनु भनेको अन्याय र निर्दयताको माध्यमबाट न्याय र मैत्रीको



https://dhamma.digital

प्रचार गर्नु जस्तै हुनेछ। कसैले आफूलाई बौद्ध भनोस् वा नभनोस् बुद्धको अनुयायीलाई यसको केही मतलब छैन। उनीहरूलाई थाहा छ कि मान्छे आफ्नै सुझबुझ र मेहनतद्वारा नै बुद्धले देखाउनु भएको लक्ष्यको नजिक पुग्नेछ।

धार्मिक कट्टरपन खतरनाक छ। खराब उपायहरूद्वारा असल लक्ष्यसम्म कदापि पुग्न सकिंदैन । उपायद्वारा लक्ष्यलाई कहिल्यै पनि न्याय संगत बनाउन सकिंदैन । एक कट्टर धार्मिक व्यक्तिले तर्कद्वारा, वा अवलोकन र विश्लेषणका वैज्ञानिक सिद्धान्तहरूलाई पनि, आफूलाई बाटो देखाउन सक्दैन। एक बौद्ध व्यक्ति खुला हृदय भएको स्वतन्त्र व्यक्ति हुनु पर्दछ र आफ्नो मानसिक उन्नतिको लागि कसैको पनि अधिनमा पर्नु हुँदैन । बुद्धलाई अद्वितीय मार्गदर्शक र आदर्शको श्रोत मानी ऊ बुद्धको सरणमा जान्छ। ऊ आँखा चिम्लेर होइन बरु सुझबुझद्वारा बुद्धको शरणमा जान्छ । बौद्धहरूका लागि बुद्ध कुनै मुक्तिदाता होइनन् न त कुनै मानव नै हो जसले अरूहरूको पाप धोइदिने शक्ति भएको दावी गर्दछ। बुद्धलाई बौद्धहरू एक गुरुको रूपमा मान्दछन् जसले कि मोक्षको बाटो देखाइदिन्छ।

बुद्धधर्मले सँधै आधुनिक मानवको स्वतन्त्रता र उन्नतिको पक्षमा बोल्छ। जीवनको हरेक क्षेत्रमा ज्ञानको प्रगति र मानवताको स्वतन्त्रताको लागि बुद्धधर्म सदैव दृढ रहेको छ। बुद्धको उपदेशमा यस्तो कुनै पनि कुरो छैन जसलाई कि आधुनिक वैज्ञानिक आविष्कार र ज्ञानहरूको सामना गर्नको लागि हताउनु परोस् । जति जति वैज्ञानिकहरू र इतिहासकारहरूले सिद्धान्तहरू पत्ता लाउँछन्, त्यति त्यति उनीहरू बुद्धको समिप आउँछन्।

स्मरण रहोस् कि बुद्ध सबभन्दा राम्रोसँग ज्ञान प्राप्त गर्ने व्यक्ति हुनुहुन्थ्यो जसले की सत्यलाई उजागर गर्नु भयो ।



https://dhamma.digital

बुद्धले धार्मिक दासत्वबाट मान्छेलाई मुक्त गर्नु भयो । उहाँले पुरोहितवादको एकाधिकार र क्रुरताबाट पनि मान्छेलाई छुटकारा दिलाउनु भयो । धार्मिक मतको पछि पछि चुपचाप आफूलाई लाटो पशु झैं डोऱ्याउन नदिन र आफ्नो विवेकको प्रयोग गर्न सल्लाह दिने पहिलो व्यक्ति बुद्ध हुनु हुन्थ्यो । विवेकवाद, प्रजातन्त्र र धर्ममा व्यावहारिक नैतिक आचरण प्रति बुद्ध दृढ थिए । जनसमुहको भाषामा उपदेश दिने उहाँ पहिलो व्यक्ति हुनुहुन्थ्यो ।

बुद्धका अनुयायीहरूलाई धेरै पुस्तादेखि चलिआएको भन्दैमा परम्पराहरूलाई विश्वास नगर्न, धेरै मान्छेहरूले मानेको कुरो भन्दैमा कुनै पनि कुरोलाई नपत्याउन, कोही प्राचीन ऋषिद्वारा लेखिएको भन्दैमा लिखित कुराहरू नपत्याउन, अरूहरूले अनुमान गरेको भन्दैमा नपत्याउन, कुनै विश्वास असाधारण छ, यो पक्कै पनि कुनै दैवीय शक्तिबाट बसालेको होला भनी सोचेर विश्वास नगर्नलाई सल्लाह दिइएका थिए ।

राम्रोसँग अवलोकन र विश्लेषण गरेर मात्रै, र उक्त विश्वास तर्कपूर्ण छ र सबैको लागि असल र हितकारी छ भन्ने पक्का भए पछि मात्रै कुनै विश्वासलाई पत्याउन र व्यवहारमा लागु गर्न बौद्धहरूलाई सल्लाह दिइएका छन् ।

सच्चा बौद्ध आफ्नो मुक्तिको लागि बाहिरी शक्तिहरूको भर पर्दैन । न त उसले त्यस्ता अज्ञात शक्तिहरूको सहायताद्वारा दुःखबाट मुक्त हुने आशा नै गर्दछ । शाश्वत सुखको लागि उसले आफ्नो मनमा रहेका सबै लालसाहरूलाई निर्मूल पार्ने प्रयास गर्नु पर्दछ । बुद्ध भन्नु हुन्छ, "यदि कसैले मलाई, मेरो शिक्षालाई र मेरो अनुयायीहरूलाई निन्दा गरेमा ऊ प्रति कुनै नराम्रो भावना नराख, नरिसाऊ, वा व्याकुल नहोऊ, किनकि यस्तो प्रतिकृयाले तिमीलाई


https://dhamma.digital

नोक्सानमात्रै गर्छ । अर्को तिर कसैले मेरो, मेरो शिक्षाको र मेरा अनुयायीहरूको प्रशंसा गरेमा मक्ख नहोऊ, रोमांचित नहोऊ वा फुरुंग नहोऊ, किनकि यस्तो प्रतिकृया ठिक निर्णय लिनुमा अवरोध मात्रै हुन आउँछ। यदि तिमी फुरुंग भएमा तिमीले प्रशंसा गरिएका गुणहरू सत्य छन् कि छैनन् र साँच्चै नै हामीमा पाइन्छन् वा पाइँदैनन् भनेर निर्णय गर्न सक्ने छैनौ ।"

## बुद्ध र राजनीति

### बुद्ध सबै सांसारिक राजनीतिभन्दा पनि माथि पुग्नु भयो ।

हुन त बुद्ध एक क्षत्रीय थियो र त्यसै पनि राजा, राजकुमार र मन्त्रीहरूको सम्पर्कमा आएको थियो, तैपनि कहिले पनि उहाँले राजनैतिक शक्तिको प्रभावद्वारा आफ्नो शिक्षालाई प्रचार गर्न खोज्नु भएन । राजनैतिक सत्ता हासिल गर्न उहाँले कहिल्यै पनि आफ्नो शिक्षालाई दुरूपयोग गर्न दिनु भएन । तर आज थुप्रै राजनीतिज्ञहरूले बुद्धको नामलाई आफ्नो राजनीतितिर तान्ने कोशिश गर्दैछन् र उहाँलाई एक साम्यवादी (कम्युनिष्ट) वा पूंजिवादी, वा साम्राज्यवादी, आदि भन्दै प्रचार गर्ने प्रयत्न गर्दैछन् । बुद्धको महान नामलाई आफ्नै व्यक्तिगत लाभको लागि प्रयोग गर्न खोज्नेहरूले यो कुरा सम्झनु पर्दछ कि बुद्ध सांसारिक विषय वस्तु भन्दा पनि पर पुग्नु भएका सम्यक् सम्बुद्ध हुनुहुन्छ । आफ्नो बाहेक अन्य कुनै पनि प्रकारका धर्म संसारमा रहन दिनु हुँदैन भन्ने विचार बुद्धले कहिल्यै पोख्न भएन । न त उहाँको शिक्षालाई ध्यान नदिनेहरूप्रति उहाँ कहिल्यै रिसाउनु नै भयो ।

कोही कोही यो जान्न चाहन्छन् कि बुद्धधर्म र साम्यवादको बीच कुनै सम्बन्ध छ कि छैन ? यो कुरो सत्य हो कि धन सम्पति


https://dhamma.digital

धेरै हुनेहरूलाई बुद्धले गरीबहरूलाई दान दिन सुझाएका थिए। बुद्धका अनुसार त्यस्तो दान आफ्नो इच्छा अनुसार दिनु पर्दछ; बलजफ्ति दान दिन लगाउनु हुँदैन। आजभोलिका साम्यवादीहरूले 'हुने' हरूबाट छिनेर 'नहुने' हरूलाई दिन उग्र एवं हिंसात्मक तरिका अपनाउँदछन्। यो दृष्टिकोणले बुद्धधर्म र साम्यवाद अमिल्दो छ।

जुनसुकै देशमा जस्तोसुकै सरकार रहेता पनि त्यहाँका प्रशासकहरू न्यायी र असल हुनु पर्ने कुरोलाई बुद्धले बुझ्नु भएको थियो। उहाँलाई थाहा थियो कि उच्च सरकारी कर्मचारीहरू भ्रष्टाचारी र अन्यायी भएमा सारा देश नै भ्रष्टाचारी, पिछडिएको र दुःखी हुनेछ। एकपल्ट बुद्धले भन्नु भयो, "जब राष्ट्रको शासक न्यायी र असल हुन्छ, तब मन्त्रीहरू पनि न्यायी र असल हुनेछन्; जब मन्त्रीहरू न्यायी र असल हुन्छन्, तब उच्चाधिकारीहरू न्यायी र असल हुने छन्; जब उच्चाधिकारीहरू न्यायी र असल हुन्छन्, तब सैनिकहरू न्यायी र असल हुनेछन्; जब सैनिकहरू न्यायी र असल हुन्छन्, तब जनता न्यायी र असल हुनेछन्।"

Dhamma.Digital

## समाजमा बस्ने मानिसको लागि बुद्धधर्म

### यो धर्मलाई समाजमै बसेर वा एकान्तमा बसेर अभ्यास गर्न सकिन्छ।

कोही कोही यसो विश्वास गर्छन् कि बुद्धधर्म यति उच्च र विशिष्ट व्यवस्था हो कि यसलाई साधारण पुरुष र महिलाहरूले दैनिक जीवनमा लागु गर्न सकिंदैन। यी नै व्यक्तिहरू यो विश्वास गर्छन् कि यदि कसैले साँच्चैको बौद्ध बन्ने इच्छा गर्छ भने ऊ कुनै विहारमा वा कुनै एकान्त ठाउँमा गएर बस्न जानु पर्छ।



https://dhamma.digital

बुद्धलाई राम्ररी नबुझ्नाले पैदा हुने भ्रम हो यो । बुद्धधर्मको बारेमा झ्वाट्ट केही कुरा पढेर वा सुनेर मान्छेहरू यस्ता निर्णयमा पुग्छन् । कसै कसैले बुद्धधर्मको अपूर्ण र असन्तुलित दृष्य देखाउने लेख तथा पुस्तकहरू पढेर बुद्धधर्मको बारेमा आफ्नो धारणा बनाउँछन् । त्यस्ता लेख तथा पुस्तकहरूका लेखकहरूले बुद्धका उपदेशहरू सीमित मात्रामा बुझेका हुन्छन् । उहाँको शिक्षा विहारमा बस्ने भिक्षुहरूको लागि मात्रै होइन । उहाँको शिक्षा घरमा आफ्ना परिवारका साथ बस्ने साधारण पुरुष तथा महिलाहरूका लागि पनि हो । आर्य अष्टांगिक मार्ग सबै किसिमका मानिसहरूका लागि जीवन जिउने बौद्ध तरिका हो । बिना कुनै भेदभाव सारा मानव जातिलाई यो जीवन कला प्रस्तुत गरिएको छ ।

विश्वका असंख्य मानिसरू भिक्षु बन्न सक्दैनन् वा गुफा वा वनमा बस्न जान सक्दैनन् । बुद्धधर्म जतिसुकै सत्य वा शुद्ध भएता पनि समाजको लागि यो बेकामको हुनेछ यदि आधुनिक संसारमा उनीहरूले आफ्नो दैनिक जीवनमा यसलाई लागु गर्न सक्दैन भने । तर यदि तिमीले बुद्धधर्मको स्वभावलाई ठिकसँग बुझेका छौ भने तिमीले पक्कै पनि साधारण मानिसको जीवन जिएर नै यसलाई अभ्यास गर्न र लागु गर्ने सक्नेछौ ।

कोही कोही यस्ता हुन सक्छन् जसको लागि कुनै एकान्त ठाउँमा बसेर बुद्धधर्म ग्रहण गर्न सजिलो र बढी अनुकूल लागोस्; अर्को शब्दमा, आफूलाई अरूहरूको समाजबाट अलग्ग पारेर । अझ अरूहरूले यो पाउन सक्छन् कि यो खालको एकान्तबासले उनीहरूलाई शारीरिक र मानसिक दुवैबाट पूर्ण रूपले अल्सी र निराश पार्न सक्छ, र त्यसैले उनीहरूको आध्यात्मिक र बौद्धिक जीवनको विकासको लागि यो उपयक्त नहुन सक्छ ।


https://dhamma.digital

साँच्चैको त्यागको मतलब दुनियाबाट शारीरिक रूपले भाग्ने भनेको होइन । बुद्धको प्रमुख शिष्य सारिपुत्रले भनेको छ कि कोही एक व्यक्ति आफूलाई तपश्वी जीवनमा समर्पण गर्दै कुनै जंगलमा बस्न सक्छ, तर ऊ अशुद्ध विचार र 'कलंक' हरूद्वारा ग्रसित हुन सक्छ; कुनै व्यक्ति बिना कुनै तपश्वी जीवन जिएर कुनै गाउँ वा नगरमा रहेको हुन सक्छ, तर उसको मन शुद्ध र 'कलंक' रहित हुन सक्छ । यी दुई मध्ये, सारिपुत्रले भन्यो, गाउँ वा नगरमा बसेर शुद्ध जीवन जिउने व्यक्ति जंगलमा बस्ने व्यक्ति भन्दा श्रेष्ठ र महान छ ।

बुद्धको शिक्षा अनुसार चल्न जीवनबाट सन्यास लिनु पर्दछ भन्ने प्रचलित धारणा एक भ्रम हो । साँच्चै यो त यसलाई लागु गर्नबाट बच्न अचेतन बचावट हो । बौद्ध साहित्यमा साधारण र स्वाभाविक गृहस्थी जीवन बिताउने यस्ता थुप्रै पुरुष तथा महिलाहरू छन् जसले कि बुद्धले जे सिकाउनु भयो त्यसलाई सफलतापूर्वक अभ्यास गरेका थिए र निर्वाणलाई बुझेका थिए । एकपल्ट तथागतसँग वत्सगोत्रले सिधै सोध्यो कि पारिवारिक जीवन जिएर सफलतापूर्वक उहाँको शिक्षालाई लागु गर्ने र उच्च आध्यात्मिक पदहरूमा पुग्ने गृहस्थीहरू तथा महिलाहरू कोही छन् कि छैनन् । बुद्धले प्रष्टसँग भन्नु भयो कि पारिवारिक जीवन जिएर सफलतापूर्वक उहाँको शिक्षालाई लागु गर्ने र उच्च आध्यात्मिक पदहरूमा पुग्ने गृहस्थीहरू तथा महिलाहरू थुप्रै छन् ।

होहल्ला र बिध्नबाधाबाट टाढा कुनै एकान्त ठाउँमा सन्यासी जीवन बिताउनु कसै कसैलाई अनुकूल लाग्न सक्ला । तर साथीभाइहरूका बीच बसेर उनीहरूलाई सहयोग र सेवा गरेर बुद्धधर्मको अभ्यास गर्नु पक्कै पनि झन बढी प्रशंसनीय र साहसी छ । कुनै कुनै अवस्थामा नैतिक, आध्यात्मिक र बौद्धिक अभ्यासको


https://dhamma.digital

प्राथमिक तहको रूपमा आफ्नो मन र आचरण सुधार्न, पछि आएर अरूहरूलाई मद्दत गर्न योग्य हुन केही समयको लागि सन्यासी बन्नु सायद उपयोगी हुन सक्छ । तर यदि कोही व्यक्ति आफ्नै मात्रै लाभ र मोक्षको विचार गरेर, आफ्ना साथीभाइहरूको वास्ता नगरी आफ्नो पूरा जीवन एकान्तमा बिताउँछ भने तब पक्कै पनि ऊ बुद्धको शिक्षा - जुन कि परजनप्रति मैत्री, करुणा र सेवामा आधारित छ अनुसार चलिरहेको छैन । कसैले अब यो सोध्न सक्छ कि यदि मान्छेले सामान्य गृहस्थीको जीवनमै बुद्धधर्मको अनुसरण गर्न सक्छ भने बुद्धले स्थापना गर्नु भएको भिक्षुहरूको संघको के काम नि ? संघले ती व्यक्तिहरूका लागि मौका प्रदान गर्छ जो आफ्नै आध्यात्मिक र बौद्धिक उन्नतिको लागि मात्रै होइन परजनको सेवाको लागि पनि आफ्नो जीवन अर्पण गर्न तयार छन् । परिवारमा बस्ने एक साधारण गृहस्थीले परजनको सेवाको लागि आफ्ना सारा जीवन अर्पण गर्न गाऱ्है छ जबकि एक भिक्षु, जो पारिवारिक बन्धन वा अन्य सांसारिक बन्धनमा जकडिएको छैन, बहुजन हितको लागि आफ्नो जीवन अर्पण गर्न सक्ने अवस्थामा छ ।

Dhamma Digital

## बुद्धधर्म उही पुरानै शिक्षा हो त ?

**बुद्धले भन्नुभयो कि उहाँले प्रचार गर्नु भएको (बुद्ध) धर्म पहिले कहिलै नसुनिएको हो, तर उहाँको दृष्टिमा, उहाँको ज्ञानमा, उहाँको प्रज्ञामा, उहाँको अर्थ बोधमा र उहाँको बोधिज्ञानमा (यो धर्म) स्पष्ट छ ।**

कोही कोही घोषणा गर्छन् कि बुद्धले कुनै नयाँ सिद्धान्त (मत) को प्रचार गर्नु भएको थिएन, बरु खालि त्यतिबेला भारतमा प्रचलित पुरानै शिक्षालाई सुधार गर्नु भएको थियो । तैपनि यस



https://dhamma.digital

प्राचीन धर्मका केही अगुवाहरूले देखाउन खोजे जस्तो हिन्दुधर्मको सुधारक मात्रै थिएन बुद्ध । वास्तवमा बुद्धको जीवन कला उहाँ जन्मनु भएको जीवन कला भन्दा भिन्दै थियो ।

प्राचीन भारतको इतिहासमा बुद्ध अ-वैदिक, अ-ब्राह्मण, र अनिश्वरवादी, "देवता र मनुष्यहरूको गुरु" को रूपमा रह्यो, सिकायो र महापरिनिर्वाण हुनुभयो । बुद्धले कहींपनि उपनिषद्लाई कृतज्ञता ज्ञापन गरेको छैन । बुद्धले आफूले नयाँ तरिका शुरु गरेको, नयाँ बाटो खोलेको सम्भनु भयो ।

वैदिक - ब्राह्मणी परंपराका प्रख्यात गुरुहरू तथा ग्रन्थहरूले बुद्धलाई बारम्बार निन्दा, आलोचना र अपमान गरेका छन् । बुद्ध र उहाँको शिक्षालाई आफूमा लीन गर्ने वा त्यसलाई सखाप पार्ने हेतुले ईशापूर्व सदीका ब्राह्मणहरूले बुद्धलाई ईश्वरको अवतार सम्मन् पनि माने । तैपनि बुद्धलाई वसलक, मुण्डक, समणक, नास्तिक र शुद्र भनी हेला गरिएको छ । (यी शब्दहरू बुद्धकालीन भारतमा धार्मिक व्यक्तिलाई अपमान गर्न प्रयोग गरिन्थे) ।

यो कुरामा कुनै शंकै छैन कि बुद्धले केही चलनहरूमा, धार्मिक विधिहरूमा, आचार र नीतिहरूमा, र जीवन जिउने कलामा सुधार ल्याएका थिए । उहाँको चरित्रको महानता एक सियोको टुप्पो जस्तै थियो जुनले कि बेलुन रूपी मिथ्याविश्वास एवं अभ्यासहरूलाई घोच्यो जसले गर्दा ती बेलुनहरू फुटोस् र तिनीहरूका खोक्रोपन प्रकट गरोस् ।

तर जहाँसम्म मौलिक, दार्शनिक र मनोवैज्ञानिक शिक्षाहरूको प्रश्न छ, बुद्धले तत्कालीन प्रचलित कुनै पनि धर्मको नक्कल गरेको भन्नु आधारहीन छ । उदाहरणको लागि, चार आर्य सत्य, अष्टांगिक मार्ग र निर्वाणको विचार उहाँ आउनुभन्दा पहिले थाहा थिएन । कर्म र पुनर्जन्मप्रति विश्वास प्रचलित भएता पनि बुद्धले



https://dhamma.digital

यी कुराहरूको राम्रो तार्किक र न्यायसिद्ध व्याख्या गर्नु भएको थियो ।

## बुद्ध र विश्व

### शुद्ध धार्मिक जीवन जिउनको लागि सांसारिक ज्ञानले कदापि सहयोग गर्न सक्दैन ।

"धेरै कालसम्म, भाइहरू, तिमीहरू आमा मरेर दु:खित भएका छौ; धेरैकालसम्म बाबु मरेर दु:खित भएका छौ; धेरैकालसम्म छोरा मरेर दु:खीत भएका छौ; धेरैकालसम्म छोरी मरेर दु:खीत भएका छौ; धेरैकालसम्म दाजुभाई र दिदी बहिनी मरेर दु:खीत भएका छौ; धेरैकालसम्म तिमीहरूका सामानहरू हराएर दु:खीत भएका छौ; धेरैकालसम्म तिमीहरू रोगले ग्रसित भइसकेका छौ । र किनकि तिमीहरूले आमाको मृत्यु, बाबुको मृत्यु, छोराको मृत्यु, छोरीको मृत्यु, दाइभाइको - दिदीबहिनीहरूको मृत्यु, सामानहरूबाट वियोग, रोगको कष्टहरू, अप्रियसँग संयोग, आदिको अनुभव गरिसकेका छौ - जन्मबाट मृत्यु, मृत्युबाट जन्मतिर लम्कन्दै - तिमीहरूले चार महासागरमा रहेको पानीभन्दा पनि बढी आँसु यो लामो यात्रामा बहाइसकेका छौ ।" यहाँ बुद्धले यो संसारमा हुने लगातार जन्म र मृत्युबाट हुने दु:खलाई वर्णन गरिराख्नु भएको छ । उहाँले एउटा अति नै सजिलो कुरामा चाख राख्नु भएको थियो: मानिसहरूलाई यी सबै दु:खहरूबाट मुक्त हुने मार्ग देखाउनु ।

कुनै अर्को बखतमा बुद्धले भन्नुभयो, "भाइहरू, सांसारिक विचारहरू - जस्तै संसार नित्य छ कि छैन, संसार सीमित छ कि छैन भन्ने निर्णय गर्न खोज्नुमा नअल्झ । आफ्नो विचारलाई दु:ख, दु:खको कारण, दु:खको अन्त र दु:ख अन्त गर्ने उपायमा केन्द्रित गर ।


https://dhamma.digital

किन बुद्धले आफ्ना अनुयायीहरूसँग यसरी कुरा गर्नु भयो ? र किन उहाँले संसार नित्य छ कि छैन, संसार सीमित छ कि छैन भन्ने जस्ता समस्याहरूको समाधान गर्ने कोशिश गर्नु भएन ? उत्सुक व्यक्तिहरूका लागि यस्ता समस्याहरू उत्तेजक एवं रोमांचकारी हुन सक्छन् । तर यी समस्याहरूले दुःखलाई जित्ने उद्देश्यलाई रत्तिभर पनि मद्दत गर्दैन । यसैले हो उहाँले यी समस्याहरूलाई बेकामको ठानेर एकातिर पन्छ्याउनु भयो किनकि यस्ता कुराको ज्ञानले आफ्नो भलो हुने होइन ।

तर पनि बुद्धले पहिले नै थाहा पाउनु भएको थियो कि व्यावहारिक जीवनमा काम नलाग्ने र विचार शक्तिबाट परका कुराहरूको विषयमा बोल्नु समय र शक्तिलाई खेर फाल्नु हो । उहाँले पहिले नै बुझ्नु भएको थियो कि यो कुराहरूबारेमा अनुमान व्यक्त गर्नु नै उचित दिशाबाट गईरहेको विचारधारालाई बहकाउनु र मानसिक विकासलाई रोक्नु हो ।

## नैतिक र मानसिक विकास

**मानसिक आधार नभैकन मानिसमा नैतिक उत्तरदायित्व हुँदैन । नैतिक उत्तरदायित्व नभएको मानिस समाजको लागि खतरायुक्त छ ।**

बुद्धधर्म श्रद्धालुहरूलाई चिर शान्तिको मोक्षतिर बाटो देखाउने एक प्रशंसनीय प्रकाश स्तम्भ (समुद्रमा राति जहाजलाई मार्ग देखाउन बनाइएको स्तम्भ - अनु.) रहँदै आएको छ । वंशानुगत, अन्तरराष्ट्रिय, साम्प्रदायिक, आर्थिक र सैद्धान्तिक भ्रमहरूले गर्दा छिया छिया भएको आजको विश्वमा बुद्धधर्म विशेष रूपले आवश्यक छ । जबसम्म अरूहरूप्रति हितकारी करुणाको भाव जाग्दैन, तबसम्म यी भ्रमहरूलाई जरैदेखि निर्मूल गर्न सकिँदैन ।


https://dhamma.digital

बुद्धधर्मको मार्गदर्शनमा नै यस्ता भावनाहरू राम्रोसँग विकसित गर्न सकिन्छन् जुन धर्मले सर्वजन हितको लागि नैतिक सहयोगको शिक्षा दिन्छ ।

हामीलाई थाहा छ कि बिना कुनै गुरुले पनि कुकर्म गर्न सजिलैसित सिकिन्छ जबकि सुकर्मको लागि गुरु चाहिन्छ । सुकर्म गर्न सिकाउनको लागि शील र उदाहरणको अति नै आवश्यकता छ ।

मानसिक आधार नभैकन मानिसमा नैतिक उत्तरदायित्व हुँदैन । नैतिक उत्तरदायित्व नभएको मानिस समाजको लागि खतरायुक्त छ ।

बुद्धको उपदेशमा भनिएको छ कि मानिसको भौतिक कल्याणको विकासभन्दा मानसिक विकास बढी महत्वपूर्ण छ । इतिहासले सिकाएको छ कि मानव कल्याण र चिरस्थायी सुख दुवै एकै चोटि पाउन सकिँदैन । किनकि धेरै जसो मानिसहरूको जीवन सामान्यतः मानसिक मूल्य र नैतिक सिद्धान्तहरूद्वारा नियन्त्रण गरिएका हुन्छन् जुनकि धर्मले मात्रै प्रभावशाली ढंगले प्रदान गर्न सक्छ । यदि पुरुष तथा स्त्रीहरूलाई श्रद्धाको मूल्य बुझाउन सकेमा र उनीहरूले सत्य, न्याय, सेवा, दान र मैत्रीका आदर्शहरूको अभ्यास गरेमा मानिसहरूको जीवनमा सरकारी हस्तक्षेप धेरै अनावश्यक तुल्याइदिन सकिने छ ।

मोक्ष प्राप्तिको लागि पुण्य (सुकर्म) आवश्यक छ; तर पुण्य मात्रै भएर पनि पुग्दैन । पुण्य प्रज्ञा (बुद्धि) सँग मिश्रण गर्नु पर्दछ । पुण्य प्रज्ञा एउटा चराका दुईता पखेटाहरू जस्तै हुन् । प्रज्ञालाई मानिसको आँखासँग तुलना गर्न सकिन्छ; पुण्य, खुट्टासँग । पुण्य त मोक्षको द्वारसम्म ल्याइदिने एक गाडी जस्तै मान्न सकिन्छ ।


https://dhamma.digital

तर द्वारलाई खोल्ने सच्चा साँचो त प्रज्ञा नै हो । पुण्य त कुशल तथा उत्तर जीवन जिउने उपायको एक अंग हो । बिना कुनै नैतिक अनुशासनले चेतनशील अस्तित्वका कलंकहरूलाई शुद्ध गर्न सकिँदैन ।

## भक्ति, श्रद्धा र उपासना

### प्रज्ञाले श्रद्धालाई बाटो देखाउँछ; श्रद्धा प्रज्ञाको बाटोमा लाग्छ ।

ईश्वरवादी विचारधारामा पाइने भक्ति बुद्धधर्ममा पाईंदैन । ईश्वरवादी भक्ति अविकसित मनको लागि लागु पदार्थ हो । ईश्वर वादी भक्ति त्यस्ता कुराहरूमा हुन्छन् जुनलाई कि थाहा पाउन सकिंदैनन् । ज्ञानले भक्तिको नाश गर्छ र भक्तिले आफैलाई नाश गर्छ किनकि यो ती कुरामा आधारित छन् जुनलाई कि थाहा पाउन सकिदैनन् ।

भक्तिको मूर्खतापूर्ण र 'अन्धो' प्रवृतितिर औंल्याउँदै भोल्टाएरले भनेको थियो, "भक्ति भनेको त्यस्ता कुरामा विश्वास गर्नु हो जसको विषयमा तिम्रो तर्क भन्छ कि तिमी गलत छौ; कारण यदि तिम्रो तर्कले यसलाई ठिक ठान्यो भने अन्धभक्तिको प्रश्न उठ्नै सक्दैन ।"

जे होस्, श्रद्धा भनेको भक्ति होइन । किनकि श्रद्धा भनेको थाहा पाउन नसकिने कुराहरूलाई मनले स्वीकार गर्नु होइन । श्रद्धा त निश्चित आकांक्षा हो जसलाई थाहा पाउन नसकिने होइन, बरु जसलाई हरेकले आफैले अनुभव र बुझ्न सकिन्छ, पत्ता लाउन सकिन्छ । श्रद्धा एक विद्यार्थीले एक गुरुप्रति गर्ने विश्वास हुन सक्छ जसले उसलाई कक्षामा न्यूटनको गुरुत्वाकर्षण सम्बन्धी इनभर्स (उल्टो) वर्ग नियम (Inverse square law of



https://dhamma.digital

gravitation) सिकाउँछ र तर यदि उक्त विद्यार्थीले आइन्सटेनको सापेक्षवादको सिद्धान्त (Theory of Relativity) को बारे केही सुनेको भए उसले आँखा चिम्लेर आफ्ना गुरु र पुस्तकको कुरामा विश्वास गर्दैन, बरु आफ्नो निर्णयलाई त्यतिबेलासम्मको लागि आफूमा संचित गरिराख्छ जबसम्म ऊ आफैले जाँचबुझ गर्न समर्थ हुँदैन ।

एक बौद्धको लागि श्रद्धा भनेको तर्क, ज्ञान र अनुभवको एक परिणाम हो । जब उत्पन्न हुन्छ, श्रद्धाले कहिल्यै पनि अन्ध भक्तिको रूप लिँदैन । श्रद्धा मनको भक्ति बन्न जान्छ ।

आफ्नो समयकालमा बुद्धले आफ्ना अनुयायीहरूलाई आफूप्रति व्यक्तिगत अन्ध भक्ति पैदा गर्न उक्साउनु भएन । यस्ता मानसत्कारका कुराहरूले संतुलित चरित्रमा अवरोध वा धक्का पुऱ्याउँछ भन्ने कुरामा उहाँ सचेत हुनुहुन्थ्यो । सीमा नाघेको भक्ति (उपासना) मोक्षको मार्गमा अवरोध बन्न सक्छ ।

साँच्चै त बुद्धले अशिक्षित समाजको हृदय जित्न बढी लोकप्रिय उपदेशहरू दिन सक्नु हुन्थ्यो; मानिसहरूलाई खालि उहाँको प्रार्थना गर्न, उहाँलाई भक्ति गर्नलाई भनेर बदलामा उनीहरूलाई स्वर्ग पुऱ्याइदिन्छु भनी वचन दिन सक्नु हुन्थ्यो उहाँले ।

## शील (नियम)

**यी शीलहरूको पालन गरेर तिमीले पनि आफ्ना साथीहरूलाई सर्वोच्च सेवा पुऱ्याउन सक्छौ ।**

**पञ्चशील**

आफ्नो दैनिक जीवनमा पंचशील पालन गर्नु प्रत्येक बौद्धको कर्तव्य हो । हुन त बौद्धले पालन गर्नै पर्छ भन्ने आदेश छैन,


https://dhamma.digital

तर पनि शुद्ध जीवन जिउनको लागि आफूलाई स्वयं अभ्यास गर्न उनीहरूले यी शीलहरू आफूखुसी पालन गर्नु पर्दछ । यी विश्वव्यापी शीलहरूको पालन गरेर कुनै पनि व्यक्तिले मानवताको लागि सर्वोच्च सेवा प्रदान गर्न सक्छ । यी शीलहरू हुन् -

१) हत्याबाट टाढा रहनु ।

२) चोरीबाट टाढा रहनु ।

३) वासना सम्बन्धी कुआचरणबाट टाढा रहनु ।

४) झूठो बोल्नुबाट टाढा रहनु ।

५) जाँड रक्सी खान, पिउनबाट टाढा रहनु ।

बुद्धधर्मको अभ्यासमा शीलहरू प्रथम तह हुन् । शीलको उद्देश्य हो मन, वचन र कर्मद्वारा हुने लालसाको कच्चा रूपलाई निर्मूल पार्नु । ध्यान गर्न चाहनेहरूका लागि पनि शील एक अत्यावश्यक आधार हो । शीलमा नबसेमा ध्यानको शक्तिलाई गलत र स्वार्थी ढंगले प्रयोग गरिने छ । शील पालन गर्नु भनेको चोर डाँकाहरूबाट घरलाई बचाउन चारैतिर बार बनाउनु जस्तै हो ।

Dhamma.Digital

## अष्टशील

धेरै बौद्ध देशहरूमा पूर्णिमा र प्रतिपदा दिन श्रद्धालुहरू अष्टशीलमा बस्ने चलन छ । प्रायः उनीहरू बिहान सबेरै विहारमा आउँछन् र शील पालन गरेर चौबिसै घण्टा त्यहीं व्यतित गर्दछन् । अष्टशीलमा बसी उनीहरू आफ्नो दैनिक जीवन र भौतिक संसारबाट अलग्गिन्छन् । अष्टशील पालन गर्नुको उद्देश्य विश्राम र शान्ति पाउनु, मनलाई वशमा पार्नु र जीवनमा मानसिक विकास गर्नु हो ।



https://dhamma.digital

शील पालन गरिरहेको बेला उनीहरू धार्मिक ग्रन्थहरू पढ्नमा, बुद्धका शिक्षाहरू सुन्नमा, ध्यान गर्नमा र विहारका धार्मिक गतिविधिहरूमा सहयोग गर्नमा आफ्नो समय व्यतित गर्दछन् । भोलिपल्ट बिहान उनीहरू फेरि अष्टशीलबाट पंचशीलमा आउनेछ जुनकि सामान्य जीवनमा पालन गर्न बनाइएका हुन् । आफ्नो सामान्य जीवन पालन गर्न उनीहरू घर फर्कन्छन् ।

अष्टशील भन्नाले तलका कुराहरूबाट टाढा रहनु हो -

१) हत्या २) चोरी ३) काम वासना ४) असत्यता ५) मदिरापान ६) कुसमयमा खाना खानु ७) नृत्य, गायन, भडकिला दृष्यहरू, फूलमाला लगाउनु, अत्तर क्रीम र सिंगार पतार गर्न प्रयोग गरिने अन्य सामानहरू ८) उँचो र विलाशी कुर्सि बिछौनाहरूको प्रयोग ।

यी अष्टशीलहरू मध्ये कुनै कुनै शीलको महत्व कसै कसैले बुझ्न सक्दैनन् । कसै कसैले विश्वास गर्छन् कि बुद्धधर्मले नृत्य, गायन, संगीत, सिनेमा, सुगन्ध, गहना र विलाशी सामानहरूको विरोध गर्छ । बुद्धधर्ममा हरेक साधारण बौद्धले यी कुराहरूबाट टाढै रहन पर्दछ भन्ने कुनै नियम छैन । मनोरंजनबाट टाढा रहन यी शीलहरू पालन गर्ने व्यक्तिहरू बौद्ध भक्तहरू हुन् र उनीहरूले यी शीलहरू केही समयको लागि मात्रै पालन गर्दछन् । यी मनोरंजन र सजावतबाट टाढा रहनुको मतलब इन्द्रियहरूलाई केही क्षणको लागि भए पनि शान्त पार्नु र मनलाई इन्द्रिय सुखहरूको दास नबनाउनलाई सिकाउनु हुन् । यी मनोरंजनहरूले मनका लालसाहरूलाई बढाउँदछन् र मानिसको मानसिक विकासमा अवरोध खडा गर्ने आवेगहरू पैदा गर्छन् । बरोबर यी मनोरंजनहरूबाट आफू टाढा रहनाले कुनै पनि व्यक्तिले कुनै न कुनै दिन आफ्ना कमजोरीहरूलाई जित्न सक्नेछ र आफूलाई



https://dhamma.digital

वशमा राख्न सकिने छ । जीवनको बाँकी भागमा त्यस्ता व्यक्तिले स्वअनुशासन र आवेग नियन्त्रणको अभ्यास गरें भनेर कहिले पनि पश्चाताप गर्ने छैन ।

# दश कुकर्म र दश सुकर्म

## तलका दश कुकर्महरूबाट टाढा रहन बौद्धहरूलाई सल्लाह दिइन्छ ।

शरीरबाट हुने तीन कुकर्महरू (पापहरू) हिंसा गर्नु, चोर्नु र व्यभिचार गर्नु । वचनबाट हुने चार कुकर्महरू: झूठो बोल्नु, चुक्ली गर्नु, कडा वचन बोल्नु र नचाहिदो कुरा गर्नु । मनबाट हुने तीन कुकर्महरू: लोभ, इर्ष्या र मिथ्याधारणा ।

तलका र दश सुकर्महरू गर्न बौद्धहरूलाई सल्लाह दिइन्छ-

१) दान २) शील ३) भावना (ध्यान) ४) धर्मदान (आफ्नो पुण्य अरूलाई दान दिनु) ५) अरूलाई पनि पुण्यकार्यमा सहभागी बन्न मौका दिनु ६) अरूले गरेको पुण्यकार्य देखेर खुसी हुनु ७) सम्माननीयहरूलाई सम्मान गर्नु ८) (बुद्ध) धर्मको प्रचार गर्नु ९) (बुद्ध) धर्मको व्याख्यान सुन्नु १०) आफ्नो आत्मविश्वासलाई दरिलो पार्न आफ्नो विचारधारालाई दरिलो पार्नु ।

### जुवा खेल्नुको बेफाइदा

जुवाबाट हुने हानि यही हो कि यसले मानिसहरूलाई इमान्दार र मेहनत गर्नबाट पन्छाउँछ र यसले उनीहरूलाई सँधै नै धनीहुने छोटो मार्गमा लाग्नतिर उक्साउँछ । जुवाले मानिसलाई निसन्देह रूपले धनी बन्न चाहने बनाइदिन्छ । जुवाबाट धन कमाउने आशा गर्नु भनेकै बादलले सूर्यबाट बचाउँछ भनी आशा



https://dhamma.digital

गर्नु जस्तै हो । मनोरंजनको लागि जुवा खेल्नु भनेको समय बर्बाद गर्नु हो । बुद्धले यो पनि भन्नु भएको छ कि मानिसको पतनको एक कारण जुवा पनि हो । जब हामी संसारतिर ध्यान दिन्छौं कि जुवामा लत लाग्नेहरूले आफ्नो सम्पति, आफ्नो परिवार र आफ्नो खुसी जम्मै बर्बाद गरिसकेका छन् । धेरै जसो गरेर जुवामा मानिसहरूले जति जितेको हो त्यो भन्दा बढी हार्छन्; त्यसैले एक उत्तम धर्मले मानिसलाई जुवा खेल्नलाई उक्साउँदैन ।

## बुद्ध नास्तिक थिएनन्

**अनीश्वरवाद भौतिक विचारधारासित जोडिएको छ जसलाई यो संसारभन्दा परको कुरा थाहा छैन ।**

बुद्धले ईश्वर चिन्तनलाई खण्डन गर्नु भएको छ र यसबाट उहाँ पूजा र भक्तिको खण्डन गर्नु चाहनु हुन्थ्यो । नैतिक र मानसिक मूल्यहरूको अस्तित्वबारे उहाँले दृढतापूर्वक थाहा पाउनु भयो । उहाँले नैतिक नियमको प्रशंसा गर्नु भयो । एउटै कुरामा मात्रै बुद्धधर्मलाई अनीश्वरवादी भन्न मिल्छ त्यो हो यसले कुनै शाश्वत महाशक्तिमान्, यो संसारको श्रृष्टिकर्ता वा संस्थापक ईश्वर वा परमेश्वरको अस्तित्वलाई अश्वीकार गर्दछ । 'नास्तिक' भन्ने शब्दको थुप्रै तिरस्कृत मानेहरू छन् जुनकि कुनै पनि हिसाबले बुद्धधर्मलाई लागु गर्न उपयुक्त छैनन् । 'नास्तिकता' भन्ने शब्दको प्रयोग गर्नेहरूले यसलाई धेरैजसो भौतिक विचारधारासित जोड्दछन्, जसलाई इन्द्रिय गौचर संसार र यसबाट प्राप्त गर्न सकिने नगण्य सुखभन्दा माथिको कुरा थाहा छैन । बुद्धधर्म यस्तो खालको होइन ।

सृष्टिकर्ता ईश्वरमा विश्वास नगर्ने भन्दैमा बौद्धहरूलाई नास्तिक, उच्छेदवादी, मूर्तिपूजक, सनातनी वा साम्यवादी भन्ने


https://dhamma.digital

नाउँ दिनु संगतयुक्त छैन । ईश्वरको बारेमा बौद्धहरूको दृष्टिकोण अन्य धर्महरूमा भन्दा फरक छ । विश्वासमा भिन्नता हुँदैमा कलंकित शब्दहरू र विशेषणहरू प्रयोग गर्नु अनुचित छ ।

बुद्धधर्म अन्य धर्महरूसँग यस कुरामा सहमत छ कि साँचो चिरकालीक सुख स्वर्गलोक वा देवलोक भनिने उच्च र आकाशीय लोकहरूमा पाउन सकिदैन । बुद्धधर्मद्वारा लक्षित मानसिक मूल्य यस संसारभन्दा माथिको अवस्थामा स्थित छ (निर्वाण), तर पनि बुद्धधर्मले यसै संसारमै 'पर' तथा वर्तमानलाई छुट्याएको छैन । यसले यसै संसारमै बलियोसँग जग बसालेको छ किनकि बुद्धधर्मले वर्तमान अस्तित्वलाई नै सर्वोच्च अवस्थामा पुऱ्याउन खोज्दछ ।

## निराशावादी धर्म

### बुद्धधर्म निराशावादी पनि होइन, आशावादी पनि होइन, यो त सत्यवादी हो ।

कोही कोही आलोचकहरू भन्छन् कि बुद्धधर्म एक अस्वस्थ, निराशावादी, अर्काको दोषमात्रै खोज्ने, जीवनको अन्धकार र कालो पक्षलाई माया गर्ने, निर्दोष मनोरंजनहरूको शत्रु र जीवनका सिधासाधा आनन्दहरूलाई क्रूरतासाथ कुल्चने धर्म हो । उनीहरूले बुद्धधर्मलाई एक निराशावादी, जीवनप्रति निराशाको दृष्टिकोणलाई उत्साहित पार्ने, मानिसका कार्यकलापमा दुःख र कुकर्म बढी छ भन्ने अस्पष्ट विचारलाई उक्साउने धर्मको रूपमा देख्छन् । यी आलोचकहरूको विचारधारा प्रथम आर्य सत्यमा आधारित छ कि हरेक कुरा दुःख हो ।

यदि यस धर्मका संस्थापक बुद्ध निराशावादी भएको भए उहाँको व्यक्तित्वलाई चित्रमा प्रस्तुत गर्दा विभत्स रूपमा



https://dhamma.digital

देखाइन्थ्यो होला । बुद्धको आकार (मूर्ति वा चित्र) शान्ति, आशा र करुणाको मानवी प्रतिक हो । अगाढ र दुर्बोध भनिने बुद्धको मुस्कान चिन्तित र निरूत्साहित व्यक्तिहरूका लागि उहाँको ज्ञान र आशाको मुस्कान एक अचूक औषधि हो ।

बुद्धले उहाँको मैत्री र करुणाको किरणहरू चारै दिशामा फैलाउनु भयो । त्यस्ता व्यक्ति निराशावादी हुन गाह्रै छ । जब तलवार मन पराउने (युद्ध मन पराउने) राजा तथा राजकुमारहरूले उहाँको कुरा सुन्यो तब उनीहरूले बुझे कि साँच्चैको एकमात्र विजय आफूलाई विजय गर्नु हो र जनताको हृदय जित्ने सबभन्दा राम्रो तरिका उनीहरूलाई (बुद्ध) धर्मको गुण देखाउनु हो ।

बुद्धले आफ्नो हास्य भावनालाई यतिसम्म विकसित गर्नु भएको थियो कि उहाँका कट्टर विपक्षीहरूले पनि सजिलैसित हतियार छाडि दिए । प्रायः गरेर उनीहरूले आफैको हाँसो उडाउन पनि रोक्न सकेन । बुद्धसँग खनौठो औषधी थियो; उहाँले उनीहरूको खतरनाक विषालु व्यवस्थाहरूलाई सफा गरिदिनु भयो र त्यसपछि उनीहरू उहाँको पाइला पछि लाग्न उत्साहित भए । उहाँको उपदेश, साकच्छा र छलफलमा उहाँले त्यो सन्तुलन र उत्कृष्टता कायम गर्नु भयो जसले गर्दा उहाँले सर्वसाधारणको आदर र स्नेह जित्नु भयो ।

बुद्धले कहिल्यै पनि आफ्ना अनुयायीहरू सँधै जीवनका दुःखहरूमा जकडिरहेको र कष्टदायी र दुःख जीवन जिइरहेको हेर्न चाहनु हुन्नथ्यो । उहाँले मानिसहरूलाई कसरी दुःखबाट मुक्त हुने र सुखको दिशामा लाग्ने भनी देखाउनलाई नै दुःखको सत्यता प्रकट गर्नु भयो । निर्वाण प्राप्त व्यक्ति हुनलाई विकसित गर्नु पर्ने भनेर बुद्धले भन्नु भएको प्रीति (आनन्द) पनि एक आवश्यक कुरा हो । प्रीति विरलै मात्रै निराशावादी हुन्छ ।


https://dhamma.digital

धर्मको रूपमा बुद्धधर्मले यो संसारमा हरेक वस्तुप्रति असन्तुष्ट प्रवृतिको प्रचार गर्छ । तैपनि बुद्धधर्मलाई सजिलैसित निराशावादी भनेर छुट्याउन सकिँदैन, किनकि यसले हामीलाई दुःखबाट कसरी मुक्त हुने भनेर पनि सिकाउँछ । बुद्धका अनुसार एक महापापीले पनि आफूले गरेको पापको फल भोगिसकेपछि मोक्ष प्राप्त गर्न सक्छ । बुद्धधर्मले हरेक व्यक्तिले कुनै दिन मोक्ष (निर्वाण) प्राप्त गर्न सकिन्छ भन्ने आशा जगाउँछ । अन्य धर्महरूले भन्छन् कि कोही कोही सदाको लागि दुष्ट हुन्छन् र एक शाश्वत नर्कले उनीहरूलाई पर्खिराखेको छ । बुद्धधर्म त्यस्तो विश्वासलाई मान्दैन ।

बुद्धधर्म न त आशावादी हो न त निराशावादी । यसले मानिसहरूलाई आशावादी र निराशावादीको आफ्नो परिवर्तनशील दृष्टिकोणले विश्वलाई हेर्न उक्साउँदैन । बरु बुद्धधर्मले हामीलाई सत्यवादी बन्न सिकाउँछः संसार जस्तो छ त्यस्तै नै हेर्न हामीले सिक्नु पर्छ ।

**बाँकी अन्त रमाइला लेखहरूका लागि यस पुस्तकको दोश्रो भागको प्रतिक्षा गर्नुहोस् ।**

Dhamma Digital



https://dhamma.digital

https://dhamma.digital

# बौद्ध विश्वास

(द्वितीय भाग)

लेखकः

**के. श्री धम्मानन्द**

Dhamma.Digital

अनुवादकः

**बरदेश मानन्धर**

https://dhamma.digital

**प्रकाशकः**
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार, श्रीघः नःघल टोल
काठमाडौं ।
फोनः १४५९५

नेपाल सम्वत् ११०३
बुद्ध सम्वत् २५२६
ईस्वी सम्वत् १९८३
विक्रम सम्वत् २०३९

**मुद्रक**
नेपाल प्रेस,
शुक्रपथ, काठमाडौं
फोन ११०३२



https://dhamma.digital

# प्रकाशकीय

बौद्ध विश्वासको प्रथम भाग अति नै लोकप्रिय भएकोले यो दोस्रो भाग तपाईंको हातमा चाँडै पुऱ्याउन सकिएको हो । श्रीलङ्काका भिक्षु के. श्री धम्मानन्दद्वारा लिखित "What Buddhist Believe" पुस्तकको अनुवाद हो यो । र यही नै धर्मकीर्तिको ९० औं प्रकाशन पनि हो ।

अनुवादको लागि कठोर परिश्रम गर्नु हुने गोष्ठीका सदस्य श्री बरदेश मानन्धर धन्यवादको पात्र छ । पुस्तक प्रकाशनको लागि आवश्यक आर्थिक सहायता दिनु हुने व्यक्ति, जसले आफ्नो नाम प्रकाशित गर्न चाहनु भएको छैन, पनि अति नै प्रशंसनीय छ र धन्यवादको योग्य पनि । प्रुफ पढि दिनु हुने भिक्षु अश्वघोष र प्रकाश बज्राचार्यप्रति कृतज्ञता ज्ञापन गर्दछौ ।

आर्थिक अनुदान मिलेमा यो पुस्तकको अन्तिम र तेस्रो भाग चाँडै नै प्रकाशित गर्ने हाम्रो लक्ष्य छ । यस रोचक पुस्तकबाट बुद्धधर्म सम्बन्धी केही ज्ञान हासिल गर्न सकोस् यही नै हाम्रो लक्ष्य हो ।

धम्मवती
अध्यक्ष
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

२९ पुष २०३९



https://dhamma.digital

https://dhamma.digital

# बिषय सूची


क्र.सं. पृष्ठ

प्रकाशकीय

१. किन केही प्रश्नहरूका उत्तर दिइएन ? ........ ८७
२. शाश्वतवाद र उच्छेदवाद ........ ८८
३. संघ वा भिक्षुहरूको समूह ........ ८९
४. नारी र बुद्धधर्म ........ ९१
५. ईश्वरवाद ........ ९३
६. देवताहरूप्रतिको विश्वास ........ ९९
७. के सँधै रहिरहने आत्मा छ ? ........ १००
८. दयाको खातिर गरिने हत्या ........ १०४
९. सत्य धर्म कुन हो ? ........ १०६
१०. धर्मको अनुशरण कसरी गर्ने ? ........ १०८
११. बैज्ञानिक युगमा बुद्ध-धर्म ........ ११०
१२. बुद्धको अन्तिम सन्देश ........ १२०
१३. शाकाहारिता ........ १२१
१४. धर्मको नाममा युद्ध ........ १२३
१५. बौद्ध धर्म-दूतहरू ........ १२४
१६. भविष्यका बुद्ध ........ १२७
१७. बुद्धका उत्तराधिकारी ........ १२८
१८. पुनर्जन्म ........ १२९
१९. भावना (ध्यान) ........ १३४
२०. निर्वाण ........ १३९
२१. मूर्ति-पूजा ........ १४२

प्रथम भागमा समावेश भएका शिर्षकहरू

तेस्रो भागमा समावेश हुने शिर्षकहरू




https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital

# किन केही प्रश्नहरूका उत्तर दिइएन ?

**जब प्रश्नकर्ता आफ्नै प्रश्नको सही उत्तर बुझ्न नसक्ने अवस्थामा हुन्छ, बुद्ध मौन रहनु हुन्थ्यो ।**

कुनै कुनै दार्शनिक प्रश्नहरू गरिंदा बुद्ध मौन रहनु हुन्थ्यो । बुद्धको यस मौनताले गर्दा आफ्नै गलत धारणाले गर्दा कोही कोही विद्वानहरू गलत निष्कर्षमा पुगे । यो कुरा सही हो कि यी विषयहरूमा भ्रम पैदा नहोस् भन्ना खातिर नै बुद्धले यी प्रश्नको उत्तरमा "हो" वा "होइन" भन्नु भएन । जब बुद्धले थाहा पाउनु हुन्थ्यो कि प्रश्नकर्तामा त्यस प्रश्नको ठिक उत्तर बुझ्ने क्षमता छैन, उहाँ मौन रहने गर्नुहुन्थ्यो । यी प्रश्नहरूमा बुद्ध मौन रहनु हुन्थ्योः–

क) के यो ब्रह्माण्ड नित्य छ वा छैन ?

ख) के यो ब्रह्माण्डको कुनै अन्त छ वा छैन ?

ग) के आत्मा र शरीर एउटै हो वा होइन ?

घ) के बुद्धहरू परिनिर्वाण पछि रहनु (बाँच्नु) हुन्छ वा हुन्न ?

ङ) के बुद्धहरू परिनिर्वाण पछि रहनु हुन्छ पनि र रहनु हुन्न पनि वा होइन ?

बुद्धले यी प्रश्नहरूलाई सारहीन, अन्त्य नहुने छलफलको रूपमा लिनु हुन्थ्यो त्यसैले उहाँ मौन रहनु भयो । तर कसैले यो भन्न सक्दैन कि यी प्रश्नहरूको उत्तर वहाँसँग नभएर नै बुद्ध मौन रहेको थियो ।



https://dhamma.digital

# शाश्वतवाद र उच्छेदवाद

## बुद्धले उच्छेदवाद र शाश्वतवादका दुवै अन्तलाई अस्वीकार गर्नु भयो ।

सम्यक्दृष्टि वा ठीक दृष्टिलाई बुझ्नको लागि सबभन्दा पहिले गलत, अपरिपक्व वा मिथ्या मानिएका दुई दृष्टिलाई बुझ्नुपर्छ । पहिलो दृष्टि हो शाश्वत दृष्टि । यो सिद्धान्त वा विश्वास आध्यात्मिक जीवन वा आध्यात्मिक कुरासँग सम्बन्धित छ। बुद्धको समय भन्दा पहिले यस्तो शिक्षा दिइन्थ्यो कि हामीमा कुनै यस्ता कुरा छ जो सदैव रहिरहन्छ र परमात्मासँग मिलनको लागि हामीले आध्यात्मिक जीवन जिएर त्यस नित्य आत्माको रक्षा गर्नुपर्छ । बुद्धधर्ममा यसलाई "शाश्वतदृष्टि" भनिन्छ । यस्ता धारणाहरू आधुनिक युगमा पनि बाँकी नै रहेका छन् ।

बुद्धले शाश्वतदृष्टिको सिद्धान्तलाई किन मान्नु भएन वा अस्वीकार गर्नु भयो ? किनभने जब हामी यस संसारमा कुराहरूलाई सही रूपमा देख्छौं वा बुझ्छौं, त्यस्ता कुनै पनि कुरा हामी पाउन्नौं जो नित्य छ वा जो सदासर्वदा रहिरहन्छ । सबै कुराहरू परिवर्तन हुन्छन् र परिवर्तनशील सिद्धान्तमा आधारित भएकोले त्यस अनुसार परिवर्तन भई नै रहेकाछन् । जब हामी कुनै कुरालाई त्यसका तत्व (धातु) वा वास्तवकिताको रूपमा विश्लेषण गरेर हेर्छौं तब हामी कुनै त्यस्तो कुरा (आत्मा) वा नित्य र सधैं रहिरहने कुरा पाउन सक्दैनौं, त्यसैले नै यस शाश्वतदृष्टिलाई गलत वा मिथ्या मानिएको छ ।

दोस्रो गलत धारणा हो उच्छेददृष्टि वा मृत्यु पछि कुनै जन्म नै छैन भन्नेहरूको विचार । यो एक भौतिक दर्शन हो । जसले आध्यात्मिकतालाई अस्वीकार गर्दछ । जीवनलाई पूर्ण



https://dhamma.digital

रूपले भौतिकवादी भएर हेर्नु जीवनलाई आंशिक र अपूर्ण रूपमा बुझ्नु हो । जीवनको यस पक्षलाई पनि बिर्सन सकिँदैन जुन आध्यात्मिकतामा आधारित छ। कुनै पनि कुराको अन्त्यपछि त्यो फेरि अर्को रूपमा बन्दैन भनेर यदि कसैले विश्वास गर्छ भने यहाँ मानसिक पक्षलाई अस्वीकार गरिएको हुन्छ। हामीले भौतिक एवं मानसिक दुवै पक्षलाई विचार गरेको एवं बुझेको हुनुपर्छ। हामीले भौतिक एवं मानसिक दुवै पक्षलाई बुझिसकेपछि मृत्युपछि अर्को जन्म हुँदैन र अन्त पछि फेरि अर्को बन्दैन भनेर भन्न सक्दैनौं । जीवन सम्बन्धी उच्छेदवादीहरूको यो विचार मिथ्या छ, किनभने यो पूर्ण एवं दोषरहित छैन । त्यसैले नै बुद्धले पनि यस दृष्टिलाई स्वीकार्नु भएन । भगवान् बुद्धले मृत्युपछि सम्पूर्ण रूपमा अन्त हुने शिक्षा सिकाउनु भएन भन्ने कुरा प्रमाणित गर्न कर्मको सिद्धान्त नै काफी छ । बुद्धधर्मले "जीवितता" लाई मान्छ तर कुनै नित्य आत्माको रूपमा नभई कुनै नविकृत जीवको रूपमा ।

## संघ वा भिक्षुहरूको समूह

**यदि बुद्धले संघको स्थापना नगर्नु भएको भए आज बुद्धधर्म संग्रहालयमा मात्र पाउँथ्यो होला ।**

चार समूहका बुद्धका शिष्यहरू भिक्षु, भिक्षुणी, उपासक, उपासिका मध्ये संघ वा भिक्षुहरूको समूह नै भगवान् बुद्धसँग सबभन्दा निकट रहेका छन् । बुद्धको शिक्षा अध्ययन गर्नु र त्यस अनुसार मार्गदर्शन र सल्लाह दिनु नै बौद्ध भिक्षुहरूको कर्तव्य हो । उसले धार्मिक कार्य एवं समारोहहरूको सञ्चालन पनि गर्नु पर्ने हुन्छ । बुद्धका वचनहरूलाई बचाएर राख्नु मात्र उसको कर्तव्य नभई उहाँको शिक्षालाई विश्वभर नै प्रचार गर्नु पनि हो । भिक्षुहरूको उचित निर्देशन र सहयोग विना विश्वको कुनै पनि



https://dhamma.digital

भागमा बुद्धको शिक्षा प्रचार गर्नु सरल छैन । ईश्वर र मानिसको बीचमा मध्यस्थकर्ताको रूपमा काम नगर्ने हुनाले बौद्धभिक्षुहरूलाई पुरोहितको रूपमा लिइँदैन । उनीहरूले त त्यस्तालाई मात्र बाटो देखाउन सक्छन्, जो आफै मुक्ति पाउन खोज्छ । बुद्धको नजिक पुग्न कुनै मध्यस्थकर्ताको जरूरत छैन् । पुरोहित वा कुनै छानिएका व्यक्तिको विशेष हस्तक्षेप पनि चाहिँदैन ।

संघको स्थापना कालदेखि नै भिक्षुहरूका दुई बिभिन्न समूहहरू थिए – ग्रन्थधुर र विदर्शनाधुर । ग्रन्थधुर ती भिक्षुहरू हुन् जो आम मान्छेहरूसित मिलेर बस्छन् र समाजमा धार्मिक सेवाहरू पुऱ्याउँछन् । साधारणतया शिक्षित र युवक भिक्षुहरू यो समूहमा सम्मिलित हुन्छन् । विदर्शनाधुर ती भिक्षुहरू हुन् - जो व्यस्त समाजबाट अलग भई भावना अभ्यास मै समय बिताउँदछन् । धेरै बर्ष पुगेर भिक्षु भएकाहरू यस समूहमा लाग्ने गर्दछन् । समाजमा रहेर काम गर्ने भिक्षुहरूले पनि आफ्नो भावना अभ्यासलाई नटुटाइकन प्रतिदिन केही क्षण भए पनि भावना तिर लाग्नुपर्छ । भावना मै समय बिताउनेहरूले पनि अरूलाई कसरी भावना गर्ने भन्ने आवश्यक निर्देशन र सुझावहरू दिनुपर्छ । भिक्षुहरूका यी दुवै समूहहरू त्यतिकै महत्वपूर्ण छन्, कुनै बौद्ध देशहरूमा केही भिक्षुहरूले भावनाको लागि केही समय छुट्याउँछन् र त्यसपछि समाज-सेवाको लागि फर्कन्छन् ।

बौद्ध भिक्षुहरू बडो सरल जीवन बिताउँदछन् । जीवनप्रति उनीहरूको दृष्टि सहनशीलता र सन्तुष्टिताले भरिपूर्ण हुन्छ । भिक्षुहरू बस्ने विहारहरूमा शान्ति, स्थीरता र स्वच्छन्दताको वातावरण हुन्छ । धेरैजसो भिक्षुहरूको हँसिलो अनुहारमा शान्तिका प्रतिक झल्कन्छ । उनीहरूको हँसिलो मुहारमा प्रतिष्टता, भद्रता एवं गृहस्थताको जिम्मेवारीबाट अनासक्तमा स्वतन्त्रताको प्रतिविम्बित


https://dhamma.digital

हुन्छ । धर्मप्रति आस्था, सत्यता एवं दयालुपना नै उनीहरूका कर्तव्य हुन् । धेरै बौद्ध देशहरूमा भिक्षुहरूले धार्मिक क्षेत्रमा मात्र होइन सामाजिक, शैक्षिक, सांस्कृतिक एवं स्वास्थ्य सम्बन्धी कृयाकलापमा पनि सेवा पुऱ्याउने गर्छन् । वास्तवमा परम्परादेखि नै बौद्ध देशहरूमा बौद्ध विहारहरू मानवताको सेवा पुऱ्याउने सबै कार्यहरूको केन्द्र रही आएका छन् ।

कहिलेकाहीं यस्तो पनि सुनिन्छ कि भिक्षुहरू वास्तवमा चाहिँदैन र उनीहरूलाई बहिष्कार गर्नुपर्छ । भिक्षुहरू विना पनि धर्म अभ्यास गर्न सकिन्छ तर यदि उनीहरू साँच्चै नै भिक्षुहरूलाई बहिष्कार गर्न चाहन्छन् भने सबैभन्दा पहिले उनीहरूलाई भिक्षुहरूबाट नै धर्मको बारेमा अध्ययन गर्ने सल्लाह दिनुपर्छ । यदि बुद्धले संघको स्थापना नगरेको भए उहाँको सत्य उपदेशहरू धेरै पहिले नै यो संसारबाट लोप भईसके होला ।

## नारी र बुद्धधर्म

### एउटी छोरी छोरा भन्दा पनि असल सन्तान प्रमाणित हुनसक्छ ।

Dhamma.Digital

बुद्धधर्ममा नारीको स्थान अद्वितीय छ । बुद्धले नारीहरूलाई धार्मिक जीवनमा सहभागी हुने पूर्ण स्वतन्त्रता दिनुभयो । नारीहरूलाई धर्ममा स्वतन्त्रता दिने बुद्ध पहिलो धर्म-गुरु हुनु हुन्थ्यो । बुद्धभन्दा पहिले नारीहरूको कर्तव्य केवल भान्छाघरमा मात्र सीमित थियो । उनीहरूलाई कुनै पनि मन्दिर भित्र पस्ने वा धार्मिक पठनपाठन गर्ने छुट थिएन । बुद्धको समयमा नारीको स्थान समाजमा निकै नीच थियो । नारीहरूलाई यो स्वतन्त्रता दिइएकोमा अरू समुदायहरूले बुद्धलाई कडा आलोचना गरेका थिए । यस



https://dhamma.digital

पवित्र संघमा नारीलाई भित्र्याउने वहाँको पाइला त्यसताका ज्यादै हास्यास्पद बन्न पुगेके थियो। तैपनि बुद्धले नारीहरूलाई आफैलाई प्रमाणित गर्न र उनीहरूमा पनि पुरुषहरूले जस्तै अरहत् पद प्राप्त गर्ने क्षमता छ भनेर देखाउने अवसर दिनु भयो । यसैले सच्चा धार्मिक जीवन जिउन सिकाएकोमा र विश्व इतिहासमा सर्बप्रथम त्यसप्रकारको स्वतन्त्रता दिनु भएकोमा विश्वका प्रत्येक नारी बुद्धधर्मप्रति कृतज्ञ हुनुपर्छ।

बुद्धको समयमा नारीहरूप्रति रहेको धारणाको एउटा राम्रो उदाहरण मारका यी शब्दहरूमा पाउन सक्छौं "दुई औंले ज्ञान मात्र भएका कुनै पनि नारीहरू ती उचाइमा पुग्न सक्दैनन् जो पण्डितहरूले मात्रै पाउन सक्छन्" ।

निःसन्देह यस्तो धारणाहरू परिवर्तन गर्नमा बुद्ध तीक्ष्ण हुनुहुन्थ्यो। मारको यी कुरा सुनेपछि त्यस भिक्षुणीले यसरी जवाफ दिइन् – "जब आफ्नो मन एकचित्त हुन्छ र ज्ञानको कहिल्यै पनि कमी रहन्न भने के नारीहरू हुँदैमा केही फरक पर्ला र ?"

आफ्नी महारानीले छोरी पाइन् भन्ने सुन्नासाथ राजा कोशल धेरै निराश भए। छोरा जन्माउने उनको आशा थियो। राजालाई सान्त्वना दिने बुद्धले भन्नु भयो - "मान्छेहरूमा हे राजन, एउटी छोरी एउटा छोराभन्दा पनि असल छ भनेर प्रमाणित गर्न सक्छ, तिनी पनि ज्ञानी र गुणी हुन सक्छे। तिनीले जन्माउने छोराले ठूला कार्य गर्न सक्लान् ।" एक यस्तै प्रसङ्गमा लोग्नेमानिस मात्रै सधैं बुद्धिमान हुँदैन, नारीहरू पनि बुद्धिमान छिन् भनेर उनले स्वीकार गरे।


https://dhamma.digital

# ईश्वरवाद

## ईश्वरप्रतिको विश्वासको मान्यता वा सच्चाइ मानिसको समझदारी र बुद्धिको परिपक्वतामा निर्भर गर्दछ।

### १. ईश्वरवादको विकास

ईश्वरवादको उत्पति र विकास पत्ता लगाउन हामीले त्यस युगलाई सम्झनु पर्छ जब सभ्यता बाल्यावस्थामा नै थियो र विज्ञान अपरिचित थियो । त्यस समयमा मानिसहरूले भय र प्राकृतिक नियमप्रतिको सराहनाको कारणबाट विभिन्न प्रकारको ईश्वर र आत्माहरूमा विश्वास गरी बसे। तिनीहरू ती आत्मा र ईश्वर मिलाएर आ-आफ्ना धर्म पनि बनाउन थाले । तिनीहरूले आ-आफ्नै प्रकारको वातावरण र बुझ्ने क्षमता अनुसार विभिन्न प्रकारका ईश्वर र विश्वासको स्थापना गरे।

ईश्वरवादको शुरुवातमा मान्छेहरूले धेरै देवताहरूको पूजा गर्थे- रूखको, खोलाको, आकाशमा चम्किने बिजुलीको, आँधिको, हावाको, सूर्य एवं अरू अनगिन्ति प्राकृतिक (भौगोलिक) नियमहरूको। यी प्रत्येक एवं सम्पूर्ण देवताहरू प्राकृतिक नियमसँग सम्बन्धित थिए । विस्तारै मान्छेहरूले देवतालाई विभिन्न रूप, लिङ्ग, एवं मनुष्यहरूका अरू धेरै भौतिक र मानसिक स्वभाव दिन थाले। यी देवताहरूलाई प्रेम, घृणा, इर्ष्या, डर, घमण्ड, डाह जस्ता मानवीय गुणहरू तथा मान्छेमा हुने अरू पनि भावनाहरू दिइए। यी सबै देवताहरूबाट विस्तारै यस्तो धारणा हुनथाल्यो कि बह्माण्डको सिद्धान्त धेरै नभइ एउटै मात्र छ।  यस धारणाबाट नै अहिलेको एक ईश्वरवादको (परमेश्वर एउटै मात्र छ भन्ने वाद) विकास भएको हो ।



https://dhamma.digital

विकासको क्रममा ईश्वरवादले सामाजिक एवं वैचारिक मान्यताका विभिन्न परिवर्तनसित गुज्रिनु पर्‍यो । यसलाई विभिन्न मान्छेहरूले विभिन्न रूपले लिएका थिए । कसैले ईश्वरलाई पृथ्वी र स्वर्गको व्यक्तिको रूप दिए, उनीहरूले ईश्वरलाई एक व्यक्तिको रूप दिए । अरूले ईश्वरलाई भावनात्मक (देख्न नसकिने) रूपमा लिए: कसैले सर्वोच्च दैत्यको रूपमा स्वर्गसम्म पुर्‍याए भने कसैले पृथ्वीको पिंधसम्म झारेका थिए । कसैले ईश्वरलाई स्वर्गको चित्रमा राखे भने कसैले उसको मूर्ति बनाएर पूजा गरे । कसैले यतिसम्म पनि भने कि ईश्वर विना मोक्ष प्राप्त गर्नै सक्दैन चाहे तिमीले जतिसुकै राम्रो गरेको किन नहोस् । ईश्वरमा विश्वास नगरेसम्म तिमीले आफ्नो कार्यको फल पाउन सक्दैनौ । ईश्वरवादीहरूले यसलाई स्वीकार गरेर ईश्वर साँच्चै नै छ भन्ने विश्वास गरे । अनिश्वरवादीहरूले यसलाई स्वीकार गरेन र वास्तवमा ईश्वर छँदै छैन भन्न थाले । धर्ममा विश्वास नराख्नेहरूले "हामीहरूलाई थाहा छैन या हामी भन्न सक्दैनौं भने । यथार्थवादीहरूले ईश्वर छ छैन भने, एउटा सारहीन विवाद मात्र हो, किनभने 'ईश्वर' शब्दको अर्थ के हो भन्ने स्पष्ट छैन भने । यसले ईश्वरवादबारे विभिन्न विचार, विश्वास एवं नामहरू विकास भएको छ । मूर्ति भक्ति, आकाररहित ईश्वरमा विश्वास, धेरै ईश्वर र देवीहरूमा विश्वास एवं हालको एउटै परमेश्वरवादमा पनि विभिन्न राष्ट्र एवं व्यक्तिकहाँ पुग्दा खेरी धेरै प्रकारको परिवर्तन भइसकेका छन् । हिन्दु ईश्वर र इशाई ईश्वरमा धेरै फरक छ । त्यस्तै इसाई ईश्वर अरू धर्मको ईश्वर भन्दा फरक छ । त्यसैले अनगिन्ति धर्महरूको स्थापना भएको छ । सबै एक आपसमा भिन्न छन् र साथै सबैले ईश्वर एउटै छ भन्छन् ।


https://dhamma.digital

## २. ईश्वरवाद र सृष्टि

सबै धर्महरूको उत्पति र विकास ईश्वर सम्बन्धी विचारको आधारमा नै भएकोले ती धर्महरूमा सृष्टिको वारेमा आ-आफ्नै प्रकारका तर्क छन्। त्यसैले ईश्वरवाद विभिन्न धार्मिक व्यवस्थाहरू भित्रबाट शुरु भएका छन्। ईश्वरसित विभिन्न पुराणहरू जोडिएका छन्। मानिसहरूले मानिसको अस्तित्व र जीवनको प्रकृतिबारे आ-आफ्नो तर्क दिन ईश्वरवादलाई याव (सजिलो साधनको) रूपमा प्रयोग गरे ।

आज समझदार मान्छेहरू सबै प्राप्त लक्ष्यहरूको आधारमा यो निष्कर्षमा पुगेका छन् कि ईश्वरवाद जस्तै विभिन्न सृष्टि सम्बन्धी कथा (पुराण) पनि प्राकृतिक नियमलाई नजानेको कारणबाट शुरु भएको मानव कल्पनाको विकास क्रमको रूप मात्र हो । यी गलत धारणाको कारण त्यसताकाका मान्छेहरूमा रहेका डर र त्रास नै थियो । आज पनि मानिसहरू सृष्टि सम्बन्धी उहिलेका व्याख्यानलाई विश्वास गर्दछन् । हालका वैज्ञानिक सोचाइका आधारमा ईश्वरवादीहरूको 'ईश्वरको' परिभाषा अस्पष्ट छ । त्यसैले आजको सृष्टि सम्बन्धी सिद्धान्त वा व्याख्यानमा यसको कुनै स्थान छैन ।

यदि मान्छे कुनै बाहिरिया स्रोतबाट सृष्टि गरिएको भए ऊ त्यसै स्रोतको अधिकारमा हुनुपर्छ र ऊ आफैको हुँदैनथ्यो । बौद्धहरू मान्छे आफैको अधिकारमा छ र उसले गरेका सबै कामका लागि ऊ आफै जिम्मेवार छ भन्ने विश्वास गर्दछन्। त्यसैले कुनै बाहिरिया स्रोतबाट मान्छेको रूपमा उसको उत्पत्ति भएको थियो भन्ने विश्वास गर्ने बौद्धहरूलाई कुनै कारण नै छैन । उनीहरू यो विश्वास गर्छन् कि उसको आफ्नो कार्यबाट नै ऊ आज यहाँ भएको हो । ऊ कसैद्वारा पनि दण्डित वा पुरस्कृत हुँदैन ।


https://dhamma.digital

बरु उसको आफ्नै असल वा खराब कार्यहरूबाट मात्रै हुन्छ । जीवहरूको विकास-क्रममा (Evolution) मानव रूपको शुरुवात भएको हो । यो संसार कसैले सृष्टि गरेको हो भन्ने कुरा जनाउने बुद्धले केही भन्नु भएको छैन । संसार-पद्धतिको क्रमिक विकासको वैज्ञानिक तथ्यले बुद्धको शिक्षालाई प्रमाणित गर्छ ।

## ३. मानवीय कमजोरी र ईश्वरवादी धर्म

ईश्वरवादी र जससँग सम्बन्धित सृष्टिको कथाहरूको संरक्षण एवं रक्षा ईश्वरवादी धर्महरूले गरेका छन् । जसको लागि यी धारणाहरू यी धर्महरूलाई आफ्नो अस्तित्व एवं मानव समाजमा यसको उपयोगिता प्रमाणित गर्न यस्ता धारणाहरू आवश्यक छन् । सबै ईश्वरवादी धर्महरूले आ-आफ्नो ग्रन्थलाई देववाणी भनेर दावी गर्छन् । अर्को शब्दमा ती सबैले आफ्ना ग्रन्थहरू ईश्वरद्वारा सिधै आएको भन्ने बताउँदछन् । प्रत्येकले आफ्नो धर्म विश्वशान्ति, विश्वभाइचारा एवं अझ यस्तै उच्च आदर्शको लागि रहेको दाबी गर्दछन् । धर्मको आदेश जतिसुकै ठूलो भएतापनि विश्वइतिहासले यही बताउँदछ कि अहिलेसम्म पनि धर्मले अन्धविश्वास फैलाउनमा सघाउ पुऱ्याएका छन् । कोही कोहीले विज्ञान र ज्ञानको अभिवृद्धिको बिरोध गरे जसले गर्दा झगडा, नराम्रो भावना, हत्या एवं लडाई शुरु भए । यस परिवेशमा ईश्वरवादी धर्महरू मानवता प्रकाश पार्ने (ज्ञान दिने) प्रयासमा असफल भएका छन् । उदाहरण स्वरूप कुनै कुनै देशहरूमा जब मान्छेहरू (ईश्वरसँग) दयाको लागि प्रार्थना गर्छन् उनीहरूको हातबाट निर्दोष जनावरको अझ कहिलेकाहीँ आफ्नै मानवभित्रको घृणित बलिबाट रगताम्य भएका हुन्छन् । यी बिचरा असहाय जीवहरूको हत्या काल्पनिक एवं अदृश्य देवताहरूको मन्दिरहरूमा गरिन्छन् । धर्मको नाममा गरिने निष्ठुर परम्पराको तुच्छतालाई



https://dhamma.digital

बुझ्न मान्छेहरूलाई धेरै समय लागेको छ। विशुद्धिको सच्चा मार्ग त प्रेम र समझदारी नै हो भन्ने कुरा उनीहरूले कहिले महशुस गर्छ होला ?

ईश्वरवादी धर्मको अर्को कमजोरी यही नै हो कि उनीहरू ईश्वर विना मोक्ष पाउँदैन भन्छन्। कुनै मान्छे उच्चतम गुणहरूको शिखरसम्म पुगेको हुनसक्छ र उसले शुद्धरूपले जीवन यापन गरेको हुनसक्छ तैपनि ऊ सदाको लागि नर्क जानु पर्ने हुन्छ। सिर्फ यतिको लागि कि उसले ईश्वरको अस्तित्वलाई स्वीकार गरेन। अर्कोतर्फ, कसैले अति पाप गरेको हुन सक्छ तैपनि यसपछि एकपल्ट पश्चाताप गरे पछि उसलाई माफी दिन सकिन्छ र ईश्वरको लागि उसलाई बचाइन्छ। बौद्ध दृष्टिकोण अनुसार यस प्रकारको शिक्षा न्यायसँगत छैन।

ईश्वरवादी धर्महरूका यस्ता कमजोरीहरूका बावजुद पनि ईश्वररहित सिद्धान्तको प्रचार गर्नु उचित छैन। किनभने ईश्वरप्रतिको विश्वासले गर्दा मानवताप्रति ठूलो सेवा पुऱ्याएको छ। खास गरी जहाँ देवताहरू प्रतिको विश्वास आवश्यक परे। ईश्वरप्रतिको विश्वासले गर्दा मान्छेलाई उसको पशु स्वभावको नियन्त्रण गर्न मद्दत गरेको छ। त्यस्तै ईश्वरको नाममा अरूको लागि त्यतिको धेरै सहयोग गरेका छन्। यसरी नै ईश्वर प्रतिको विश्वास विना मान्छेले असुरक्षाको अनुभव गर्दछ। जब उसको मनमा यो विश्वास हुन्छ तब ऊ सुरक्षा र उत्साहले पूर्ण हुन्छ। यस्ता विश्वासको वास्तविकता वा वैधता उसको बुझ्ने क्षमता र आध्यात्मिक परिपक्वतामा निर्भर गर्दछ।

धर्मको असफलताको मुख्य कारण मान्छेहरूलाई आफ्नो धर्मलाई एउटा पूजा गर्ने साधनको रूपमा मात्रै लिन लगाउनु हो। यसको मतलव–धर्मको एउटा अत्यावश्यक जीवन-पद्धतिको



https://dhamma.digital

रूपलाई मृत प्रायः र मात्र औपचारिकतामा सीमित राखिनु हो । जब कुनै धर्मले यस्तो अवस्था आउन दिन्छ, तब धर्म कुनै महत्वको हुनबाट वञ्चित भएर वास्तवमा एउटा अवरोध बन्न पुग्छ ।

तथापि यसको कारण धर्म होइन बरु ती व्यक्तिहरू, जसले धर्मलाई सञ्चालन गर्छ र जसले आफ्नो धर्मप्रति अन्धश्रद्धाको माग गर्छन् (राख्न लगाउँछन्) फेरि यस्तो अन्धश्रद्धाले एकै धर्मभित्र एवं धर्महरू बीच आफ्नो दल (मत) को भावना एवं अरू प्रकारका साम्प्रदायिक गलत भावना ल्याउँछ । यसरी धर्महरू आफ्ना उच्च आदर्शको बावजुद पनि मानवतालाई ज्ञान दिनमा असफल रहेका छन् ।

धर्म हाम्रो व्यावहारिक जीवनसँग सम्बन्धित हुनुपर्छ । विश्वमा राम्रो आचरण गर्नेलाई मार्गदर्शनको रूपमा यसलाई प्रयोग गर्नुपर्छ । धर्मले हामीलाई के गर्नुपर्छ र के जान्नु पर्दछ भन्ने बताउँछ । यदि हामीले जो चाहिने हो त्यो गर्न जान्दैनौं र बुझ्दैनौं भने हाम्रो दैनिक जीवनमा धर्म कुनै महत्व र अर्थको हुँदैन ।

अर्कोतिर, यदि विभिन्न धर्मका अनुयायीहरू झगडा गर्छन् र अरूको धर्मको विश्वास र प्रचलनलाई निन्दा गर्छन - विशेषतः ईश्वर-अस्तित्व प्रमाणित वा अप्रमाणित गर्नमा र यदि उनीहरू फरक फरक धार्मिक दृष्टिकोणको कारणले अरू धर्मप्रति द्वेष र घृणाको भावना फैलाउँछन् भने तब तिनीहरू विभिन्न धार्मिक समुदायहरू बीच ठूलो खिचातानी पैदा गरिरहेका हुन्छन् । जे जस्तो धार्मिक असमानता भए पनि सहनशीलता, धैर्य एवं समझदारीपनाको अभ्यास गर्नु हाम्रो कर्तव्य हुन आउँदछ । हामीले स्वीकार गर्न नसकेतापनि अर्को मान्छेको धार्मिक विश्वासलाई सम्मान गर्नु हाम्रो कर्तव्य हो । सौहार्द्रपूर्ण एवं शान्तिपूर्वक जिउनका लागि सहनशीलताको आवश्यकता छ ।



https://dhamma.digital

# देवताहरूप्रतिको विश्वास

विभिन्न देवताहरू एवं दैत्यहरू, जो काम (भौतिक) सुखको दृष्टिले मनुष्यहरू भन्दा भाग्यशाली छन्, को अस्तित्वलाई बौद्धहरूले अस्वीकार गर्दैनन्। साधारण मनुष्यहरूमा नभएका केही शक्ति पनि तिनीहरूमा छन् । तैपनि यी देवताहरूका शक्ति पनि सीमित छन् किनभने उनीहरू पनि परिवर्तनशील (अनित्य) छन् । मनुष्यहरू भन्दा लामो समयसम्म उनीहरू सुखी लोक (भुवन) मा बाँच्छन् र जीवनको आनन्द लिन्छन् जब उनीहरूले पहिलेको जीवनमा सञ्चय गरेको आफ्नो कर्महरू सिद्धिन्छ यी देवताहरू पनि त्यहाँबाट च्यूत हुन्छन् र फेरि उनीहरूको असल वा खराब कर्म अनुसार अर्को ठाउँमा जन्म लिन्छन् । बुद्धका अनुसार राम्रो ठाउँमा जन्म लिनको लागि पुण्य कार्य गर्ने अवसर मनुष्यहरूको लागि बढता छ र देवताको लागि यस प्रकारको अवसर कम मात्र छ । बौद्धहरूले यी देवताहरूलाई कुनै विशेष महत्व दिँदैनन् । उनीहरूले यी देवताहरूलाई नैतिक विकास वा मोक्ष वा निर्वाण प्राप्तिको लागि सहाराको रूपमा लिँदैनन्। चाहे तिनीहरू ठूला वा साना होस्, मनुष्य एवं देवताहरू दुवै नै नाश हुनेछन् र पुनर्जन्म लिनेछन् ।

बौद्धजनहरूको यो आम विश्वास छ कि पुण्य कार्य गर्ने समयमा यी देवताहरूलाई पुण्य पठाएर उनीहरूको सहयोग (समर्थन) प्राप्त गर्न सकिन्छ। यो विश्वास धार्मिक जीवन जिउने व्यक्तिहरूको आरक्षा गर्न बुद्धले देवताहरूलाई दिनु भएको आदेशमा आधारित छ । यही नै कारण हो कि बौद्धहरूले यी देवताहरूलाई पुण्यानुमोदन गर्दछन् वा पुण्य कार्य गरिने समयमा उनीहरूको स्मरण गर्दछन् । तथापि, यस्ता देवताहरूको नाममा गरिने पूजा वा अर्पण (चढाउने) त्यतिको महत्वको छैन, तैपनि



https://dhamma.digital

केही बौद्ध प्रचलनहरू यस्तै कार्यमा केन्द्रित छन् । जब मान्छेहरू कुनै कठिनाइमा पर्छन्, स्वभावतः कुनै पूजा गर्ने ठाउँमा गएर देवताहरूसित आफ्ना कष्ट पोख्तछन् । यसो गर्नाले उनीहरूको मनलाई केही सान्त्वना मिल्छ, उनीहरूलाई धेरै सजिलोको महसूस हुन्छ। तैपनि यो एउटा बुद्धिजीविहरूका लागि, जसमा धेरै मनोबल, राम्रो शिक्षा एवं बुझ्ने क्षमता छ, यस्ता विश्वास एवं कार्यहरू कायमै राख्न आवश्यक छैन । निश्चय नै बुद्धधर्ममा यस्तो कुनै शिक्षा दिइएको छैन कि कुनै देवतासँग प्रार्थना गरेर निर्वाण प्राप्त गर्न सकिन्छ। बौद्धहरूले यो विश्वास गर्छन कि शुद्ध र अशुद्ध आफू भित्र निर्भर गर्दछ । बाहिरको कसैले पनि अरूलाई शुद्ध बनाउन सक्दैन । बाहिरको कुनै पनि श्रोतको कतिपनि सहयोग बिना नै बुद्धत्व एवं निर्वाण प्राप्त गर्नमा यो नीति सफल भएको छ। यसैले देवताहरूको साथ वा साथ विना पनि बौद्धहरू आफ्नो धर्म अभ्यास गर्न सक्छन् ।

## के सँधै रहिरहने आत्मा छ ?

### नित्य आत्मामा गरिने विश्वास मानव चेतनाको गलत धारणा हो ।

Dhamma.Digital

### आत्मा बारेका सिद्धान्तहरू

आत्मा सम्बन्धी सिद्धान्त बारे संसारमा ३ प्रकारका धर्म गुरुहरू पाइन्छन्। पहिलो धर्म गुरुले मृत्युपछि पनि रहिरहने नित्य आत्मा बारे सिकाउनु हुन्छ - ऊ नित्य (परमात्मावादी) हो । दोश्रो गुरुले मृत्युपछि अन्त हुने अस्थायी आत्माबारे सिकाउनु हुन्छ – ऊ भौतिकवादी हो । तेश्रो गुरुले न नित्य न अस्थायी आत्मा बारे सिकाउनु हुन्छ – वहाँ बुद्ध हुनुहुन्छ । बुद्धका अनुसार हामीले अहं, आफू, आत्मा, म, ऊ भनिने मात्र प्रज्ञप्ति (लौकिक वा व्यावहारिक



https://dhamma.digital

धारणा) हुन्, जसले कुनै सत्य, स्वतन्त्र अस्तित्व जनाउँदैन । एक बौद्धले यस्तो विश्वास गर्दैन कि यस्तो कुनै आत्मा छ जो नित्य छ, जुन स्वर्ग (परमात्मा) बाट आउँछ वा जुन आफै बनेको हुन्छ र जुन अर्को जीवनमा प्रवेश गर्छ वा जुन मृत्युपछि सिधै स्वर्ग वा नर्कमा जान्छ । बौद्धहरू यो विश्वास गर्दैनन् कि यो या अरू कुनै संसारमा पनि त्यस्तो कुनै छ जुन नित्य र अपरिवर्तनीय छ । हामी आफैप्रति आशक्त हुन्छौं र कुनै त्यस्तो नित्य कुरा पाउन खोज्छौं । हामी त्यस बच्चा जस्ता छौं जो आकाशमा देखिने इन्द्रधनुष समात्न चाहन्छ । एक बच्चाको लागि त इन्द्रधनुष सजीव एवं साँच्चैको हुन्छ तर ठूलाहरूले यो बुझेका हुन्छन् कि यो त पानीको थोप्ला र प्रकाशको किरणबाट बनेको इन्द्रजाल मात्र हो । प्रकाश तरङ्गका ताँतीहरू मात्र हो, जुन इन्द्रधनुष भन्दा बढी वास्तविक छैन ।

आत्मा पत्ता नलगाइकन नै मान्छेले धेरै गरिसकेका छन् । आत्मालाई भेटाउन नसकेका कारणबाट थकाइ वा अवन्तीका संकेत देखाइएको छैन । आत्मा र यसका काल्पनिक कार्यहरूको बारे कसैले पनि कुनै नयाँ वा विश्वास हलचल मचाउने खालका कुनै सिद्धान्त प्रस्तुत गर्न सकेका छैनन् । मान्छेभित्र आत्माको खोजी गर्नु कुनै अँध्यारो खाली कोठामा केही खोज्नु जस्तै छ । तर त्यस बिचरा मानिसले यो कहिले पनि महसूस गर्ने छैन कि उसले जसको खोजी गर्दैछ त्यो त्यस कोठामा छैन । त्यस मानिसलाई उसको खोजीको निरर्थकता बुझाउन धेरै गाह्रो छ ।

आत्माको अस्तित्वमा विश्वास गर्नेहरू यो के हो ? कहाँ छ ? भन्ने कुरा बताउने स्थितिमा छैनन् । बुद्धले यस अनावश्यक कल्पनामा धेरै समय बर्बाद नगर्न बरु आफ्नो मुक्तिका लागि



https://dhamma.digital

कार्यरत रहन भन्नु भएको छ। जब हामी आफ्नो अन्तिम लक्ष्यसम्म पुग्नेछौं तब हामी आत्मा छ वा छैन भन्ने बुझ्न सक्षम हुनेछौं ।

बुद्ध आत्माको बारेमा चिन्तना गर्नु व्यर्थ एवं भ्रमपूर्ण भन्नु हुन्छ । एकपटक उहाँले भन्नु भयो–"अज्ञानता र भ्रमको कारणले नै मान्छेहरू उनीहरूको आत्मा भन्ने कुनै अलग र आफै रहिरहने हो भन्ने सपनामा (कल्पनामा) बाँच्छन् ।" उनीहरूको दिल (मन) 'म' प्रति आसक्त रहेको हुन्छ । उनीहरू स्वर्गको बारेमा चिन्तित छन् र स्वर्गमा 'म' को (आफ्नो) सुखको चाहना गर्छन् । त्यसैले उनीहरू कुशल कार्यहरूबाट पाउने आनन्द र सत्यको अमरता देख्न सक्दैनन् ।

## अनात्माः आत्मा छैन भन्ने शिक्षा

बुद्धले आफ्नो अनात्मवादबाट आत्मा बारेको सबै सिद्धान्त एवं कल्पनाको (प्रतिवाद) विरोध गर्नु भयो । अनात्मलाई धेरै नाम दिन सकिन्छ – आफू भन्ने छैन, अ-आत्मा, आत्मा भन्ने छैन, अहं-रहित इत्यादि ।

अनात्मा बारे बुझ्न हामीले परमात्मावादको 'म मात्र आत्मा छ', र भौतिकवादको 'म भित्र आत्मा छैन' भन्ने सिद्धान्त बुझ्नुपर्छ। यी दुवै आत्म-बोध र मुक्तिका लागि बाधा हुन् । यिनीहरू 'म' छु भन्ने गलत धारणाबाट उत्पन्न हुन्छन्, त्यसैले अनात्मा बारेको शिक्षालाई बुझ्नु आत्मा सम्बन्धी कुनै पनि बिचार या दृष्टि तर्फ लाग्नु हुँदैन । बरु कुनै पनि प्रकारको कल्पनाबाट मुक्त भएर सबै कुरालाई उनीहरू जस्तो छ त्यस्तै राम्ररी देख्ने प्रयास गर्नु पर्छ । 'म' वा आत्मा वा आफू भनिने वास्तवमा को हो ? भन्ने राम्ररी बुझ्न खोज्नु पर्छ – यी सबै मात्र परिवर्तन भइरहेका शक्तिको समूह मात्र हो । यसको लागि केही विश्लेषणात्मक व्याख्याको


https://dhamma.digital

आवश्यकता छ – बुद्धका अनुसार हामीले हामीभित्र कुनै नित्य छ भन्न सकिने वास्तवमा भौतिक र मानसिक समूह वा शक्ति (पाँच स्कन्धहरू) मात्र हो । शरीर वा रूप (रूपक्खन्ध), संवेदना (वेदनाखन्ध), संज्ञा (सञ्ञाक्खन्ध), संस्कार (संखारक्खन्ध) र चेतना (विञ्ञाणक्खन्ध) । यी पाँचै शक्तिहरू प्रत्येक क्षणमै परिवर्तनको प्रवाहमा चलिरहेका छन् । तिनीहरू कहिल्यै पनि दोस्रो क्षणमा त्यही अवस्थामा हुँदैनन् । मनो-भौतिक जीवनमा यिनीहरू सहायक शक्तिहरू हुन् । जब बुद्धले भौतिक जीवनको विश्लेषण गर्नुभयो । वहाँले यी पाँच समूह वा शक्ति मात्रै पाउनु भयो । वहाँले कुनै नित्य आत्मा पाउनु भएन । तथापि अझै पनि चेतना नै आत्मा हो भन्ने धेरैको गलत धारणा रहेको छ । बुद्धले द्विविधारहित भएर जोडदार रूपमा घोषणा गर्नु भएको छ कि चेतना भनेको रूप, वेदना, संज्ञा, संस्कारमा निर्भर गर्दछ र यो (चेतना) यिनीहरूबाट अलग रहन सक्दैन ।

बुद्धले भन्नु भएको छ – भिक्षुहरू, रूप आफू होइन, वेदना आफू होइन, संज्ञा आफू होइन, संस्कार पनि आफू होइन र न त विज्ञान (चेतना) नै आफू हो । यसलाई बुझेर, भिक्षुहरू, मेरा शिष्यहरूले रूप, वेदना, संज्ञा, संस्कार वा विज्ञानलाई कुनै महत्व दिने छैनन् । यिनीहरूलाई कुनै महत्व नदिएको खण्डमा ऊ तृष्णाबाट मुक्त हुनेछ । विमुक्ति-ज्ञान ऊ आफैमा उत्पन्न हुनेछ र उसले जान्ने छ- कि जो गर्नु पर्ने हो उसले गरिसकेको छ, कि उसले पवित्र जीवन अपनाएको छ, कि ऊ अब फेरि यो वा त्यो हुने छैन, कि उसको अर्को जन्मको निर्मूल भएको छ ।

बुद्धको यस अनात्म-शिक्षा २५०० बर्ष पुरानो छ । आज आधुनिक वैज्ञानिक युगको विचारधारा बुद्धको यस अनात्म वा आत्मा छैन भन्ने शिक्षातिर प्रवाहित भइरहेको छ । आधुनिक वैज्ञानिकहरूको



https://dhamma.digital

दृष्टिमा मान्छे सदैव परिवर्तन भइरहने संवेदनाहरूको समूह मात्र हो । आधुनिक भौतिक शास्त्रका अनुसार ठोस जस्तो देखिने यस ब्रह्माण्ड वास्तवमा ठोस वस्तुहरूबाट बनेको छैन । बरु शक्तिको प्रवाह मात्रै हो । आधुनिक भौतिकविद्‌हरूले सम्पूर्ण ब्रह्माण्डलाई विभिन्न शक्तिहरूको परिवर्तनको एक प्रक्रिया मात्र ठान्दछन् जुन शक्तिहरूका मान्छे एक अङ्ग मात्र हो । बुद्धले यसलाई २५०० बर्ष अगाडि नै पत्ता लगाउनु भएको थियो । एक विशिष्ट लेखक डब्लु एस विलीले भनेको छ – “आधुनिक सोचाइका प्रभावशाली समूहको प्रभावले गर्दा मान्छेमा नित्य (कुरा) छ भन्ने विश्वास झन झन कम भइरहेका छन् ।” आत्माको अमरता प्रति विश्वास एउटा कट्टरता हो जसलाई धेरै ठोस प्रमाणित तथ्यले गलत सावित गरिसकेको छ ।

## दयाको खातिर गरिने हत्या

**दया र हत्या कहिल्यै पनि साथसाथै हुन सक्तैन ।**

बौद्धहरू दयाको कारणबाट कसैलाई मार्नु न्यायोचित भन्दैनन् । कहिल्यै पनि दया र हत्या एकै साथ हुन सक्दैन । कसैले आफूले पाली राखेको जनावरको दुःख वा कष्ट देख्न चाहन्न भनेर उनीहरूलाई मार्ने गर्दछन् । यदि दयाको कारणले पालीराखेको र अरू प्राणीहरूलाई मार्नु ठीक छ भने आफ्नो प्यारो व्यक्तिलाई पनि त्यस्तै गर्न किन मान्छेहरू त्यतिको हिच्किचाउँछन् ?

जब कसैले आफ्नो कुकुर वा बिरालो कुनै रोगको कारणबाट छटपटिएको देख्छ, ऊ त्यस बिचरा जनावरलाई मार्नतिर लाग्दछ । उनीहरू यसलाई दयापूर्वक मारेको भन्दछन् । वास्तवमा उनीहरूमा त्यस प्राणीप्रति दया छ भन्ने कुरा ठीक होइन तर आफ्नै सावधानी र त्यस डरलाग्दो दृष्यबाट मुक्त हुनको लागि नै उनीहरूले त्यसलाई



https://dhamma.digital

मारेको हो र उनीहरूमा त्यस पीडित प्राणी माथि दया भएको भए पनि पीडाबाट मुक्ति दिनको लागि उसलाई मार्ने उनीहरूमा कुनै अधिकार छैन । चाहे ऊ जत्तिकै दयालु भएता पनि यस प्रकारको हत्या सही तरीका होइन । घृणाको कारणबाट गरिने हत्या भन्दा यसरी गरिने हत्याको फल धेरै फरक हुन्छ। बौद्धहरूलाई कुनै पनि प्रकारको हत्यालाई न्यायोचित भन्ने कुनै आधार छैन ।

विचार वा नियत असल छ भने, त्यो कार्य पनि असल हुन्छ भने गलत धारणा लिएर कोही व्यक्तिहरू यसरी गरिने हत्यालाई न्यायोचित भन्न खोज्छन् । उनीहरू भन्छन् की त्यस पीडित प्राणीलाई उसको पीडाबाट मुक्त गराउने विचारले नै त्यसलाई मारेको हो, त्यसैले यो कार्य ठीक छ । तर दयाको भाव पछि उत्पन्न हुने चेतनाको कारणले गरिएको त्यस नराम्रो कार्य (हत्या) ले अवश्य पनि नराम्रो फल दिन्छ । त्यसैले नै बौद्ध सिद्धान्त अनुसार दयाको लागि गरिने हत्या राम्रो कर्म (कार्य) होइन ।

बुद्धले हत्या नगर्नका लागि सबैलाई सल्लाह दिनु भएको छ। यदि सबैले यस सल्लाहलाई मान्दछ भने मान्छेहरूले एक अर्काको हत्या गर्ने छैनन् । बुद्ध भन्नु हुन्छ- आफ्नो ज्यान खतरामा पुगेको अवस्थामा पनि आफ्नो रक्षाको लागि कसैलाई मार्नु ठीक छैन । मैत्री नै आफ्नो रक्षाको हतियार हो । जो यस मैत्रीको अभ्यास गरी रहन्छ उसलाई यस्तो दुर्भाग्य शायदै आउँछ। तैपनि मान्छेले आफ्नो जीवनलाई यति माया गरेको हुन्छ कि ऊ आफूलाई अरू समक्ष समर्पण गर्न तयार हुँदैन र त्यस्तो अवस्थामा धेरैले आफ्नो रक्षाको लागि संघर्ष गर्छन् ।

आफ्नो रक्षाको लागि गरिने संघर्षमा यदि केही गरी मार्छु भन्ने चेतना विना नै शत्रु मारिन गयो भने त्यस कार्यको लागि



https://dhamma.digital

ऊ जिम्मेवार ठहरिँदैन । त्यसको ठीक विपरीत जस्तोसुकै अवस्था भए पनि चेतनासहित उसले मार्‍यो भने त्यस कार्यको फलबाट ऊ मुक्त हुन सक्दैन । त्यसको परिणाम उसले भोग्नु पर्ने हुन्छ । हामीले यो सम्झनु पर्छ कि 'मार्नु' मार्नु नै हो । जब हामी यसलाई समर्थन गर्दैनौं, हामी यसलाई हत्या भन्छौं । जब हामी कुनै हत्यारालाई सजायँ दिन्छौं भने त्यसलाई 'सजायँ' भन्छौं । जबकि यदि हामी कसैलाई मारेकोमा समर्थन गर्छौं भने हामी यसलाई 'युद्ध' भन्छौं । जब यो शब्दहरूबाट भावनात्मक प्रतिकृया ल्याउँछौं तब हामी बुझ्न सक्छौं की 'मार्नु' मार्नु नै हो ।

यदि हामी दायपूर्वक गरिने हत्या नगर्ने हौं भने समाजमा एउटा अवस्था हुन सक्छ । तर धर्मले यस प्रकारको हत्यालाई पूर्ण रूपले नराम्रो फलबाट मुक्त छ भनेर भन्न सक्दैन । तैपनि कुनै द्वेष या घृणाबाट रहित भएर आवश्यकता भएर नै मात्र मारिनुको नराम्रो परिणाम प्रबल द्वेष र इर्ष्याको कारणबाट गरिने हत्याको दुष्परिणाम भन्दा कम नै हुन्छ ।

## सत्य धर्म कुन हो ?

**यदि कुनै धर्ममा चार आर्य सत्य र आठ मार्गहरू छन् भने त्यसलाई सत्य धर्म मान्न सकिन्छ ।**

विश्वमा किन त्यतिका विभिन्न धर्महरू छन् भनेर पत्ता लगाउन धेरै गाह्रो छ। कुन चाहिं सत्य छ ? सबै धर्मका अनुयायीहरू आ-आफ्नो धर्मलाई ठूलो बनाउन खोजिरहेका छन् । विभिन्नताले गर्दा केही एकरूपता ल्याएका छन् भने धर्मको विषयमा मान्छेहरू एकले अर्कालाई घृणा र हेयको दृष्टिले हेर्छन । एउटा धर्मको सबैभन्दा मर्यादित अभ्यास अर्को धर्ममा हास्यास्पद हुन्छन । आफ्नो दैवीय र शान्तिको सन्देश अरूहरूलाई दिनको लागि किन मान्छेहरू


https://dhamma.digital

हतियारको प्रयोग गर्छन् ? के तिनीहरूले धर्मको आदेशलाई दूषित गरेका छैनन् र ? कुनै कुनै धर्महरू मानवतालाई एकत्रित गर्नुको सट्टा विभाजन गर्नमा जिम्मेवार भएको देखिन्छन् ।

एउटा सत्य र सही धर्म पत्ता लगाउनको लागि हामीले झुठा धर्महरूलाई जान्नु पर्छ । झुठा धर्म वा दर्शनहरूमा यी पर्दछन् – भौतिकवाद, जसले मृत्यु पछिको जीवनलाई स्वीकार गर्दैन, अनैतिकवाद जसले असल र खराब मान्दैन, कुनै पनि धर्म जसले अद्भूत रूपले मान्छेलाई बनाउने वा दण्ड दिने कुरा सिकाउँदछ । ईश्वरवादीहरू जसले जीवनमा हुने सबै कुरा पूर्व निश्चित भै सकेका हुन्छन् र अन्तमा सबैले मुक्ति पाउँछन् भन्ने दृष्टि राख्छन् ।

एउटा सत्य र सही धर्म-पत्ता लगाउनको लागि हामीले सन्तोषजनक आधार पत्ता लगाउनु पर्छ । धर्मको सन्तोषजनक आधार त्यस्ता धर्म गुरु वा संस्थापकमा पाउन सक्दैन जसले सबै कुरा जान्न सक्ने र नित्य रहने दावा गर्छन् । देववाणी पनि धर्मको सन्तोषजनक आधार होइन किनभने यिनीहरू आपसमा नमिल्ने खालका एवं अविश्वसनीय सावित भएका छन् । तर्कना मात्रै (र कल्पना) पनि धर्मको अविश्वसनीय आधार हो किनभने तर्कना नमिल्ने र यसका निष्कर्ष झुठा हुन सक्छन् । पूर्ण नास्तिकवाद सच्चा धर्म बनाउनमा कमजोर आधार हो ।

बुद्धधर्म यी असन्तोषजनक र अविश्वसनीय आधारबाट मुक्त छ । बुद्धधर्म यथार्थवादी छ र यसलाई परीक्षा गरेर हेर्न सकिन्छ । यसका सत्यलाई बुद्धले, उहाँका अनुयायीहरूले जाँची (परीक्षा गरी) सकेका छन् र कोही पनि त्यसो गर्न चाहनेले त्यसो गर्नको लागि सँधै खुला रहेको छ ।



https://dhamma.digital

बुद्धले कुनै पनि धर्ममा चार आर्य सत्य र आठ मार्गहरू भएको खण्डमा त्यो सत्य छ भनेर बताउनु भएको छ। यसबाट यो स्पष्ट हुन्छ कि बुद्ध कुनै एउटा धर्म बनाउन होइन सत्यलाई प्रकाश पार्न चाहनु हुन्छ।

## धर्मको अनुशरण कसरी गर्ने ?

**यदि हामीले आफ्नो इर्ष्या, घमण्ड र दुष्ट्याईंलाई केही समयको लागि भए पनि हटाउन सिक्यौं भने धर्मलाई अनुशरण गर्ने सही बाटो हामीले पाएका हुन्छौं।**

धेरैले धर्मलाई जीवनबाट टाढा हुने रूपमा लिएका छन्। त्यसैले धेरै व्यक्ति आफूलाई धर्मात्मा कहन्छन्, तर साँच्चैका धर्मात्मा होइनन्। उनीहरूले धर्मात्माको कपडा लगाउन सक्छन्, उनीहरू धार्मिक स्थलहरूमा धेरै गएका पनि हुन सक्छन्। तै पनि भेष के को लागि हो भनेर उनीहरूले बुझ्न सकेका छैनन्। धर्मले मान्छेलाई असल गर्नको लागि सिकाउँछ, तर असल गर्ने पट्टि उसको अभिरूची छैन, धर्मको सत्य र महत्वपूर्ण पक्षलाई अनुशरण गर्नमा उसमा रूची छैन, कुनै धार्मिक महत्व नभएका कार्यहरू गर्न पट्टि नै ऊ लागिरहेको हुन्छ। अझै पनि धर्मले उसलाई के गर्नको लागि भन्छ भन्ने कुरा महशुस गरेको छैन। केही समयका लागि मात्रै भए पनि हामीले हाम्रो इर्ष्या, अहंपना र दुष्ट्याईंलाई हटाउन सिक्यौं भने हामीले धर्मको अभ्यास गर्ने सही बाटो पाएका हुन्छौं। तर दुर्भाग्यवश मानिसहरूले आफ्नो धार्मिक कृयाकलापको आयोजना खराब विचार निर्मूल पार्ने तरीकाले होइन बरु त्यस्ता विचारलाई टेवा दिने र बढाउने तरिकाले गर्दछन्। जब हामी धर्मको काममा गरिने बिभिन्न कृयाकलापहरू देख्छौं–



https://dhamma.digital

हामी सोच्छौं धर्मको विकास भईरहेछ । तर वास्तवमा धर्मको सही उद्देश्य र मूल तत्व दिन पर दिननै गिरीरहेको छ ।

हामी मध्ये धेरै जसो आफू धर्मात्मा भएको देखाउँछौं, तर धर्मकै नाममा हामीले ठूला महापापहरू गर्दछौं । धर्म खतरामा छ । धर्मले धेरै अनुशासनहीनता र अशान्ति ल्याएका छन् । अर्कोतिर सच्चा धर्म भनेको भित्री चेतनाको जागरण र दया करुणाको विस्तृतिकरण मात्र हो । हामीले समस्याको सामना गर्नु पर्छ र आध्यात्मिकताको आधारमा त्यसको समाधान गर्नु पर्छ । आध्यात्मिकताको नाउँमा समस्यादेखि टाढा भाग्नु कायरता हो र त्यो पक्कै आध्यात्मिकता होइन ।

आजकल संसार धेरै कमजोर अवस्थामा छ, मानिसहरू धेरै तीब्र गतिमा आफ्नो विनासतिर लागि रहेका छन । साथै उनीहरू एउटा गौरवमय सभ्यतातिर लागी रहेका सम्भन्छन् जुन अहिले कल्पनै गर्न सकिंदैन । जताततै धर्मको नाममा अधर्म फैलिरहेका छन् । धेरै मानिसहरू आफ्नो व्यक्तिगत स्वार्थ र शक्तिको लागि धर्मको दुरूपयोग गर्दैछन् ।

धेरै मानिसहरूले आफ्नो धर्मको उपादेयता प्रमाणित गर्न प्रमाणहरू पेश गर्न आवश्यक ठान्दछन् । केहीले यस्तो दावी गर्छन् कि उनीहरूको धर्म सबैभन्दा पुरानो भएकोले यसमा सत्यता छ । अर्को थरीको विचार अनुसार उनीहरूको धर्म सबैभन्दा पछिल्लो वा नयाँ भएकोले यसमा सत्यता छ । कोही भन्दछन्–उनीहरूको धर्ममा सबैभन्दा बढी अनुयायीहरू भएकोले यसमा सत्यता छ । तर यी कुनै पनि तर्क धर्मको सत्यता पत्ता लगाउन उचित छैनन् । विवेक र Common sense को प्रयोग गरेर मात्र कुनै पनि धर्मको महत्व जाँच्न सकिन्छ ।


https://dhamma.digital

# वैज्ञानिकयुगमा बुद्ध-धर्म

## विज्ञान बिनाको धर्म अन्धो हो भने धर्म बिनाको विज्ञान लङ्गडो हो ।

### धर्ममा बिज्ञानको प्रभाव

हामी वैज्ञानिक युगमा छौं । आज हाम्रो विचार गर्ने तरिका र जीवन पद्धतिलाई विज्ञानले आमूल परिवर्तन गरि सकेको छ। यो वैज्ञानिक क्रान्ति १७औं शताब्दिमा पश्चिममा शुरु भएको थियो, यसले आज हाम्रो विचार र काम गराइमा निरन्तर धेरै प्रभाव पारी राखेको छ ।

वैज्ञानिक विचार धाराले खास गरेर परम्परागत धर्ममा बलियो प्रभाव पारेको छ। आधुनिक विद्वानहरू तथा वैज्ञानिकहरूका लागि धेरै परम्परागत धार्मिक धारणाहरू स्वीकार योग्य छैनन्। उदाहरणको लागि पृथ्वी नै ब्रह्माण्डको केन्द्र हो भन्ने विश्वासलाई विज्ञानले अन्त गरिसकेको छ। केही धर्मका लागि पृथ्वी नै ब्रह्माण्डको केन्द्र हो भन्ने धारणा कुनै समयमा पवित्र भनिएको भएता पनि धेरै पहिले नै मिथ्या सावित गरिसकेको थियो। आधुनिक मनोविज्ञानले मानिसको मन उसको शरीर जस्तै प्राकृतिक तथा आकस्मिक नियमभित्र रही अपरिवर्तन आत्मा बिना नै काम गर्दछ भन्ने कुरा पत्ता लगाएको छ। धेरै जसो पुराना धार्मिक विश्वासहरू आधुनिक विज्ञानको दवाबमा परेर बिस्तारै विलिन भई रहेका छन्। अब कुनै ईश्वरवादी सोचाई अथवा धार्मिक ग्रन्थ वा व्यक्तिको आड लिएर सत्यलाई सावित गर्न सकिंदैन ।

विज्ञानले धेरै जसो धार्मिक रूढिवादीलाई प्रसिद्ध वैज्ञानिक सिद्धान्तको अनुरूप परिवर्तन हुन बाध्य तुल्याएको छ। उदाहरणको लागि डार्विनको सिद्धान्तलाई अघि सार्न सक्छौं । धेरै जसो धर्मले


https://dhamma.digital

मानिसलाई देवताहरूबाट आएको विश्वास गर्थे तर डार्विनले मान्छेको पूर्वज बाँदर जस्तो भएको दावी गरे । उसको यस हाँस्यास्पद विचारले मानिसको सृष्टि र विकास देवताले गर्छ भन्ने विचारधारालाई एउटा प्रहार गरे । धेरै बर्षसम्म यस सत्यलाई कतिपय धर्मको आफ्नो विश्वास माथि नै प्रहार भएको सम्झेर बिरोध गऱ्यो । डार्विनको यस विचारलाई सबै जसो महान विद्वानहरूले स्वीकार गरी सकेका छन् । सुरुमा विरोध गर्ने कतिपय धर्मले पनि पछि आएर आफ्नै धर्ममा परिवर्तन गर्न बाध्य भएका छन् ।

विज्ञानको आधुनिक खोज पछि यो भन्न सक्छौं कि ब्रह्माण्ड र यसमा रहेका जीवहरूबारे धेरै जसो धर्महरूले अङ्गालि रहेका धारणाहरू परीवर्तनीय एवं विद्वताको एक सोचाई मात्र थिए । केही धर्महरूले लोक-सम्मतसँग नमिल्ने भनेर वैज्ञानिक खोजलाई तिरस्कार गर्ने गर्दछ । यस्तो सोचाई मानव मात्रको प्रगतिको बाधा सावित भएको छ । सिद्धान्तहरू दोष पूर्ण भएमा धर्ममा अविश्वास गर्नेहरूको संख्या बढने छ । मानिसहरू अब अन्ध श्रद्धातिर लाग्ने छैनन् र त्यस्तो कुनै कुरामा विश्वास गर्ने छैन जुन परम्परागत रूपमा मात्र चलि आएको छ । आज विज्ञानले मात्र विश्वास या अन्ध श्रद्धालाई कुनै स्थान दिएको छैन ।

मानवताको विकासमा धर्मले ठूलो सहयोग पुऱ्याएको छ । धर्मले जीवनको मूल महत्व र प्रतिष्ठा स्पष्ट पारी दिनुको साथै मनुष्य जीवनको लागि मार्गदर्शक सिद्धान्तहरू पनि प्रष्ट्याई दिएको छ । तर यदि कुनै धर्मले सत्यलाई परम्परागत एवं कट्टरताको होस भित्र मात्र सिमित गर्ने र आफ्नो भौतिक अर्थ नै गुमाई सकेका उत्सव एवं व्यवहारलाई मात्र प्रोत्साहन दिँदै गयो भने मानवताको विकासमा जतिसुकै योगदान गरेको भएता पनि यस आधुनिक तथा वैज्ञानिक युगमा धर्म फस्टाउन सक्दैन ।



https://dhamma.digital

## बौद्ध धर्म र विज्ञान

बौद्ध धर्मको उत्पत्ति आज भन्दा २५०० बर्ष अघि भारतमा भएको थियो र पछिल्लो (१९औं) शताब्दीको शुरुसम्म पनि यो विज्ञानको कुनै प्रभाव नभएका देशहरूमा मात्र सीमित थियो। तर बुद्धका शिक्षाहरू शुरुदेखि नै वैज्ञानिक सोचाईको लागि स्थान दिनुका साथै खुल्ला नै थियो। वैज्ञानिक भावनालाई सजिलैसँग खुल्ला नै थियो। वैज्ञानिक सोचाईको लागि स्थान दिनुका साथै खुल्ला नै थियो। वैज्ञानिक भावनालाई सजिलैसँग अँगाल्न सक्नुको एक कारण बुद्धले पनि अन्धविश्वास र रूढीवादी भक्तिलाई कहिल्यै ठाउँ नदिनु नै हो। बुद्धले विश्वासमा आफ्नो उपदेशको लागि श्रद्धाको सहारा लिनु भएन। नत वहाँले आफ्नो उपदेशमा दैवीय कारणलाई मान्यता आधारित गर्नु भयो। वहाँले विचारको स्वतन्त्रता र लचकतालाई ठूलो मान्यता दिनु भएको छ।

वैज्ञानिक भावनालाई सजिलैसँग अँगाल्न सक्ने अर्को मुख्य कारण बुद्धको आध्यात्मिक सत्य प्राप्त गर्ने तरिका हो। बुद्धको आध्यात्मिक सत्य पत्ता लगाउने र यसको जाँच गर्ने तरिका वैज्ञानिकहरूको खोज गर्ने र परीक्षा जाँच गर्ने जस्तै छ। वैज्ञानिक सत्य आज वैज्ञानिक तरिकाहरू भनिनेलाई बुद्धले आज भन्दा २५०० बर्ष अगाडि नै प्रयोग गर्नु भएको थियो। बुद्धले आफ्ना अनुयायीहरूलाई भित्री (मनको) जगतलाई अनाशक्त भएर हेर्न प्रोत्साहन गर्नु भयो। आज वैज्ञानिकहरूलाई यस बाह्य जगतलाई अनाशक्त भई हेर्न सिकाइन्छ। बुद्धले आफ्ना अनुयायीहरूलाई कुनै पनि शिक्षालाई आफैले नियालेर हेरेर तथा त्यसको सत्यता आफैले सिद्ध नगरेसम्म स्विकार नगर्न भन्नु भएको थियो। आजको आधुनिक वैज्ञानिकलाई पनि कुनै पनि वैज्ञानिक सिद्धान्त धेरै चोटीमा सफल प्रयोग पछि मात्रै स्वीकार गर्न प्रोत्साहित गरिन्छ।



https://dhamma.digital

बुद्धले आफूले पाउनु भएको ज्ञान सिर्फ वहाँकै लागि मात्र हो भनेर कहिल्यै पनि भन्नु भएन । आज वैज्ञानिहरूले कहित्यै पनि उसले गरेको प्रयोग अरूले गर्न सक्दैनन् भनेर भन्दैनन् । त्यस्तै बुद्ध पनि सत्य प्राप्तिको वहाँको तरिकामा आजको वैज्ञानिकहरू जत्तिकै वैज्ञानिक हुनु हुन्थ्यो । बुद्धले अन्तिम सत्यसम्म पुग्न र ज्ञान लाभ गर्ने एक व्यावहारिक वैज्ञानिक ढङ्गको प्रतिपादन गर्नु भयो ।

बुद्धधर्म वैज्ञानिक भावना स्वीकार गर्नु मै मात्र सीमित छैन, बुद्धधर्म आधुनिक विज्ञानका परिधि भन्दा धेरै परसम्म पुगेको छ ।

निसन्देह विज्ञानको व्यावहारिक प्रयोगले गर्दा भौतिक असुबिधालाई ज्यादै कम गरी एउटा आरामदायक एवं सजिलो जीवन यापन गर्नमा मानिसहरूलाई मद्दत गरेको छ । विज्ञानको कारणले गर्दा आज मान्छे माछा जस्तै पौडिन सक्छ, चरा जस्तै उड्न सक्छ, चन्द्रमासम्म पनि ऊ उड्न सक्छ । अझै पनि विश्वमा अचम्मका कार्यहरू गर्नमा मान्छेलाई सघाउँदै छ । यस्ता यी सबै आकर्षणका बावजुद पनि विज्ञानको धेरै सीमितता छ । प्रज्ञप्ति (लोक-सम्मति) को वैज्ञानिक बुद्धिलाई मान्य ज्ञान सीमित छ र वैज्ञानिक सत्यहरू निरन्तर परिवर्तनीय छन् । विज्ञानले जीवनको परम अर्थलाई व्याख्या गर्न सक्तैन । विज्ञानद्वारा मान्छेले आफ्नो मनलाई नियन्त्रण गर्न सक्तैन । विज्ञानले चरित्र सम्बन्धी कुनै नियन्त्रण वा शिक्षा प्रदान गर्दैन । हामीलाई यी सीमितता बारे विचार गरौं ।

वैज्ञानिक लोकसम्मत ज्ञान प्रयोग गरेर सिद्ध गर्न सकिने प्रमाण नै सीमित छ । अर्को शब्दमा वैज्ञानिक सिद्धान्तहरू इन्द्रियहरूद्वारा मनले पाउने ज्ञान नै सीमित छ । इन्द्रियहरू-तथ्याङ्कले (पुष्टि गर्न नसक्ने) जेष्ठतम सत्यलाई विज्ञानले स्वीकार



https://dhamma.digital

गर्दैन । वैज्ञानिक सत्य इन्द्रिय तथ्याङ्कहरूबाट आउने तर्कपूर्ण विचारमा नै सीमित छ, जुन निरन्तर रूपमा परिवर्तन र संशोधन भै रहन्छन् । त्यसकारण वैज्ञानिक सत्य त्यस्तो सत्य हो जुन बदलिंदो समयमा अडिग मात्र रहन सक्दैन । वैज्ञानिकहरू पहिलेका सिद्धान्तहरू मेटाउन तयार हुन्छन् । पछि उसले त्यसको सट्टामा त्यो भन्दा बढी (समय) सुहाउँदो सिद्धान्त पाउन सक्छ भने । वैज्ञानिक सोचाइले भन्दा व्यापक ज्ञानलाई अङ्गीकार गर्नमा बुद्धधर्म आधुनिक विज्ञान भन्दा धेरै अघि बढेको छ । वैज्ञानिक ज्ञान यसलाई प्रमाणित गर्नको लागि पूर्ण रूपले इन्द्रियहरूमा निर्भर गर्दछ भने बुद्धधर्मले इन्द्रियहरूद्वारा पाउने ज्ञान पनि स्वीकार गर्छ र साथै व्यक्तिगत अनुभव र एकाग्र मनको तालिम र विकास गरेर मानसिक सभ्यताद्वारा प्राप्त ज्ञानलाई पनि स्वीकार गर्दछ ।

आधुनिक विज्ञानले पछिल्लो प्रकारको ज्ञानलाई मान्यता दिँदैन । वैज्ञानिक विचार ज्यादै नै प्रामाणिक कुरा मात्रै खोज्छ । अर्कोतिर धार्मिक अनुभवहरू प्रयोगशालामा टेष्ट ट्यूव वा सूक्ष्मदर्शक यन्त्रको प्रयोग गरेर बुझ्न सकिंदैन । बुद्धधर्ममा यस्ता अनुभवहरू पवित्र एकाग्रता र ज्ञानको उच्च तहमा पुग्नका लागि मनलाई तालिम गरेर प्रमाणित गर्न सकिन्छ ।

मान्छेको ज्ञान चाहे धर्म वा दर्शन वा विज्ञान वा कलाको क्षेत्रमा मान्छेको मनको कार्य हो । मानव मन एउटा कम्प्यूटर जस्तै हो जो उसमा भरिएका सूचनाहरूको आधारमा सञ्चालित हुन्छ । मानव मनले सूचनाहरू मुख्यतयाः इन्द्रियहरूबाट प्राप्त गर्दछन् । दुर्भाग्यवस, हाम्रा इन्द्रियहरू यति निम्न कोटिका छन् कि उनीहरू धेरै सीमित सूचनाहरू मात्र टिप्न सक्छन् र जसले संसारप्रतिको दृष्टि बाङ्गिएको (सही रूपमा नहुनु) हुन्छ । बुद्धले विकास गर्नु भएको उच्च कोटीको मन आफ्नो कार्य सञ्चालनका



https://dhamma.digital

लागि इन्द्रियहरूले दिएका तथ्याङ्कहरूमा आधारित तर्क भन्दा यो धेरै माथि पुगेको हुन्छ ।

यसको ज्ञान व्यापक नहुनाले र यसको सत्य प्राप्त गरी सम्बन्धित (विषयका) मात्र हुने हुनाले विज्ञानले जीवनका परम लक्ष एवं योजनालाई व्याख्या गर्न सक्दैन । मान्छेलाई ऊ किन नाचिरहेको छ भन्ने कुरा पनि बताउन सक्दैन । वास्तवमा विज्ञान पूर्ण रूपले न ठिक स्वभावको छ र मान्छेको आध्यात्मिक लक्षसँग यो सम्बन्धित छैन । वैज्ञानिक विचारमा आधारित भौतिकवादले आध्यात्मिकतालाई अस्वीकार गर्दछ र भौतिक सन्तुष्टि भन्दा उच्च तहमा केही पनि प्रदान गरेन । आज विज्ञानले गरीरहेका त्यतिका प्रगतिको बावजुद पनि यसका छनौटपूर्ण सिद्धान्तले विज्ञानका धेरै विषयहरूलाई थाहा नपाइकनै रहन परेको छ । उदाहरण स्वरूप मान्छेहरूमा रहेका ती ठूला ठूला असमानताहरूलाई यसले व्याख्या गर्दैन ।

वैज्ञानिक सत्यहरू सम्बन्धित (विषयका नाम) एवं परिवर्तन भइरहन्छन् भने बुद्धले पत्ता लगाउनु भएको सत्य पूर्ण स्वतन्त्र एवं निर्णायक छन् – समय एवं ठाउँ अनुसार यो बदल्दैन । विज्ञानका छनौटपूर्ण सिद्धान्तको विपरित बुद्धको (शिक्षा) अभिप्राय धेरै व्यावहारिक थियो – परम सत्य पत्ता लगाउनको लागि कसरी पवित्र जीवन यापन गर्ने ? बुद्धले बुद्धिमानहरूलाई कुनै पनि सिद्धान्तहरू वैज्ञानिक या अरू केही कुनै-पट्टि नलाग्नमा उन्मादित गर्नु भयो । पवित्र जीवन यापन गरेर इन्द्रियहरूलाई शान्त पारेर र इच्छाहरूको अन्त गरेर बुद्धले जीवनको स्वभाव हामी भित्रै पत्ता लगाउने बाटो देखाउनु भएको छ । तब मात्रै हामीले जीवनको सच्चा लक्ष पत्ता लगाउन सक्छौं ।



https://dhamma.digital

विज्ञानले हाम्रो मनलाई कसरी नियन्त्रण गर्ने भन्ने कुरा सिकाउन सक्दैन । अझै पनि विश्वका सबै मान्छेहरू डर बेचेनौ एवं असुरक्षाको भावमा डुबेका छन् । तर विज्ञानले मान्छेलाई दैनिक जीवनका बोझ एवं समस्याहरूबाट दुखित हुने बेलामा उसको मनलाई कसरी नियन्त्रण गर्ने भन्ने बताउन सक्दैन । विज्ञानले मान्छेलाई उसको भित्रैबाट उठ्ने पशु स्वभावबाट बगाउने बेलामा उसको मनलाई नियन्त्रण प्रदान गर्न सक्दैन । यदि विज्ञानले एक सफल मानिस बनाउन सक्छ भने विज्ञानको त्यतिको विकास भै सकेका ती देशहरूमा अपराधपूर्ण अन्याय र अनैतिक कार्यहरू किन त्यतिका व्यापक छन् । हालका वैज्ञानिक उन्नतिले प्रदान गरेका त्यतिका फाइदाहरूको बावजुद पनि विज्ञानले भित्री मान्छे (मन)लाई बदल्दैन । बरु यसले मान्छेमा निर्भरता र नपुगेको भावना मात्रै बढाइ दिएको छ । वैज्ञानिक तर्क एवं उदाहरण असुरक्षित मानवलाई सुरक्षा प्रदान गर्नमा निरर्थक (बेकार) छन् ।

मान्छेले बाहिय जगतलाई आफ्नो अधिनमा ल्याएको छ भने विज्ञान र प्रविधिले यस विश्वलाई स्वर्गमा परिवर्तन गर्न सक्छ भन्ने देखाउन खोजे जस्तो लाग्छ तर अझ पनि मान्छेले आफ्नो मनलाई नियन्त्रण गर्न सक्दैन-उसका ती सबै वैज्ञानिक उन्नतिले उसलाई केही सुधारेको छैन । उसले सुखको खोजी ऊ भन्दा बाहिर गरी रहेको जस्तो छ– तर सच्चा सुख बाहिरी जगत वा आधुनिक सभ्यतामा निर्भर गर्दैन ।

विज्ञानले बाह्य जगतसित सामना गर्न खोज्छ जबकि भित्री जगत बाधाहरूको अशान्तिले भरिएको छ । मनोविज्ञानले अझ पनि मान्छेको मानसिक अशान्तिको कारण भेट्टाएको छैन । जब मान्छे जीवनदेखि निराश र घृणित हुन्छ – उसलाई विज्ञानले सहयोग गर्न सक्दैन । सामाजिक विज्ञानहरूले पनि मान्छेको वातावरण


https://dhamma.digital

एवं बाह्य अवस्थातर्फ मात्रै ध्यान दिन्छ । यसले केही हदसम्म दिन्छ। मान्छे सुबिधा साथ मात्रै जीवन खोज्ने प्राणी होइन, मान्छे त्यो भन्दा अरू धेरै माथिको हो। उसलाई दैनिक जीवनमा आउने नैराश्यता एवं दु:खहरूलाई सामना गर्न मद्दतको जरूरत छ।

विज्ञानको विपरित बुद्धधर्म मानसिक (मन)को विकाससित सम्बन्धित छ। बुद्धधर्ममा मानसिक सभ्यता वा विकासको लागि एक पूर्ण पद्धति वा व्याख्या छ । तल्लो तहहरू यस पद्धतिले मान्छेलाई दैनिक जीवनमा घटना एवं अवस्थाहरूलाई कसरी सामना गर्ने एवं तिनीलाई कसरी ठिक पार्ने भन्ने सिकाउँछ । यसको उच्च तहमा मानसिक सभ्यताको यस पद्धति स्व (भित्री) ज्ञानसँग सम्बन्धित छ, जसद्वारा परम सत्य निर्वाणलाई पूर्ण रूपले आफैले बुझ्न सक्नेछ । यस पद्धति-वैज्ञानिक एवं व्यावहारिक दुवै छ – यसमा भावनात्मक एवं मानसिक स्थितिहरूको तथ्य रूपले निरिक्षण गरिरहनु पर्दछ। अत: व्यक्ति ऊभित्रको संसारलाई निरीक्षण वा राम्ररी गरी रहनु पर्दछ – (एउटा न्यायाधिशको रूपमा होइन बरु एउटा वैज्ञानिकको रूपमा) बुद्धको शिक्षाद्वारा सबै मानिसहरूले आफ्नो दुखलाई अन्त गर्न र सबै रहिरहने सुखलाई प्राप्त गर्न सकिन्छ। विज्ञानले मानव पीडाको अन्त गर्ने कुनै त्यस्तो कुरा दिन सकेको छैन । विज्ञानले अस्थाई उपचार मात्र प्रदान गर्न सक्छ । उदाहरणको रूपमा चिकित्सा शास्त्रले शरीरको रसायनमा परिवर्तन गर्न केही गोली वा औषधि दिन सक्छ र शायद अस्थायी रूपमा, पीडाबाट भावनात्मक छुटकारा पाउँछ। तर विज्ञानले सँधै रहिरहने सुख दिने कुनै गोली वा औषधि दिन सक्दैन । यसमा सब आश्रयहरूका साथ पनि यस पृथ्वीमा एउटा स्वर्ग बनाउन विज्ञान कहिल्यै पनि सक्षम हुने छैन। पीडा, दु:ख, रोग, वृद्धावस्था एवं मरण सँधै हामीहरूसितै रहीरहने छ । विज्ञानले अस्थायी उपचार मात्रै प्रदान गर्न सक्छ। यस परिप्रेक्षमा


https://dhamma.digital

ती वैज्ञानिक एउटा त्यस्तो चिकित्सक मात्रै छ जसले कुनै रोगको कारणको उपचार नगरीकन त्यस रोगको लक्षणको उपचार गर्ने मात्रै औषधि दिन्छ ।

विज्ञानले मानव दुःखको अस्थायी अन्त प्रदान गर्छ तथापि मानिसहरूले वैज्ञानिक शक्तिहरू त्यही पीडाको वृद्धि गर्न र निरन्तर कायमै गर्नमा प्रायः उपयोग गर्छ । जीवनको डरलाग्दो विध्वंश गर्नको लागि वैज्ञानिक शक्ति केन्द्रित गरेर मान्छेहरूले नै मान्छेहरूको दुःख बढाउँछ। विद्वान दुइवटा टर्च (बत्ति) हरू लिएको एउटा देवदुतले, जस मध्ये एउटा यस विश्वलाई प्रकाश दिनको लागि (अर्को रूख-विरूवा, घरहरू एवं मानिसलाई जलाउनका लागि । (Hand Book of Reason-D Runas द्वारा लिखित) विज्ञानले यन्त्रहरू बनाएको छ र यन्त्र मालिक (राजा) बनेको छ । शक्तिमा रहेका मानव र जवानहरूको भाग्य नियन्त्रण गरिरहेका ती केही व्यक्तिहरूको खेलौनाको रूपमा विज्ञानले गोली गट्ठा एवं बमहरू प्रदान गरेका छन् । एक व्यापारी Tycom मरणान्त गोली गट्ठाहरू, आणविक एवं परमाणु बमहरू, मृत्युका किरण भएका यन्त्रहरू, रसायनिक हातहतियारहरू इत्यादि बनाउने उसका कारखानाको धुँवाबाट मात्तिएर आफ्ना वैज्ञानिक उन्नतिकै एक भाग भएको र आम आवश्यकतालाई पूर्ति गर्ने भएको दावी गर्छ । ऊ त वास्तवमा कुनै मूल्य लिएर मागको आपूर्ति मात्र गरिरहेछ । मुख्य कुरा त यही नै हो कि मानवतालाई नैतिक मार्गदर्शन गर्नमा विज्ञान असफल रहेको छ । वैज्ञानिकहरू दाह्री खौरने छुरी मात्र बनाउँछन । तपाईं यसलाई कसरी प्रयोग गर्ने भन्ने हुन्छ - दाह्री कटाउनको लागि वा घाँटी काट्नको लागि - भन्ने तर्फ उसको कुनै अभिरूचि छैन ।

आज मानवताको सेवा र हितको लागि विज्ञान र धर्मको सहयोगको ठूलो खाँचो छ । विज्ञान नभएको धर्म अन्धो हो भने धर्म नभएको विज्ञान लङ्गडो हो ।


https://dhamma.digital

नैतिकता बिनाको विज्ञानले विध्वँस ल्याउँछ । विज्ञानलाई मान्छेहरूले पत्ता लगाएको राक्षस जस्तो बनाइएको छ र आज दुर्भाग्यवश मान्छेहरूले नै बनाइएको त्यस राक्षस मान्छे भन्दा नै शक्तिशाली भएको छ । जबसम्म उसले धर्मको अभ्यास गरेर कसरी ब्रेक लगाउने भनेर सिक्दैन तबसम्म उसले त्यस राक्षसलाई नियन्त्रणमा राख्न सक्दैन । विज्ञान स्वयंले यस विश्वलाई विनास पार्ने छ । तर विज्ञानको साथमा बुद्धधर्म जस्तो धर्मलाई जोडेर यस विश्वलाई बचाउन र मान्छेहरूलाई बाँच्नको लागि एउटा सुखी ठाउँ बनाउन सकिन्छ ।

दया, करुणामा आधारित बुद्धधर्मका प्रज्ञा (ज्ञान) को आधुनिक विज्ञानको दिशालाई सुधार गर्नमा महत्वपूर्ण भूमिका छ । भविष्यको सभ्यता विज्ञानलाई अङ्गाल्ने धार्मिक भावनामै विशेष रूपमा आधारित हुनु पर्दछ । बुद्धधर्मले भविष्यको यस सभ्यतामा आध्यात्मिक नेतृत्व प्रदान गर्नुपर्छ । किनभने आफ्नो उत्पादनको वशमा (नियन्त्रणमा परेको) आधुनिक विज्ञान आज सोचनीय अवस्थामा छ । भविष्यमा बुद्धधर्मले वैज्ञानिक उन्नतिको लागि दिशा देखाउनै पर्छ ।

Dhamma.Digital

अलवर्ट आइन्स्टैनले भनेको थियो “आधुनिक वैज्ञानिक आवश्यकतासँग सामना गर्ने यदि कुनै धर्म छ भने त्यो बुद्धधर्म नै हुनेछ ।” तथापि बुद्धको शिक्षाको अर्थलाई हालका वैज्ञानिकहरूले पत्ता लगाएका कुराहरू सँगै मिलाएर व्यवस्था गरिनु खतरापूर्ण छ । कारण यही नै हो कि विज्ञान परिवर्तन भइ रहन्छ । तर बुद्धधर्मलाई आफ्ना शिक्षाहरूको संसोधन गरी रहनुको कुनै आवश्यकता छैन् । यदि कुनै त्यस्तो धर्म छ भने त्यो बुद्धधर्म नै हो, जसलाई विज्ञानले बहिष्कार गरिने छैन र जसलाई विज्ञानको साथ साथै ज्ञानको लागि समय-समयमा आफ्ना उपदेश र शिक्षाहरूलाई परिवर्तन



https://dhamma.digital

गरी रहनु पर्दैन । बुद्धधर्मलाई प्रस्तुतिकरण गरिएको तरिका वैज्ञानिक हुनु भन्दा बाहेक, यसले मान्छेहरूलाई आफूभित्र रहेका र आफ्ना वरपर रहेका क्षमताहरू पत्ता लगाउनमा उत्साहित गर्नमा पनि बुद्धधर्म वैज्ञानिक रहेको छ । त्यसकारण बुद्धधर्मलाई आफ्ना धारणाहरू विज्ञान समक्ष समर्पण गर्ने कुनै आवश्यकता छैन । बुद्धधर्मले विज्ञानलाई अङ्गिकार गर्दछ र त्यसपछि विज्ञानका सीमितता भन्दा परसम्म पुग्दछ । बुद्धधर्मले धार्मिक र वैज्ञानिक सोचाईहरू बीच रहेको खाडललाई पुर्ने काम गर्छ ।

## बुद्धको अन्तिम सन्देश

**म नरहे पछि मेरा शिक्षाहरू नै तिमीहरूको गुरु र मार्गदर्शक हुनेछ ।**

बुद्धले एक समयमा भन्नु भएको थियो "यी ४५ बर्षहरूमा मैले दिएका उपदेशहरूलाई तिमीहरूले राम्ररी जान्नु पर्छ र सुरक्षा गर्नु पर्दछ । तिमीहरूले यसलाई पालना गर्नुपर्छ र अरूलाई पनि सिकाउनु पर्दछ । यो अहिले भएका र तिमीहरू पछि आउनेहरूको ठूलो हितको लागि हुनेछ ।"

"मेरो बर्ष पुगीसकेको छ र बाँच्ने समय थोरै मात्र बाँकी छ । मैले चाँडै नै तिमीहरूलाई छोड्नु पर्ने छ । भिक्षुहरू, तिमीहरू प्रयत्नशील हुनुपर्छ, गुणी र स्मृतिवान् होऊ । जसले धर्म र विनयको अटूट पालना गर्छ, उसले भवचक्रबाट मुक्त भई दुःखको अन्त गर्दछ ।"

आनन्दले बुद्धको परिनिर्वाण पछि संघको के हुन्छ भनी सोधे पछि बुद्धले भन्नु भयो– "आनन्द, संघले मबाट के आशा राख्दछ ? कुनै भेदभाव विना मैले सत्यलाई प्रकाश पारि सकेको छु । सत्यको


https://dhamma.digital

सम्बन्धमा उसको शिक्षामा कुनै गुरु-मुष्टि छैन ......., आनन्द तिमीहरू मध्ये कसैलाई यस्तो विचार आउने छ – तथागतका शब्दहरू छिटै न लोप हुने छन्, छिटै नै अब हाम्रो कुनै गुरु हुने छैनन् र तर आनन्द यस्तो नसोच म नरहे पछि मेरा शिक्षा र विनय ...... तिमीहरूका गुरु हुनेछन् ।"

बुद्धले अगाडि भन्नु भयो – "यदि कसैले यस्तो सोच्छन्, यस संघको नेतृत्व गर्ने म नै हुँ वा ममा नै संघ निर्भर छ" भने उसले नै उपदेशहरू दिनु पर्छ । तर बुद्ध यस्तो सोच्दैन कि संघको नेतृत्व उसले नै गर्नु पर्छ वा संघ ऊ माथि निर्भर गर्दछ । अब मेरो अन्तिम अवस्था पुगेको छ । जसरी एउटा पुरानो गाडा विशेष उपाय गरेर मात्र चलाउन सकिन्छ, त्यसरी नै मेरो शरीरलाई धेरै विशेष हेरचाह गरेर मात्र चलाउन सक्ने भएको छ । त्यसैले आनन्द आफै प्रकाश (दियो) बन र आफै नै शरण होऊ अरू कुनै शरणको खोजी नगर । सत्य नै तिम्रो दियो (प्रकाश) र शरण हुन देऊ । अन्त कहीं शरण नखोज ।"

बुद्धको परिनिर्वाण पछि वहाँका एक शिष्यले यस्तो भने "सबै नै यहाँबाट जानु पर्छ - जीव भएको सबै सत्वहरूले आफ्नो स्वरूपलाई छोडेर जानु पर्छ । हो, वहाँ जस्तो तथागत - एक अनुपम पुरुष, प्रज्ञा र ज्ञानमा बलवान हुनु भएका पनि परिनिर्वाण (मरण) हुनु पर्छ ।"

## शाकाहारिता

**कसैको शुद्धता र अशुद्धताको लेखा जोखा उसले के खान्छ भनेर हेरेर मात्र गर्नु हुँदैन ।**

माछा र मासु खाँदैमा कोही अशुद्ध हुँदैन । अन्धश्रद्धा, इर्ष्या र अरू खराब विचारले नै आफैलाई अशुद्ध बनाउँछ । उसले आफ्नो


https://dhamma.digital

खराब विचार र कार्यद्वारा नै उसलाई दूषित पार्छ । बुद्धधर्ममा बुद्धका अनुयायीहरूले माछा, मासु खानै हुँदैन भन्ने कुनै त्यस्तो कडा नियम छैन । बुद्धले त यति नै भन्नु भएको छ कि उनीहरूले कुनै पनि जीवलाई चेतनासहित मार्नु हुँदैन वा आफ्नो लागि अरू कसैलाई मार्न लगाउनु हुँदैन । तापनि शाकाहारी भई मासु नखानेहरू अवश्य पनि प्रशंसनीय छन् ।

भिक्षुहरूलाई आफ्नै रक्षाको लागि कुनै परिस्थितिमा मासु नखान बुद्धले भन्नु भएको छ ।

स्मशान भूमिमा ध्यान गर्ने भिक्षुहरूलाई अमनुष्यहरूले दुःख नदेओस भनेर मासु नखाने सल्लाह दिनु भएको छ । जङ्गलमा ध्यान गर्ने भिक्षुहरूलाई पनि बुद्धले दश प्रकारको मासु खान हुँदैन भनेर भन्नु भएको छ । यस शिक्षाको कारण मासुको गन्धले गर्दा जनावरहरूले आक्रमण गर्न सक्छ भन्ने हो ।

कुनै कुनै देशमा महायानीहरू शुद्ध शाकाहारी हुन्छन् । धर्मको लागि गरिएको यस नियम पालनाको सराहना गर्दै हामी यो स्पष्ट पार्न चाहन्छौं कि शाकाहारी नभएकाहरूलाई आलोचना गर्ने उनीहरूको कार्य ठीक छैन । उनीहरूले यो पनि सम्झनु पर्छ कि बुद्धको मौलिक उपदेशमा सबै बौद्धहरूले शाकाहारी नै हुनु पर्ने त्यस्तो कुनै शील छैन । धर्मलाई मध्यम मार्ग पनि भनिन्छ भनेर हामीले बुझ्नु पर्छ – उहाँको शिक्षा पालना गर्न कुनै पनि अन्त (हद) सम्म जानु पर्दैन भनेर बुद्ध भन्नु हुन्छ । अर्कातिर यदि शाकाहारी नभएकाहरू मासु माछा नखाइकन उनीहरू स्वस्थ हुन नै सक्दैन भनेर सोच्छन् भने यो पनि सही नै हुनु पर्छ भन्ने छैन, किनभने विश्वमा लाखौं शुद्ध शाकाहारीहरू छन् जो मासु-माछा खानेहरू भन्दा पनि स्वस्थ र बलिया छन् । बुद्धधर्म एक स्वतन्त्र धर्म भएको हुनाले बुद्ध आफ्ना अनुयायीहरूलाई शाकाहारी वा



https://dhamma.digital

मांसाहारी नै हुनु पर्छ भन्ने कर लगाउन चाहनु हुन्न । शाकाहारी हुँदैमा उसको मानवीय गुणको विकास हुन्छ भन्न सकिन्न, किनभने शाकाहारीहरू मध्येमा पनि दुष्ट र निर्दयी व्यक्तिहरू छन् । जबकि मांशाहारी मध्येमा पनि दयालु, नम्र व्यक्तिहरू पनि छन् । त्यसकारण कसैले पनि यसलाई जोड दिनु हुँदैन कि एउटा सच्चा, धार्मिक व्यक्ति शाकाहारी नै हुनै पर्छ ।

## धर्मको नाममा युद्ध

### बुद्धधर्मको लागि कुनै पनि युद्ध भएको छैन ।

कुनै पनि बौद्धले आफ्नो धर्मको रक्षाको लागि पनि कुनै प्रकारको आक्रमण गर्नु हुँदैन । उसले कुनै पनि प्रकारको अप्रिय घटना हुन नदिनको लागि प्रयास गर्नु पर्छ। कहिलेकाहिँ बुद्धको शिक्षा नमान्नेहरूले उसलाई लडाईंमा जानको लागि बाध्य तुल्याउँछ । यस स्थितिमा ऊ त्यसको लागि जिम्मेवार ठहर्दैन । तापनि यदि सबैले बुद्धको सल्लाहलाई मानेको खण्डमा यस विश्वमा लडाईं हुने कुनै कारण नै हुने थिएन । आफ्नै बन्धुहरूलाई मारिने लडाईं हुन नदिन कुनै पनि विवादको शान्तिपूर्ण समाधानको लागि सबै संभव बाटो एवं उपाय निकाल्नु नै सबै सु-संस्कृत मान्छेको कर्तव्य हुन आउँछ । बुद्धले आफ्ना अनुयायीहरूलाई कुनै पनि प्रकारको खराब दुष्ट व्यक्तिहरूको अगाडि समर्पित हुन भन्नु भएको छैन चाहे त्यो मान्छे अलौकिक पुरुष वा प्रकृति नै किन नहोस् ! शस्त्रीकरणको बहुलीपन होडलाई रोक्नै पर्छ । हामीहरूले युद्धपोतको सट्टा स्कूल, उड्ने किल्लाको सट्टा घर, सैनिक ब्यारेकको सट्टा फार्म (कृषि), परमाणु हतियारको सट्टा अस्पतालहरू बनाउने प्रयास गर्नु पर्छ ।

प्रत्येक व्यक्ति एवं राष्ट्रले आ-आफ्नो स्वार्थपूर्ण आकांक्षा नहटाएसम्म, जातीय घमण्ड परित्याग नगरेसम्म र शक्ति एवं



https://dhamma.digital

सम्पत्तिका लागि गरिने (अनुचित) इच्छालाई अन्त नगरेसम्म विश्वमा शान्ति हुने छैन । सम्पत्तिद्वारा सुख प्राप्त हुन सक्दैन । धर्मले नै मात्र मान्छेको दिलमा आवश्यक परिवर्तन ल्याउन सक्छ र सच्चा निशस्त्रीकरण गर्न सक्छ - मनको ।

सबै ठूला धर्महरूले अरूको हत्या नगर्ने सल्लाह दिन्छ । तर बडो दुर्भाग्यवश यस महत्वपूर्ण शिक्षालाई सजिलैसँग उपेक्षा गरिन्छ । आज आधुनिक हतियारहरूको कारणबाट मान्छेले एकै क्षणमा त्यो भन्दा धेरै मान्छेहरू मार्न सक्छ जति त्यस बखतका असभ्य मानिसहरूले एक शताब्दीमा मारेका थिए ।

यी कुरा हामी खुशी साथ भन्न सक्छौं कि गएका २५०० बर्षहरूमा बौद्धहरूले धर्मको नाउँमा कुनै पनि गम्भीर कलह वा झगडा गरेका छैनन् । यो बौद्ध धर्मको गतिशील प्रकृति र सहनशीलताको प्रतिफल हो ।

बौद्धहरू अरू धर्महरूको प्रगति देख्नमा रमाउँछन् जबसम्म उनीहरू आ-आफ्नो धर्म अनुसारको धार्मिक जीवन सच्चा रूपले अनुशरण गर्छन् ।

Dhamma.Digital

## बौद्ध धर्म-दूतहरू

**बौद्ध धर्म-प्रचारकहरू (धर्म दूतहरू) ले शिक्षा मात्रै दिन्छ – त्यसलाई स्वीकार्नु वा अस्वीकार गर्नु त प्रत्येक व्यक्तिको आफ्नो इच्छामा भर पर्छ ।**

बौद्ध धर्मदूतहरूले कहिल्यै पनि धर्म परिवर्तन तर्फ होड चलाएको छैन । कुनै पनि बौद्ध धर्म प्रचारक वा भिक्षुले अन्य धर्महरू प्रति नराम्रो प्रचार गर्ने विचार पनि गर्दैनन् । सच्चा बौद्ध भावना भएको कुनै पनि व्यक्तिलाई धार्मिक, राजनैतिक



https://dhamma.digital

र राष्ट्रिय असहनशीलता मान्य हुने छैन । कुनै पनि आक्रामक लडाईंले बौद्धहरूको हृदयमा सम्मान पाउने छैन। विश्व कट्टरता र असहनशीलता जस्ता रोगहरूबाट पीडित भई रक्त वमन गर्दै छ। राजनीति वा धर्म जहाँ पनि मानिसहरू मानव समुदायलाई आफ्नै प्रकारको जीवन पद्धतिमा ल्याउने काममा सचेत भएका हुन्छन् । कहिलेकाहिँ त्यस्ता मान्छेहरू अरू प्रकारको जीवन पद्धति अँगाल्ने व्यक्तिहरू प्रति आक्रामक हुन्छन् ।

जब हामी बुद्धधर्मको इतिहासको पाना पल्टाउँछौ, हामी बुझ्ने छौं कि कसरी बौद्ध धर्म-दूतहरूले शान्ति र सम्मानपूर्ण तरीकाद्वारा बुद्धका यस असल सन्देशको प्रचार गरे । आफ्नो धर्म प्रचारको लागि हिंस्रक तरीका अपनाउनेहरूलाई यस कुराले लज्जित पार्ने छ।

बुद्धधर्मले कहिल्यै पनि राष्ट्रिय परम्परा, चलन, कला एवं संस्कृतिसँग झगडा गरेन बरु उनीहरूलाई झन बचाउनुको साथै झन स्वच्छ पारेको छ। बुद्धका मैत्री र करुणाका उपदेशले मान्छेको दिल हृदयलाई खोली दिएको छ र उनीहरूले कुनै अप्ठ्यारो विना नै यी शिक्षाहरूलाई ग्रहण गरे । यसरी उनीहरूले बुद्धधर्मलाई विश्व धर्म बनाउनमा मद्दत गरे ।

बुद्धधर्मलाई उपनिवेश शक्तिको आधारमा कहिल्यै पनि कुनै पनि देशमा लादिएन । बौद्ध धर्म-दूतहरूलाई स्वतन्त्र राष्ट्रहरूले आमन्त्रण गरेर स-सम्मानपूर्वक स्वागत गरे र बौद्धधर्मलाई दिलैदेखि स्वीकार गरे ।

हामीलाई थाहा भए अनुसार सर्वप्रथम बुद्धधर्मले नै त्यस्तो आध्यात्मिक बल प्रदान गरेको छ जसले भौतिक दूरि, भाषा, परम्परा र संस्कृतिको कठिन विभेदद्वारा अलग्याइएका धेरै जातीहरूलाई


https://dhamma.digital

आपसमा नजिक ल्याइदिएको छ । अन्तर्राष्ट्रिय व्यापार, साम्राज्य, निर्माण, वैज्ञानिक उत्सुकता, आफ्नो क्षेत्र विस्तारको लागि बसाई सराई जस्ता कुनै पनि अभिलाषा बुद्धधर्मको रहेको छैन ।

बुद्धको समयमा बुद्धधर्म अरू देशमा पनि पुगेको थियो भन्ने कुरा निश्चित भै सकेको छैन । तर पनि सम्राट अशोकको पालामा बुद्धधर्म धेरै एशियाली मुलुकहरूसम्म पुगे । बुद्धको शान्ति सन्देश प्रचार गर्नको लागि सम्राट अशोकले विश्वका धेरै भागमा धर्म-दूतहरू पठाएका थिए । त्यस बेला अशोकले सबै धर्मलाई सम्मान र सहयोग गरेको थियो । उसको सहनशीलता उल्लेखनीय थियो । भारतमा रहेको उसको एक शिलालेखमा भनिएको छ – आफ्नो धर्मको श्री-समृद्धि बढाउने आशय लिई अरू धर्मलाई अपमान गरेर यदि कसैले आफ्नो धर्मलाई सम्मान गरेमा, वास्तवमा उसको यस कार्यले उसको आफ्नै धर्मलाई हानी मात्रै पुऱ्याउँछ ।

अशोक कालमा सञ्चार व्यवस्था कठिन थियो र मानिसहरूले पहाड एवं मरूभूमी पार गर्नु पऱ्यो । तैपनि बुद्धधर्म पूर्वका धेरै भागमा पुग्न सकेको थियो । विस्तारै बुद्धधर्म एशियाको प्रमुख धर्म हुन पुग्यो । आज पनि बहुसंख्यक एशियालीहरू यस धर्मका अनुयायी छन् ।

बीसौं शताब्दीको शुरुदेखि बुद्धधर्म युरोपियन मुलुकहरूमा प्रचार भई रहेको छ । आधुनिक विज्ञानसँग मेल खाने एउटै मात्र धर्म बुद्धधर्म नै हो भन्ने विश्वास गर्ने धेरै जसो युरोपीयनहरू अहिले बुद्धधर्मप्रति आकर्षित भएका छन् ।

आ-आफ्नो उचित धर्म अभ्यास गरीरहेकाहरूलाई धर्म परिवर्तन गराउने आवश्यकता वा इच्छा बौद्ध धर्मदूतहरूलाई छैन । यदि मान्छेहरू आफ्नै धर्ममा सन्तुष्ट छन् भने उनीहरूलाई


https://dhamma.digital

बौद्ध बनाउने कुनै आवश्यकता बौद्ध धर्म-दूतहरूलाई छैन । दुष्ट, पापी एवं धूर्त व्यक्तिहरूलाई धार्मिक जीवन जिउन सिकाउन खोज्ने अरू धर्मका प्रचारकहरूलाई बौद्ध धर्मदूतहरूले पूर्ण समर्थन गरेका छन् । कुनै पनि प्रकारको धार्मिक विश्वास नभएकाहरूलाई आफ्नो धर्मतिर ल्याउन खोज्ने अरू धर्मका धर्म-दूतहरूलाई पनि बौद्ध धर्म-दूतहरूले समर्थन गरेका छन् ।

## भविष्यका बुद्ध

**"यस पृथ्वीमा आउने म पहिलो बुद्ध होइन न म अन्तिम नै हुने छु । उचित समयमा यस संसारमा अर्को बुद्ध उत्पन्न हुनेछ" । (बुद्ध)**

बुद्ध परिनिर्वाण हुन लागेको बेलामा भिक्षु आनन्द र अरू अनुयायीहरूले विरह गरे । बुद्धले भन्नु भयो "पुग्यो आनन्द, आफैलाई दुखित नपार, नरोऊ, अन्त हुनु नै सबै कुराहरूको स्वभाव हो भन्ने कुरा के मैले तिमीलाई बताएको छैन र ? हामीहरू आफ्नो सबै नजीकका एवं प्याराहरूबाट विछोड हुनु पर्दछ । मूर्ख मानिसले 'म' भन्ने धारणा लिएको हुन्छ, बुद्धिमान मानिसले 'म' भन्ने कुनै आधार देख्दैन । त्यसैले बुद्धिमान मान्छेले संसारलाई सही रूपले बुझेको हुन्छ । उसले बुझेको हुन्छ कि सबै कुरा नै दुःखले पूर्ण छ र फेरि नष्ट भएर जान्छ, तर सत्य सँधै नै रही रहन्छ ।

मैले यो शरीरलाई किन बचाउनु पर्छ जबकी शाश्वत नियमको शरीर त रहिरहन्छ । म दृढ छु । मैले आफ्नो उद्देश्य पूरा गरी सकेको छु र गर्नु पर्ने काम गरी सकेको छु । आनन्द, तिमी धेरै समयदेखि अपार मैत्रीपूर्ण कार्य, विचारहरूमा मेरो नजिकै रहेका छौं । तिमीले राम्रो गरेका छौ आनन्द ! आफ्नो प्रयासमा


https://dhamma.digital

तत्पर होऊ र तिमी पनि छिटै नै बन्धनबाट मुक्त हुने छौं । तिमी कामास्रवबाट, स्वार्थीपनबाट, मोह र अज्ञानताबाट मुक्त हुने छौ ।

आफ्नो आँसुलाई रोक्दै आनन्दले बुद्धलाई भने – "तपाईं (बुद्ध) नरहे पछि हामीलाई कसले ज्ञान दिन्छ होला ?" र बुद्धले वहाँको शिक्षाहरूलाई नै आफ्नो गुरुको रूपमा लिनु भयो । बुद्धले भन्नु भयो "यस पृथ्वीमा आउने म पहिलो बुद्ध होइन नत म अन्तिम बुद्ध नै हुने छु । उचित समयमा अर्को बुद्ध यस संसारमा उत्पन्न हुने छ जो पवित्र, सम्यक् सम्बुद्ध, विद्या र आचरणले युक्त, सुगतो, लोकलाई जान्ने, मान्छेहरू मध्ये अतुलनीय नेता एवं देव र मनुष्यहरूको गुरु हुनु हुने छ । उहाँले पनि तिनै सत्यको प्रकाश गर्ने छ जुन मैले गरेको हुँ । वहाँले पूर्ण रूपले दोषरहित एवं शुद्ध धार्मिक जीवनको प्रतिपादन गर्नु हुनेछ, जसरी अहिले मैले गरेको छु ।"

"हामीले वहाँलाई कसरी जान्न सकुँला ?" आनन्दले सोध्नु भयो ।

बुद्धले भन्नु भयो – वहाँ मैत्री (बुद्ध) नामले कहलाउने छ ।

Dhamma.Digital

बौद्धहरू यो विश्वास गर्छन कि उनीहरू जो अहिले पूण्य कार्य गर्छन्, मैत्री बुद्धको समयमा मनुष्य भै जन्म हुने छन् र गौतम बुद्धले बताउनु भए जस्तैको निर्वाण प्राप्त गर्ने छन् । यस प्रकार वहाँको शिक्षाद्वारा मुक्ति पाउन सक्ने छ । वहाँको शिक्षा सबैका लागि भविष्यको आशा बन्न सक्ने छ ।

## बुद्धका उत्तराधिकारी

**बुद्धिमान मान्छेले मात्रै प्राप्त गर्न सक्ने सबैभन्दा उच्च तह नै बुद्धत्व प्राप्ति हो ।**



https://dhamma.digital

धेरै मान्छेहरू सोच्छन् कि किन बुद्धले उत्तराधिकारी नियुक्त गर्नु भएन ? कसैले पनि अर्कोलाई सम्यक् सम्बुद्धको स्थान लिन नियुक्त गर्न सक्दैन । बुद्धिमान मान्छेले मात्रै प्राप्त गर्न सक्ने सबैभन्दा उच्च शिखर बुद्धत्व प्राप्ति नै हो । यस उच्च स्थान प्राप्त गर्न त्यस व्यक्तिमा आफूलाई तालिम गर्ने, अनुशासित गर्ने नैतिक पृष्ठभूमि, सर्वज्ञ ज्ञान र सबै प्राणी माथि असाधारण करुणा जस्ता सच्चा योग्यताहरू हुनु पर्छ। त्यसैले कसैले पनि आफैलाई बुद्धत्व प्राप्तिको लागि योग्य बनाउने कष्ट उठाउनु पर्छ। उदाहरण स्वरूप एउटा डाक्टरले उसको आफ्नै छोरालाई पनि डाक्टरको रूपमा नियुक्त गर्न सक्दैन, जबसम्म छोरो चाहिँले आफूलाई डाक्टर बन्न योग्य बनाउँछन । एउटा वकिलले अर्को व्यक्तिलाई वकिल नियुक्त गर्न सक्दैन जबसम्म ऊ आफूले चाहने योग्यता हासिल गर्दैन। एउटा वैज्ञानिकले अर्को व्यक्तिलाई वैज्ञानिक नियुक्त गर्न सक्दैन जबसम्म त्यस व्यक्तिमा वैज्ञानिक बन्न चाहिने ज्ञान हुँदैन । त्यसैले बुद्धले उत्तराधिकारीको नियुक्त गर्नु भएन । यदि बुद्धले यस्तो गर्नु भएको खण्डमा पनि उहाँको स्थानमा आउने व्यक्तिमा बुद्धमा हुनुपर्ने सच्चा गुणहरू हुने थिएन र अवश्य पनि अधिकारको दुरूपयोग गर्थ्यो होला र आम जनतालाई खराबी तिर लग्थ्यो होला ।

## पुनर्जन्म

### असन्तुष्ट इच्छा नै पुनर्जन्मको कारण हो ।

बौद्धहरूले पुनर्जन्मको शिक्षालाई मात्र एउटा शिक्षाको रूपमा लिँदैन, बरु एउटा प्रमाणित गरेर देख्न सक्नेको रूपमा लिन्छन् । पुनर्जन्मप्रतिको विश्वास बुद्धधर्मको एउटा प्रमुख सिद्धान्तको रूपमा रहेको छ ।



https://dhamma.digital

तैपनि, पुनर्जन्म प्रतिको विश्वास बौद्धहरूमा मात्रै सीमित रहेको छैन, अरू देश, धर्म एवं स्वतन्त्र विचारकहरू मध्येमा पनि यस्तो विश्वास पाउँछौं । पाइथागोरस आफ्नो पहिलेको जीवनको कुरा सम्झिन सक्थ्यो । प्लेटो आफ्नो ११ वटा पहिलाका जीवनका कुरा सम्झन सक्थ्यो । प्लेटोका अनुसार मान्छेले १० पटकसम्म मात्र पुनर्जन्म पाउन सक्तछ । अरू जनावरको रूपमा पनि पुनर्जन्म हुन्छ भन्ने कुरामा प्लेटो विश्वास गर्दथ्यो । इजिप्ट र चीनका पहिलेका मानिसहरूमा बादशाह र राजाहरू जस्ता प्रख्यात व्यक्तिहरूको मात्रै पुनर्जन्म हुन्छ भन्ने विश्वास थियो । प्रख्यात इसाई विद्वान ओरोगन (१८५-२५४ इ.स.) पनि पुनर्जन्ममा विश्वास गर्दथ्यो । उसका अनुसार नरकमा कुनै प्रकारको मानसिक पीडा हुँदैन । १६औं शताब्दीमा गोटान बुढो मान्छे र जनावरहरू सबैको आत्मा एक जीवनबाट अर्को जीवनमा प्रवेश गर्दछ भन्ने विश्वास गर्थ्यो । सन् १७८८ मा प्रसिद्ध दार्शनिक कान्तले शाश्वत दण्डको आलोचना गरे । उसले अरू देवलोकमा पुनर्जन्म हुन सक्ने कुरामा विश्वास गर्थ्यो । अर्को दार्शनिक सोफेन हवर (१७८८ - १८६०) का अनुसार जहाँ बाँच्ने इच्छा हुन्छ त्यहाँ आवश्यक जीवन हुनै पर्छ । बाँच्ने इच्छाले गर्दा जहिले पनि नयाँ जीवन बन्दै जाँदछ ! बुद्धले यस बाँच्ने इच्छालाई भवतृष्णा भन्नु भएको छ ।

हाम्रो पुनर्जन्म बारे पत्ता लगाउनु सजिलो नभएता पनि सम्भव चाहिं छ ! हाम्रो मनको स्वभाव यस्तो छ कि धेरै जसो व्यक्तिहरूले पहिलेको जन्मको कुराहरू सम्झन सक्तैनन् । हाम्रो मनलाई ५ वटा बाधा (क्लेश)हरूले प्रभाव पारि राखेको हुन्छ – काम तृष्णा (इच्छा), ब्यापाद, अल्सीपना, चञ्चलपना र शङ्का । यी पाँच बाधा (दूषण) ले गर्दा हामीले यहीँकै कुरा मात्र देख्न सक्छ र अर्को जन्म बारे देख्न सक्तैनौं ! जसरी मैलो ऐनामा प्रतिविम्ब देख्न


https://dhamma.digital

सक्तैन त्यसरी नै (दूषित) मनले पहिलेका जन्मका कुरा सम्भिmन सक्दैन। दिनमा हामी ताराहरू देख्न सक्तैनौं – आकाशमा ताराहरू नभएर होइन बरु उनीहरूलाई सूर्यको प्रकाशले मलिन (धमिलो) पारी दिनाले नै हो । त्यसरी नै हामीले पहिलाको जन्मका कुरा सम्झन नसक्नुको कारण अहिले हाम्रो मन दैनिक घटनाहरू एवं लौकिक विषयहरू जस्ता वर्तमानले मात्र भरी रहेको हुनाले हो ।

यस संसारमा हाम्रो छोटो आयु (जीवन) लाई विचार गरेमा पुनर्जन्म बारे विचार गर्न हामीलाई सजिलो पर्ने छ – यदि हामीले जीवन र यसको वास्तविक (परमार्थ) अर्थ र लक्ष्य एवं मान्छेले गर्न सक्ने विविध अनुभव तर्फ विचार गरेको खण्डमा हामी यो निर्ष्कषमा पुग्ने छौं कि मान्छेले उसले आफ्नो इच्छा गरेको कामहरू बारे कुरै नगरे पनि प्रकृतिले दिइएका ती सबै कामहरू मात्रै गर्न पनि उसलाई एउटै जीवनमा समय पुग्दैन। यसबारे प्रशस्त अनुभवहरू छन्। मान्छेमा अपार शक्तिको भण्डार लुकिरहेको छ, जुन सुहाउँदो अवसर दिएको खण्डमा हामी देख्न, विकास गर्न सक्ने छौं । ज्ञान जसको सीमा एवं विभिन्नता अपरिमीत छ, हाम्रो सामु छ । यो कुरा विशिष्ट अनुसन्धान नै नियम भएको आजको समयमा झन सत्य छ। हाम्रो आफूमा उच्च अभिलाषाहरू पाउँछौं। तर ती पूरा गर्न समय नै हुँदैन। त्यसरी नै लालच र इच्छाका सेनाहरू, स्वार्थी आकांक्षा एवं अभिलाषाहरूले हामी आफू भित्रै र अरूसित लडाईं गराउँछ। मृत्युको समयसम्म पनि मानिसहरूले हामीलाई उकास्दै रहन्छ । यी सबै शक्तिहरूलाई सामना गर्नु पर्दछ, हराउनु पर्दछ, अधिकारमा राख्नु पर्दछ र राम्ररी प्रयोग गर्नु पर्दछ। एउटा जीवन यी सबैका लागि प्रर्याप्त छैन। यी सबै सम्भाव्यताहरू हाम्रो सामु राखेर हामीहरूको एउटै मात्र जीवन हुन्छ भन्नु र ती विकास गर्न सम्भव छ भन्नु यो ब्रह्माण्ड र जीवन माथि नै ठूलो र निष्ठुर व्यङ्ग गर्नु हो ।



https://dhamma.digital

बुद्धधर्मको पुनर्जन्म बारेको सिद्धान्त अरू धर्मको आत्मा एक जीवनबाट अर्को जीवनमा प्रवेश गर्नु र पुनः अवतार लिने कुराहरू भन्दा फरक छ । बौद्धहरूले नित्य ईश्वरद्वारा सृष्टि गरिएको आत्माको अस्तित्व वा त्यस्तो अपरिवर्तनीय कुरा, जुन एक जीवनबाट अर्कोमा प्रवेश गर्छ, भन्ने स्वीकार गर्दैनन् ।

बौद्धहरू यो विश्वास गर्दैनन् कि सुख र दुःखको दुई अनन्तताको बीचको यही नै एउटै मात्र जीवन हो, न त उनीहरू यो नै विश्वास गर्दछन् कि देवदूतहरूले उनीहरूलाई स्वर्गमा लग्ने छ र त्यहाँ उनीहरू अनन्त कालसम्म रही रहने छन् । सत्वहरूका असंख्य अवस्थाहरू मध्ये यो वर्तमान जीवन एउटै मात्र (जीवन) हो र यस सांसारिक जीवन धेरै कथाहरू बीचको एक उप-कथा मात्र हो भन्ने कुरामा पनि विश्वास गर्दैनन् । उनीहरू यो विश्वास गर्छन् कि जबसम्म उनीहरूको अर्ध-चेतन मनमा असल र खराब कर्महरू बाँकीरहेका हुन्छन, तबसम्म सबै जीवहरू कहीं न कहीं केही समयसम्मको लागि पुनर्जन्म हुनेछन ।

पुनर्जन्मको कारण के हो त ? बुद्धले भन्नु भएको छ अज्ञानताले इच्छा (तृष्णा) उत्पन्न गराउँछ र असन्तुष्ट इच्छा नै पुनर्जन्मको कारण हो । जब सबै असन्तुष्ट इच्छा नै पुनर्जन्मको कारण हो । जब सबै असन्तुष्ट इच्छाहरूको निर्मुल हुन्छ तब पुनर्जन्म पनि हुँदैन । पुनर्जन्म रोक्नु नै इच्छाहरूको निर्मूल गर्नु हो । इच्छाको निर्मूल गर्न अज्ञानतालाई खत्तम पार्नु पर्दछ । जब अज्ञानता नष्ट हुन्छ तब त्यहाँ प्रत्येक पुनर्जन्म, जुन आफैमा अन्त छ, का दोषहरू एवं त्यस प्रकारको जीवन पद्धतिको, जसद्वारा बारम्बार जन्म लिनु पर्ने आवश्यकतालाई खत्तम गर्न सकिने छ, परम आवश्यकतालाई बुझ्ने छ । अज्ञानताले गर्दा नै एउटै मात्र जीवन छ, एउटा जीवन पछि दुःख र सुखको अनन्त अवस्था


https://dhamma.digital

आउँछ जस्ता भ्रमपूर्ण, युक्ति सङ्गत नभएका विचारहरू राखेका हुन्छन् ।

बुद्धले अज्ञानतालाई हटाउन सक्तछ र चार आर्यसत्यद्वारा दुःखको अन्त्य गर्न सक्छ भनेर सिकाउनु भएको छ । अज्ञानता हटाउनको लागि हामीले धैर्यपूर्वक आचरण, बुद्धि, ज्ञान र बोधिसत्व गुणको अभ्यास गर्नु पर्दछ । हामीले निम्न तहको व्यक्तिगत सुखको सबै आशाहरूको अन्त गर्नु पर्दछ ।

पुनर्जन्म कसरी लिइन्छ ? यो भौतिक देह बेकम्मा भैसके पछि संस्कारहरू यसैसित अन्त्य हुँदैनन् बरु अर्कै प्रकार, आकार वा स्वरूप लिन्छन् । जसलाई हामी अर्को शब्दमा अर्को जन्म भन्छौं । मनुष्यको रूपमा प्रकट भइरहेको कर्म-शक्ति जनावरको रूपमा पनि प्रकट हुन सक्छ । यस्तो तब हुन्छ जब मान्छेले आफ्नो कर्मलाई विकास गर्न सक्दैन । यो शक्ति-तृष्णा, इच्छा, संस्कार बाँच्ने आकांक्षा इत्यादि शरीरले काम गर्न छाड्दैमा अन्त हुँदैन बरु यो अर्को जीवन बनाउँदै अर्को आकारमा प्रकट भइ रहन्छ जसलाई पुनर्जन्म भनिन्छ ।

अहिले पनि यस्ता मानिसहरू छन् जसले आफ्नै इच्छाले पहिलेका जीवनका स्मरण गर्ने शक्तिको विकास गरेका छन् । यी व्यक्तिहरूका अनुभवहरू अखवार एवं पत्रिकाहरूमा राम्ररी प्रकाशित भएका छन् । यी मध्ये केही व्यक्तिहरूले आफ्ना पहिला जीवनका कुराका केही सम्झना नभएसम्म पुनर्जन्म छ भन्ने कुरा कहिल्यै पनि स्वीकारेका थिएनन् । उनीहरूका धेरै कुराहरू (सम्झना) बारे अनुसन्धान गरेका छन् र सत्य सावित भएका छन् ।

सम्मोहनद्वारा केही व्यक्तिहरूले पहिलेका जीवन बारेका कुराहरू पत्ता लगाएका छन् । केही सम्मोहनद्वारा वसीभूत



https://dhamma.digital

अवस्थाहरूले अर्धचेतन मनसम्म प्रभाव पारेर पहिलेका जीवनको कुरा सम्भिmन सम्भव तुल्याएको छ ।

## भावना (ध्यान)

### धार्मिक सत्य प्राप्तिको लागि भावना वैज्ञानिक तरीका हो ।

मनको शुद्धिका लागि र आध्यात्मिक उन्नतिका लागि बौद्धहरूले प्रार्थनाको सट्टामा भावना अभ्यास गर्दछ । भावना अभ्यासद्वारा मानसिक विकास नगरीकन कसैले पनि निर्वाण वा मुक्ति पाउन सक्तैन । मनलाई तालिम नगरिकन जतिसुकै पुण्य कार्य गरेता पनि ऊ अन्तिम लक्ष्यसम्म पुग्न सक्दैन ।

स्वभावत: मनले धेरै छल गर्छ र मान्छेलाई खराब कार्य गर्न लगाउँछ । मनले मान्छेहरूलाई इन्द्रियहरूको दाश बन्न लगाउँदछ । आफ्नो मनलाई राम्रो तालिम दिइएन भने कल्पना र भावावेशले उसलाई सँधै नै खराबतिर लग्दछ । भावना अभ्यास गर्न जान्ने मान्छेले इन्द्रियको वशमा जान लागेको बेलामा आफ्ना मनलाई नियन्त्रण गर्न सक्छ । आज हामीले सामना गरिरहेका समस्या एवं गलतफहमीहरू मध्ये धेरै जसो अशिक्षित एवं असभ्य मनको कारणले नै हो । शारीरिक एवं मानसिक अस्वस्थताको समाधान भावना नै हो भन्ने कुरा स्पष्ट भइसकेको छ । उच्च रक्तचाप, मुटुको व्यथा, पेटको अल्सर, ग्यास्ट्रीक, मष्तिस्क सम्बन्धी समस्या एवं मानसिक रोग जस्ता धेरै रोगहरूको कारण मानसिक नैराश्यता, चिन्ता दु:ख, पीर, कठिनाइ एवं भय इत्यादि नै हुन् भन्ने कुरा विश्वका स्वास्थ्य विशेषज्ञ एवं विद्वानहरूले बताएका छन ।

जब 'म' भन्ने चेतना धेरै थाकेको हुन्छ, धेरै चिन्तित हुन्छ वा धेरै समयसम्म अति दुखित हुन्छ तब शरीरमा समस्या देखा



https://dhamma.digital

पर्दछ, ग्याष्ट्रिक, अल्सर, क्षयरोग र कार्य अस्थिरताको शुरुवात मानसिक एवं भावनात्मक गडबडीको कारणले हुन्छ। बच्चाहरूमा दाँत किराले खानु एवं आँखाले राम्ररी नदेख्नु प्राय गरी भावनात्मक गडबडीसँग सम्बन्धित रहन्छ।

यदि मान्छेहरूले हरेक दिनको केही मिनेट भावनाको अभ्यास गरेर आफ्ना इन्द्रियहरूलाई शान्त गर्न सकेमा यी रोग एवं गडबडी मध्ये धेरैलाई रोक्न सकिन्छ। बुझ्ने क्षमताको कमीले गर्दा नै धेरै व्यक्तिहरूले यसलाई विश्वास गर्दैनन् वा भावना अभ्यास गर्न धेरै अल्छि मान्छन्। त्यस्ता व्यक्तिहरूले भावना गर्नु समयको बरवादी मात्र हो भनी ठान्दछन्। हामीले सम्झनु पर्दछ कि यस विश्वका सबै ठूला आध्यात्मिक गुरुहरूले भावना अभ्यास गरेर नै जीवनको उच्चतम स्थान प्राप्त गरेका थिए। आज उनीहरूलाई लाखौं मानिसहरूले सम्मान गर्दछन् किनभने उनीहरूले भावनाको अभ्यासद्वारा प्राप्त गरेका परम ज्ञानद्वारा मानवताको अपार सेवा गरेका थिए। यो कुरा हामीले पहिले नै उल्लेख गरी सकेका छौं कि बुद्धले मनलाई विकास गरेर नै ज्ञान प्राप्त गरेका थिए। वहाँलाई सहयोग गर्ने कुनै दैवीय शक्ति थिएन। वहाँले भावना अभ्यास गरेर आफैले ज्ञानलाई पाउनु भयो। स्वस्थ मन र स्वस्थ शरीर हुनको लागि एवं जीवनका सुख पाउनको लागि हामीले भावना कसरी गर्ने भन्ने सिक्नु पर्दछ। आज हामी यस विश्वमा बाँचिरहेका छौं जहाँ शारीरिक र मानसिक रूपले धेरै कडा मिहेनत गर्नु पर्दछ। कडा परिश्रम नगरीकन आधुनिक समाजमा मान्छेहरूलाई कुनै स्थान छैन। सबै क्षेत्रमा धेरै कडा प्रतिद्वन्दिता, प्रतिस्पर्धा भइरहेका छन्। जीवनका सबै क्षेत्रमा एकले अर्कोलाई जित्न खोजी रहेका छन र मान्छेलाई कत्ति पनि आराम छैन। मन जीवनको केन्द्र बिन्दु हो। यदि मनमा शान्ति र चैन छैन भने केही समय



https://dhamma.digital

पछि नै सम्पूर्ण जीवन शक्तिहीन हुनेछ । स्वभावतः मान्छेहरूले इन्द्रियहरूलाई सन्तुष्ट पारेर आफ्नो दुःखलाई हटाउन खोज्छन् – उनीहरू मद्यपान गर्छन्, जुवा खेल्छन्, गाउँछन् र नाच्छन् – सँधै नै यही भ्रममा उनीहरू जीवनको उच्च सुख भोगी रहेका छन् । इन्द्रियहरूलाई उत्तेजित पार्नु आराम पाउनुको सही तरीका होइन । जति जति हामी काम सुख (भौतिक सुख) द्वारा इन्द्रियहरूलाई सन्तुष्ट पार्न खोज्छौं त्यति त्यति नै हामी इन्द्रियहरूका दाश बन्ने छौं । हाम्रो सन्तुष्टीका लागि हाम्रा इच्छाहरूको कुनै अन्त नै हुने छैन् । आराम पाउनुको सही तरीका मनलाई वसमा राखेर इन्द्रियहरूलाई शान्त पार्नु हो । यदि हामीले आफ्नो मनलाई नियन्त्रण गर्न सक्छौं भने हामीले सबैलाई नियन्त्रित गर्न सक्ने छौं । जब मन पूर्ण रूपले नियन्त्रित र परिशुद्ध हुन्छ, तब हामी बस्तुहरूलाई वास्तविक रूपमा देख्ने छौं । जब मन परिशुद्ध हुन्छ यो मानसिक अशान्तिबाट मुक्त हुनेछ तब यसले अरू शारीरिक आँखाबाट देख्न नसक्ने धेरै कुराहरू देख्न सक्ने छ ! र आखिरीमा हामीले आफ्नो मुक्ति एवं शान्ति र सुख पाउन सक्ने छौं ।

भावना अभ्यास गर्न हामीमा दृढ प्रतिज्ञा, प्रयत्न र धैर्य हुनु पर्दछ । तुरून्त फल पाउने आशा गर्न सकिंदैन । हामीले यो सम्झनु पर्दछ कि कसैलाई डाक्टर, वकिल, गणितज्ञ, दार्शनिक, इतिहासविद् वा वैज्ञानिक बन्नको लागि धेरै बर्ष लाग्दछ । त्यसरी नै एउटा कुशल ध्यानी बन्न, आफ्नो भ्रमपूर्ण मनलाई नियन्त्रण गर्न र इन्द्रियहरूलाई शान्त पार्न उसलाई केही समय लाग्ने छ । भावनाको अभ्यास गर्नु नदीको विपरीत धारमा पौडी खेल्नु जस्तै हो । यसकारण आफ्नो भावनाबाट छिटो फल पाएन भनेर आफ्नो धैर्य गुमाउनु हुँदैन । त्यसको साथमा त्यस योगी (ध्यानी) ले शीललाई पनि अभिवृद्धि गर्नु पर्दछ । ध्यान गर्नको लागि सुहाउँदो ठाउँ अर्को महत्वपूर्ण पक्ष हो । ध्यान गर्ने व्यक्तिको ध्यान गर्ने एक


https://dhamma.digital

आरम्मण (Object) हुनु पर्दछ। किनभने कुनै एक आरम्मण विना चञ्चल मनलाई वशमा राख्नु सजिलो छैन । त्यो आरम्मण पनि लोभ, द्वेष, मोह र भावावेशबाट मुक्त भएको हुनु पर्दछ ।

कसैले बुद्धको मूर्तिलाई आरम्मणको रूपमा लिन्छन् र यसैमा एक चित्त गर्दछन् । कसैले सास भित्र जाने र बाहिर आउनेमा एकचित्त गर्दछन् । आरम्मण जुनसुकै भएता पनि यदि कसैले भावना अभ्यास गर्न खोज्छ भने उसले अवश्य पनि आराम पाउने छ । भावनाले उसलाई शारीरिक एवं मानसिक सुख पाउन र चाहने बखतमा मनलाई नियन्त्रण गर्न धेरै मद्दत गर्दछ ।

दुष्टयांइँबाट अलग्ग रहेर मात्रै पनि मान्छेले मानवताको सर्वश्रेष्ठ सेवा गर्न सक्छ। भावनाबाट विकसित गरिएको सुसंस्कृत मन अरूको सेवाको लागि सबभन्दा बढी उपयोगी हुन्छ। भावना मान्छेको अमूल्य समयको बर्बादी होइन । योगीको उन्नत मनले धेरै मानवीय समस्याहरू समाधान गर्न सक्छ र उसलाई ज्ञान दिनमा धेरै उपयोगी हुन्छ

आधुनिक विश्वमा धेरै भइरहने हल्ला एवं अरू बाधाहरूका बावजुद पनि मान्छेलाई शान्तपूर्वक जिउनमा भावना धेरै उपयोगी छ। धेरै जनसंख्या भएको हाम्रो विश्वमा विभिन्न प्रकारका वाह्‍य बाधाहरू भइरहन सक्तछ। हामी जङ्गल वा पहाडी उपत्यका वा कतै गएर पूर्ण रूपले एकान्त जीवन बिताउने आशा राख्न सक्तैनौं । हामी अत्यन्त भीडबाट टाढा भएर हात्तिको दाँतले बनेको धरहरा (बुर्जा) मा बस्ने आशा गर्न पनि सक्दैनौं। सम्यक् (सही) भावना जीवनबाट भाग्नु होइन, अस्थायी रूपले (जीवनलाई) बिर्सनको लागि लुक्ने ठाउँ पनि होइन । यदि भावना यथार्थ रूपमा भन्ने हो भने हामी बाँचिरहेको यस विश्वलाई सामना गर्न, बुझ्न र जित्नको लागि मान्छेको मनलाई तालिम गर्नु नै यसको लक्ष्य



https://dhamma.digital

रहेको छ । आधुनिक विश्वमा भावनामय जीवनको लागि आउने असंख्य बाधाहरूलाई सहनको लागि हामीलाई तयार पार्नु हामीले सिक्नु पर्दछ ।

मान्छेहरू आफ्ना भौतिक आकांक्षाहरू पूरा गर्न चाहन्छन् । आफ्ना भौतिक फाइदाहरूलाई वृद्धि गर्न चाहन्छन् । उनीहरू भावनालाई एउटा राम्रो काममा प्रयोग गर्न चाहन्छन् । शायद उनीहरू यो बुझ्न असमर्थ भएका छन् कि भावनाको दिशा इच्छाको वृद्धि गर्ने तर्फ नभई कम गर्ने तर्फ छ । भौतिक आकांक्षाहरू ठिक प्रकारको ध्यानको लागि शायदै योग्य छ होला जसको (भावनाको) लक्ष्य सांसारिक मामिला भन्दा बाहिर छ । हामीले भावना गरेर त्यस्तो कुनै हासिल गर्न खोज्नु पर्छ जुन पैसाले किन्न वा प्रदान गर्न सक्तैन । यदि तपाईं भावना अभ्यास गर्नु हुन्छ भने – तपाईंलाई अरूले सताई रहेता पनि तपाईं एउटा भद्र पुरुषले जस्तै व्यवहार गर्न सिक्नु हुनेछ, तपाईंले आफ्नो शरीर, संवेदनाहरू र मनलाई शान्त गर्न सिक्नु हुनेछ । तपाईंले आफैभित्र शान्त र खुशी हुन सिक्नु हुनेछ । त्यस्तै ईर्ष्या, द्वेष, घमण्ड, अहंपना जस्ता खराब विचार र वेदनाहरूले मनलाई व्याकुल पार्ने अवस्थामा कसरी मनलाई नियन्त्रण गर्ने भन्ने सिक्नु हुनेछ । भावना अभ्यास गर्नु हुन्छ भने तपाईं कुनै चौबाटोमा हुने बेलामा र कुन बाटोतिर जाने भनेर थाहा नपाएका समयमा उचित निर्णय लिन सिक्नु हुनेछ । यी गुणहरूलाई तपाईं भावना अभ्यास गरेर विकास गर्न सक्नु हुनेछ । यी गुणहरू कुनै पनि पसलबाट किन्न सकिंदैन । जतिसुकै पैसा वा सम्पत्तिले पनि यी गुणहरू किन्न सकिंदैनन् । तैपनि तपाईं यिनीहरूलाई प्राप्त गर्न सक्नु हुन्छ – यदि तपाईं भावना अभ्यास गर्नु हुन्छ भने । र अन्त्यमा बौद्ध ध्यानको परम उद्देश्य, लक्ष मनबाट सबै दूषण (क्लेश)हरू निमूल गर्ने र अन्तिम लक्ष – निर्वाण – प्राप्त गर्नु नै हो ।


https://dhamma.digital

# निर्वाण

**निर्वाण परम सुख हो । यो अनन्त सुखको लौकिक भन्दा अलग्गको अवस्था हो । इन्द्रियहरूको बसमा प्रमादी भएर निर्वाण सुखलाई अनुभव गर्न सकिँदैन । बरु तिनीहरूलाई शान्त पारेर मात्रै सकिन्छ ।**

बुद्धधर्मको अन्तिम लक्ष निर्वाण हो । तर निर्वाण भनेको के हो ? निर्वाण वास्तविक रूपमा के हो भन्ने जान्न सजिलो छैन – बरु निर्वाण के होइन भनेर जान्न सजिलो छ ।

निर्वाण केही पनि नभएको वा निर्मूल होइन । के बुद्धले "केही पनि नभएको" को लागि आफ्नो परिवार र राज्य त्याग गर्नु भएको थियो र ४५ बर्ष सम्म उपदेश दिनु भएको थियो ?

निर्वाण स्वर्ग होइन । बुद्धको धेरै शताब्दीपछि केही बौद्ध निकायहरूले (समूहहरूले) निर्वाणलाई स्वर्गको रूपमा वर्णन गर्न थाले । निर्वाणलाई स्वर्गीय भूमि तुल्य गर्नुमा उनीहरूको उद्देश्य कम बुद्धि भएकाहरूलाई चित्त बुझाउनु र उनीहरूलाई आफ्नो निकायतर्फ आकर्षित गर्नु नै थियो । निर्वाणको लागि प्रयास गर्नुको मतलब एउटा रमाइलो ठाउँ जहाँ सबै राम्रा छन् र जहाँ सबै अनन्त सुखको आशा गर्नु भन्ने देखियो । यो एउटा ज्यादै राम्रो दन्त्यकथा हुन सक्तछ, तर बुद्धले अनुभव गर्नु भएको निर्वाण यो होइन । ब्राह्मण धर्मले देखाएको जस्तो स्वर्गको बुद्धले खण्डन गर्नु भएन । तर बुद्धलाई यो कुराको ज्ञान थियो कि स्वर्ग पनि संसार भित्रै छन् र साँच्चैको (अन्तिम) विमुक्ति त संसार भन्दा बाहिरै छ । बुद्धले यो कुरा बुझेको थियो कि निर्वाणतर्फको बाटोले संसार भन्दा बाहिरसम्म पुऱ्याउँदछ ।



https://dhamma.digital

यदि निर्वाण कुनै स्थान होइन भने निर्वाण कहाँ छ त ? जसरी आगोको अस्तित्व रहेको हुन्छ त्यसै गरी निर्वाणको अस्तित्व पनि रहेको छ । तथापि आगो वा निर्वाणलाई राख्ने कुनै स्थान छैन, तर जब तिमीले काठका टुक्राहरू रगड्छौ तर घस्रण र ताप आगो बल्नको लागि उपयुक्त अवस्थाहरू हुन ! त्यसरी नै जब मान्छेको मनको अवस्था त्यस्तो हुन्छ कि ऊ क्लेशबाट मुक्त हुन्छ तब निर्वाण सुख प्राप्त हुँदछ ।

तपाईंले निर्वाणको अनुभव गर्नै पर्छ । तपाईंले आँपको स्वाद थाहा पाउनको लागि एउटा आँप चाख्नु पर्दछ । जबसम्म तपाईंले यस परम अवस्थाको अनुभव गर्नु हुन्न तबसम्म तपाईं यो वास्तवमा कस्तो छ भनेर कल्पना मात्रै गर्न सक्नु हुन्छ । तिनका लागि जसले सिद्धान्तमा जोड दिन्छ, उनीहरूका लागि ग्रन्थहरूले केही मद्दत गर्न सक्छ । ग्रन्थहरूका अुनसार निर्वाण कुनै मिश्रण नभएको सुखको एउटा लोकोत्तर अवस्था हो । तर यो सम्झनुस् कि निर्वाण सुख इन्द्रियहरूद्वारा अनुभव गर्न सकिंदैन ।

एकपल्ट सारीपुत्र महास्थविरले अर्को एक भिक्षुलाई भन्नु भयो –मित्र हो, निर्वाण सुखकर छ । त्यस भिक्षुले प्रश्न गरे – तर थेर सारीपुत्र, यदि त्यहाँ कुनै सम्वेदना नै छैन भने यो कस्तो सुख हो ? सारीपुत्रले भन्नुभयो – यो मात्र सुख हो, त्यसमा कुनै सम्वेदना छैन" । सारीपुत्रको जवाफ बुद्धको यो शब्दहरूले पुष्टि गर्दछ – जति पनि अनुभव गरिन्छ, विदित हुन्छन् ती सबै दुःख हुन् ।

तर निर्वाण आफै व्याख्या गर्न र परिभाषा दिन नसकिने खालको छ । जसरी अन्धकारलाई यसको उल्टो प्रकाशबाट मात्रै, निश्चलता, यसको उल्टो चलता (चली रहने) बाट मात्रै बुझाउन सकिन्छ । त्यसरी नै निर्वाण पनि यसको उल्टोबाट मात्रै वर्णन


https://dhamma.digital

गर्न सकिन्छ । सबै दुःखहरूको पूर्ण निर्मूल । जसरी प्रकाश नहुने समयमा अन्धकार हुन्छ, जसरी चली नरहने अवस्थामा निश्चलता हुन्छ, त्यसरी नै निर्वाण सबै ठाउँमा छ जहाँ दुःख, परिवर्तन र अशुद्धता हुँदैनन् ।

चिलाउने खटिरा आइरहेको विरामीलाई उसको घाउमा चिलाउँदा अस्थायी मुक्ति पाउँछ जुन एक प्रकारको सुख नै हो । तर छिट्टै नै नङ्गले गर्दा घाउ फेरि फोहर हुन्छ र उसको रोग लम्बिन्छ । रोगबाट पूर्ण छुटकारा पाउनुको आनन्द शायदै घाउमा चिलाउँदा पाएको क्षणिक आनन्दसँग दाँज्न सकिन्छ । त्यसरी नै काम इच्छाहरूको तृष्णाले अस्थायी सुख मात्र दिन्छ जसले यस संसारको जीवन लम्ब्याउँदछ । सांसारिक रोगको निर्मूल-निर्वाण हो । जन्म, जरा, ब्याधि, मरण, शोक, सन्ताप र असन्तुष्टीका दुःखहरूका कारण भएका तृष्णाको अन्त्य नै निर्वाण हो । निर्वाणमय छुटकाराको आनन्दलाई अस्थायी सुखसहितको सांसारीक सुख सँग सायदै दाँज्न सकिन्छ ।

निर्वाण के हो भनेर कल्पना गर्नु खतरापूर्ण छ – बरु निर्वाणका लागि आवश्यक आधारहरू कसरी तयार गर्ने, भित्री शान्ति र दृष्टि विशुद्धि गर्ने जसले निर्वाणतिर लग्छ – भन्ने खोज्नु श्रेयस्कर छ । बुद्धका सल्लाहहरू मात्र अनुसरण गर, उहाँका शिक्षालाई व्यवहारमा लगाऊ । लोभ, द्वेष, मोहमा आधारित तिम्रा क्लेशबाट मुक्त होऊ । तिमीले सबै इच्छाहरूबाट पूर्ण रूपले आफूलाई शुद्ध पार र तिमीले पूर्ण रूपमा 'म' भन्ने नभएको कुरा बुझ्नु पर्दछ । तिमीले शुद्ध नैतिक आचरणको जीवन बिताउनु पर्छ र तिमीले अटुट रूपले भावना अभ्यास गर्नु पर्दछ । कडा मिहेनत गरेर तिमीले आफूलाई सबै स्वार्थीपन र अज्ञानताबाट मुक्त पार्नु पर्छ । सबै सांसारिक वस्तुहरूबाट अनाशक्त हुन सिक्नु पर्दछ । यदि कुनै वस्तु वा व्यक्तिप्रति कुनै आशक्ति छ भने वा कुनै व्यक्ति



https://dhamma.digital

वा वस्तुप्रति द्वेष छ भने तिमीले कहिल्यै पनि निर्वाण प्राप्त गर्ने छैनौ । किनकि निर्वाण, आशक्ति वा द्वेष, मन पर्ने वा मन नपर्ने सबैका विपरितहरूबाट निर्वाण अलग्ग छ ।

जब त्यस परम अवस्था प्राप्त गरिन्छ, तिमीले जहिले आशा गरिरहेको यस संसारिक जीवनलाई राम्ररी बुझ्ने छौ । त्यसबेला यस संसार तिम्रो आकांक्षाको विषय हुने छैन । तिमीले जीवित र निर्जीव सबैको दुःख, अनित्य, अनात्मलाई बुझ्ने छौ । कुनै पनि भिक्षु वा पुस्तकले तिमीलाई यस परम अनुभूति बारे कहिल्यै सिकाउने छैन । तिम्रा दिवा सपनाहरू नाश हुने छन् । हावामा कुनै महल बनाइने छैन । आवेशहरूको अन्त्य हुने छन् । जीवनका सङ्घर्षहरू खत्तम हुने छन् । प्रकृतिका प्रकृयाहरूको अन्त हुने छन् । सबभन्दा सुखको अवस्था निर्वाण प्राप्त गरी सके पछि तिम्रा सबै चिन्ता, दुःख, जिम्मेवारी, बाधा, बोझ, शारीरिक एवं मानसिक अस्वस्थता र आवेशहरू हराएर जाने छन् ।

## मूर्ति-पूजा

### बौद्धहरू मूर्ति–पूजकहरू होइनन् बरु आदर्श-पूजकहरू हुन् ।

बौद्धहरूमा पनि बुद्धको मूर्ति राख्ने र बुद्धलाई सम्मान गर्ने चलन भएता पनि बौद्धहरू मूर्ति पूजक होइनन् । साधारणतया मूर्ति-भक्त भन्नाले आफूलाई थाहा नभएका विभिन्न देव-देवीहरूको विभिन्न आकार प्रकारका मूर्ति स्थापना गरी ती देव-देवीहरूलाई भक्ति गर्ने भन्ने जनाउँदछ । यसरी गरिने प्रार्थना (भक्ति) यी देवताहरूसँग निर्देशन एवं संरक्षणको लागि गरीने अनुरोध हो । सुस्वास्थ्य, धन, सम्पत्ति र विभिन्न आवश्यकताहरू प्रदान गरिदिने


https://dhamma.digital

वरदान दिनको लागि यी देव देवीहरूसँग प्रार्थना गरिन्छ। आफूहरूले गरेका पापहरूको मोचन गरि दिन पनि प्रार्थना गरिन्छन् ।

बुद्ध-मूर्तिलाई गरिने पूजाको अर्थ भिन्नै छ । यस संसारमा जन्मेकाहरू मध्ये सबैभन्दा उच्च, बुद्धिवान, हितकारी, दया-करुणा भएको र पवित्र पुरुषको प्रतिक स्वरूप नै बौद्धहरूले बुद्ध-मूर्तिलाई आदर गर्दछन्। यो एउटा ऐतिहासिक तथ्य हो कि उक्त महामानव साँच्चैकै यस संसारमा जन्म लिनु भएको र मानवतालाई ठूलो मद्दत गर्नु भएको थियो। बुद्धलाई पूजा गर्नुको अर्थ ढुङ्गा या धातुका मूर्तिप्रति नभै उहाँलाई सम्मान प्रकट गर्नु, आराधना गर्नु एवं आस्था प्रकट गर्नु हो ।

सभ्य संसार भरीका पूस्तौं पुस्तादेखिका लाखौं जनतालाई प्रभावित गर्दै आएको बुद्धका महान गुणहरूको सम्झना गर्न, बुद्धलाई आफ्नो हृदयमा स्मरण गराउन, बुद्धको-मूर्तिले मद्दत गर्दछ । बौद्धहरूले बुद्ध-मूर्तिलाई मनको शान्ति प्राप्त गर्नका लागि एकाग्रताको एउटा आरम्मण र प्रतिकको रूपमा लिन्छन् । जब बौद्धहरूले बुद्ध-मूर्तिलाई हेर्छन् - उनीहरू कलह-झगडाको बिचारलाई हटाउँछन् र शान्ति, स्वच्छता, शान्तपना र निश्चलता बारे मात्र सोच्छन् । यस मूर्तिले त्यस महान पुरुषलाई सम्झन लगाउँछ र वहाँका उदाहरण एवं शिक्षाहरूलाई अनुशरण गर्न उत्साह दिन्छ । सच्चा बौद्धहरूको दिलमा आफ्नो गुरुको सजीव उपस्थितिको अनुभव हुन्छ । यस्ता अनुभूतिले उनीहरूको पूजा सजीव एवं अर्थपूर्ण बनाउँछ। बुद्धमूर्तिको स्वच्छताले उनीहरूलाई विचार र आचरणले सही बाटो अपनाउन प्रभावित र उत्साहित पार्दछ ।

ज्ञानले पूर्ण भएका एक बौद्धले कहिल्यै पनि कृपाको आशा गर्दैन नत आफ्नो कुकर्मबाट बचाउनको लागि नै प्रार्थना गर्दछ ।



https://dhamma.digital

ज्ञानले युक्त एक बौद्धले संसारिक दुःखबाट मुक्त हुन र मोक्ष प्राप्तिको लागि आफ्नो मनलाई नियन्त्रण गर्न बुद्धका उपदेशहरू पालन गर्नेतिर लाग्छ ।

मूर्ति-पूजा गरेकोमा बौद्धहरूलाई आलोचना गर्नेहरूले साँच्चै नै बौद्धहरूले गरेका कार्यलाई गलत रूपमा प्रस्तुत गरिरहेका छन् । यदि मान्छेहरूले आफ्ना बाबु बाजेहरूको सम्झनाको लागि उनीहरूको फोटोहरू राख्न सक्छ भने, यदि मान्छेहरूले राजा-रानी, प्रधानमन्त्री, वीरहरूको, दार्शनिकहरूको, साहित्यकारहरूको फोटोहरू राख्न सक्छ भने अवश्यै पनि बौद्धहरूले पनि आफ्ना श्रद्धेय गुरुको सम्झनाको लागि उसको फोटो राख्न नहुने कुनै कारण छैन । यदि कसैले आफ्ना गुरुको विशिष्ट गुणहरूको प्रशंसा गर्दै केही गाथाहरूको पाठ गर्छ भने यसमा के दोष छ ? यदि मान्छेहरूले आफ्नो श्रद्धाञ्जलि प्रकट गर्न आफ्ना प्रिय व्यक्तिहरूका चिहानमा माल्यार्पण गर्न सक्छ भने बौद्धहरूले पनि आफ्नो जीवन पीडित मानवहरूको सेवामा लगाएका आफ्ना प्रिय गुरुको लागि किन केही फूलहरू, धूपहरू अर्पण गर्न नसक्नु ? मान्छेहरू विजय हासिल गरेका केही वीरहरूको सालिक बनाउँछन्, वास्तवमा तिनीहरू (वीरहरू) हत्याराहरू हुन जो हजारौं व्यक्तिहरूका मृत्युको लागि जिम्मेवार छन् । शक्तिको लालसाले तिनीहरूले निर्दयीपूर्वक मान्छेहरू मारे । तिनीहरूले कमजोर राष्ट्रहरूलाई आक्रमण गरे र तिनीहरूका सम्पत्ति लिएर धेरै क्षति पुऱ्याएर धेरै नै दुःख दिए । यी मध्ये धेरै विजयीहरूलाई राष्ट्रिय वीरको रूपमा लिन्छन । उनीहरूको स्मृतिमा विभिन्न कार्यक्रम बनाइन्छन् र उनीहरूको चिहानमा फूलमाला चढाइन्छन् । अर्को तर, बौद्धहरूले विश्वमा सम्मानित आफ्ना गुरु जसले अरूहरूलाई मुक्तिको बाटो देखाउन ज्ञान प्राप्तिको लागि सबै सांसारीक सुखको त्याग गरेका थिए -को प्रतिमामा पूजा गर्छन् ।



https://dhamma.digital

मूर्तिहरू भनेको अर्ध चेतनिक भाषा हो । त्यसैले यदि तथागतको मूर्तिलाई बारम्बार आफ्नो मनभित्रै बनाउन सकेमा -पवित्रतालाई अँगाल्ने रूपमा त्यस मूर्तिले अर्धचेतनिक मनसम्म प्रवेश गर्नेछ । यदि यो बलवान छ भने नराम्रो चेतनाको लागि सञ्चालित ब्रेकको रूपमा कार्य गर्न सक्छ । बुद्धको अनुस्मरणले प्रीति उत्पन्न हुन्छ, मनलाई फूर्तिलो स्फूर्तिलो बनाउँछ एवं व्याकुलता, तनाव र नैराश्यताको भावना हटाउँछ । त्यसकारण बुद्धको पूजा गर्ने एउटा भक्ति (प्रार्थना) होइन बरु एउटा ध्यान हो । त्यसकारण यो मूर्ति-पूजा होइन बरु 'आदर्श' पूजा हो । यसप्रकार बौद्धहरूले आफ्नो जीवनलाई पवित्र मन्दिर बनाउन स्फूर्ति पाउँदछ । उनीहरूले आफ्नो 'भित्री मन्दिर' त्यस मूर्ति राख्न योग्य नभएसम्म आफ्नो मनलाई शुद्ध पार्दछ । बौद्धहरू बुद्धमूर्ति अगाडि घुँडा टेक्छन् - आफैलाई विनम्र बनाउन र त्यस मूर्तिले प्रतिनिधित्व गरेको महान व्यक्तिप्रति सम्मान प्रकट गर्न उनीहरू वहाँको असल व्यक्तित्वबाट प्रेरणा पाउने र वहाँका गुणलाई तुलना गर्ने प्रयास गर्छन् । बौद्धहरू बुद्धमूर्तिलाई एउटा निर्जीव काठ, धातु वा माटोको मूर्ति भनेर ठान्दैनन् काय वाक र मन शुद्ध भएका र बुझ्न सक्नेहरूका लागि यस मूर्तिले कुनै सजीवता दर्शाउँदछ ।

बुद्धको मूर्ति वहाँको महान गुणहरूको प्रतिक हो । बुद्धप्रति रहेको अगाध श्रद्धालाई विश्वमा भएका सबैभन्दा सुन्दर एवं राम्रो कला एवं मूर्ति कलाको रूपमा व्यक्त गरिनु कुनै अस्वाभाविक होइन । यो कुरा बुझ्न गाऱ्हो छ कि एक पवित्र धर्म-गुरुको प्रतिनिधित्व गर्ने मूर्ति पूजा गर्नेहरूलाई किन केही व्यक्तिहरूले हेलाको दृष्टीले हेर्दछ ।

बुद्धको शान्त र नम्र मूर्ति एक आदर्शयुक्त सुन्दरता हो भन्ने आमधारणा भै सकेको छ । बुद्ध-मूर्ति एशियाली संस्कृतिको


https://dhamma.digital

सबैभन्दा मूल्यवान एवं साझा सम्पत्ति हो। बुद्ध-मूर्ति बिना एशिया चाहे जतिसुकै सम्पन्न भएता पनि एक भौगोलिक बनौट भन्दा केही हुने थिएन।

बुद्ध मूर्तिको सह्राहना एशियालीहरूले मात्र गरेको होइन। आफ्नो आत्म-कथामा अनाटोली फ्रान्सेले लेखेको छ - "सन् १८९० मे १ तारीखका दिन सौभाग्यले म पेरिसको म्यूजियम ' म्यूजी गुमेट' हेर्न पुगें। त्यहाँ मौनता र सरलतामा उभिरहेका एशियाका देवताहरू थिए। मेरो आँखा बुद्धको प्रतिमामा पुगे जो पीडित मानवहरूलाई दया र समझदारीपनाको विकास गर्न संकेत दिँदै थिए। यदि कहिल्यै कुन देवता यस पृथ्वीमा हिँडेका थिए भने त्यो अहिले वहाँ नै हुनुहुन्छ जस्तो मलाई लागेको थियो। मलाई वहाँको अगाडि घुँडा टेकुं र ईश्वरसँग वहाँलाई पूजा गरूँ जस्तो लाग्यो।"

एक समय एउटा जनरलले आफ्नो पछि एउटा बुद्धको मूर्ति विन्स्टन चर्चिललाई छाडेर गएका थिए। जनरलले भने -"यदि कहिलेकाँहि तिम्रो मन वेचैन हुन्छ र व्याकुल हुन्छ भने म चाहन्छु तिमी यस मूर्तिलाई हेरेर चैन लिनु।" किन बुद्धको शिक्षाले आफ्नो विवेक ज्ञान विकास गरिसकेका मान्छेहरूलाई आकर्षित पारेको छ ? शायद यसको उत्तर बुद्ध-मूर्तिमा रहेका स्वच्छताबाट पाउन सकिन्छ। मान्छेहरूले बुद्धप्रतिको श्रद्धा र वहाँको शिक्षाको विनीतता रङ्ग र रेखाहरूमा मात्र प्रकट गरेका होइनन्। बुद्धका मूर्ति बनाउन मानिसहरूको हातले धातु र ढुङ्गामा काम गरे र जुन (बुद्ध-मूर्ति) मानव जातिको सबभन्दा ठूलो कृति हुन्। श्री लङ्काको अभयगिरी विहारमा रहेका प्रसिद्ध मूर्ति वा सारनाथको बुद्धमूर्ति वा बोरोबुदुरका उत्कृष्ट मूर्तिहरूलाई हेर। आँखाहरू करुणाले पूर्ण छ, हातहरूले अभय वा शुभ कामना र आशिर्वाद दिँदैछ वा तिनीहरूले



https://dhamma.digital

केही भावनाहरू व्यक्त गर्दछन् वा विश्वलाई वहाँले गर्नु भएको सत्यको महान खोजलाई हेर्न आह्वान गर्दछ । जहाँ जहाँ धर्म पुगे, त्यस महान गुरुको मूर्ति पनि साथ साथै पुगे बरु पूजा गर्ने एक वस्तुको रूपमा नभइ ध्यान र सम्मानको प्रतिकको रूपमा । किसलीङ्ग भन्छन् "यो विश्वमा बुद्धको मूर्ति भन्दा ठूला अरू कुनै कुरा मलाई थाहा छैन । यसले आध्यात्मिकतालाई पूर्ण रूपले धेरै राम्ररी दृष्य जगतमा अञ्जालि दिएको छ ।"

बुद्धमूर्ति कुनै व्यक्तिको नभैकन बुद्धत्वको प्रतिक हो - जुन थोरैले मात्र गरेता पनि सबै मान्छेहरूले प्राप्त गर्न सकिन्छ। बुद्धत्व कुनै एकको लागि नभै सबैको लागि हो । "पहिले भइसक्नु भएका बुद्धहरू, भविष्यमा आउने बुद्धहरू र अहिलेका बुद्धलाई म दिन दिनै भित्रैदेखि अभिवादन गर्दछु ।" बुद्ध-मूर्तिको सुन्दरता र निर्मलताको बावजुद पनि सबै बौद्धहरूसँग बुद्ध-मूर्ति हुनै पर्ने र पूजा गर्नै पर्ने कुनै जरूरी छैन । जसले आफ्नो इन्द्रियहरूलाई नियन्त्रण गर्ने हुन्छ, निश्चय गर्न सक्छ, अवश्य पनि उसले बुद्ध-मूर्ति बिना यसो गर्न सक्छ । यदि बौद्धहरू साँच्चै नै बुद्धलाई सँगै राख्न चाहन्छन् भने उनीहरूले वहाँको शिक्षालाई व्यावहारिक जीवनमा कार्य रूपमा परिणत गर्नु पर्दछ । वहाँको आदेशको पालनाद्वारा नै वहाँलाई नजिक राख्न, वहाँको अमर ज्ञान र करुणाका ज्योतिलाई महशुस गर्न सकिन्छ । वहाँका महान उपदेशहरूलाई पालन नगरिकन वहाँका मूर्तिलाई पूजा गर्दैमा मोक्ष पाउन सकिँदैन ।

हामीले बुद्धका भावना (विचार) हरूलाई बुझ्न प्रयास पनि गर्नु पर्दछ । समस्याले ग्रस्त भएका यस विश्वलाई बचाउने एउटै उपाय वहाँका उपदेशहरू नै हुन् । विज्ञान र प्रविधिका अनगिन्ति फाइदाहरूका बावजुद पनि आज विश्वका जनताहरू डर, चिन्ता असन्तोषले ग्रस्त छन् । बुद्धको उपदेशमा हाम्रो यस पीडित विश्वको लागि समाधानहरू पाउँछौं ।



https://dhamma.digital

# प्रथम भागमा समावेश भएका शिर्षकहरू

## (पुस्तकको बारेमा)

(१) गौतम बुद्ध, (२) बोधि ज्ञान लाभ (३) बुद्धको शरणमा जानु (४) सिंहको गर्जन (५) बुद्ध ईश्वरको अवतार होइन (६) बोधिसत्व (७) अर्हत्पदको प्राप्ति (८) बुद्धको सेवा (९) उहाँको गृहत्याग (१०) बुद्धधर्म (११) बौद्ध नीति (१२) आधुनिक धर्म (१३) परम सत्य (१४) मन र पदार्थ (१५) कर्म (१६) के प्रथम कारण (हेतु) थाहा पाउन सकिन्छ (१७) सिद्धान्त कि दर्शन (१८) मध्यम मार्ग वा अष्टांगिक मार्ग (१९) बुद्ध धर्ममा स्वतन्त्रता (२०) बुद्ध र राजनीति (२१) समाजनमा बस्ने मानिसको लागि बुद्ध धर्म (२२) बुद्ध धर्म उही पुरानै शिक्षा हो त ? (२३) बुद्ध र बिश्व (२४) नैतिक र मानसिक विकास (२५) भक्ति, श्रद्धा र उपासना (२६) शील (२७) बुद्ध नास्तिक थिएन (२८) निराशावादि धर्म



https://dhamma.digital

# तेस्रो भागमा समावेश हुने शिर्षकहरू

(१) विश्वको श्रृष्टि (२) प्रार्थी (३) स्वर्ग र नर्क (४) अन्य संसारहरू (५) चमत्कारी शक्ति (६) बौद्ध अन्त्येष्टि क्रिया (७) पुण्यानुमोदनको महत्व (८) मृत्यु अगाडि धर्म परिवर्तन (९) धामी झाँक्रीहरू (१०) भूत प्रेत (११) भविष्यवाणी र जन्त्र मन्त्र (१२) अन्धविश्वास र कट्टरता (१३) बौद्ध योगदान (१४) सहनशीलता (१५) मैत्री (१६) विवाहप्रति बौद्ध दृष्टिकोण (१७) यौन शिक्षा र धर्म (१८) धर्म मानिसको लागि हो (१९) किन मानिससँग स्वतन्त्रता छैन (२०) मानिस नै सबै कुराको लागि जिम्मेवार छ (२१) किन शान्ति छैन ? (२२) जीवनको साँचो उद्देश्य के हो ? (२३) किन जनसंख्या बढछ ? (२४) हरेक वस्तु परिवर्तनशील छन् (२५) परम्परा, रितिथिति र चाडपर्व (२६) आत्मसमर्पण होइन (२७) आफ्नै प्रयास (२८) साँच्चैको दान (२९) के बौद्ध सिपाही बन्न सक्छ ? (३०) उपवास (३१) परिवार नियोजन र गर्भपात (३२) स्वर्ग जाने छोटो बाटो (३३) पापी छैन (३४) आज्ञा (३५) आत्महत्या (३६) विमुक्तिको मार्ग (३७) बुद्ध धर्मका दुई शाखाहरू ।

Dhamma.Digital

**बाँकी अन्य रमाइला लेखहरूको लागि यस पुस्तकको तेश्रो भागको प्रतिक्षा गर्नुहोस् ।**



https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital

# बौद्ध विश्वास

(तृतीय भाग)

लेखक:

**के. श्री धम्मानन्द**

Dhamma.Digital

अनुवादक:

**मदन रत्न मानन्धर**

https://dhamma.digital

**प्रकाशक**
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नःघल टोल, काठमाडौं ।
फोनः २२०४६६

प्रथम संस्करण - २००० प्रति

बुद्ध सम्बत् २४३८
नेपाल सम्बत् १११४
विक्रम सम्बत् २०५१
ईस्वी सम्बत् १९९४

Dhamma.Digital

**मूल्यः** १५।-

**मूद्रक -**
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं ।
फोन नं. २२ १० ३२



https://dhamma.digital

# शुभकामना

यस धर्मकीर्ति प्रकाशन अन्तर्गत १६६ औं पुस्तकको रूपमा प्रकाशित बौद्ध विश्वास (तृतीय भाग) हाल अप्राप्य भइरहेकोमा श्री जीवन शाक्यज्यूको अग्रसरतामा पुनः प्रकाशन हुन लागेको जानकारी पाउँदा खुसी लागेको छ ।

आजभन्दा करिब २६०० वर्ष अगाडि भगवान् बुद्धले बताउनु भएको शिक्षा आजको सन्दर्भमा पनि उत्तिकै लाभप्रद, व्यावहारिक र शान्तिप्रदायक भएको कुरा झन् झन् प्रमाणित हुँदै आइरहेको सर्वविदितै छ । यस्तो बेलामा प्रसिद्ध भिक्षु के. श्री धम्मानन्दज्यूबाट अंग्रेजीमा लिखित र यस विहारका सदस्य मदन रत्न मानन्धरबाट नेपालीमा अनुदित यस पुस्तकको प्रथम संस्करण बुद्ध सम्बत् २५३८ (वि.सं. २०५१) मा प्रकाशित भएको थियो ।

बुद्धको शिक्षा धेरै ठाउँमा प्रचार प्रसार होस् भन्ने यस विहारको उद्देश्य अनुरूप श्री जीवन कुमार शाक्यज्यूबाट द्वितीय संस्करण प्रकाशित गर्नुभएकोमा उहाँलगायत पुस्तकका लेखक एवं अनुवादक सबैप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः २०७१।७।११

भिक्षुणी धम्मवती 'धम्माचरिय'
अग्गमहागन्थवाचक पण्डित
अध्यक्ष
धर्मकीर्ति विहार
श्रीघः नःघल, काठमाडौं



https://dhamma.digital

# द्वितीय संस्करण बारे अनुवादकको भनाई

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट यस पुस्तकको प्रथम संस्करण वि.सं. २०५१ सालमा प्रकाशित भएको थियो। बुद्धशिक्षाबारे समसामयिक विषयवस्तुमा आधारित एवं थुप्रै विशेषताले युक्त यस पुस्तक धेरै वर्ष अगाडि नै अप्राप्य भईसकेको थियो । हाल श्री जीवन कुमार शाक्यज्यूको सक्रियता एवं प्रकाशकत्वमा द्वितीय संस्करण प्रकाशन हुन लागेको कुरा थाहा पाउँदा अत्यन्तै हर्ष लागेको छ ।

प्रसिद्ध विद्वान लेखक भिक्षु के. श्री धम्मानन्दज्यूबाट अंग्रेजीमा लिखित यस पुस्तकको नेपालीमा अनुवाद भाग १, २ र ३ गरि 'धर्मकीर्ति' बाटै प्रकाशित भएका थिए । तथापि उक्त What Buddhists Believe पुस्तकको सम्पूर्ण अंश अनुवाद भइसकेको छैन । तसर्थ इच्छुक कुनै विद्वान श्रद्धालुबाट भविष्यमा सो कार्य पनि सम्पन्न हुनेछ भन्ने विश्वास लिएको छु ।

अप्राप्य पुस्तकको महत्व र आवश्यकतालाई महसूस गरी द्वितीय संस्करण प्रकाशन गर्नुभएकोमा प्रकाशक परिवारहरूप्रति हार्दिक कृतज्ञता एवं साधुवाद प्रकट गर्न चाहन्छु ।

मितिः २०७१।७।११

मदन रत्न मानन्धर
हाल सोह्रखुट्टे, काठमाडौं
फोनः ४३५९३९५



https://dhamma.digital

# अनुवादकको भनाई

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट २०३८ सालमा प्रथम भाग र २०३९ सालमा द्वितीय भाग गरी प्रकाशित 'बौद्ध विश्वास' बाट प्रभावित भएर नै यो तेश्रो भागको अनुवाद कार्यमा प्रेरित हुनसकेको हो भन्दा अत्युक्ति नहोला ।

भिक्षु के. श्री धम्मानन्दज्यूको सारगर्भित एवं तथ्यमा आधारित प्रवचन तथा प्रश्नको उत्तरलाई 'What Buddhists Believe' भन्ने पुस्तकाकार दिएपछि विश्वव्यापी रूपमा उक्त पुस्तक लोकप्रिय भएको कुरा चिनियाँ, कोरियाली र इन्डोनेशियाई भाषामा रूपान्तरित हुनु र अंग्रेजीमा चौथो संस्करण समेत निस्किनुबाट पुष्टि हुन्छ ।

बुद्ध र उहाँको शिक्षाबारे जान्न उत्सुक प्रत्येक बौद्ध वा अबौद्ध जोसुकैको जिज्ञासा मेटाउन सफल मानिएको उक्त पुस्तकमा बुद्धशिक्षाका व्यावहारिकता, आवश्यकता र वैज्ञानिकतालाई राम्ररी दर्शाइएको त छँदैछ, परम्परागत बौद्ध लेखकहरूबाट कहिल्यै नलेखिएका कुराहरू समेत सो पुस्तकमा पाइनु एउटा विशेषता नै मान्नु पर्दछ ।

अंग्रेजी भाषा र शैलीबाट नेपाली भाषा र शैलीमा भाषा रूपान्तरण गर्नु पर्दा कहीं कहीं मौलिकताबाट चिप्लन गएको अनुभव यस अनुवादमा पाउनु हुनेछ । सकेसम्म मौलिकतालाई जोगाउने प्रयास गरेतापनि थुप्रै गल्तिहरू भएका होलान्, विज्ञ पाठकवर्गबाट गल्तितर्फ भन्दा पनि विषयवस्तुतर्फ आफूलाई केन्द्रित गरिदिनु भएमा अनुवादकको परिश्रम खेर नगएको ठान्ने छु ।



https://dhamma.digital

अति लोकप्रिय पुस्तकको अनुवाद गर्न पाएकोमा आफूलाई गौरवान्वित ठान्दछु। पुस्तक प्रकाशनको लागि सहयोग गरिदिनु हुने धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीप्रति हार्दिक आभार प्रकट गर्दछु।

अनुवाद शुद्धिको काममा सहयोग गर्नुहुने साथी बरदेश मानन्धरप्रति पनि कृतज्ञ छु। साथै पाण्डुलिपि साफि गर्ने काममा सहयोग गर्ने भाइ अमिर र बहिनी उमा पनि धन्यवादका पात्र छन्। समयमै पुस्तक सिध्याइदिनु भएकोमा नेपाल प्रेस परिवारलाई पनि धन्यवाद छ। प्रबुद्ध पाठकवर्गबाट आलोचनाको अपेक्षा गर्दछु।

सोह्रखुट्टे, पहिको टोल २०५१।६।१०

-अनुवादक

Dhamma.Digital



https://dhamma.digital

# प्रकाशकीय

बौद्ध विश्वासको प्रथम र द्वितीय भागको लोकप्रियताले गर्दा यो तेश्रो भाग पनि प्रकाशन गरिएको हो । बुद्ध र उहाँको शिक्षा बिषयमा लेखिएका पुस्तकहरूको प्रकाशनको क्रममा यो पुस्तक १६६ औं हो ।

आफ्नो व्यस्त समयमा पनि अनुवादको लागि समय निकाली परिश्रम गर्नु हुने साथै प्रुफ समेत हेर्नुहुने गोष्ठीका सदस्य श्री मदन रत्न मानन्धर धन्यवादका पात्र छन् । पुस्तक प्रकाशनको अवसर दिनु भएकोमा गोष्ठी उहाँप्रति आभारी छ ।

पुस्तक तपाईंको हातमा छ, यसबाट बुद्ध र उहाँको शिक्षाबारे यर्थाथ ज्ञान हासिल गर्न सकोस् - यही नै हाम्रो लक्ष्य हो ।

१ आश्विन २०५१

धम्मवती
अध्यक्ष
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी



Dhamma.Digital
https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital

# समर्पण

आध्यात्मिक क्षेत्रका प्रथम धर्मगुरु

'अरिय धम्मरक्खित नेपाल बुद्धसासन वंसालंकार सिरि'

संघमहानायक, भदन्त, अग्रमहापण्डित

दिवंगत प्रज्ञानन्द महास्थविरज्यूमा सादर समर्पण ।

Dhamma.Digital

-अनुवादक



https://dhamma.digital

https://dhamma.digital

# बिषय-सूची


क्र.सं. पृष्ठ

शुभकामना

द्वितीय संस्करणबारे अनुवादकको भनाई

अनुवादकको भनाई

प्रकाशकीय

समर्पण

१. बुद्धधर्मका दुई प्रमुख शाखाहरू ........ १६३

२. हरेक वस्तु परिवर्तनशील छन् ........ १६६

३. जीवनको साँचो उद्देश्य के हो ? ........ १६९

४. मैत्री ........ १७६

५. साँच्चैको दान ........ १८०

६. सहनशीलता ........ १८२

७. बौद्ध अन्त्येष्टि क्रिया ........ १८४

८. आत्म समर्पण होइन ........ १८६

९. कोही पनि पापी छैनन् ........ १८८

१०. तिमी आफैं गर ........ १९०

११. मानिस नै जिम्मेवार छन् ........ १९१

१२. मानिस आफूले आफैंलाई नियन्त्रण गर्नुपर्छ ........ १९३

१३. आफ्नो रक्षा आफैं गर ........ १९५

१४. आफ्नो बचावट कसरी गर्ने ? ........ १९८





https://dhamma.digital

१५. प्रार्थनाको अर्थ ........................................ २०५
१६. परित्राण पाठको अर्थ ........................................ २०७
१७. के बौद्धहरू मूर्ति पूजक हुन् ? ........................................ २१२
१८. उपवासको धार्मिक अभिप्राय ........................................ २१६
१९. परम्परा, रीतिथिति र चाडपर्वहरू ........................................ २१७
२०. विवाहप्रति बौद्ध दृष्टिकोण ........................................ २२०
२१. विश्वको जनसंख्या किन बढ्दै छ ? ........................................ २२४
२२. यौन र धर्म ........................................ २२६
२३. मानिस र धर्म ........................................ २२९
२४. मृत्यु अगाडि धर्म परिवर्तन ........................................ २३७
२५. स्वर्ग जाने छोटो बाटो ........................................ २३८
२६. युद्ध र शान्ति ........................................ २४०
२७. लडाईको समर्थन गर्न सक्छौं ? ........................................ २४३
२८. कोही बौद्ध सेनामा सम्मिलित हुन सक्छ ? ........................................ २४७
२९. संसारको श्रृष्टि ........................................ २५०
३०. अन्य संसारचक्रहरू ........................................ २५२
३१. स्वर्ग र नर्क ........................................ २५६
३२. सत्व लोक ........................................ २५८
३३. पुण्यानुमोदनको महत्व ........................................ २५९
३४. भविष्यकाबारे थाहा पाउने र जन्त्रमन्त्र ........................................ २६३
३५. अन्धविश्वास र कट्टरता ........................................ २६५



Dhamma.Digital
https://dhamma.digital

# बुद्धधर्मका दुई प्रमुख शाखाहरू

**बुद्धका सच्चा अनुयायीहरू कुनै वाद वा सम्प्रदायमा नलागीकनै यस धर्मको अनुशरण गर्न सक्छन् ।**

भगवान बुद्धको परिनिर्वाणको केही सय वर्षपछि नै बुद्धको मौलिक शिक्षा हामीसँग छ भन्दै १८ प्रकारका मत वा सम्प्रदायहरू देखा परे । ती सम्प्रदायहरू बीच प्रमुख भिन्नता नै बुद्धको शिक्षालाई भिन्न भिन्न रूपमा व्याख्या गर्नु हो । समयको अन्तरालसँगै ती सबै सम्प्रदायहरू दुईवटा प्रमुख शाखाहरूमा गाभिन गएः ती हुन् थेरवाद र महायान । आज बुद्धधर्मका अधिकांश अनुयायीहरू यिनै दुई शाखामा विभक्त छन् ।

प्रत्येक व्यक्ति बुद्ध बन्न सक्छन् भन्ने बुद्धको शिक्षाबाट प्रेरित भएर नै महायानको उदय भएको थियो भने बुद्ध बन्न प्रत्येक व्यक्ति आफैले मिहेनत गर्नुपर्छ भन्ने भनाई थेरवादीहरूको रहेको छ । त्यस्तै महायानीहरू बोधिसत्वहरूको सहयोगबाट मोक्ष पाउन सकिन्छ भन्ने विश्वास गर्छन् । तिनीहरूका अनुसार बोधिसत्व भन्नाले भविष्यका बुद्ध हुन् र अरूलाई दुःखबाट छुट्कारा पाउनमा मद्दत नगरेसम्म आफ्नो मुक्तिलाई पनि थाँति राख्ने उच्च प्राणी हुन् । यस भिन्नता बाहेक थेरवाद र महायानका बीच धर्म र शिक्षाका बारेमा अरू भिन्नता देखिंदैनन्, किनकि बुद्धले सत्यलाई अंगाल्नमा जोड दिनु भएको छ र कुनैपनि कुरालाई आफ्नो विवेकको कसीमा घोट्ने स्वतन्त्रता दिनु भएको छ । तर सबैभन्दा प्रमुख कुरा महायानी र थेरवादीहरू दुवैले नै बुद्धप्रति त्यत्तिकै आदर र सम्मान गर्छन ।



https://dhamma.digital

दुवै शाखाहरूले स्वीकारेका केही कुराहरू निम्न प्रकारका छन्ः

१. शाक्यमुनि बुद्धलाई दुवैले आफ्ना गुरु मानेका छन् ।
२. चतुआर्यसत्यको व्याख्या दुवैले एकै प्रकारले गर्छन् ।
३. आर्य अष्टाङ्गिक मार्गको व्याख्यामा कुनै भिन्नता छैन ।
४. प्रतीत्य समुत्पाद अर्थात् कार्य कारणको सिद्धान्तको व्याख्या एकै प्रकारको छ ।
५. संसारको सृष्टिकर्ता र मालिक अरू नै छ भन्ने कुरा दुवैले मान्दैनन् ।
६. अनित्य, दुःख, अनात्म र शील, समाधि, प्रज्ञालाई दुवैले बिना कुनै हिचकिचाहट् स्वीकार्दछन् ।

थेरवादीहरू आफूमात्र दुःख मुक्त हुन खोज्ने स्वार्थी हुन् भन्ने कसैकसैको आरोप छ । तर स्वार्थी व्यक्तिले कसरी ज्ञान प्राप्त गर्न सक्छ ? दुवै सम्प्रदायले तीनै 'यान' वा 'बोधि'लाई स्वीकार्दछ र बोधिसत्वलाई उच्च आदर्श मान्दछ । महायानले थुप्रै अलौकिक बोधिसत्वहरूको सृष्टि गरेको छ भने थेरवादले बोधिसत्व भन्ने व्यक्ति पूर्णता प्राप्तिको लागि आजीवन अभ्यासरत रहने र अन्ततः सम्पूर्ण संसार र प्राणीको सुखका लागि ज्ञान प्राप्त गर्ने व्यक्ति हुन् भन्ने कुरामा विश्वास गर्छ ।

हीनयान (नीचवाहन) र महायान (उच्चवाहन) भन्ने शब्द थेरवादी पालि साहित्यमा देखिंदैन । त्यस्तै पालि त्रिपिटक र अर्थकथाहरूमा पनि ती शब्दहरू भेटिंदैनन् ।

थेरवादीहरूले पच्चिससय वर्षपहिले भारतमा प्रचार भएको धर्मको अनुदारवादी परम्परालाई अपनाई आएका छन् । उनीहरू आफ्ना धार्मिक कार्यहरू पालि भाषामा गर्छन् । तिनीहरू सम्यक्


https://dhamma.digital

सम्बुद्ध, प्रत्येक बुद्ध वा अर्हत् (उच्च सन्त) भएर अन्तिम लक्ष्य (निर्वाण) प्राप्त गर्न सकिन्छ भन्ने धारणा राख्दछन् । ती मध्ये पनि अधिकांशले अर्हत् भएर मुक्ति पाउने मार्ग अपनाउँछन् । श्रीलङ्का, बर्मा र थाइल्याण्डका बौद्धहरू यस शाखा अन्तर्गत पर्छन् । महायानीहरूले पुराना धार्मिक परम्परा बदलीसकेका छन् । तिनीहरू आफू बसेको देश अनुसार रीतिरिवाज मनाउँछन् । र धार्मिक कार्यहरू आफ्नै मातृभाषाहरूमा गर्छन् । उनीहरू बुद्ध नै भएर अन्तिम लक्ष्य (निर्वाण) प्राप्त गर्ने अभिलाषा राख्छन् । तसर्थ, उनीहरू बुद्ध र बोधिसत्व (जो पछि बुद्ध बन्ने) लाई समान रूपमा आदर गर्छन् । चीन, जापान र कोरियाका बौद्धहरू यस शाखा अन्तर्गत पर्छन् । तिब्बत र मंगोलियामा बस्ने अधिकांश बौद्धहरूले बुद्धधर्मको एक अर्को यान 'बज्रयान' अंगालेका छन् । बौद्ध विद्वानहरू यो शाखा महायानतर्फ बढी झुकाव राख्ने कुरा बताउँछन् ।

हीनयान र महायान भन्ने शब्द पछिमात्र बनेको कुरामा सबै विद्वानहरू एकमत छन् । ऐतिहासिक रूपमा भन्ने हो भने थेरवाद भन्ने शब्द धेरै पहिले नै प्रचलनमा आएको थियो । बुद्धको मौलिक शिक्षा अंगालेको यस थेरवाद ईसापूर्व तेश्रो शताब्दीतिर सम्राट अशोकको पालामा भारतबाट श्रीलंकामा भित्र्याइएको र स्थापित पनि भएको थियो । त्यसबेला महायान भन्ने कुनै शब्द नै थिएन । इस्वी सम्बत्को शुरुवाततिर मात्र महायान शब्द देखापरेको थियो । ई. पू. तेश्रो शताब्दीमा त्रिपिटक र अर्थकथासहित श्रीलङ्का पुगेको बुद्धधर्म थेरवादको रूपमा अखण्ड रहे र भारतमा झैं हीनयान महायान विवाद कहिल्यै देखा परेन । तसर्थ, थेरवादलाई यी दुई यान मध्ये एक अन्तर्गत राख्नु उचित हुँदैन । किन्तु सन् १९५० मा विश्व बौद्ध भ्रातृत्व (WFB) को उद्घाटन पश्चात पूर्व र पश्चिमका विद्वानहरूले दक्षिण पूर्वी एशियाली मुलकहरूमा प्रचलित बुद्धधर्मलाई हीनयानको सट्टा 'थेरवाद' भन्ने शब्द प्रचलनमा ल्याए ।



https://dhamma.digital

अझैपनि केही व्यक्तिहरू हीनयान शब्द नै प्रयोग गर्ने गर्छन् । वास्तवमा समाधि निर्मोचन सूत्र (एक महायानी सूत्र) मा स्पष्ट रूपमा उल्लेख गरिएको छ कि श्रावकयान (थेरवाद) र महायान मिलेर एउटै मात्र यान 'एकयान' बन्दछ र तिनीहरू कत्ति पनि फरक र भिन्न 'बाहन' होइनन् । बुद्धधर्मका विभिन्न शाखाहरूले बुद्धशिक्षाबारे भित्र भित्र अलग विचार राखेतापनि दुईहजार वर्षभन्दा अघि देखि आपसमा धर्मको नाममा हिंसा र रक्तपात भएको छैन । यही नै बौद्ध सहनशीलताको अपूर्व विशेषता हो ।

## हरेक वस्तु परिवर्तनशील छन्

**सबै नै परिवर्तनशील छन् र अपरिवर्तनशील भन्ने केही छँदैछैन ।**

जीवनलाई नियालेर हेर्दा हामी देख्छौं- यो कसरी परिवर्तन भइरहेको छ र असमानता र चरमसीमा बीच कसरी निरन्तर गुज्रिरहन्छ ? हामीले उतार चढाव, सफलता असफलता, लाभ हानीको महशुस गर्छौं; त्यस्तै यश अपयश, निन्दा प्रशंसाको अनुभव गर्छौं; र सुख र दुःख, खुशी र नैराश्य, सन्तोष र दिक्दारी, आशा र डरका क्षणमा आफ्नो हृदयको स्पन्दनको अनुभूति लिन्छौं । भावनाका यी प्रबल धाराहरूले हामीलाई कहिले उडाउँछ त कहिले तल थचार्छ, कहिले आनन्दको पनि अनुभव गर्छौं र एकैछिन पछि फेरि अर्को नयाँ धारको शक्तिले हामीलाई बगाउन थाल्छ । आरोह अवरोहको धारहरूको भूमरीमा हामी कसरी रहन सकौंला त ? विश्रामहीन यस्तो भवसागरमा हामीले आफ्नो जीवनलाई कसरी र कहाँनेर स्थापित गर्ने त ?

यो संसार भनेको नै अनगिन्ति असन्तोष, असफलता र हार खाएपछि मात्र बल्ल अलिकति आनन्द प्राप्त हुने ठाउँ हो । यही


https://dhamma.digital

त्यो संसार हो जहाँ रोग, व्याधि, निराशा र मृत्युबीच अत्यन्त प्रसन्नता रहेको छ। यो संसार त्यस्तो हो जहाँ एकै छिन अघिसम्म प्रसन्न व्यक्ति अर्को क्षणमा हाम्रो सहानुभूतिका पात्र बन्न पुग्छन्। यस्तो संसारको लागि स्थिर चित्तको अत्यावश्यक पर्दछ। आज हाम्रो अभिन्न मित्रको रूपमा रहेको व्यक्ति अर्को दिन हामीलाई नै हानी पुऱ्याउने शत्रुका रूपमा परिणत हुने स्वभावको छ यो संसार।

बुद्धले यस संसारलाई भव (केही बन्नु) को अन्तहीन प्रवाह भन्नु भएको छ। प्रत्येक वस्तु परिवर्तनशील छन्, अटूट रूपमा परिवर्तित छन्, निरन्तर परिवर्तन हुँदैछन् र बगेको नदी झैं छन्। हरेक वस्तु जन्मबाट मृत्युतर्फ गइरहेको छ। मृत्युतर्फ निरन्तर उन्मुख हुनु नै जीवन हो। सजीव होस् वा निर्जीव सबै नाशोन्मुख नै छन्। यही अनित्यताको शिक्षा नै बुद्धधर्मको प्रमुख आधार हो। संसारको कुनै वस्तु पनि अनित्य हुनुबाट विमुख छैनन्। मृत्यु नभएको जन्म असम्भव छ, जति पनि बन्छन् सबै नाश हुनैपर्छ। 'परिवर्तन' नै 'सत्य' वा वास्तविकताको एक अभिन्न अंग हो।

अनित्यताको यस नियमलाई स्वीकार्नु हुँदै बुद्धले संसारमा नित्य रहने कुनै पनि छ भन्ने कुरालाई अस्वीकार गर्नुभएको छ। मन र पदार्थ वा शरीर वास्तवमा मिथ्या हुन् र एक अर्कामा निर्भर रही उत्पत्ति हुने परिवर्तनीय स्वभाव धर्म मात्र हुन्।

आज, वैज्ञानिकहरूले बुद्धले पत्ता लगाउनु भएको अनित्यताको नियमलाई स्वीकार गरिसके। कुनै वस्तु पनि ठोस रूपमा छैनन्, वास्तविक छैनन् र प्रकट रूपमा छैनन् भन्ने कुरा वैज्ञानिकहरूले स्वीकारी सके। प्रत्येक वस्तु शक्तिको प्रवाह मात्र हो, दुई क्षणसम्म रहिरहने केही छैनन्। पूरा विश्व नै परिवर्तनको यस तेज भूमरीमा फसेको छ। वैज्ञानिकहरूले सिद्ध गरेका सिद्धान्तहरू मध्ये सूर्यको


https://dhamma.digital

अन्तपछि त्यो चिसो हुन्छ भन्ने पनि एक हो । यस धारणाबाट बौद्धहरू भयभीत छैनन् । बुद्धले प्रत्येक प्राणी सरह ब्रम्हाण्ड अथवा संसार चक्र पनि उत्पत्ति र बिनाशको अन्तहीन क्रममा रहेको कुरा सिकाउनु भएको छ । हाम्रो संसार पनि कुनै एकदिन समाप्त हुनेछ । पहिलेका संसारहरू पनि त्यस्तै भएका थिए र पछि पनि हुँदै जानेछन् ।

'संसार भनेको उत्पत्ति विनाशको प्रवाह हो । हामी सबै समयसित आवद्ध छौं । लेखिएका हरेक शब्द, कुँडिएका हरेक ढुङ्गाहरू, रङ्गाइएका हरेक चित्रहरू, सभ्यताको संरचना, मानिसका प्रत्येक वंशहरू स्मृतिपटलबाट हराएका गृष्मकालीन फूल र पात झैं हराएर जान्छन् । भएका हरेक वस्तु परिवर्तनशील छन् र अपरिवर्तनीय वस्तु भनेको केही छँदै छैनन् ।

तसर्थ, यस ब्रम्हाण्डमा रहेका सबै देव, मनुष्य, पशुपंछिहरू, सजीव, निर्जीव वस्तुहरू अनित्य भएर जान्छन् । बुद्धधर्मले हामीलाई सिकाउँछः

'रूप (शरीर) भनेको फिंज जस्तो हो, हेर्दा केही लाग्छ छुँदा केही पाउँदैनौं । वेदना (अनुभूति) भनेको पानीको फोका जस्तो हो छिनमै बन्छ छिनमै बिलाउँछ ।

संज्ञा (मूल्याङ्कन) भनेको मृगतृष्णा जस्तो हो, जति अघि बढे पनि भ्रम मात्र हुन्छ ।

संस्कार (इच्छा, संकल्प) भनेको केराको बोट जस्तो हो, जति उप्काए पनि खालि नै हात लाग्छ ।

विज्ञान (चेतना) भनेको मायाजाल जस्तो हो, जादूगरको जादू जस्तो । - (संयुक्त निकाय)


https://dhamma.digital

# जीवनको साँचो उद्धेश्य के हो ?

## संसारको विकास क्रममा मानिस सबैभन्दा श्रेष्ठ उपलब्धि हो । उसले आफ्नो महत्व र जीवनको सही अर्थ बुझ्न सक्नु पर्छ ।

जीवनको सही अर्थ थाहा पाउन प्रथमतः आफूभित्रको अनुभव र ज्ञानबाट आफ्नो जीवनलाई बुझ्नु पर्छ । तब जीवनको सही अर्थ आफैले थाहा पाउँछौं । अरूले केही मार्गदर्शनहरू दिन सक्छन् तर आफूलाई 'जागृत' गर्नको लागि आवश्यक वातावरण तयार चाहिं आफैले गर्नु पर्छ ।

जीवनको वास्तविक उद्देश्य पत्ता लगाउन केही पूर्वाधारहरू छन् । प्रथमतः मानिसको प्रकृति र जीवनको स्वभाव थाहा पाउनु पर्छ । त्यसपछि, आध्यात्मिक अभ्यासको सहाराबाट आफ्नो मनलाई शान्त र निश्चल बनाउनु पर्छ । जब यी अवस्थाहरू पूरा हुन्छन्, तब हामीले पाउन खोजेका उत्तरहरू स्वाभाविक रूपमा पाउन थाल्छौं ।

**मानिसको स्वभाव (प्रकृति) कस्तो छ ?**

चन्द्रमामा पाइला टेक्न र ब्रम्हाण्डको अद्भूत खोजबिन गर्न मानिस शायद सिपालु छन् होला, तर उसले आफ्नै मनको बारे बुझ्न, थाहा पाउन भने बाँकी नै छ । मनको सही स्वभाव थाहा पाउन त्यसलाई कसरी विकसित पार्नु पर्छ भन्ने कुरा त उसले सिक्न बाँकी नै छ ।

मानिस अझै पनि अज्ञानताको खोल भित्रै छन् । उसले वास्तवमा आफू को हुँ र के हुँ भन्ने कुरा थाहा पाएकै छैन । परिणामतः उसले सब कुराको गलत अर्थ लाउँछ र त्यही अनुसार



https://dhamma.digital

कार्य गर्छ। हाम्रा सम्पूर्ण सभ्यताहरू यस्तो गलत अर्थमा आधारित भएको कुरा के विचारणीय छैन ? आफ्नो आस्तित्वबारे थाहा पाउन नसक्नाले मानिस दम्भी, स्वार्थी र ढोंगी बन्न पुग्छ।

ज्ञान प्राप्तिको लागि मानिसले अज्ञानतामाथि विजय पाउन सक्नुपर्छ। सम्पूर्ण महापुरुषहरू मानिसको कोखबाटै जन्मेका हुन्, तर तिनीहरूले महानताको लागि कार्य गरे। ज्ञान भनेको कुरा ट्याङ्कीमा पानी खन्याए जस्तो गरी कसैले हाम्रो हृदयमा खन्याउन सक्ने कुरा होइन। स्वयं बुद्धले पनि मानिसको प्रकृतिबारे थाहा पाउन मानसिक परिशुद्धताका लागि अभ्यास गर्नुभएको थियो।

मानिस ज्ञानी हुन सक्छ, बुद्ध बन्न सक्छ - यदि ऊ आफ्नो अज्ञान मनद्वारा निर्मित 'स्वप्न' बाट ब्युँझन्छ र पूर्णतः जागृत हुन्छ भने। आज ऊ जे जस्तो छ, ती सबै उसको आफ्नै विचार र कार्यको परिणाम हो भन्ने कुरा बुझ्नु पर्छ। उसलाई कसैले एकैपटक तयार गरिदिएको होइन, ऊ निरन्तर रूपमा बन्दैछ, परिवर्तन हुँदैछ। ऊ आफ्नो भविष्यलाई काय, वचन र मनको माध्यमबाट कतातिर ढाल्न चाहन्छ, ढाल्न सक्छ। वास्तवमा ऊ आफ्नो इच्छानुसारको कार्य र विचारको प्रतिबिम्ब हो। मानिस जीव विकास वृक्षको महान फल हो - उसले प्रकृतिमा आफ्नो स्थान र जीवनको सही अर्थ बुझ्ने प्रयास गर्नुपर्छ।

## जीवनको स्वभाव कस्तो हुन्छ ?

जीवनको वास्तविकता सामना गर्न कतिपय मानिसहरू तयार हुँदैनन् र मिठो सपना र कल्पनामा डुबेर आफूलाई सुरक्षित ठान्न रुचाउँछन्। उनीहरू प्रतिबिम्बलाई पदार्थको रूपमा हेरी भ्रमित हुन्छन्। जीवन अनिश्चित छ, तर मृत्यु अवश्यम्भावी छ भन्ने कुरा बिर्सन्छन्। वास्तवमा मृत्यु भनेको एक क्षणिक


https://dhamma.digital

जीवनको क्षणिक अन्त्य सिवाय अरू केही होइन भन्ने कुरा बुझ्न र स्वीकार गर्नु नै जीवनलाई बुझ्ने एक उपाय हो । तर 'मृत्यु' शब्द सुन्न धेरैलाई मन पर्दैन । मन पराओस् वा नपराओस् मृत्यु आउँछ भन्ने कुरा तिनीहरू बिर्सन्छन् । मृत्युको स्वाभाविकताबारे सही दिमागले सोचेको खण्डमा मानिसमा शान्ति र उत्साह वृद्धिका साथै जीवनको स्वभावबारे यथार्थ ज्ञान पनि प्राप्त हुन्छ ।

मृत्युलाई बुझ्नुको अतिरिक्त हामीले जीवनबारे पनि जानी राख्नु आवश्यक छ । हामी यस्तो जीवन जिइरहेका छौं जुन कि हामीले इच्छा गरे अनुरूप सँधै सरल र सरस हुँदैन । कैयौंपल्ट समस्या र अवरोधको सामना गर्नुपर्ने हुन्छ । तथापि यिनीहरूसँग हामी डराउनु हुँदैन, किनकि यिनीहरूको वास्तविक स्वभावलाई बुझ्न सकेमा हामीले जीवनको गहनतम् अर्थ पनि बुझ्न सक्ने छौं । सम्पत्ति, ऐश, पदप्रतिष्ठाबाट प्राप्त हुने सांसारिक सुख सबै भ्रममात्रै हुन् । भौतिक उन्नति, महानतम उपलब्धिको बाबजूद पनि निन्द्रा लाग्ने औषधिको खपतमा वृद्धि, मानसिक अस्पतालहरूमा रोगीहरूको वृद्धि र आत्महत्या गर्नेहरूको संख्या वृद्धिले के कुरा प्रमाणित गर्दछ भने सच्चा सुख भनेको सांसारिक सुखभन्दा धेरै माथि छ र हामीले त्यसलाई प्राप्त गर्न सक्नु पर्दछ ।

## धर्मको आवश्यकता

जीवनको साँचो उद्देश्य बुझ्नको लागि, कुनै एक धर्म अथवा सत्य-नैतिक व्यवस्थाको अनुशरण गर्नु पर्दछ । त्यसले खराब कामबाट अलग्ग हुन मद्दत गर्छ, असल काममा लाग्न उत्साह दिन्छ र आफ्नो मन परिशुद्ध गर्न सक्षम बनाउँछ । सरल भाषामा भन्ने हो भने यही नै 'धर्म' हो ।

धर्म उद्यमी व्यक्तिको अभिव्यक्ति हो: यो उसको 'आफू'लाई चिन्ने र पाउने मार्गको लागि सर्वोच्च शक्ति हो । यसमा



https://dhamma.digital

नकारात्मक स्वभावलाई सकारात्मक स्वभावमा बदल्ने शक्ति छ। यसले आदर्शहीनलाई आदर्शमय, स्वार्थीलाई निस्वार्थी, घमण्डीलाई विनम्र, हठीलाई सहनशील, लोभीलाई दानी, निर्दयीलाई दयावान, निराशावादीलाई आशावादीमा परिणत गराउँछ । प्राणीहरूलाई उच्चतम श्रेणीमा पुऱ्याउने लक्ष्य प्रत्येक धर्ममा रहेको छ। शुरुदेखि नै धर्म मानिसको कलाकारीता र सांस्कृतिक प्रेरणाको श्रोतको रूपमा रहि आएको छ। यद्यपि मानव इतिहासमा कतिपय धर्महरू आए र बिलाए पनि, तथापि यी प्रत्येकले मानवीय प्रगतिका लागि केही न केही योगदान दिएकै पाउँछौं। क्रिश्चियन धर्मले पश्चिमी सभ्यतालाई सुसभ्य बनाउन मद्दत गरे । बुद्धधर्म, जसले पूर्वीय जगतको ठूलै भागलाई सुसभ्य बनाए र जुन आफै पनि सशक्त छ र आजको वैज्ञानिक युगमा यो धर्मले बढी प्रभाव पार्ने र फैलिने सम्भावना देखा परेको छ । आधुनिक ज्ञानसँग यसका शिक्षाहरू कहिल्यै र कुनै हालतमा बाझिएका छैनन्। बरु यसका सिद्धान्तहरू झन्-झन् सान्दर्भिक हुँदै गइरहेका छन् । पश्चिमेलीहरू भौतिक विकासका लागि ब्रम्हाण्डमाथि विजय हासिल गर्न खोज्दैछन् । बुद्धधर्म र पूर्वीय दर्शन आध्यात्मिक सन्तुष्टिको लागि प्रकृतिसँग सौहार्द्रता वा सन्तुलन खोज्छन्।

धर्मले मानिसलाई इन्द्रिय संवर गर्न र मनलाई शान्त पार्न सिकाउँछ। इन्द्रिय संवरको अर्थ हो हाम्रो समस्याको जराको रूपमा रहेको तृष्णालाई हटाउनु। हामीमा सन्तोष हुनु नितान्त आवश्यक छ । मानिस जति सम्पत्तिको चाहना गर्छन् उत्तिनै बढी दुःख पाउँछन् । सम्पत्तिले मानिसलाई सुख दिंदैन । विश्वका अधिकांश धनी व्यक्तिहरू असंख्य शारीरिक र मानसिक समस्याले पिरोलिएका छन्। तिनीहरूसँग भएका जतिसुकै पैसाले पनि समाधानका उपाय किन्न सक्दैनन्। तर सन्तोषी व्यक्ति जतिसुकै गरीब भएपनि ती



https://dhamma.digital

धनीहरूभन्दा बढी आनन्दले जीवन बिताउँछन् । एउटा कविता छः-

‘कसैसँग धेरै छ तर पनि बढी चाहना गर्छ
मसँग थोरै छ तर पनि बढी चाहन्नँ,
तिनीहरूसँग धेरै भएपनि गरीब छन्,
र मसँग थोरै छ तापनि धनी छु;
तिनीहरू गरीब, म धनी; तिनीहरू माग्छन् म दिन्छु;
तिनीहरूसँग अभाव छ; मसँग छैन;
तिनीहरू शोकले सुक्दैछन्, म बाँच्दै छु ।”

**जीवन उद्देश्यको खोजमा**

प्रत्येक व्यक्तिको जीवनको लक्ष्य फरक-फरक हुन्छन् । एक कलाकारले आफू मरिसकेपछि पनि रहिरहने कलाको श्रृजना गर्ने लक्ष्य राख्न सक्छ । एक बैज्ञानिकले कुनै नियम, कुनै नयाँ सिद्धान्त वा नयाँ मेशीन बनाउने इच्छा गर्न सक्छ ।

एक राजनैतिक व्यक्तिले प्रधानमन्त्री वा राष्ट्रपति बन्ने आकांक्षा राख्न सक्छ । एक जवान व्यक्तिले बहुराष्ट्रिय कम्पनीको मेनेजिङ्ग डाइरेक्टर बन्ने लक्ष्य बनाउन सक्छ । किन्तु, जब ती कलाकार, बैज्ञानिक, राजनीतिज्ञ र युवालाई किन यस्तो लक्ष्य राख्यौ भनी सोधेमा जवाफ देलान् - यी उपलब्धीहरू नै जीवनको साँचो उद्देश्य हो र यसले सुखी बनाउँछ । हरेकले जीवनमा सुखको आकांक्षा राख्दछ, तर अनुभवले बारम्बार यही देखाएको छ, यस्तो प्राप्ति एक मृगतृष्णा मात्रै हो ।

**बोध (महशुस)**

जब हामी अनित्य, दुःख र अनात्मरूपी जीवनको स्वभाव जान्न सक्षम हुन्छौं, मानिसको लोभी प्रकृति र त्यसलाई सन्तुष्ट



https://dhamma.digital

गर्ने माध्यमको बारे थाहा पाउँछौं, तब मानिसले इच्छाएको सुख किन त्यतिको भ्रमपूर्ण हुन्छ भन्ने कुरा हामी राम्ररी महशुस गर्न सक्छौं । तिनीहरू धेरै सम्पत्ति संचय गरेर सुख प्राप्त गर्ने कोशिस गर्छन । जब तिनीहरू धन, पद, शक्ति, मान र इन्द्रिय सुख प्राप्त गर्न असफल हुन्छन्, तब अरू सफल व्यक्तिहरूप्रति इर्ष्यालु भएर दुःखित र शोकग्रस्त हुन्छन् । किन्तु ती सबै प्राप्त गर्न सफल नै भइहाले पनि ती हराउला वा त्यसबाट वञ्चित हुनु पर्ला भनेर डराउँछन् र दुःखित हुन्छन् अथवा अरू बढी धन कमाउने, उच्च पद हासिल गर्ने, शक्ति वृद्धि गर्ने र बढी सुखको इच्छा राखी दुःखित हुन थाल्छन् । तिनीहरूको इच्छा पूर्ण रूपमा सन्तुष्ट भएको कहिल्यै हुँदैन । तसर्थ असम्भव चीज प्राप्तिको लागि समय बर्बाद गरी नराख्न जीवनको स्वभावलाई बुझ्नु जरुरी छ ।

यहाँनेर आएर धार्मिक आस्थाको जरुरत देखापर्छ किनकि यसले मानिसलाई सन्तोषी बन्न उत्साहित गर्दछ र मानिसलाई आफ्नो शरीर र स्वार्थभन्दा माथी रहेर सोच्न प्रेरित गर्दछ। बुद्धधर्मले मानिसलाई ऊ आफ्नो कर्मको उत्तराधिकारी र भाग्यको निर्माता हो भन्ने कुरा सिकाउँछ । उच्च सुख प्राप्तिको लागि स-साना सुखलाई त्याग्न समर्थ हुनुपर्छ । मृत्युपछि फेरि अर्को पनि जीवन छ भनी नमान्ने व्यक्तिले पनि आफ्नो र अरूको सुख शान्तिको लागि आदर्श र असल जीवन व्यतीत गर्नुपर्छ । यस्तो सकारात्मक र शुद्ध जीवन, आफ्नो र अरूको हितको लागि कार्य गर्नु, स्वार्थी र लोभी जीवनभन्दा अत्यन्त सुखकर हुन्छ ।

मृत्युपछि पनि अर्को जीवनमा विश्वास राख्ने व्यक्तिले यो बुझेको हुन्छ कि कर्मको फल अनुसार उसको अर्को जन्म हुन्छ । धेरै असल कर्म गर्ने व्यक्ति राम्रो स्थानमा जन्मन्छ, जहाँ उसले धन र प्रतिष्ठा, रूप र शक्ति, निरोगीता प्राप्त गर्दछ साथै राम्रा र


https://dhamma.digital

असल साथी र गुरुहरू भेट्टाउँछ। सुकर्मले स्वर्ग र विशिष्ट स्थानमा पुनर्जन्म हुन्छ भने कुकर्मले दुःखपूर्ण स्थानमा पुनर्जन्म गराउँछ। जब मानिसले कर्मको सिद्धान्त बुझ्छ, तब कुकर्मबाट बच्ने प्रयत्न गर्छ र सुकर्मतर्फ आफूलाई लगाउँछ। यसो गर्दा उसले यस जीवनमा मात्र होइन अरू जीवनमा समेत लाभ पाउँछ।

जब मानिसले आफ्नो स्वभाव थाहा पाउँछ, तब यथार्थताको बोध हुन्छ। मानिसमा अन्तर्निहित बुद्धि, मैत्री र चेतनाको आभास पाउँछ। उसले यो पनि बुझेको हुन्छ कि मानिस भएर जन्मनु र अझ सद्धर्मको श्रवण गर्न पाउनु त्यति सजिलो छैन। उसले जीवनको अनित्यतालाई पनि बुझेको हुन्छ र आफूले सकुन्जेल नै धर्मको अभ्यास गर्न तत्पर पनि हुन्छ। लोभ र अज्ञानतावश आफ्नो मनमा कुण्ठित दुर्भावनाहरूबाट आफूभित्र रहेको सक्षमता र शक्तिलाई बाहिर ल्याउनमा धर्मको अभ्यास जीवनभर गरीरहन पर्दछ भन्ने कुरा पनि उसले बुझेको हुन्छ।

यिनै अवबोध र अनुभवका आधारमा उक्त व्यक्तिले आफ्नो बिचार, बोली र काममा समेत सचेतता अपनाउँछ। मैत्रीयुक्त विचारले बोलेको कुरा, गरेका कामले अरूलाई जस्तै आफैलाई पनि सुख दिन्छ भन्ने कुरा बुझ्दछ। आत्मपरिशुद्धता तर्फ लैजाने आर्य अष्टाङ्गिक मार्ग अनुशरण गर्नुको यथार्थ अर्थ थाहा पाउँछ। यस मार्गले मानिसलाई अनैतिक कार्यहरूबाट संयम गराई नैतिक शक्ति वृद्धि गराउनमा र शारीरिक, मानसिक र आध्यात्मिक उन्नतितर्फ बढ्नमा मद्दत गर्दछ। साथै यसमा मानिसको विचार शुद्धि र मानसिक शक्तिको विकास गरी परिशुद्ध व्यक्तित्व निर्माण गर्न थुप्रै बाटाहरू छन्। मानसिक विकासका यी अभ्यास (भावना) ले जीवनको बाटो तथा प्रकृति र प्रकृतिका नियमहरूका बारेको ज्ञान र अनुभवलाई गहिरो र व्यापक पार्न सक्दछ। छोटकरीमा



https://dhamma.digital

भन्ने हो भने यसले प्रज्ञाको विकासतर्फ लैजान्छ । जति प्रज्ञा बढ्छ उति दया, करुणा, मैत्री र सुख बढ्छ । विभिन्न प्रकारका जीवनहरूप्रति सतर्कता बढ्छ र आफ्नो विचार, मनोभावना र कार्यहरूप्रति सचेतता बढ्छ ।

आत्म परिशुद्धिको यस क्रममा मानिसले दिव्य जीवनलाई आफ्नो अन्तिम लक्ष्य बनाउँदैन । बरु उसले त्योभन्दा उच्च लक्ष्य राख्दछ, अर्थात मानव क्षमताको उच्च अवस्था 'निर्वाण' लाई आफ्नो लक्ष्य बनाउँछ। यस्तो बेला उसले 'त्रिरत्न' (बुद्ध, धर्म, संघ) प्रति अगाढ श्रद्धा बढाउँछ र बुद्धलाई आफ्नो आदर्श बनाउँछ। ऊ लोभबाट मुक्त हुन उद्यत बन्छ र मैत्री र प्रज्ञा वृद्धि गर्नतर्फ लाग्छ साथै सांसारिक बन्धनबाट पूर्णतः छुटकारा पाउन प्रयत्नरत हुन्छ ।

## मैत्री

आजको संसारमा केहीको अभाव छ भने त्यो हो मैत्री वा सद्भाव ।

विश्वमा आज भौतिक सम्पत्ति प्रशस्त छन्। विद्वान बुद्धिजीवि, प्रतिभाशाली लेखक, बुद्धिमान वक्ता, दार्शनिक मनोवैज्ञानिक, वैज्ञानिक, धार्मिक गुरु, अद्भूत कवि र शक्तिशाली नेताहरू छन् । यी विशिष्टतम प्रतिभाहरू छँदाछँदै पनि आज विश्वमा सच्चा शान्ति र सुरक्षा छैन । यसो हुनुमा केही कुराको अवश्यै कमी भएको हुनुपर्छ। केको कमीभन्दा मानिसहरू बीच आपसी सद्भाव र मैत्रीभावको कमी हो ।

भौतिक आर्जनले मात्र सुख र शान्ति पाइँदैन । प्रथमतः मानिसले आफ्नो हृदयभित्र शान्ति स्थापना गर्नुपर्छ । अनिमात्र अरूलाई र विश्वलाई समेत शान्ति प्रदान गर्न सक्छ। आध्यात्मिक


https://dhamma.digital

गुरुहरूको उपदेश अनुशरण गर्नु नै शान्ति प्राप्तिको सही उपाय हो ।

मैत्री भावको अभ्यास गर्दा, प्रथमतः अहिंसाको आदर्श सिद्धान्तको अभ्यास गर्नुपर्छ र स्वार्थीपनलाई निर्मूल गर्नुपर्छ। यस्तो संघर्ष शारीरिक तवरमा होइन बल्कि मानसिक तवरमा गरिन्छ। किनकि दुर्भावनाहरू शरीरमा होइन मनमा उब्जन्छन् । खराब माथि बिजय पाउन बदला भन्दा पनि अहिंसा नै बढी प्रभावकारी हतियार हो । बदलाको भावनाले दुर्भावनाहरू झन बढाउँछन् ।

मैत्री भावको अभ्यासमा स्वार्थीपना त्याग्नु आवश्यक छ । हामीमा स्वप्रेम, आत्मप्रेम, स्वार्थीप्रेमको बोलवाला बढी छ । लोग्नेप्रतिको माया साँच्चै नै लोग्नेको लागि भन्दा पनि आफैप्रतिको मायाको लागि हुन्छन् । आमा-बाबु आफ्ना बच्चाहरूलाई माया गर्छन् त उनीहरूको लागि नभइ आफ्नै लागि माया गर्छन् । ईश्वरलाई पनि आफ्नै लागि मात्र माया गर्छन् । कसैको प्रेमको लागि प्रेम गरिंदैन, आफ्नै प्रेमको लागि प्रेम गर्छन ।

मानिसले सच्चा शान्ति कायम गर्न र मुक्ति पाउनको लागि निःस्वार्थ प्रेम अभ्यास गर्न जान्नु पर्दछ। आत्महत्याले आफैलाई मारे झैं स्वार्थीपनाले आध्यात्मिक उन्नतिलाई रोक्दछ। बुद्धधर्ममा मैत्री भन्नाले भावनात्मक वा स्वार्थीपन होइन । लोभ, द्वेष, ईर्ष्या, निर्दयीता, शत्रुता र असन्तोष जस्ता दुर्भावनाहरू हटेपछिको स्वच्छ मनमा प्रस्फुरित हुने भाव 'मैत्री भाव' हो । बुद्धका अनुसार मेत्त अथवा मैत्री भाव नै एक मात्र त्यस्तो प्रभावकारी उपाय हो जसले मानसिक रूपमा दूषित भएको वातावरण स्वच्छ पार्न र मनको निर्मलता कायम राख्न सक्छ ।

आजकल प्रेम वा माया भन्ने शब्दले मानिसले अनुभव गर्ने विविध भावनालाई समेट्छ । बुद्धधर्म अनुसार, भावनाहरू



https://dhamma.digital

धेरै प्रकारका हुन्छन् र ती सबै 'प्रेम' वा 'माया' अन्तर्गत पर्छन् । सर्वप्रथम, स्वार्थ प्रेम र निःस्वार्थ प्रेमको कुरा गरौं । अरूको इच्छा वा चाहनाको कुनै पर्वाह नै नगरी आफ्नै मात्र दुनो सोझ्याउन खोज्नुलाई 'स्वार्थी प्रेम' भन्छ । स्वार्थी प्रेमको लक्षण ईर्ष्या भाव हो । जबकि अरूको भलाईको लागि आफ्नो केही पर्वाह नराखी आफैलाई उत्सर्ग गर्नु 'निस्वार्थ प्रेम' हो । साधारणतः मानिसले व्यवहारमा दुवै प्रेम अर्थात् स्वार्थी प्रेम पनि र निस्वार्थी प्रेमपनि अनुभव गर्छन् । उदाहरणको लागि आमाबुबाहरू आफ्ना केटाकेटीहरूप्रति प्रशस्त त्यागी हुन्छन् र बदलामा उनीहरूबाट केही पाउने आशा राख्दछन् ।

अर्को प्रेम हो - भ्रातृभाव वा साथीहरू बीचको प्रेम । एक अर्थमा, यस्तो प्रेमलाई निःस्वार्थ प्रेम भन्न सकिन्छ किनकि यस्तो प्रेम निश्चित मानिसहरू मै सीमित हुन्छ र अरूसँग यसले मतलब राख्दैन । अर्को थरी छ, यौन सम्बद्ध प्रेम, जसमा कि शारीरिक आकर्षणको कारण एक अर्काको नजिक रहन्छन् । यो नै आधुनिक मनोरञ्जनको उपज हो र यस अन्तर्गत अल्लारे तरुणहरूको मूर्खतादेखि लिएर प्रौढहरूको जटील सम्बन्ध पर्न आउँछ ।

यिनीहरूभन्दा उच्च तहको अर्को हो मेत्त अथवा मैत्री । यो महान गुण बुद्धद्वारा व्यक्त गरिएको र प्रकाश पारिएको हो । मानिसलाई दुःखबाट छुटकारा दिलाउने उपाय पहिल्याउन सकिन्छ कि भनी बुद्धले आफ्नो राज्य, परिवार, सुख, ऐश्वर्य सबै त्यागी श्रमण बन्न पुगेका थिए । बुद्धत्व प्राप्त गर्ने सन्दर्भमा उहाँले कतिपय संघर्ष गर्नुपर्‍यो । साधारण व्यक्ति भए निरुत्साहित हुन्थे, तर उहाँ बोधिसत्व त्यस्तो हुनुहुन्थेन । त्यसकारण उहाँ 'करुणावान' कहलाइनु भयो । बुद्धको असीम प्यार मानिसहरूका लागि मात्र सीमित थिएन, समस्त प्राणीहरूका लागि व्याप्त थियो । विना


https://dhamma.digital

भेदभाव, असीम रूपमा फैलिएको उहाँको प्रेम मात्र भावनात्मक वा स्वार्थी थिएन । मैत्री भावमा कुनै प्रतिफलको आशा नराखिने हुनाले अरू प्रेममा जस्तो नैराश्यता वा असन्तुष्टि हुँदैन । यसले अझ बढी सुख र सन्तुष्टि बढाउँछ । जसले मैत्री भावनाको अभ्यास गर्दछ उसले करुणा र समताको वृद्धि गर्दछ र विशिष्टतम सुखको अवस्थाको अनुभव पनि गर्दछ ।

'बुद्धको परम्परागत मार्ग' (Buddha's Ancient Path) पुस्तकमा भिक्षु पियदस्सी भन्नुहुन्छ - 'प्रेम एक सशक्त शक्ति हो । प्रेमयुक्त निर्मल हृदयले गरेका काम जस्तै मद्दत, सहायता, दु:ख हटाउने काममा सहयोग आदिले परम सुख र मोक्षसम्म पुऱ्याउँछ ।"

'घृणा गर्नु मूर्खता हो, यसले झन अन्धकारमा पुऱ्याउँछ, सत्यताबाट टाढा राख्दछ, भनी घृणाको बेफाइदालाई मनन गरेर हामीले प्रेम वा मैत्री भावको विकास गर्न सक्छौं । कर्मको सिद्धान्त बुझ्नेले घृणा गर्नु पर्ने कोही पनि छैन भनी बुझेको हुन्छ । घृणा मूर्खहरूको मार्ग हो जसले झन झन बढी अँध्यारोपन ल्याउँछ ।

घृणा वा द्वेष बन्धन हो भने प्रेम वा मैत्री मुक्ति हो । द्वेषले पश्चात्ताप ल्याउँछ भने मैत्री भावले शान्त गराउँछ । द्वेषले विभाजन गर्छ प्रेमले एकतावद्ध गर्छ । घृणा कठोर हुन्छ, प्रेम नरम हुन्छ । द्वेषले विघ्न पार्छ, प्रेमले मद्दत गर्छ । तसर्थ घृणाको दोष र मैत्रीको गुणहरूको सही अध्ययनबाट हामीले मैत्रीभावको विकास गर्न सक्छौं ।

मैत्री सूत्रमा बुद्धले मैत्रीकोबारे व्याख्या गर्दै भन्नु भएको छ- 'जसरी आमाले जस्तोसुकै आपतमा पनि आफ्नो एक्लो छोरोलाई आफ्नो ज्यान भन्दा बढी रक्षा गर्छ, त्यसरी नै समस्त प्राणीप्रति असीम करुणा राख्ने अभ्यास गर्नु पर्छ । आफ्नो असीम मैत्रीलाई


https://dhamma.digital

बिना द्वेषभाव, बिना शत्रुभाव, बिना रोकावट संसारको चारैतिर फैलाउनु पर्दछ ।

## साँच्चैको दान

**यदि कुनै प्रतिफलको आशा नगरी केही दिन्छौ भने त्यो नै साँच्चैको दान ठहर्छ ।**

कुनै प्रतिफलको आशा नगरी केही कुरा दिनु नै साँच्चैको दान अथवा त्याग हो । यदि कसैले प्रतिफलको आशा गरी केही दिन्छ भने त्यो कारोबार ठहर्छ, दान ठहरिन्न । सच्चा रूपमा दान दिने व्यक्तिले दान लिने व्यक्ति आफूप्रति कृतज्ञ होस् भन्ने समेत आशा राख्दैन, अधिकांश मानिसहरूमा बिर्सने बानी भएपनि अधिकांश मानिसहरू अकृतज्ञ चाहिँ होइनन् । सच्चा दान असल कार्य हो र दाता र याचकमा कुनै बन्धन रहन दिंदैन ।

दान जस्तो पुण्यकार्यलाई सबै धर्मले प्रशंसा गरेका छन् । जोसँग पर्याप्त छ उसले अरूलाई पनि बाँड्न सिक्नु पर्छ । कोही कोही यस्ता दानी पनि छन्, जसले आफ्नो धर्म वा मतमा आकर्षित गर्न दान दिने गर्छन् । यसरी धर्म परिवर्तन गराउने छद्म उद्देश्य भएको दानलाई सच्चा दान भन्न सकिंदैन ।

आध्यात्मिक बाधकका रूपमा आफूभित्र रहेका लोभ जस्ता दुर्भावना हटाउनको लागि दान गर्नुपर्छ भन्ने बौद्ध दृष्टिकोण रहेको छ । आध्यात्मिक उन्नतिको अभिलाषा राख्ने कुनै पनि व्यक्ति त्यसतर्फ सदा तत्पर रही आफूभित्र रहेको स्वार्थीपन हटाउनुका साथै आवश्यक पर्ने भन्दा बढी प्राप्त गर्ने लालसाबाट मुक्त हुनु पर्दछ । अधिकारको मदहोशमा परेर लोभको बशमा पर्न सक्नेहुँदा त्यसप्रति चनाखो रहनु पर्दछ। आफ्नो वा आफूसित भएका वस्तुहरू


https://dhamma.digital

आफ्ना स्वजनहरूलाई जस्तै अरूलाई पनि आवश्यक समयमा दिन सक्नु पर्दछ ।

दान गर्दा शरीरले मात्र होइन बल्कि हृदयदेखि गरिनु पर्दछ। प्रत्येक दान कार्यमा हृदय प्रफुल्ल हुनु पर्दछ। साधारण उदारता र दान दिनुमा स्पष्ट फरक देखिन्छ। कसैलाई दया र करुणावश केही कुरा दिन्छ र आफूलाई उसको मद्दतगार ठान्दछ भने त्यो साधारण उदारता प्रदर्शन मात्र हो । जबकि, आफूभित्र रहेको स्वार्थीपन र तृष्णा हटोस् भन्ने पुण्य आकांक्षा राखेर कसैलाई केही दिन्छ त सच्चा दान हो । बुद्धले बुद्धत्व प्राप्त गर्नुपूर्व कतिपय जन्महरूमा दान पारमिता पूरा गर्नु भएको थियो । दान कार्य एक महत्वपूर्ण गुण हो भन्ने सोची जसले दान गर्दछ, उसमा प्रज्ञाको वृद्धि हुन्छ। त्रिरत्नको गुण अनुस्मरण गर्नेले नै 'दान' दिन सक्छ ।

मानिसले दिनसक्ने वस्तु धेरै प्रकारमा छन्: भौतिक वस्तु जस्तै भोकाएकालाई खाना, गरीबलाई पैसा, लुगा; अरूलाई उपयुक्त हुने प्रकारका ज्ञान, सीप, समय, श्रम; आपतमा परेका मित्रका लागि सहानुभूतिपूर्ण बिचारको आदान प्रदान; हिंसाबाट बच्नुका साथै मृत्योन्मुख प्राणीको बचाउ; कसैका लागि आफ्नो शरीरको कुनै अंग जस्तै रगत, आँखा, मृगौला आदि प्रदान । जो व्यक्ति करुणा र दयापूर्वक अरूलाई मद्दत गर्न उद्यत छ, ऊ आफ्नो ज्यान समेत उत्सर्ग गर्न तयार रहन्छ। बोधिसत्वको जीवनी हेर्दा उनले अनेक जन्ममा अरूका लागि आफ्नो शरीरका अंगहरू दान गरेको हामी पाउँछौं । त्यति मात्र होइन अरूको जीवनको लागि आफ्नो जीवन समेत दिएको हामी पाउँछौं, त्यस्तो प्रकारको छ उहाँको उदारता र करुणा ।

तर बुद्धको महान करुणाको सर्वोच्च प्रमाण, मानवताको लागि अमूल्य उपहार 'धम्म' (धर्म) हो, जसले प्रत्येक प्राणीलाई


https://dhamma.digital

उसको दु:खबाट पार गराई दिन्छ। बौद्धहरू दानमध्ये धर्मदानलाई सर्वोच्च दान ठान्दछन् । धर्मदानमा कसैको जीवनलाई सम्पूर्ण रूपमा बदल्न सक्ने महान शक्ति छ । जब कसैले शुद्ध मनले यसलाई ग्रहण गर्दछ र उत्साहपूर्वक अभ्यास गर्छ, उसले अवश्य परिवर्तनको महसूस गर्दछ। आफ्नो हृदयमा सर्वाधिक सुख, शान्ति र आनन्दको अनुभव गर्दछ । यदि ऊ पहिले निर्दयी थियो भने अहिले करुणावान बन्ने छ। यदि ऊ पहिले प्रत्याक्रमणकारी थियो भने अहिले क्षमाशील बन्ने छ। धम्मको अभ्यासबाट द्वेष करुणामा परिवर्तित हुन्छ, लोभ उदारतामा परिवर्तित हुन्छ, व्यग्रता संयममा परिवर्तित हुन्छ । 'धर्म'को रसास्वादन गरिसकेको व्यक्तिले यहाँ र अहिलेमात्र होइन 'निर्वाण' प्राप्त नहुन्जेलसम्मको जीवन यात्रामा सुख र शान्तिको अनुभव गर्ने छ ।

## सहनशीलता

**'यदि कसैले मूर्खतावश ममाथि अन्याय गर्‍यो भने पनि म उसलाई मेरो असीम प्रेम फर्काउँछु। जति खराबी उसबाट आउँछ, त्योभन्दा बढी असल मबाट जान्छ। म जहिले पनि शुभ मङ्गलको आशिर्वाद दिइरहन्छु' -(बुद्ध)**

आज मानिस डर, भय र असन्तुष्टताले भरिपूर्ण र आक्रान्त छन् । तिनीहरू यश, कीर्ति, धन र शक्तिको नशाले लट्ठ छन् । तिनीहरू इन्द्रिय सुखका लागि तड्पीरहेका छन् । डर, त्रास र असुरक्षामा मानिसहरू जीवन बिताइरहेका छन् । उपद्रव र अनिकालको यस्तो समयमा मानिस एक अर्कासित शान्तिपूर्वक रहन मुस्किल परेको छ । यसकारणले नै आज विश्वको लागि सहनशीलताको अत्यन्त जरुरी भएको छ ताकि विश्वका मानिस एक अर्कासित शान्तिपूर्वक रहन सकून् ।



https://dhamma.digital

विश्व आज कट्टरता र असहिष्णुताको उन्मादले ग्रस्त र दूषित छ । राजनैतिक संघर्षको नाममा बली चढाइएका मानिसहरूका रगतले कतिपय मुलुकका धरती रक्तरञ्जित छन् । जसरी पहिले पहिले आफूभन्दा फरक विश्वास वा मत राख्ने व्यक्तिहरूलाई शहीद बनाएर अग्निसंस्कार गर्दाको धुँवाले आकाश ढाकिएको हुन्थ्यो । त्यसरी नै धार्मिक रूपमा होस् वा राजनैतिक रूपमा होस् अरू सम्पूर्ण मानिसहरू पनि आफ्नो जस्तै विश्वास वा मतमा ल्याउने कोशिस गर्दैछन् र अरूको विश्वास वा मतप्रति धेरै आक्रामक भएकाछन् । यसरी क्रान्तिकारीहरूको असहिष्णुताले गर्दा धार्मिक क्षेत्र बदनाम हुन पुगेको छ ।

वर्तमान शताब्दिका 'प्रगति' भनिएका लोकप्रिय आविष्कारहरू तर्फ एक नजर देऔं - टेलिफोन, विद्युतीय मोटर, हवाइजहाज, रेडियो, टेलिभिजन, कम्प्यूटर, अन्तरिक्षयान, भू-उपग्रह, विद्युत उपकरण आदि आश्चर्यजनक आविष्कार हुन् । तर यिनै आविष्कारहरू नै गोली र बारुदको माध्यमबाट असंख्य मानिसहरूका हत्यारा बनिरहेका छन् । यी महान 'प्रगति' को माझमा सहिष्णुता खोज्ने कहाँ ?

बाह्य अन्तरिक्षको अनुसन्धानमा आज मानिसहरू उत्साहित छन् । तर मानिस मानिस बीच शान्ति र एकतासाथ रहन उनीहरू बिल्कुल असमर्थ छन् । चन्द्रमा र अरू ग्रहहरूलाई मानिसले अन्ततः दूषित पारी छाड्नेछन् ।

भौतिक उपार्जनको लागि आधुनिक मानिस प्रकृतिको विनाश गर्दैछ । तथाकथित सुख र सुविधाको खोजमा ऊ यति व्यस्त छ कि जीवनको वास्तविक उद्देश्य के हो भन्ने नै उसले बुझ्न सकेको छैन । मानवीय जीवनको अर्थ र यसको उद्देश्य नै सही रूपमा नबुझ्नाले नै मानिसहरू आज जसरी गलत तरिकाको व्यवहार



https://dhamma.digital

र जीवन पद्धति अपनाउँदैछन् र यही नै आजको नैराश्यता, डर, असुरक्षा र असहिष्णुताका कारणहरू हुन् ।

वास्तवमा आजपनि धर्मको नाममा असहिष्णुताको अभ्यास हुँदैछ । मानिसहरू केवल धर्मको कुरा गर्छन् र स्वर्गको छोटो बाटो देखाइदिने वचन दिन्छन्, तर धर्मको अभ्यास गर्न भने उनीहरू उत्साहित हुन्नन् । यदि क्रिश्चियनहरू क्राइष्टको धर्मोपदेश अनुसार रहे भने, यदि बौद्धहरू आर्य अष्टाङ्गिक मार्गमा हिंड्दछन् भने, मुसलमानहरू भ्रातृत्व भावलाई अंगाल्दछन् भने र हिन्दूहरू परमात्मासँगको योगतर्फ अग्रसर हुन्छन् भने निश्चित रूपमा यस संसारमा शान्ति र एकता कायम हुन्थ्यो । महान धार्मिक गुरुहरूका यस्ता अमूल्य शिक्षा छँदाछँदै पनि मानिसहरूले अझसम्म पनि सहिष्णुताको महत्व बुझ्न सकेका छैनन् । धर्मको नाममा सिकाइने असहिष्णुता ज्यादै लज्जाजनक र सोचनीय छन् । बुद्धको शिक्षा छ - "हामीलाई घृणा गर्नेलाई पनि घृणा नगरी सुखी भई बाँचौं । घृणारहित भई बाँचौं । दुर्भावनाबाट अलग्ग भई बाँचौं । लोभीहरूको माझमा पनि निर्लोभी भई सुखपूर्वक बाँचौं । (धम्मपद १९७, २००)

# बौद्ध अन्त्येष्टि क्रिया

**साँच्चैको बौद्ध अन्त्येष्टि क्रिया साधारण, सरल, पवित्र र गौरवपूर्ण धार्मिक संस्कार हो ।**

साँच्चैको बौद्ध अन्त्येष्टि क्रिया एक सरल, पवित्र र गौरवपूर्ण धार्मिक रिति हो भन्नेकुरा कतिपय बौद्ध मुलुकहरूमा देख्न पाइन्छ । दुर्भाग्यवस, केही मानिसले यसमा धेरै अनावश्यक, अतिरिक्त विषय र अन्धविश्वासपूर्ण कुराहरू समावेश गरिदिए । ती अतिरिक्त विषय र कार्यहरू मानिसहरूको रितिरिवाज अनुरूप फरक-फरक हुन्छन् । तिनीहरूले यी कुराहरू जीवनको प्रकृति,


https://dhamma.digital

मृत्युको स्वभाव र मृत्युपछिको जीवनबारे अन्जान मानिसहरूलाई धेरै अगाडिदेखि नै सिकाउँदै आएका थिए । जब यस्ता धारणाहरू बौद्ध संस्कारमा सम्मिलित भए, तब मानिसहरूले अन्येष्टि क्रिया धेरै खर्चालु भयो भनी बुद्धधर्मलाई समेत दोष दिन थाले । यदि बुद्धको शिक्षा र बौद्ध परम्पराबारे ज्ञान हुने कसैसँग अन्त्येष्टि क्रियाबारे सोधेको खण्डमा उसबाट ठीक तरिका थाहा पाउन सकिन्छ । तर मानिसहरूलाई बुद्धधर्मले अमूल्य समय र धेरै धन खर्च गर्न लगाउँछ भनी उनीहरूमा भ्रम फैलाइराखेको छ । वास्तवमा बुद्धधर्मले आधारहीन रितिरिवाज सिकाउँदैन भन्ने कुरा बुझ्नु अत्यावश्यक छ । शवलाई गाड्ने वा दाह गर्ने कुरामा बौद्धहरू त्यति कट्टर छैनन् । कतिपय बौद्ध मुलुकमा दाह गर्ने चलन छ । स्वास्थ्यको दृष्टिकोण र आर्थिक दृष्टिकोणले हेर्दा शव दाह गर्नु राम्रो देखिन्छ । आज संसारमा जनसंख्या वृद्धि हुँदै गइरहेको छ र यदि हामीले शवलाई जमीनमुनि गाड्दै जाने हो भने पछि गएर जीवित मानिस रहने ठाउँ नै पाउन मुस्किल हुनेछ ।

शव दाहको विरोध गर्ने मानिसहरू अझै पनि छन् । शव दाहलाई तिनीहरू ईश्वरको न्याय प्रतिकूल ठान्दछन् । त्यस्तै कतिपय कुराहरूमा यिनीहरू विरोध गर्दछन् । यस्ता व्यक्तिहरूलाई शव गाड्नु भन्दा दाह गर्नु बढी उचित छ भनी बुझाउन केही समय लाग्न सक्छ ।

एकदिन कोही व्यक्ति आएर चिहानबाट वा शव भस्म राखेको स्थानबाट मरेको व्यक्तिलाई लिएर जान्छ र स्वर्ग वा नर्कमा पठाउने निधो उसले गर्छ भन्ने कुरामा बौद्धहरू विश्वास गर्दैनन् ।

मृत व्यक्तिको चेतना वा मानसिक शक्ति र अस्थिपञ्जर वा मृत शरीरसँग कुनै सम्बन्ध रहँदैन । कोही मानिस यस्तो पनि


https://dhamma.digital

विश्वास गर्छन् कि मृत शरीरलाई राम्ररी गाडिएन वा चिहानमा राम्ररी छोपिएन भने त्यसको आत्मा संसारको चारै कुनामा गएर रुन्छ र कहिलेकाहिं आफन्तहरूलाई दुःख दिन आउँछ । यस्ता धारणाहरू बुद्धधर्ममा कहिं पाइँदैन । बौद्ध धारणा अनुसार कोही व्यक्ति मरेपछि उसको आफ्नो असल वा खराब कार्यहरूको फलस्वरुप यथोचित स्थानमा पुनर्जन्म हुन्छ । जबसम्म जीवनको तृष्णा रहन्छ, तबसम्म पुनर्जन्म लिनै पर्छ । जसले आफ्ना सबै लालसाहरू त्यागेर अरहन्त बनीसके, तिनीहरूको मात्रै मृत्युपछि पुनर्जन्म हुँदैन र तिनीहरूले आफ्नो अन्तिम लक्ष्य निर्वाण प्राप्त गर्छन् ।

## आत्म समर्पण होइन

**कसैमाथि आश्रित हुनु आत्मविश्वास र आत्म उत्साहको आत्म समर्पण हो ।**

बुद्धधर्म एक सभ्य धर्म हो जसमा समानता, न्याय र शान्तिको अत्यन्त प्रबलता छ । मुक्तिको लागि अरूमा भर पर्नु नकारात्मक पक्ष हो, आफ्नै भर पर्नु सकारात्मक पक्ष हो । अरूमाथि आश्रित हुनु भन्नु नै आफ्नो विवेक, बुद्धि, उत्साह र उद्योगको आत्म समर्पण गर्नु हो ।

मानवताको उत्थान र विकास जतिपनि भए, मानिस आफू स्वयंले गरेका हुन् । मानिसको उन्नति उसको आफ्नै ज्ञान, समझदारी, उद्योग र अनुभवबाट मात्र हुन्छ नकि आकाश वा स्वर्गबाट । मानिस प्रकृतिको ठुलठूला शक्तिहरूको समेत दास बन्न हुँदैन । बेलाबखतमा प्रकृतिका बलवान शक्तिहरूबाट मानिसहरू प्रभावित भएपनि प्राकृतिक शक्तिको स्वभाव र वास्तविकतालाई बुझेर ऊ त्यस शक्तिभन्दा उच्च बन्न सक्छ । बुद्धधर्मले यी


https://dhamma.digital

सत्यलाई प्रकाशमा ल्याएको छ मानिस आफ्नो समभ्रूदारीबाट उसको आफ्नो वरिपरिको वातावरणलाई आफ्नो नियन्त्रणमा लिन समर्थ हुन सक्छ । ऊ प्रकृतिको प्रकोपबाट बच्न सक्छ र तिनै शक्तिहरूलाई उपयोग गरी ऊ आफूलाई आध्यात्मिकता र सत्यताको उच्चतम तहसम्म पुग्न सक्छ ।

यी उपलब्धीहरू प्राप्तिका लागि बुद्धधर्मले मानिस स्वयंको ज्ञान र उद्योगलाई श्रेय दिएका छन् नकि अलौकिक शक्तिलाई । सत्य धर्मको अर्थ अदृश्य शक्तिहरूमा विश्वास गर्नु होइन बरु मानिसको असल कार्यमा विश्वास गर्नु हो । यस अर्थमा, बुद्धधर्म केवल एक धर्ममात्र होइन, यो त आदर्शमय जीवन जिएर शान्ति र स्थायी मुक्ति प्राप्त गर्ने एक श्रेष्ठतम तरिका हो । बुद्धधर्मले सुसंस्कृत र बुद्धिमान व्यक्तिहरूलाई सदैव आकर्षित गरेको छ । संसारका हरेक सुसंस्कृत मानिसले आज बुद्धलाई बुद्धिमान गुरुका रूपमा मानेका छन् । बुद्धका अनुसार मानिसको सुखका लागि अन्धविश्वास र कट्टर सिद्धान्तले भरिएको कुनै 'वाद (धर्म)' होइन बल्कि संसारको वास्तविक स्वभाव र कारण र त्यसको प्रतिफलको ज्ञानको आवश्यकता छ । जबसम्म यो जीवनलाई प्रकृतिको एक अपूर्ण रूपमात्र हो भन्ने कुरालाई बुभ्रूदैन तबसम्म कुनैपनि व्यक्ति पूर्णरूपमा मुक्त हुन सक्दैन ।

बुद्धले यस विश्व जगतकाबारे नयाँ तरिकाले व्याख्या गर्नु भएको छ, त्यो हो - आध्यात्मिक सुख र परिशुद्धता प्राप्तिको नयाँ दृष्टिकोण । अनित्यताभन्दा माथिको नित्यता सांसारिक परिवर्तनहरूभन्दा माथिको निर्वाण प्राप्ति र जन्म मरणको चक्रबाट पूर्ण छुटकारा पाउनु नै बुद्धधर्म अनुसार मानिसको अन्तिम लक्ष्य हुन् ।



https://dhamma.digital

# कोही पनि पापी छैनन्

## बुद्धधर्मले कुनैपनि कार्यलाई केवल अनिपूण र अकुशलमात्र मानिएका छन्, पापयुक्त होइनन् ।

बौद्धहरू मानिसहरूलाई स्वभावैले पापी अथवा देवद्रोही ठान्दैनन् । प्रत्येक मानिस उच्चगुणले युक्त छन्, जसभित्र असलका साथसाथै खराब स्वभावहरूको पनि भण्डार छ । मानिसभित्र रहेको असल वा कुशल प्रतिभाले प्रस्फुटित हुने अवसरको सदा प्रतिक्षा गरिरहेको हुन्छ । एउटा भनाई छ- 'हामीभित्र खराबहरूमा धेरै असल पनि छन् र असलहरूभित्र धेरै खराब पनि छन्' ।

बुद्धधर्मले के सिकाउँछ भने हरेक व्यक्ति असल या खराब कामको लागि स्वयं जिम्मेवार छन् र प्रत्येकले आफ्नो भाग्य आफै निर्धारण गर्न सक्छन् । बुद्ध भन्नु हुन्छ - 'खराब कामहरू तिमी आफैले गरेका हौ, तिम्रा बाबु आमा वा साथीभाइ वा नाताकुटुम्बले होइनन् र त्यसको दुःखदायी फल पनि तिमीले नै भोग्नु पर्छ' -(धम्मपद १६५)

मानिसको दुःख स्वयं निर्मित हो, यो पारिवारिक श्राप वा पूर्खाको पापको फल होइन । बौद्धहरू यस संसारलाई केवल परीक्षणस्थलमात्र हो भन्ने भनाईलाई स्वीकार गर्दैनन् । यो संसारलाई अति उच्च परिशुद्धता प्राप्तिको स्थल बनाउन सक्छौं र उच्च परिशुद्धता नै सुखको पर्यायवाची शब्द हो । बुद्धका अनुसार मानवीय जीवन भनेको कुनै दैवी शक्तिले सृष्टि गरेको एउटा प्रयोग होइन जुन त्यस शक्तिले चाहने बित्तिकै खत्तम पनि हुनेछ ।

यदि कुनै पापलाई माफ गर्न सकिन्छ भने मानिसहरू यसको लाभ उठाएर झन-झन पाप गर्न उत्साहित हुन्छन् ।



https://dhamma.digital

बाह्यशक्तिको कृपाबाट कुनै पापी उसको पापको फल भोग्नबाट उम्कन सक्छ भन्ने विश्वास गर्ने कुनै कारण बौद्धहरू देख्दैनन् । यदि कुनै मानिसले अगेनामा हात हाल्छ भने उसको हात जल्छ नै, र संसारका सबै भक्तहरू मिलेर पनि उसको त्यो पोलेको दाग मेटाउन सक्दैनन् । यस्तै अवस्था खराब कार्यमा लाग्ने मानिसको पनि हुन्छ । बुद्धले बताउनु भएको 'दुःख र त्यसबाट मुक्ति' को शिक्षा पनि कुनै काल्पनिक वा अनुमानित मात्र होइनन्, प्रयोगसिद्ध तथ्यहरू हुन् ।

अरू धर्ममा व्याख्या गरेको जस्तो 'पाप' भन्ने कुरा बुद्धधर्ममा छैन । बौद्धहरूका लागि पाप भनेको अनिपूण र अकुशल कार्य हुन् । 'अकुशल कर्म' भनेको पाप हो र यसले मानिसलाई अवनतितर्फ डोऱ्याउँछ । अपराधी मानिस निर्बुद्धि वा अज्ञानी हुन् । त्यसलाई दण्ड र तिरस्कारभन्दा पनि बढी सत्यउपदेश र शिक्षा चाहिन्छ । बुद्धधर्मले त्यसलाई ईश्वरको इच्छा उल्लंघन गर्ने वा ईश्वरसँग माफी माग्नु पर्ने व्यक्ति भनी ठान्दैनन् । उसलाई परिशुद्धता र सत्यज्ञान प्राप्तिको लागि सही निर्देशन वा पथप्रदर्शन चाहिएको छ ।

Dhamma.Digital

कसैलाई पनि उसको आफ्नो गलत कार्य र त्यसको परिणाम आफू स्वयंले बेहोर्नु पर्छ भन्ने कुरा बुझाउनु नै प्रमुख आवश्यकता हो । त्यसकारण 'प्रायश्चित' (Confession) शब्द बुद्धधर्मका लागि अपरिचित हुन् ।

मानिसले गरेका 'पाप'लाई धुन वा सफा गर्न वा दण्ड दिन वा अपराधीहरूलाई नष्ट गर्नका लागि होइन बल्कि पाप अकुशल कार्य गर्नु मूर्खता हो र अपराधको फलबारे सतर्क गराउनका लागि नै यस संसारमा बुद्धको प्रादुर्भाव भएको हो । बौद्ध विश्वास अनुसार आध्यात्मिक उन्नतिको बारे शिक्षा र मार्गदर्शन गर्न सकिन्छ तर



https://dhamma.digital

कसैले पनि कसैलाई डोऱ्याउन भने सकिंदैन । बुद्धले हाम्रो आफ्नो प्रज्ञाको विकास गर्न र उपयोग गर्न प्रेरित गर्नुभएको छ । उहाँले हाम्रो आफ्नो मुक्तिको बाटो देखाउनु भएको छ । हामी शील ग्रहण गर्छौं त बुद्धको आज्ञा पालन गर्नका लागि होइन । बल्कि इच्छापूर्वक हामी आफैंले ग्रहण गरेका हौं । बुद्ध यसरी उपदेश दिनु हुन्छः "तिमीहरू मेरो शिक्षालाई ध्यानपूर्वक सुन, मनन गर र त्यसलाई राम्ररी विचार गर । यदि आफूलाई सुहाउँदो छ भने स्वीकार गर र अभ्यास गर । त्यसका परिणामहरू तिमी आफ्नै अनुभवबाट थाहा पाउने छौ ।" राम्ररी नबुझीकन र विश्वास बिना आँखा चिम्ली उपदेश वा शिक्षा पालन गर्नुमा कुनै महत्व छैन । यद्यपि हामीले आफ्नो अन्तर्मनले चाहेको जे पनि गर्न सक्छौं भनी बुद्धले दिनुभएको स्वतन्त्रताको अनुचित फाइदा भने लिनु हुन्न । धार्मिक जीवन जिउन सभ्य, सुसंस्कृत र समझदार बन्नु हाम्रो कर्तव्य हो । यदि यी कुरा हामीलाई थाहा छ भने, आज्ञा वा उपदेश महत्वपूर्ण रहँदैन । एक प्रज्ञावान गुरुले जस्तै बुद्धले हामीलाई जबर्जस्तिरूपमा कुनै "आदेश" नथोपरीकन, सजायँको डर नदेखाइकन शुद्ध जीवन जिउने उपाय बताउनु भएको छ ।

## तिमी आफै गर

**आत्मविश्वासले मानव जीवनको प्रत्येक पक्षमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।**

बाह्य शक्ति, भक्ति अथवा शास्त्रोक्त विधिले आफूलाई बचाउन सक्दैनन् भन्ने जानेकाले नै बौद्धहरू आफ्नै प्रयत्न वा कोशिसमा भर पर्नुपर्ने आवश्यकताको महसूस गर्दछन् । उसले आफ्नै भरोसामा दृढ-विश्वास आर्जन गर्दछ । उसको आफ्नो वर्तमान जीवन र भावी जीवनको सम्पूर्ण जिम्मेवारी ऊ आफू एक्लैमा निर्भर भएको कुरा महसूस गर्दछ । दुःखबाट मुक्त हुन


https://dhamma.digital

हरेक व्यक्ति आफैले प्रयत्न गर्नुपर्दछ । मोक्ष प्राप्तिलाई रोग उपचार कार्यसँग तुलना गर्न सकिन्छः कोही व्यक्ति बिरामी भएमा डाक्टरकहाँ जानुपर्छ । डाक्टरले रोगको कारण पत्ता लगाउँछ र आवश्यक औषधि लेखिदिन्छ । उक्त औषधि रोगी स्वयंले खानु पर्दछ । उसको लागि कसैले औषधि खाइदिएर हुँदैन । औषधिप्रति विश्वास गर्दैमा वा राम्रो औषधि लेखिदिएकोमा डाक्टरको प्रशंसा गर्दैमा कोही पनि रोगबाट निको हुँदैनन् ।

रोगबाट निको हुनको लागि ऊ आफैले डाक्टरको निर्देशन विश्वासपूर्वक पालन गरी ठीक ढंगबाट, अविरल रूपमा औषधि खाँदै जानुपर्छ, खानेकुरा र अरू चिकित्सासम्बन्धी पथपहरेजलाई अपनाउनु पर्दछ । यसैअनुरूप, कुनैपनि व्यक्तिले मुक्तिको लागि औषधि बताउनु हुने बुद्धको शील, उपदेश वा निर्देशनलाई लोभ, द्वेष र मोहको नियन्त्रण वा दमन गरी पालन गर्नुपर्दछ । बुद्धको गुणगान मात्र गर्दैमा वा बुद्धको पूजा-अर्चनामात्र गर्दैमा कसैले पनि मुक्ति पाउन सक्दैनन् । न त बुद्धको सम्मानमा, स्मरणमा ठूला उत्सव मनाएरै मुक्त होइन्छ । तसर्थ, बुद्धधर्म भनेको केवल प्रार्थना गरेर दुःखबाट बचाउन वरदानमात्र मागेर (दुःखबाट) मुक्त होइने धर्म होइन । मोक्ष प्राप्तिका लागि उनीहरूले आफ्ना स्वार्थी आकांक्षा तथा दुर्भावनाहरूलाई दमन गरेर कठीन प्रयत्न गर्नै पर्छ ।

## मानिस नै जिम्मेवार छन्

**जब मानिस अरूलाई कुनै बाधा नपर्ने गरी सच्चा मानव भई बाँच्न सिक्छन् तब ऊ आफ्नो मनभित्र भयरहित भई शान्तपूर्वक बाँच्न सक्ने हुन्छ ।**

बुद्धका अनुसार मानिस आफ्नो भाग्य आफै बनाउँछन् । आफ्नो जीवनको लागि ऊ आफू नै मात्र जिम्मेवार छ, कसैमाथि



https://dhamma.digital

पनि दोष लाउने ठाउँ छैन । आफ्नो जीवनलाई असल वा खराब ऊ आफै बनाउँछ ।

बुद्ध भन्नुहुन्छ - सबैकुरा मानिस आफैले श्रृजना गर्छ । हाम्रो जति पनि शोक, भय र दुर्भाग्य छन्, ती सबै हाम्रा आफ्नै उपज हुन् । ती सबै हाम्रा आफ्नै दोषपूर्ण (अशुद्ध) हृदय र मनबाट निस्किएका हुन्, अरू कहिंबाट होइनन् । अतीतका लोभ र मोहको वशमा परी गरिएका असल वा खराब कार्यहरूको परिणाम स्वरुप नै आज हामी बनेका छौं । असल र खराब सबै हामी आफैले बनाएको हुनाले, खराबलाई दमन गरी असल (कुशल) स्वभावको वृद्धि गर्नु पनि हाम्रै वशमा छ ।

मानव हृदय, कुनै जनावरको जस्तै कहिलेकाहिं पशु प्रवृत्तिको भइदिन्छ । तर मानव हृदयलाई पशु हृदयभन्दा उच्च तहमा पुग्ने गरी तालिम गर्न सकिन्छ । सुसंस्कृत नभएको मान्छेको मनले अत्यन्तै समस्याहरू खडा गरिदिन्छ । कहिलेकाहिं त मानव आचरण पशु आचरणभन्दा खतरनाक र हानीकारक पनि भइदिन्छ । जनावरहरूका लागि धार्मिक समस्या, भाषिक समस्या, राजनैतिक समस्या, सामाजिक र नैतिक समस्या, रंगभेद समस्याहरू छैनन् । तिनीहरू आहार, मैथुन र बासको लागिमात्र झगडा गर्छन् । तर मानिसहरूले श्रृजना गरेका समस्याहरू हजारौं छन् । तिनीहरूको स्वभाव यस्तो भइसक्यो कि कुनै पनि समस्या समाधानको लागि अरू नै समस्या खडा नगरीकन सक्दै-सक्दैनन् । मानिस उसको कमजोरीहरूलाई स्वीकार गर्न इच्छुक छैनन् । ऊ आफ्नो जिम्मेवारी आफ्नो काँधमा लिन चाहँदैनन् । आफ्नो असफलताको लागि सधैं अरूलाई दोष दिने स्वभावको छ, उसको बानी । यदि हामी आफ्ना कार्यहरूमा बढी जिम्मेवार हुन सक्यौं भने हामीले शान्ति र सुख कायम गरी राख्न सक्छौं ।



https://dhamma.digital

# मानिस आफूले आफैलाई नियन्त्रण गर्नु पर्दछ

## आफूले चाहे जस्तो गर्न स्वतन्त्रता पाउनु पर्छ भन्ने मानिसको दावीमा कत्तिको औचित्यता छ ?

जब हामी मानव स्वतन्त्रताको कुरा गर्छौं, तब के साँच्चै मानिस ऊ आफूले चाहेजस्तै जेसुकै गर्न स्वतन्त्र छन् त भन्ने निर्क्यौलमा पुग्न गाह्रो पर्छ । मानिस बाह्य र आन्तरिक दुवै परिस्थितिबाट बाँधिएको छ; उसले देशको नियम र कानूनहरू पालना गर्नु पर्दछ; धार्मिक सिद्धान्तहरूमा बाँधिनु पर्दछ; ऊ समाजको नैतिक र सामाजिक परिस्थितिहरूसँग मिल्ने गरी बाँच्नु पर्दछ; ऊ राष्ट्रिय तथा सामाजिक रितिथिति र परम्परा मान्न बाध्य हुनु पर्दछ । आधुनिक समाजमा ऊ परम्परागत जीवन पद्धतिबाट टाढिन खोज्छ; उसले आधुनिक पद्धतिलाई अंगाल्नु पर्ने हुन्छ । ऊ प्राकृतिक नियम र सांसारिक शक्तिमा बाँधिन बाध्य छ, किनकि ऊ पनि त्यही शक्तिको एक अंश हो । आफू आश्रय गरेको ठाउँको मौसम र हावापानीबाट प्रभावित भएको हुन्छ । उसले आफ्नो जीवन वा भौतिकता तर्फमात्र ध्यान दिएर पुग्दैन, बल्कि उसले आफ्ना मनोभावनाहरूमाथि पनि नियन्त्रण राख्नु पर्ने हुन्छ । अर्को शब्दमा भन्ने हो भने ऊ स्वतन्त्र रूपमा चिन्तन गर्न स्वतन्त्र छैन, किनभने ऊ आफ्ना पुराना विचार र मान्यतासँग मेल नखाने र बिल्कुलै नमिल्ने नयाँ-नयाँ विचारहरू र मान्यताहरूबाट प्रभावित भइरहेको हुन्छ । त्यस्तै ऊ आफ्नो स्वइच्छाले होइन ईश्वरको इच्छानुसार काम गर्नु पर्छ भन्ने कुरामा पनि विश्वास गरेको हुन्छ ।

माथिका परिवर्तित परिस्थितिहरू हेरिसकेपछि प्रश्न उठ्छ- ‘आफूले चाहे जस्तो गर्न स्वतन्त्रता पाउनु पर्छ भन्ने मानिसको दावीमा कतिको औचित्यता छ ?’



https://dhamma.digital

किन मानिसका हातहरू यसरी बाँधिएका छन् त ? कारण मानिसभित्र किसिम-किसिमका खराब भावनाहरू विद्यमान छन् । यी अकुशल भावनाहरू सबै प्राणीहरूका लागि खतरनाक र हानीकारक छन् । मानिसको यस अविश्वसनीय मनस्थितिलाई नियन्त्रणमा लिन र आदर्शमय जीवन जिउन सिकाउन सबै धर्मले हजारौं वर्षदेखि प्रयास गर्दै आइरहेका छन् । तर दुर्भाग्यको कुरो हो, बाहिरबाट जतिसुकै असल देखिए तापनि मानिस अझैपनि विश्वास लायक बन्न सकेका छैनन् । उसले आफूभित्र त्यस्ता खराब तत्वहरूलाई आश्रय दिइरहेकै छ । यी खराब तत्वहरू कुनै बाह्य श्रोतबाट आएका वा लादिएका होइनन्, मानिस आफैले श्रृजना गरेका हुन् । यी खराब तत्वहरू मानिस आफैले श्रृजना गरेका हुन् भने त्यसको भयावहतालाई महसूस गरी त्यसबाट छुटकारा पाउन ऊ आफैले नै कडा परिश्रम गर्नु पर्दछ । दुर्भाग्यवश अधिकांश मानिस निर्दयी, धूर्त, अधर्मी, कृतघ्न, अविश्वासी र सन्देहास्पद छन् । यदि मानिसलाई बिना संयम र बिना कुनै बन्देज स्वइच्छामा जिउन छुट दिइने हो भने उसले निर्दोष मानिसहरूको शान्ति र सुखलाई आतंकित पार्दछ । उसका व्यवहारहरू खतरनाक जनावर हरूको भन्दा गएगुज्रेका हुन्छन् । यस्तो मानिसलाई आदरपूर्ण जीवन जिउन तथा इहलोक र परलोकको सुख र शान्ति प्राप्त गर्ने ज्ञान दिन धर्मको आवश्यकता हुन आउँछ ।

धार्मिक जीवन र आध्यात्मिक उन्नतिको मार्गमा देखा परिरहेको अर्को बाधा हो- जातीय अभिमान । बुद्धले आफ्ना अनुयायीहरूलाई धर्मको अभ्यासमा यस्ता जातीय विवादलाई अघि नसार्न सल्लाह दिनुभएको छ । कुनैपनि धर्म मान्ने मानिसहरूले अरू मानिसहरूका बिरुद्ध उनीहरूका परम्परागत जीवन शैलीको आधारमा भेदभाव गर्न हुँदैन । विशेषतः धार्मिकक्षेत्रमा सबैलाई समान व्यवहार गर्नु पर्दछ । दुर्भाग्यबस, विभिन्न धर्मका


https://dhamma.digital

अनुयायीहरूले नै अरूका धार्मिक मान्यता र विश्वासप्रति झन् बढी भेदभाव र द्वेषपूर्ण व्यवहार गरेको हुन्छ।

अरूसँग काम गर्दा आ-आफ्ना तथाकथित परम्परा र रितिथितिको आधारमा अरूको भावनामा ठेस पुऱ्याउनु हुन्न, सबैले आ-आफ्ना धर्मका सिद्धान्त तथा नैतिक शिक्षा अनुसारका रितिथिति र परम्परा अपनाउन पाउनु पर्छ।

जातीय असहिष्णुताले धार्मिक तथा आध्यात्मिक उन्नतिमा ठूलो अवरोध खडा गरेको छ। आफ्नो जातीय अभिमानलाई पन्छाउन सक्ने व्यक्तिहरूले अनुभव गर्न सक्ने शान्ति र सौहार्द्रताबारे बुझाउन बुद्धले महासागरको पानीको उपमा दिनु भएको छः विभिन्न नदीहरू विभिन्न नामबाट जानिन्छन्, तर ती नदीहरू बगेर आई महासागरमा मिसिन्छ र महासागरको पानी बन्दछ। ठीक यस्तै प्रकारले विभिन्न समुदाय र विभिन्न जातहरूबाट आएका मानिसहरूले आ-आफ्ना विभिन्नतालाई बिर्सी, मात्र हामी सबै मानिस हौं भनी सोच्नु पर्दछ।

## आफ्नो रक्षा आफै गर

Dhamma.Digital

**‘आफ्नो रक्षा गर्नेले अरूको रक्षा गरेको हुन्छ’**
**‘अरूको रक्षा गर्नेले आफ्नै रक्षा गरेको हुन्छ’**

भगवान बुद्धले एकपटक भिक्षुहरूलाई एउटा कथा सुनाउनु भएको थियो:

‘एकठाउँमा एक जोडा चटकेहरू थिए, जो बाँसमा आफ्ना आश्चर्यपूर्ण चटकहरू देखाउँथे। एकदिन गुरुचाहिंले शिष्यलाई भनेः मेरो काँधमा बस र बाँसमा चढ।’ शिष्यले त्यसै गरे, गुरुले फेरि भने:‘अब तिमीले राम्ररी मेरो बचाउ गर र म तिम्रो बचाउ



https://dhamma.digital

गर्छु । यसरी हामीले आफ्नो कौशल देखाउन सक्छौं, हाम्रो आम्दानी पनि बढ्ने छ र त्यसपछि बिस्तारै तिमी ओर्ल ।' तर शिष्य चाहिंले भनेः 'त्यसो होइन गुरु । गुरुजी ! तपाईं आफ्नो बचाऊ गर्नुस् र म आफ्नो गर्छु । यसरी स्व-बचाऊ र स्व-रक्षाबाट हामीले आफ्ना चटक देखाउन सक्छौं ।'

'यही ठीक तरिका हो' बुद्धले भन्नुभयो 'शिष्यले भने जस्तै हामीले पनि 'म आफ्नो बचाऊ गर्छु' भनी होशपूर्वक जिउने बानी बसाल्ने अभ्यास गर्नुपर्छ । 'म अरूको बचाऊ गर्छु' भने जस्तै गरी होशपूर्वक जिउने बानी बसाल्ने अभ्यास गर्नुपर्छ । 'आफ्नो रक्षा गर्नाले अरूको पनि रक्षा गरेको हुन्छ र अरूको रक्षा गर्नाले आफ्नो पनि रक्षा गरेको हुन्छ ।'

'र कसरी आफ्नो रक्षा गर्नाले अरूको रक्षा गरेको हुन्छ ? ध्यानको बारम्बार र निरन्तर अभ्यासबाट सम्भव हुन जान्छ ।

'र कसरी अरूको रक्षा गर्नाले आफ्नो पनि रक्षा गरेको हुन्छ ? संयम र सहनशीलताबाट, अहिंसा र कुशल व्यवहारबाट, मैत्री र करुणाबाट । (सतिपट्ठान, संयुक्त नं. १९)

'आफ्नो रक्षा गर्नाले अरूको रक्षा गरेको हुन्छ'

अरूको रक्षा गर्नाले आफ्नो पनि रक्षा गरेको हुन्छ'

यी दुई वाक्यहरू एक अर्काका पूरक हुन् र अलग अलग गरी लिन वा उद्धृत गर्न हुन्न ।

आजभोलि जब सामाजिक सेवामा बढी जोड दिइन्छ त मानिसहरू आफ्ना विचारहरूलाई बढावा दिन दोश्रो वाक्य मात्र उद्धृत गर्न लालायित हुन्छन् । तर एकपक्षीय उद्धरणले बुद्धको भनाइको गलत अर्थ लाग्न जान्छ । बुद्धले बताउनु भएको उक्त कथामा बुद्धले शिष्य चाहिंको- अरूलाई हानी हुनबाट जोगाउन



https://dhamma.digital

पहिले आफूले आफ्नो पाइलालाई राम्ररी हेर्नुपर्छ भन्ने भनाई माथि जोड दिनुभएको कुरा यहाँनिर बिर्सनु हुन्न । जो व्यक्ति हिलोमा डुबिरहेको छ उसले अरूलाई मद्दत गर्न सक्दैन । यस अर्थमा स्व-सुरक्षा स्वार्थी सुरक्षा ठहरिन्न । यो त आत्मनियन्त्रण तथा नैतिक र अध्यात्ममा स्व-उन्नत हुन सिक्ने अभ्यास हो ।

आफ्नो रक्षा गर्नेले अरूको रक्षा गरेको हुन्छ - यस भनाइको सत्यता सरल र व्यावहारिक छ । स्थूल रूपमा यसको सत्यता स्व-स्पष्ट छ । यसबारे अरू केही थप्न आवश्यक छैन । यो त स्पष्टै भएको हो कि जहाँ संक्रामक रोगहरू फैलिएको छ त्यहाँ आफ्नो स्वास्थ्यको रक्षा गर्नाले आफ्नो नजिकको र टाढाकाको समेत स्वास्थ्यलाई रक्षा गरेको हुन्छ । हाम्रा असावधानी र लापरवाहीबाट पर्न जानसक्ने हानीबाट अरूलाई रक्षा गर्न हामीले आफ्ना हरेक क्रियाकलापमा होशियारी र पूर्वसावधानी अपनाउनु पर्छ । गाडी चलाउँदाखेरि होशियारपूर्वक हाँक्ने, मादक पदार्थको सेवन नगर्ने, हिंसालाई निम्त्याउन सक्ने स्थितिमा आत्म-संयमी हुने, यी र यस्ता अनेक उपायबाट हामीले आफ्नो रक्षा गरी अरूकोपनि रक्षा गर्न सक्ने हुन्छौं ।

Dhamma.Digital

अब यस सच्चाइको नैतिक तहमा आऔं । आफ्नो नैतिक संयमले हामी आफैलाई असंयमित भावनाको बहावमा बग्नबाट तथा स्वार्थपूर्ण लालसाबाट बचाउनका साथै अन्य व्यक्ति र समाजलाई समेत सुरक्षा प्रदान गरेको हुन्छ । यदि हामीले आफ्नो मनमा अकुशलताका तीन मूल जराहरू लोभ, द्वेष र मोहलाई हुर्कन दियौं भने जंगली लता जस्तै ती जराबाट हुर्किएका खराबहरूले हामीभित्र हुनसक्ने स्वस्थ र श्रेष्ठतम उन्नतिलाई हुर्कनै नदिई मारी दिन्छ । तर यदि हामीले खराबका ती तीन जराबाट आफूलाई अलग्ग राख्न सक्यौं भने हामी वरिपरिका अन्य मानिसहरू समेत



https://dhamma.digital

हामीबाट हुनसक्ने शक्ति र अधिकारको लागि गरिने धृष्टताबाट असंयमित लोभ र काम सुखको लालसाबाट इर्ष्या र डाहबाट बच्न सक्छन्। तिनीहरू हानीकारक तथा ध्वंसात्मक परिस्थितिबाट, हिंसा र आतंकबाट, हाम्रा घृणा र शत्रुताबाट, रिसको ज्वालामुखीबाट, वैरभाव र झगडालुपनको असह्य वातावरणबाट बच्न सकिने छ। तर हाम्रा ती लोभ र द्वेषका कारणबाट अन्य व्यक्ति र समाज प्रभावित मात्र हुने होइन, उनीहरूमा समेत त्यस्ता अकुशलहरू अझ शक्तिशाली भई जरा गाड्ने छ । लोभ र द्वेषमा यस्तो संक्रामक शक्ति छन्; जसले खराब प्रवृत्तिहरूलाई अरू बढावा दिन्छ । यदि हामी अरू कुरा छाडी खाली कमाउनु, जम्मा गर्नु, त्यसैमा टाँसी रहनुमामात्र सीमित रहेमा यसले अरूहरूलाई पनि यस्तै बन्न उत्प्रेरित गराइरहेको हुन्छ । हाम्रा दूषित व्यवहार नै पछि गएर आफ्नो वरिपरिको वातावरण जस्तै साथीभाइ, इष्टमित्र, छोराछोरी आदिको लागि एक नमूना बन्न सक्छ । हाम्रा आफ्नै व्यवहारले अरूलाई पनि हाम्रो लालची इच्छामा संतुष्ट हुन प्रोत्साहित पार्न सक्छ अथवा त्यस्तो होडबाजीमा रहेका अरूहरूको मनमा पनि ईर्ष्या र प्रतिस्पर्धाको भावना जगाउन सक्छ । यदि हामी इन्द्रिय सुखमा डुबेका छौं भने यसले अरूहरूको मनमा पनि कामवासनाको अग्नि प्रज्वलित पार्न सक्छ । हाम्रा आफ्नै द्वेषले अरूलाई पनि द्वेषी र प्रतिहिंसाको लागि प्रेरित गर्न सक्छ। यो पनि संभव छ कि हामी अरूसंग मित्रता पनि गर्न सक्छौं अथवा द्वेष र शत्रुताको व्यवहारमा उक्साउन पनि सक्छौं ।

## आफ्नो बचावट कसरी गर्ने ?

**वास्तवमा आफ्नो रक्षक आफै हुन्, अरू रक्षक को हुन सक्छ ? आफैमा काबू पाउन सके अरू रक्षकको चिन्तै रहन्न (धम्मपद १६६)**



https://dhamma.digital

बुद्धको अन्तिम समय थियो, उहाँका अनुयायीहरू उहाँको दर्शनार्थ चारैतिरबाट आइरहेका थिए । सबैजना उहाँको नजिक बसेर उहाँबाट छुट्टिनु पर्ने कुराले दुःखित थिए, तर अत्तदत्त नामक एक भिक्षु चाहिं आफ्नो कोठामा बसी ध्यान गरिरहेको थियो । अरू भिक्षुहरूको मनमा त्यस भिक्षुलाई बुद्धकोबारेमा केही वास्ता नभएको जस्तो लाग्यो र बुद्धसँग गुनासो गर्न थाले । तर त्यस भिक्षुले बुद्धलाई भने - 'भगवान ! तपाईं चाँडै परिनिर्वाण हुन लाग्नु भएको छ र मेरो मनमा लाग्यो बुद्धको जीवनकालमै अर्हत् पद प्राप्त गर्नु नै भगवानको सच्चा सम्मान हो ।' उसको विचार र व्यवहारबाट बुद्ध प्रसन्न हुनुभयो र भन्नुभयो - 'अरूहरूका लागि आफ्नो आध्यात्मिक उन्नतिलाई त्याग्नु हुँदैन ।'

यस घटनामा बुद्धधर्मको एक अत्यन्त महत्वपूर्ण दृष्टिकोणको व्याख्या पाउँछौं । कुनै पनि व्यक्ति यस 'संसारबाट मुक्त हुन निरन्तर सजग भइरहनु पर्छ र ऊ आफैले 'मोक्ष' प्राप्त गर्नु पर्दछ। 'निर्वाण' प्राप्तिका लागि वाह्य शक्ति वा माध्यमको आशा गरेर हुँदैन ।

जो मानिसहरू बुद्धधर्म बुझ्दैनन्, तिनीहरूले यस धारणाको आलोचना गर्दछन् र भन्छन् कि बुद्धधर्म आफ्नै मात्र दुःख मुक्तिको कुरा गर्ने स्वार्थी धर्म हो। वास्तवमा यो बिल्कुलै असत्य हो। बुद्धले स्पष्ट रूपमा भन्नुभएको छ कि हरेकको भौतिक तथा आध्यात्मिक उन्नतिका लागि आफै निरन्तर प्रयत्नरत हुनु पर्दछ र साथै निर्वाण प्राप्तिको लक्ष्यमा परिश्रम साथ निरन्तर लाग्नु पर्दछ । निस्वार्थ सेवालाई बुद्धले अत्यन्तै प्रशंसा गर्नु भएको छ।

फेरि, जो बुद्धधर्म नजानेका मानिसहरू छन्, उनीहरूले सोध्न सक्नेछन्- आफ्नो मानसिक शक्ति उपर नियन्त्रण गर्न सक्ने भाग्यमानी मानिसहरूले त आफैले निर्वाण प्राप्तिका लागि कोशिस


https://dhamma.digital

गर्न सक्छन् होला, तर मानसिक र शारीरिक अथवा भनौं भौतिक रूपमा असम्पन्नहरूका लागि के भन्ने त ? कसैका लागि बाह्य शक्ति जस्तै कोही ईश्वर वा देवताको मद्दत नचाहिएला ?

यसमा उत्तर यही छ कि बौद्धहरू निर्वाण अथवा दुःखबाट पूर्णमुक्ति एकै जीवनमा पाउनै पर्छ भन्ने कुरा सोच्दैनन् । यसमा निकै समय लाग्न सक्छ, धेरै जन्म लिनु पर्ने हुन्छ । आफ्नो क्षमता अनुसार आफू स्वयंले आत्म भरोसा वृद्धि गर्नुपर्छ । त्यसकारण मानसिक, शारीरिक र भौतिक रूपमा असम्पन्न समेतले मुक्तिको शुरुवातका लागि सानै भएपनि स्व-प्रयत्न गर्नु पर्दछ ।

आत्म-भरोसी बन्ने प्रयत्नलाई एकपटक शुरुवातमात्र गर्नुपर्छ, व्यक्ति स्वयं (आत्म भरोसाको) शक्ति बढाउनमा अभ्यस्त हुँदै जान्छ । अत्यन्त सानो बीऊ पनि एकदिन विशाल वृक्ष बन्छ, रातारात होइन । यस कठीन प्रक्रियामा धैर्य अत्यन्तै आवश्यक अंग हो ।

उदाहरणको लागि, हाम्रो आफ्नै अनुभवबाट थाहा पाएको कुरा हो कि कतिपय आमाबाबुहरू आफ्ना सन्तानलाई आफ्नै आशा र अभिलाषा अनुरूप बनाउन हरसम्भव प्रयत्न गर्छन् । तर जब ती केटाकेटीहरू तरुण हुँदै आउँछन् त उनीहरू आफ्नै पाराले हुर्कन्छन्, आमा-बाबुको इच्छा अनुरूप थोरै हुन्छन् ! बुद्धधर्मको धारणा अनुसार कसैले कसैमाथि जस्तोसुकै प्रभाव पार्न खोजे तापनि आखिरमा ऊ आफै कर्म बनाउँछ र त्यसको सारा जिम्मेवारी ऊ माथि नै आउँछ । कोही व्यक्ति अथवा ईश्वरले नै भए पनि उसका अन्तिम मुक्तिमा कुनै निर्देशन वा नियन्त्रण गर्न सक्दैनन् । यही नै आत्मभरोसीको सही अर्थ हो ।

यसको अर्थ यो होइन कि बुद्धधर्मले स्वार्थी बन्न सिकाउँछ । बुद्धधर्ममा जब कसैले निर्वाण प्राप्तिको लक्ष्य राख्दछ भने दैनिक



https://dhamma.digital

जीवनमा समेत ऊ हिंसा, चोरी, झूठ, व्यभिचार र मादक पदार्थको सेवनले असंयमित हुनबाट बच्दछ। जब यसरी ऊ व्यावहारिक रूपमा संयमित जीवन जिउँछ स्वभावत: अरूको सुखमा समेत योगदान दिइरहेको हुन्छ । के त्यो तथाकथित 'स्वार्थीपन' अरूहरूको सुख र कल्याणका लागि योगदान भएन त ?

लौकिक अथवा सांसारिक तहमा यो प्रश्न पनि गर्ने गरिन्छ कि मान्छे बाहेक अन्य प्राणीहरूलाई (जनावर, पशुपंक्षीलाई) यो अर्थहीन सांसारीक चक्रबाट कसरी मुक्त गर्न सकिन्छ त ? निश्चय पनि यस्तो अवस्थामा ती प्राणीहरूलाई मुक्त गर्न कुनै महान दैवीय बाह्य शक्तिको आवश्यकता पर्दछ भन्ने गरिन्छन् । यस प्रश्नको उत्तर पाउन हामीले जीव विकासक्रम (Evolution) को सिद्धान्तलाई पुनरावलोकन गर्नु जरुरी छ। स्पष्ट छ कि जीवनको शुरुवात अति साधारण, पानीमा तैरिने एक कोषको रूपमा भएको थियो । लाखौं वर्षपछि यी बिस्तारै विकसित हुँदै आए र अन्ततः अति विकसित र बुद्धिमान हुँदै आए । अब आएर यति बुद्धिमान भइसके कि यो सङ्गठीत हुन, स्वतन्त्र चिन्तन गर्न, आफ्नो धारणा बनाउन सक्षम भएको छ ।

Dhamma.Digital

बुद्धधर्ममा दु:खबाट मुक्तिको कुराले अहिलेको विकसित र उच्च मानसिक स्थितिमा पुगेका प्राणीहरूका तर्फ इंगित गर्दछ । जीव विकासको प्रारम्भिक अवस्थामा कर्म र मानसिक शक्तिहरू अति कमजोर र सुषुप्त हुन्छन्, तर अनगिन्ति पुनर्जन्मपछि प्राणी आफूलाई स्वतन्त्र चिन्तन गर्न सक्ने तहमा पुऱ्याउँछ । यस्तो अवस्था पुगेपछिमात्र प्राणी दु:ख र पीडाका साथ अनन्त पुनर्जन्ममा लाग्नुको सारहीनताप्रति सजग बन्छ । तबमात्र ऊ पुनर्जन्मको समाप्तिको लागि संकल्पित हुनसक्ने हुन्छ र ज्ञान र निर्वाण प्राप्तिबाट सच्चा सुखको खोज गर्छ। बुद्धि र प्रज्ञाको यस विकसित



https://dhamma.digital

अवस्थामा मात्र कसैले आत्म उन्नति र आत्म विकास गर्न सक्ने हुन्छ ।

हामी सबैलाई थाहा छ, मानिसहरू अत्यन्तै फरक फरक बौद्धिक स्तर र बैचारिक शक्ति लिएर जन्मन्छन् । कोही अति विद्वान हुन्छन्, कोही अति नै न्यून बुद्धिवाला हुन्छन् । तर पनि जीवनमा बाँच्नका लागि आफ्नो चाहना र विकल्प पत्ता लगाउने क्षमता केही हदसम्म सबैमा हुन्छ । कम या बढी यो क्षमता जनावरहरूमा पनि हुन्छन् नै ।

तसर्थ, सीमित मात्रामै भए पनि साधारणभन्दा साधारण जीवमा समेत असल कर्म बनाउने क्षमता हुन्छ । यस क्षमतालाई परिश्रमसाथ लागू गरेमा र असल कर्मलाई क्रमिक रूपमा वृद्धि गर्न सकेमा ऊ उच्च स्तरको जीवमा पुग्न सक्छ ।

'म पनि भविष्यमा बुद्ध बन्छु' भन्ने सुमेध ऋषिले गरेको प्रतिज्ञा र त्यसपछि बुद्ध बन्नका लागि अनगिन्ति जन्मसम्म एक साधारण मानिसको रूपमा जन्मेर कठीन प्रयास गर्नु भएको जातक कथाहरूबाट पनि हामी यो कुरा बुझ्न सक्छौं ।

Dhamma.Digital

एकदिन आफ्नी आमाकासाथ डुङ्गामा यात्रा गरिरहँदा सबै समुद्रमा खसे । आफ्नो बचावटको वास्तै नगरी बोधिसत्व (भावी बुद्ध) ले आफ्नी आमालाई पिठ्युंमा बोकी पौडिन थाले । तर पानीले गर्दा उसले आफ्नो बाटो ठम्याउन सकिरहेको थिएन । यस्तो सङ्कटको अवस्थामा एकजना देवताले देखे । त्यो देवता शारीरिक रूपमा अगाडि आएर उसलाई मद्दत गर्न सक्दैनथे, तर सही दिशा देखाइदिए । युवकले त्यसको कुरा सुनी आफू र आफ्नी आमा दुवैलाई बचाए । त्यहीं उसले बुद्धत्व प्राप्त नभएसम्म अविराम प्रयत्न गर्ने दृढ निश्चय गरे ।



https://dhamma.digital

यस कथाले बौद्धहरू आफ्नो दैनिक जीवनमा देवताहरूको मद्दत चाहन्छन् र पाउँछन् भन्ने तथ्य छर्लंग्याउँछ। देवता भनेको त्यो हो, जो ठूलो पुण्यको प्रतापले अरूलाई मद्दत गर्न सक्ने शक्ति लिएर जन्मन्छन्, तर यो शक्ति भौतिक र शारीरिक रूपमा मात्र सीमित छ। हाम्रो दैनिक जीवनमा, हामी देवताको मद्दत लिन सक्छौं। (दशा आइलागेमा, असुविधा भएमा, विरामी वा डर लागेमा आदि)

वास्तवमा यसरी देवताहरूको मद्दत खोज्नु पनि भौतिक संसारमै बाँधी रहनु हो । हामीले जन्मँदा नै भौतिक इच्छा र आवश्यकताहरू लिएरै जन्मेका हौं भन्ने वास्तविकतालाई स्वीकार्नु पर्छ । र सीमित रूपमै भए पनि यसको परिपूर्ति गर्नु कुनै भूल होइन । बुद्धले मध्यममार्गको व्याख्या गर्दै भन्नु भएको थियो - हामी सम्पूर्णरूपमा बिलासितामा पनि डुब्नु हुँदैन र आफूलाई चाहिने न्यूनतम आवश्यकतालाई पनि तिरस्कार गर्नु हुन्न ।

किन्तु हामी यहीं रोकिनु हुन्न। 'जन्मको कारणलाई स्वीकार्दै हामीले आर्य अष्टाङ्गिक मार्गलाई अपनाएर ज्ञानको त्यो तहसम्म पुग्न आफ्नो सारा प्रयत्न लगाउनु पर्छ, जहाँ हामीले बुझ्ने छौं कि भौतिक वस्तुप्रतिको आसक्ति नै दुःख र पीडाका कारण हुन् ।

जस्तै, हामी हाम्रो अनन्त जन्मकाबारे बुझ्छौं, इन्द्रिय सुख प्राप्तिको हाम्रो लालसा कम हुँदै जान्छ। तब हामी सच्चा अर्थमा आत्म भरोसी, आत्म विश्वासी बन्छौं । यस अवस्थामा पुगेपछि हामीलाई देवताहरूको अरू मद्दत चाहिन्न, किनकि अब हामी भौतिक आवश्यकताको पूर्तितिर लागिरहेका छैनौं ।

एक बौद्ध, जसले संसारको क्षणभंगूरता जानी सकेको छ, उसले भौतिक वस्तुहरूबाट आफूलाई टाढा राख्ने अभ्यास गर्छ । ऊ सांसारीक वस्तुमा बढी आकर्षित हुन्न। त्यसकारण ऊ आफ्ना


https://dhamma.digital

वस्तुहरू नभएकाहरूलाई बाँडी दिन्छ, उसले उदारताको अभ्यास गर्छ । यसरी एक बौद्धले अरूको हितको लागि योगदान दिन्छ ।

जब बुद्धले आफ्नै पुरुषार्थबाट ज्ञान प्राप्त गर्नुभयो, तब उहाँले त्यो ज्ञान स्वार्थवश आफूमैमात्र राख्नु भएन । बरु, त्यो ज्ञानलाई उहाँले पैंतालिस वर्षसम्म मानिसहरूलाई मात्र होइन, बरु सम्पूर्ण प्राणीहरूलाई बाँड्नु भयो । यो नै बुद्धधर्मको निस्वार्थता र सम्पूर्ण प्राणीको हित र कल्याणका लागि गरिएको सर्वोच्च उदाहरण हो ।

बुद्धले कुनै अलौकिक चमत्कारद्वारा होइन, बरु आफ्नो प्रज्ञा र करुणाद्वारा पनि थुप्रै अनुयायीहरूको मङ्गल गर्नु भएको छ ।

एकपटक, एकजना किशागौतमी नामक आइमाई आफ्नो मरेको बच्चा जिलाइदेऊ भनी बुद्धकहाँ प्रार्थना गर्न आइन् । तिनको दुःखित र व्याकुल अवस्था हेरी उहाँले तिनीलाई कोही पनि प्रिय व्यक्ति मृत्यु नभएको घरबाट एकमुठी तोरी ल्याउन अह्राउनु भयो । त्यो विक्षिप्त महिला घर-घर चहारे, सबैले तोरी दिन चाहे, तर कसैले पनि आफ्नो प्रिय व्यक्ति मृत्यु भएको छैन भनी भन्न सकेनन् । बिस्तारै, किशागौतमीलाई जन्मेका सबैले मृत्युलाई अंगाल्नै पर्ने रहेछ भन्ने महसूस हुँदै आयो । त्यसपछि तिनी बुद्धकहाँ फर्के र मृत्युको सत्यता देखाइदिनु भएकोमा उहाँलाई धन्यवाद दिइन् ।

अब, यहाँनिर ध्यान दिनु पर्ने यो छ कि बुद्धले ती महिलाको बच्चालाई जिलाएर समस्याको अस्थायी समाधानमा भन्दा तिनलाई जीवनको यथार्थता बुझाउनमा बढी ध्यान दिनुभयो कारण त्यो बच्चा हुर्कन्छ, बूढो हुन्छ र आखिर मर्नै पर्छ । किशागौतमीले आफ्नो यस ठूलो ज्ञानबाट न केवल मृत्युको यथार्थताबारे मात्र



https://dhamma.digital

थाहा पाइन्, बल्कि आशक्ति दुःखको कारण हो भनी समेत जानिन्। तिनले आशक्ति कै कारण दुःख हुन्छ र जब आशक्ति नाश हुन्छ, दुःखपनि नाश हुन्छ भनी जान्न समर्थ भइन्।

तसर्थ बुद्धधर्ममा, कुनै व्यक्तिले अस्थायी सुखको लागि बाह्य माध्यम (जस्तै देवताहरू) को मद्दत लिन सक्छन्, तर सांसारीक आशक्तिपन समाप्त भइसक्ने आखिरी अवस्थामा त्यागको र ज्ञान प्राप्तिको लागि ऊ आफै समर्थवान हुनु पर्दछ। जब मानिस मुक्ति चाहन्छ, जन्म मरणको अन्त्यहीन चक्रलाई टुक्र्याउन चाहन्छ, यथार्थता र ज्ञान प्राप्त गर्न चाहन्छ त आफ्नै प्रयत्न, आफ्नै एकाग्र मानसिक शक्तिबाट मात्र सक्छ।

बुद्धधर्मले मानिसलाई ठूलो महत्व दिन्छ। यहीमात्र एक धर्म हो जसले मानिससँग आफ्नो मद्दत आफै गर्ने र आफ्नो स्वतन्त्रता आफै पाउने शक्ति छ भनी भनेको छ। ऊ आफ्नो मुक्तिका लागि पूजा वा बलि दिएर खुसी पार्नु पर्ने कुनै बाह्यशक्तिको कृपापात्र बन्नु पर्दैन।

## प्रार्थनाको अर्थ

**प्रकृति पक्षपाती छैन; यसलाई प्रार्थनाबाट खुशी पार्न सकिन्न। कुनै अनुरोध गर्दैमा यसले विशेष सहुलियत, सुबिधा दिँदैन।**

मानिस आफ्नो आवश्यकताहरूका लागि अरूसँग माग्ने र कसैको दयाकै भरमा बाँच्नु पर्ने निरीह प्राणी होइन। बुद्धधर्मका अनुसार मानिस आफ्नो मालिक आफै हुन्। अज्ञानता (मोह) को कारणले मात्र ऊ आफ्नो क्षमता महसूस गर्न चुक्छन्। तसर्थ बुद्धले मानिसले आफूभित्र लुकेको क्षमताको विकास गर्न मनलाई तालिम गर्नु पर्दछ भन्नु भएको हो।


https://dhamma.digital

बुद्धधर्मले मानिसलाई पूर्ण जिम्मेवारी र सम्मान प्रदान गर्दछ । यसले मानिसलाई आफ्नो मालिक बनाउँछ । उसको काम कारवाही र भाग्यको निर्माता अरू कोही हैनन् भनी बुद्धधर्म भन्दछ । त्यस्तै हाम्रो जीवन, हाम्रो समाज र हाम्रो विश्व नै तिमी र मैले चाहे जस्तो बनाउन सक्छौं, अरू कोही अदृष्य शक्तिको चाहना जस्तो बनाउन पर्दैन ।

स्मरण रहोस्, प्रकृति पक्षपाती छैन; यसलाई प्रार्थनाबाट खुसी पार्न सकिन्न । कुनै अनुरोध गर्दैमा प्रकृतिले विशेष सुविधा दिने हैन । तसर्थ बुद्धधर्ममा प्रार्थनाको अर्थ ध्यान हो, जसले आफैलाई परिवर्तन गराउँछ । ध्यान गर्नु भनेको आफ्नो स्वभावको शुद्धिकरण गर्नु हो । शरीर, वचन र मनको शुद्धिकरण गरी कसैको भित्री स्वभाव परिवर्तन गर्नु नै ध्यान हो । ध्यानद्वारा हामीले मनोवैज्ञानिक रूपमा थाहा पाउन सक्छौं 'जस्तो हामीले चाहेका हौं, हामी त्यस्तै बन्छौं ।' जब हामी प्रार्थना गर्छौं, आफ्नो हृदयमा केही राहतको अनुभव गर्छौं, यो हाम्रो श्रद्धा र भक्तिबाट सृजित मनोवैज्ञानिक असर हो । केही धार्मिक पाठ गरी सकेपछि पनि हामी त्यस्तै महसूस गर्छौं । कुनै धार्मिक नाम वा प्रतीकहरू, तिनले श्रद्धा र भक्तिको विकास गराउन सक्ने हदसम्ममात्र आवश्यक छ ।

बुद्ध स्वयं भन्नुहुन्छ - पवित्र ग्रन्थ पाठ गर्दैमा, स्वयं प्रताडित हुँदैमा, भुईंमा सुत्दैमा, बारबार प्रार्थना गर्दैमा, तपस्या गर्दैमा, स्तोत्र, पूजा, मन्त्र, जादू, स्तुति आदि गर्दैमा निर्वाणको सच्चा सुख पाउन सकिन्न ।

प्रार्थनाबाट अन्तिम लक्ष्य हासिल गर्न खोज्ने सिलसिलामा बुद्धले एकपटक नदी तर्न खोज्ने मानिसको उपमा दिनुभएको थियो । यदि त्यो व्यक्ति एक किनारामा बसेर अर्को किनारा आफूतिर आओस् र आफूलाई पारी लगोस् भनेर प्रार्थना गरी


https://dhamma.digital

बस्यो भने उसको प्रार्थना खालि प्रार्थना मात्रै भइरहन्छ। साँच्चिकै ऊ पारी जान चाहन्छ भने उसले केही प्रयत्न त अवश्यै गर्नु पर्छ; कुनै काठ लिएर त्यसको डुङ्गा बनाउनु पर्छ अथवा पुल खोज्नु पर्छ अथवा पौडनु पर्छ। जेहोस् पारी तर्न केही काम गर्नै पर्छ। यसै प्रकार संसाररूपी नदी पार गर्न चाहनेले प्रार्थनामात्र गरेर पर्याप्त हुन्न। उसले आफ्नो मनलाई नियन्त्रणमा राखी त्यसबाट दूषित र खराब बिचारहरू निकाल्नु पर्छ, त्यस्तै धैर्यपूर्वक धार्मिक जीवन यापनको लागि कठोर परिश्रम गर्नुपर्छ। अनि मात्र ऊ अन्तिम लक्ष्यमा पुग्न सकिन्छ। प्रार्थनालेमात्र अन्तिम लक्ष्यमा कहिल्यै पुगिन्न।

यदि प्रार्थनाको जरुरत नै पऱ्यो भने, त्यो मनलाई मजबूत पार्नको लागि मात्र होस् र केही पाउनको आशले नहोस्। प्रसिद्ध कविले प्रार्थना कसरी गर्नुपर्छ भनी निम्न व्याख्या गर्नु भएको छ। बौद्धहरूले यसलाई मन सभ्य पार्नको लगि ध्यानको रूपमा लिनेछन्:

> "खतराबाट बच्न होइन, बल्कि त्यससंग मुकाबिला गर्न मलाई प्रार्थना गर्न देऊ,
>
> दुःख र पीडा राख्न होइन, बल्कि त्यसमाथि बिजय प्राप्त गर्न मलाई हृदय माग्न देऊ,
>
> चिन्ता र आशंकाबाट बच्न होइन, बल्कि आफ्नो स्वतन्त्रता कायम गर्न मलाई धैर्य माग्न देऊ"

## परित्राण पाठको अर्थ

**बुद्धले आफ्ना अनुयायीहरूलाई आशिर्वाद दिन र कुनै भयबाट रक्षा गर्न पालि भाषामा पाठ गर्नु भएका केही सूत्रहरूको पाठ परित्राण पाठ हो।**


https://dhamma.digital

परित्राण पाठ वा सूत्र पाठ विश्वभर गरिने एक सुपरिचित बौद्ध अभ्यास हो । यो विशेषतः पालि भाषा प्रयोग हुने थेरवादी बौद्ध मुलुकहरूमा बढी प्रचलित छन् ।

यी सूत्रहरूमध्ये अधिकांश सूत्रहरू बुद्धका आधारभूत शिक्षाहरूबाट छानेर लिइएका छन् । मूलतः यी सूत्रहरू दुई हजार वर्ष पहिले ताडपत्रमा लेखिएका थिए । पछि 'परित्राण पाठ पुस्तक' का रूपमा परिमार्जन गरिएका थिए । यी सूत्रहरू मूलतः सूत्त पिटकको अंगुत्तर निकाय, मज्झिम निकाय, दीघ निकाय, संयुक्त निकाय र खुद्दक निकायबाट लिइएका हुन् ।

भयबाट रक्षा हुन बौद्धहरू परित्राण पाठ गर्छन् । यहाँ 'रक्षा' को अर्थ खराब बिचार, दुर्भाग्य, अस्वस्थता र ग्रहदशाको दुस्प्रभावबाट रक्षा हुनु हो र साथै मानसिक सुदृढताको लागि पनि परित्राण पाठ गरिन्छन् । परित्राण पाठको स्वर गुन्जनले आसपासको वातावरणलाई नै आनन्दित पार्दछ । भिक्षुहरूबाट विभिन्न लयमा सूत्रहरू पाठ गर्नु हुन्छ । धेरै पहिले नै पत्ता लगाइसकेको हो कि, मानिसको लययुक्त स्वरले श्रोताहरूको मनमा शान्ति र स्थिरता पैदा गर्दछ । परित्राण पाठ गरिंदा कुनै सुरले देवताहरूलाई प्रभावित पार्दछ भने कुनै लयले सर्प, भूतप्रेत लगायत निम्नकोटीका प्राणीहरूलाई प्रभावित गर्दछ । त्यसकारण परित्राण पाठमा शुद्ध उच्चारण र उपयुक्त लयको महत्वपूर्ण स्थान छ ।

कुनै धार्मिक पाठ गर्दा लयको प्रयोग गरिने बुद्धधर्ममा मात्र होइन, अरू धर्मका अनुयायीहरू पनि आफ्ना पवित्र ग्रन्थहरू लयसहित पाठ गर्छन् । मुसलमानहरूले कुरान पाठ गरेको, हिन्दू पुरोहितहरूले वेद पाठ गरेको हामीले देखेकै छौं । रोमन क्याथोलिक र ग्रीक अर्थोडक्स सम्प्रदायमा पनि कर्णप्रिय पाठहरू गरिन्छन ।



https://dhamma.digital

सूत्रहरू पाठ गरिंदा तीन महान र बलवान शक्तिहरू संचार हुन्छन् । ती शक्तिहरू हुन् बुद्ध, धर्म र संघ । यिनै 'तीन रत्न' को सम्मिश्रण नै बुद्धधर्म हो र तीनवटैको पाठ सँगसँगै गर्दा मानिसलाई ठूलो लाभ मिल्दछ ।

(१) **बुद्ध**ः उहाँले सबै महान गुणहरू, प्रज्ञा र बुद्धत्व हासिल गरिसक्नु भएको छ । आफ्नो आध्यात्मिक शक्ति विकास गरेर हामीलाई शुद्ध धर्म सिकाउनु भएको छ । उहाँको भौतिक देह हामी माझ नभए पनि उहाँका शिक्षाहरू मानवजातिको कल्याणार्थ अद्यापि छँदैछन् । विद्युतको आविष्कारक जीवित नभएपनि उसको बुद्धिको अनुशरण गर्दा उसको बुद्धिको प्रभाव अझै जीवित नै रहेको छ । परमाणविक शक्तिका खोजकर्ताहरूको ज्ञानको प्रयोग गर्दा उनीहरूको बुद्धि हामीसँग छैनन् भन्न मिल्दैन । यसैप्रकार बुद्धले आफ्नो प्रज्ञा र ज्ञानको माध्यमबाट दिनु भएको बुद्धशिक्षा मानिसहरूका लागि सबभन्दा प्रभावकारी शक्ति भई आएको छ । जब तपाईं उहाँलाई सम्झनु हुन्छ र आदर गर्नु हुन्छ, तब तपाईं उहाँप्रति अझै विश्वस्त हुनुहुन्छ। जब तपाईं उहाँका शब्दहरू पाठ गर्नु हुन्छ वा सुन्नु हुन्छ, तब तपाईं उहाँका आशिर्वादका वचनहरू पाठ गर्नु हुन्छ ।

(२) **धम्म**ः बुद्धले प्राप्त गर्नुभएको सत्य, न्याय र शान्तिको शक्ति नै धर्म हो, जसले मानिसहरूको सुख र शान्तिका लागि आध्यात्मिक आश्वासन प्रदान गर्दछ । जब तपाईं मैत्री, श्रद्धा र ज्ञानको विकास गर्नुहुन्छ, तब यो धर्मको शक्तिले तपाईंको रक्षा गर्छ र तपाईंको मनमा अझ बढी आत्मविश्वास र आत्मबल बढाउनमा मद्दत गर्दछ । त्यसपछि तपाईंको मन आफ्नो रक्षाको लागि आफै शक्तिशाली बन्दछ। तपाईंले धर्मको उत्थान गरेको जब अरूले थाहा पाउँछ, तब मानिस लगायत अरू प्राणीहरू समेतले


https://dhamma.digital

तपाईंको आदर गर्ने छ। धर्मको शक्तिले विभिन्न प्रकारका बाह्य दुष्प्रभाव र खराबीबाट बचाउँछ। जो मानिस धर्मको शक्तिलाई बुझ्न सक्दैनन् र धर्मपूर्वक जिउन सिक्दैनन्, तिनले आफूलाई अन्धविश्वासमै डुबाउँछ र विभिन्न देवी देवता, अलौकिक शक्तिहरू रिझाउन पूजा पाठ गर्न नै आफूलाई लगाई रहन्छन्। यसो गर्नाले तिनीहरूमा आफ्नै अज्ञानताबाट झन् बढी डर र शङ्का बढ्न थाल्छ। थुप्रै धन पनि खर्च हुन्छ। यी सबैबाट छुटकारा पाउन मानिसले धर्ममा आत्मविश्वास बढाउनु पर्दछ। धर्मलाई 'प्रकृति" वा "प्राकृतिक रिति" वा "सांसारीक नियम" पनि भनिन्छ। जसले धर्मको शक्तिको प्रकृति बुझ्छ, उसले धर्मद्वारा नै आफ्नो रक्षा गर्न सक्छ। जब शुद्ध ज्ञानले मन शान्त पारिएको हुन्छ, तब कुनै प्रकारको बाधा अड्चनले मनमा भय उत्पन्न गराउन सक्दैन।

**३) संघः** आफ्नो आध्यात्मिक उन्नतिका लागि घरगृहस्थी त्यागी भिक्षु बन्नेहरूको समूहलाई नै संघ भनिन्छ। तिनीहरू बुद्धका अनुयायी मानिन्छन्, जसले अरहत्पदको लागि ठूल्ठूला सुकर्महरू गरेका छन्। बुद्धशासनका रक्षक भएको हुनाले र बुद्धको शिक्षालाई २५०० वर्षदेखि संसारभर फैलाउने काम गर्दै आएको हुनाले हामीले भिक्षुसंघप्रति आदर भाव प्रकट गर्दछौं। भिक्षुसंघबाट प्रदर्शित सेवाभावले मानिसलाई आदर्श र ठीक जीवन जिउन प्रेरित गर्दछ। उहाँहरू बुद्धको शिक्षा हामीसम्म पुऱ्याउने जीवित माध्यम हुनुहुन्छ।

बुद्धको समयमा पनि सूत्र पाठ गरी आशिर्वाद दिने चलन थियो। पछि श्रीलङ्का, थाइल्याण्ड र बर्मा जस्ता बौद्ध मुलुकहरूमा रातभर अथवा केही दिनसम्म पनि सूत्र पाठगर्ने चलन बस्यो। श्रद्धालुहरू ठूलो श्रद्धाका साथ अत्यन्तै ध्यानपूर्वक सूत्र श्रवण गर्छन्। कुनै रोग प्रकोप, दुर्भिक्ष र प्राकृतिक प्रकोप भएको समयमा मानसिक धैर्यको लागि बुद्ध र उहाँका शिष्यहरूबाट परित्राण पाठ


https://dhamma.digital

गरिन्थ्यो । एक पटक एक बालकलाई दुष्टात्माहरूले दुःख दिएको बेला बुद्धले आफ्ना भिक्षुहरूलाई बालकको सुरक्षाको लागि परित्राण पाठ गर्न लगाउनु भएको थियो ।

परित्राण पाठ गरी आशिर्वाद दिनु बढी प्रभावकारी हुन्छ । अत्यन्तै खराब काम गर्नेहरूलाई मात्र यसको प्रभाव नपर्ने हुन्छ । नत्र भने मामुलीमात्र खराबी गर्नेहरूलाई सूत्र पाठ गर्ने पवित्र व्यक्तिको मैत्री र कुशल कर्मको प्रभावले सूत्र पाठको असर पर्दछ । तर खराबीबाट स्थायी होइन अस्थायी मुक्तिमात्र मिल्दछ ।

धेरै थाकेका वा क्लान्त व्यक्तिले सूत्रपाठको श्रवणबाट शान्ति र राहतको अनुभव गरेका छन् । यस्तो अनुभव सङ्गीतबाट पाएको शान्तिभन्दा फरक खालको हुन्छ, किनकि सङ्गीतले हाम्रो मनमा उत्तेजना पैदा गर्छ र भावनामा बगाउन थाल्छ, तर मानसिक श्रद्धा र आत्मविश्वास जगाउँदैन ।

बौद्धहरूले २५०० वर्षअघिदेखि सूत्रपाठका असल प्रभावहरू अनुभव गर्दै आएका छन् । बुद्ध नहुनु भएपनि उहाँबाट आशिर्वादका लागि पाठ गरिएका शब्दहरूको प्रभाव किन र कसरी यस्तो भएको भन्ने कुरामा थाहा पाउने प्रयत्न हुनुपर्छ । बुद्धको शिक्षामा उल्लेख भए अनुसार जबदेखि बुद्ध हुने प्रण गर्नु भयो तबदेखि उहाँ "असत्य वचन" बाट सँधै विरत रहनु भयो । बिना गाली नै उहाँ अरूको चित्त नदुख्ने गरी बोल्नु हुन्थ्यो । अत्यन्तै मैत्रीपूर्वक बोलिने बुद्धको वाणीमा सत्यको बल नै शक्तिको श्रोतको रूपमा रहन्थ्यो । तथापि आशिर्वाद लाग्न बुद्धको वाणीको शक्ति एक्लैमात्र पर्याप्त हुन्न, यसमा श्रोताको श्रद्धा र समझदारी पनि अत्यावश्यक हुन्छ । बौद्ध सूत्रको अद्भूत प्रभावबाट मानिसहरूले बाधा र रोग मुक्तिको जुन अनुभव प्राप्त गरे, त्यसबाट उनीहरूले आफूमा आत्मविश्वास र श्रद्धाको विकास गर्न सक्षम भए ।



https://dhamma.digital

# के बौद्धहरू मूर्तिपूजक हुन् ?

## बौद्धहरू मूर्ति पूजक होइनन् बल्कि आदर्शका पुजारी हुन् ।

यद्यपि बौद्धहरू आफ्नो परम्परानुसार बुद्धमूर्ति राख्दछन् र बुद्धप्रति श्रद्धा पोख्दछन्, तर उनीहरू मूर्ति पूजक होइनन् । मूर्ति पूजा भनेको वास्तवमा अदृश्य देवी देवताको विभिन्न आकार र प्रकारको मूर्ति बनाएर तिनको पूजा गर्नु हो । भक्तहरू आफ्नो सुरक्षा र मार्गदर्शनको लागि ती देवी देवतासँग प्रार्थना गर्छन् । स्वास्थ्य, धन, सम्पत्ति र अन्य आवश्यक वस्तु माग्नुका साथै आफ्नो अपराध माफ गर्न समेत उनीहरू भन्छन् ।

"बुद्धपूजा" गर्नु बिल्कुलै अलग कुरा हुन् । संसारमा भएका मानिसहरू मध्ये पवित्र, महान, बुद्धिमान, हितैषी र मैत्रीवान भएकोले नै बौद्धहरू बुद्धलाई पूजा गर्छन्, आदर गर्छन् । बुद्ध यस संसारमा जन्मनु भएको र मानवकल्याणको लागि सर्वश्रेष्ठ सेवा गर्नु भएको कुरा इतिहासले बताउँछ । बुद्धको पूजा गर्नु भनेको उहाँप्रति, उहाँको शिक्षाप्रति आदर प्रकट गर्नु सम्मान गर्नु र श्रद्धा प्रकट गर्नु हो नकि पत्थर वा धातुको मूर्तिलाई पूजा गर्नु हो ।

आफ्ना उच्च गुणहरूबाट प्रेरणा दिनु हुने बुद्धको मूर्ति एक दृष्य साधना हो । जसले सभ्य समाजका पुस्तौं-पुस्तालाई उहाँको सम्झना गर्नमा मद्दत गर्छ । बौद्धहरू मानसिक शान्ति (आर्जन) मा एकाग्र हुन र बुद्धको प्रतिकको रूपमा मूर्तिलाई प्रयोग गर्छन् । उनीहरू बुद्धलाई सम्झंदा विवाद र झगडा एकातिर पन्छाएर शान्ति, स्थिरता, सौम्यता र समतामा मात्र ध्यान दिन्छन् । मूर्तिले महामानवको सम्झना गराउँछ र उहाँको निर्देशनमा चल्न प्रेरणा दिन्छ । बौद्धहरू आफ्नो मनमा उहाँको जीवितता अनुभव गर्छन् । यस्तो अनुभवले उनीहरूको पूजा प्रबल र अर्थपूर्ण बनाउँछ ।


https://dhamma.digital

बुद्धमूर्तिको शान्त भावले उनीहरू प्रभावित हुन्छन् र असल आचरण र शुद्ध विचार राख्नमा प्रेरित हुन्छन् ।

एक समझदार बौद्धले बुद्धमूर्तिसँग आफ्नो कुकर्मको क्षमादान वा अरू कुनै वस्तुको प्रार्थना गर्दैन । उसले आफ्नो मन वशमा राख्ने कोशिश गर्छ, बुद्धको शिक्षा अनुशरणमा लाग्छ, सांसारीक दुःखबाट छुट्कारा पाउन खोज्छ र आफ्नो मुक्ति प्राप्त गर्दछ ।

बौद्धहरूले बुद्धमूर्तिको पूजा गरेको अर्थ र कारण नबुझ्नेहरूले नै बौद्धहरूलाई मूर्तिपूजक भनी आलोचना गरेका हुन् । जब मानिसहरूले आफ्ना आमाबाबुको, बाजेबजैको, राजारानीको, मन्त्रीहरूको, ठूला वीरहरूको, दार्शनिकहरूको र कविहरूको फोटो आफूसँग राख्न हुन्छ भने किन बौद्धहरूले आफ्ना परमपूज्य गुरुको फोटो वा मूर्ति आफूसँग राख्न नहुने ?

आफ्ना गुरुको गुण गाउनमा के आपत्ति छ ? जब मानिसहरू आफ्ना प्रियहरूको समाधिमा माला चढाएर श्रद्धा प्रकट गर्छन् भने । आफ्नो जीवन नै मानव कल्याणमा लगाउने आफ्ना गुरुप्रति बौद्धहरूले फूल, धूप, दीप चढाएर पूजा गर्नुमा हानि छ ? हत्यारा र लाखौं निरीह मानिसको मृत्युको कारण हुने व्यक्तिलाई विजयी वीरको नाममा मानिसहरू सालिक बनाउँछन् । सत्ताको लागि यी बिजेताहरूले द्वेषपूर्वक, निर्दयीपूर्वक र लोभको कारण मानिसहरूको हत्या गर्छन् । तिनीहरूले गरीब मुलुकहरूमाथि आक्रमण गर्छन् र अर्काको जमीन र सम्पत्ति लुट्नुका साथै धेरै विध्वंश गरेर अत्यन्त दुःख दिन्छन् । कतिपय यस्ता विजेताहरू राष्ट्रिय वीर कहलाइन्छन्; तिनीहरूको सम्झनामा विभिन्न समारोह मनाई तिनीहरूको समाधिहरूमा फूल माला चढाइन्छन् भन्नाले, अरूलाई मुक्तिको



https://dhamma.digital

मार्ग देखाउनको लागि बुद्ध बन्न सांसारिक सुख त्याग्ने गुरुप्रति बौद्धहरू नतमस्तक हुनुमा के दोष छ ?

मूर्तिहरू अर्धचेतनाका भाषा हुन् । त्यसकारण, कसैको मनमा बुद्धको मूर्ति अङ्कित हुँदा पूर्णताको प्रतीकको रूपमा अर्धचेतन मनमा गहिरिएर अङ्कित हुन्छ र यदि त्यो मन बलवान छ भने दुष्प्रवृत्तिमा यन्त्रवत रोक लगाउन सघाउँछ । बुद्धको सम्झनाले आनन्द उत्पन्न गराउँछ, मनलाई बलवान बनाउँछ र थकावट, तनाव र नैराश्यताबाट माथि उठाउँछ । तसर्थ बुद्धको पूजा गर्नुको अर्थ साधारण प्रार्थना होइन, ध्यान हो । त्यसकारण यो मूर्ति पूजा होइन 'आदर्श' पूजा हो । बौद्धहरू आफ्नो जीवनको पवित्रस्थल निर्माणमा स्वच्छ बल प्राप्त गर्छन् । तिनीहरू आफूभित्र बुद्धमूर्ति स्थापना गर्न योग्य नहुन्जेल मनलाई सफा पार्छन् । मूर्तिद्वारा प्रतिनिधित्व गरिएका महापुरुषप्रति तिनीहरू सम्मान प्रकट गर्छन् । उहाँका आदर्श व्यक्तित्वबाट आफूमा प्रेरणा जगाउन प्रयत्न गर्छन् र उहाँको बराबरीमा पुग्ने कोशिस गर्छन् । बौद्धहरू बुद्धमूर्ति काठको हो वा धातुको हो वा माटोको हो भनी हेर्दैनन् । मन, वचन र कर्म शुद्धिको प्रतिनिधित्व बुद्धमूर्तिले गरेको हुन्छ ।

Dhamma.Digital

बुद्धमूर्ति बुद्धका उच्च गुणहरूको सांकेतिक प्रतिनिधित्व मात्र हुन् । बुद्धप्रति गहिरो आस्था व्यक्त गर्न संसारमा प्रचलित सूक्ष्म र राम्रा कला अपनाउनु कुनै अस्वाभाविक होइन । पवित्र धार्मिक गुरुहरूका मूर्तिहरू पुज्नेप्रति मानिस किन कुदृष्टि राख्छन्, बुझ्न गाह्रो छ ।

बुद्धका शान्त र स्वच्छ मूर्ति सुन्दरताको सर्वग्राह्य धारणा भइसकेको छ । बुद्धमूर्ति एशियाली संस्कृतिका सबभन्दा अमूल्य र सार्वजनिक सम्पत्ति हो । बुद्धमूर्ति बिना हामीले शान्त, देदीप्यमान र सांसारीकताबाट मुक्त व्यक्तित्व कहाँ पाउन सक्छौं ?



https://dhamma.digital

बुद्धमूर्तिलाई एशियालीहरू अथवा बौद्धहरूलेमात्र सह्राहना गरेका छैनन् । आफ्नो आत्मकथामा अनातोलि फ्रान्सले लेखेका छन्, '१८९० को मे १ तारिख, सौभाग्यवश पेरिसको म्यूजियम हेर्न पुगें । एशियाका मूर्तिहरूमध्ये बुद्धमूर्तिमा मेरो आँखा पऱ्यो । बुद्धले दुःखित मानवहरूलाई मैत्री र समझदारी वृद्धि गर्न संकेत गरिरहनु भएको आभास मिल्यो । यदि यो पृथ्वीमा ईश्वर बस्दछ भने, उहाँ बुद्ध नै हुन् भन्ने अनुभव गरें । घुँडाले टेकेर उहाँलाई ईश्वरको रूपमा मानेको अनुभव भयो ।'

विन्स्टन चर्चिललाई एक सैनिक जनरलले आफ्नो इच्छापत्रद्वारा बुद्धमूर्ति छोडेका थिए । उनले भनेका थिए, 'जब तपाईंको मन व्यग्र र ब्याकुल हुन्छ, तब यो मूर्ति हेरेर आराम लेऊ,' बुद्धिजीविको लागि यस कुराले के सन्देश दिन्छ त ? बुद्धमूर्तिको शान्त र स्वच्छतामा यसको जवाफ पाइन्छ ।

श्रीलङ्काको अभयगिरी विहारको प्रसिद्ध मूर्ति वा सारनाथको बुद्धमूर्ति वा वोरोबुदुरको मूर्ति हेर्नुस्, त्यसमा मानिसका सबभन्दा असल र महान कुशलता पाउँछौं । आँखाहरू मैत्रीले युक्त छन् । हातहरूले अभयदान अथवा आशिर्वाद दिइरहेका छन् । जहाँ-जहाँ बुद्धधर्म पुगे, त्यहाँ-त्यहाँ बुद्धमूर्ति पुगे । ती पूजाका लागि मात्र नभएर ध्यान र आदरको प्रतीकको रूपमा रहे । कीसर्लीङ्ग भन्छन् - 'बुद्धमूर्ति भन्दा भव्य यस संसारमा अरू मलाई केही थाहा छैन । सदृश रूपमा यो साँच्चिकै आध्यात्मिकताले परिपूर्ण छ ।' अति सुन्दर जीव, अत्यन्त शुद्ध र दयालु हृदय, गहन र ज्ञानी मन, प्रेरक र निःस्वार्थ व्यक्तित्व - यस्तो निर्दोष जीवन, मैत्रीयुक्त हृदय, शान्त मन, स्वच्छ व्यक्तित्व भएका व्यक्ति साँच्चै नै आदर योग्य, सम्मान योग्य र पूजा योग्य छन् । बुद्ध नै मानवहरू मध्ये महामानव हुनुहुन्छ ।


https://dhamma.digital

बुद्धमूर्ति कुनै एक व्यक्तिको प्रतीक नभई सबैले प्राप्त गर्न सक्ने बुद्धत्वको प्रतीक हो । बुद्धत्व कुनै एक व्यक्तिका लागि नभई सबैका लागि हो 'पहिले भइसकेका बुद्धहरू, पछि आउने बुद्धहरू, अहिले भएका बुद्धलाई म प्रत्येक दिन सादर अभिवादन गर्छु ।

किन्तु, बुद्धधर्मको अभ्यासको लागि बुद्धमूर्तिको अनिवार्यता छैन । जसले आफ्नो मन र इन्द्रिय नियन्त्रण आफै गर्न सक्छ, उसलाई मूर्तिको आवश्यकता छैन । कसैले साँच्चिकै बुद्धलाई हेर्न चाहन्छ भने उसले आफ्नो दैनिक जीवनमा उहाँका शिक्षाहरू लागू गर्नु पर्दछ । उहाँको शिक्षा अभ्यासबाटै जो कोही उहाँको नजिक पुग्दछ र अमृतज्ञान र मैत्रीको अद्‌भूत तरङ्ग अनुभव गर्दछ । उहाँको विशिष्ट शिक्षा अभ्यास नगरिकन साधारण आदर गौरवले मात्र मुक्तिको मार्ग भेटाउन सकिन्न ।

बुद्धको शुद्ध अर्थ बुझ्न हामीले प्रयत्न गर्नु पर्दछ । यस समस्यायुक्त संसारबाट बच्ने एकमात्र उपाय नै उहाँको शिक्षा हो । विज्ञान र प्रविधिको अत्याधिक उपलब्धिको बावजूद, संसारभरका मानिस आज डर, चिन्ता र नैराश्यताले ग्रस्त छन् । बुद्धको शिक्षामा सांसारीक समस्या समाधानका उपायहरू पाइन्छन् ।

## उपवासको धार्मिक अभिप्राय

**खानामा संयम नगरिनाले विश्वमा धेरै मानिसहरूको असामयिक मृत्यु भइरहेको छ ।**

बुद्धधर्ममा उपवासलाई आत्मसंयमको अभ्यासको एक उपायको रूपमा लिइएको छ । बुद्धले भिक्षुहरूलाई मध्यान्हपछि ठोस आहार नखान भनेका छन् । अष्टशील पालन गर्ने उपासक उपासिकाहरूले पनि मध्यान्हपछि ठोस आहार खाँदैनन् ।



https://dhamma.digital

यस्तो अभ्यासलाई समालोचकहरू कहिलेकाहीं धार्मिक पागलपन भन्छन् । वास्तवमा यो धार्मिक पागलपन नभई नैतिक र मनोवैज्ञानिक अभ्यास हो ।

बुद्धधर्ममा उपवास आत्मसंयमका लागि गरिने आत्म-अनुशासनको प्रारम्भिक अवस्था हो । प्रत्येक धर्ममा उपवासको नियम हुन्छ । उपवास बसेर एवं एक वा केही छाक खाना नखाएर हामीले भोकाएका वा एक छाक पनि राम्ररी खान नपाएकाहरूलाई खान दिन सक्छौं ।

लियो टोल्स्टाय लेख्छन्, 'जसले अति धेरै खान्छ, ऊ असाध्यै अल्छि बन्छ । रोगी र अल्छि मानिस कामुकताबाट कहिल्यै मुक्त हुँदैन । त्यसकारण, समस्त नैतिक शिक्षा भन्छ आत्मसंयमको प्रयासले कामुकता विरुद्ध संघर्ष गर्न उद्दत बनाउँछ, - स्वच्छ जीवनको रहस्य आत्मसंयम हो भने आत्मसंयमको प्रथम चरण उपवास हो ।

उपवासको शुरुवातबाट आत्मसंयमको अभ्यास गर्ने अधिकांश ऋषिहरू नै आध्यात्मिकताको पत्याउनै गाह्रो लाग्ने उचाईमा पुगेका छन् । एक दुर्व्यसनी राजाको आदेशबाट एक सन्त पुरुषलाई अनेक यातना दिएर पछि हात खुट्टा समेत काट्न लगाए । तर उक्त सन्तपुरुषले कुनै प्रकारको रिस, द्वेष मनमा नराखी संयमतापूर्वक ती यातना सहे । त्यस्ता धार्मिक व्यक्तिहरूले इन्द्रिय सुखबाट टाढा रही आफ्नो मानसिक शक्ति दृढ पारेका हुन्छन् ।

## परम्परा रितिथिति र चाडपर्वहरू

**अरूलाई हानि नहुने खालका परम्परा र रितिथितिप्रति बुद्धधर्मले उदार दृष्टिकोण राखेको छ ।**



https://dhamma.digital

परम्परागत कुरा हो भनी अन्धानुकरण नगर्न बुद्धले हामीलाई सिकाउनु भएको छ । 'जाँच र प्रयोग बिना कुनै पनि लाभ हुने, फाइदा हुने, सुख दिने ठहरियो भनेमात्र ती परम्परा वा रितिथितिलाई अंगीकार गर ।' - (कालाम सूत्र)

अरू कुनै पनि धर्मगुरुहरूले नभनेका सबैभन्दा क्रान्तिकारी भनाइमध्ये यो पनि एक हो। कतिपय धर्मगुरुहरूले यस्तो सहिष्णुताबारे जानेकै छैनन् । तिनीहरूले आफ्ना नयाँ अनुयायीहरूलाई असल वा खराब नहेरी आफ्नै किसिमका नयाँ परम्परा, रितिथिति र संस्कृतिबारे सिकाउँछन् । बुद्धको शिक्षा प्रचारकहरूले आ-आफ्नो अनुकूल रितिथितिलाई त्याग्ने सल्लाह कहिल्यै दिएका छैनन् । तर ती रितिथिति र परम्पराहरू चाहिं धार्मिक सिद्धान्त अनुरूपको हुनु पर्ने कुरामा भने जोड दिनु हुन्छ । अर्को शब्दमा भन्ने हो भने एउटा परम्परा अपनाउनको लागि धार्मिक नियमहरू बिथोल्न हुँदैन । यदि कुनै मानिसले केही धार्मिक महत्व नभएका आफ्नै परम्परा अपनाउन चाहन्छ भने उसले त्यो गर्न सक्छ, तर धर्मको नाम दिएर अपनाउन हुन्न र ती परम्पराहरू हानिकारक नहुनु नितान्त आवश्यक छ ।

Dhamma.Digital

## रितिरिवाज र संस्कार

परम्परा र रितिथिति अन्तर्गत पर्ने रितिरिवाज र संस्कारहरू मानिसलाई आकर्षित गराउन, आफ्नो धर्मलाई श्रृङ्गार गर्न बनाइएका कुराहरू हुन् । त्यसले कुनै कुनैलाई मनोवैज्ञानिक मद्दत पुऱ्याइरहेका हुन्छन् । तर धर्म अभ्यासको लागि रितिरिवाज र संस्कार नै चाहिन्छ भन्ने छैन । बुद्धधर्ममा त्यस्तो अत्यावश्यक किसिमको रितिरिवाज र संस्कार अपनाउनु पर्दैन, जस्तो कि कुनै कुनै धर्ममा अपनाउनै पर्ने बाध्यता राखेको हुन्छ । बुद्धका अनुसार



https://dhamma.digital

आफ्नो आध्यात्मिक उन्नति र मानसिक शुद्धिको लागि कुनै पनि रितिरिवाजमा टाँसिनु पर्ने जरुरत छैन ।

## चाडपर्व

सच्चा र इमान्दार बौद्धहरूले प्राणीको बली दिएर वा जाँड रक्सी पिएर बौद्ध चाडपर्व मनाउँदैनन् । तिनीहरूले बिल्कुलै बेग्लै तरिकाले ती पर्वहरू मनाउँछन् । त्यस्ता दिनहरूमा तिनीहरू खराब कामहरू गर्नबाट विरत रहन्छन् । दान दिएर, सेवा गरेर अरूलाई मद्दत पुऱ्याइरहेका हुन्छन् । साथीभाइ र इष्टमित्रसँग आदरणीय तरिकाबाट मनोरञ्जन गर्छन ।

धर्मसँग सम्बन्धित चाडपर्वहरूले कहिलेकाहीं धर्मलाई नै प्रदूषित गर्ने गर्दछ भने अर्कोतिर चाडपर्व नभएको धर्म कसैकसैलाई नीरस र निर्जीव जस्तै लाग्न सक्छ । अधिकांशतः केटाकेटी र युवाहरू धार्मिक चाडपर्वहरूकै माध्यमबाट धर्ममा प्रवेश गर्छन् । तिनीहरूका लागि धर्मको आकर्षण भन्नु नै चाडपर्व हुने गर्दछ । किन्तु, ध्यान अभ्यास गर्ने व्यक्तिलाई चाडपर्व भनेको बाधा जस्तो लाग्न सक्छ ।

वास्तवमा, कोही कोही मानिसहरू चाडपर्वमा गरिने धार्मिक क्रियाकलापले मात्र सन्तुष्ट हुँदैनन् । तिनीहरू उत्सव र देखावटी काम गर्न औधि रुचाउँछन् । आफ्ना भावनात्मक सन्तुष्टि प्राप्तिका लागि पूजा, पाठ, समारोह, जुलूस आदिको आयोजना गर्छन् । यस्ता क्रियाकलापलाई कसैले पनि बेठीक भन्न सक्दैनन् र कार्यकर्ताहरू अरूलाई बाधा नपर्ने गरी आफ्नो सांस्कृतिक परम्परा अनुरूप व्यवस्था गर्न बाध्य हुन्छन् ।


https://dhamma.digital

# विवाहप्रति बौद्ध दृष्टिकोण

## बुद्धधर्ममा विवाहलाई धार्मिक कर्तव्यको रूपमा होइन बरु नितान्त व्यक्तिगत कार्यको रूपमा मात्र लिइएको छ ।

विवाह एक सामाजिक आचार विधि हो, मानिसको हित र सुखको लागि स्थापित एक रिति हो, पशु जीवनभन्दा मानिस जीवन पृथक देखाउने माध्यम हो र सन्तान उत्पति कार्यमा शान्ति र सुव्यवस्था कायम राख्ने प्रथा हो । एक विवाह वा बहूविवाहप्रति बौद्ध साहित्य मौन रहेतापनि बौद्ध जनमानसलाई एक पति वा एक पत्नीमा आफूलाई सीमित राख्न सल्लाह दिइन्छ । बुद्धले वैवाहिक जीवनको लागि कुनै नियमहरू बनाउनु भएको त छैन, तरपनि सुखी दाम्पत्य जीवनको लागि भने आवश्यक सल्लाहहरू दिनुभएको छ । एकमात्र पति व पत्नीमा विश्वास राख्नु र कामान्ध भई अन्य पुरुष वा स्त्रीहरूको पछि नलाग्नु ठूलो बुद्धिमानी हो भन्ने कुरा उहाँका उपदेशहरूमा थुप्रै उल्लेख भएका छन् । मानिसको पतनको मुख्य कारणहरूमध्ये अन्य बहुपुरुष वा स्त्रीहरूको पछि लाग्नु पनि एक हो भन्ने कुरा बुद्ध बताउनु हुन्छ (पराभव सूत्र) । पत्नी र परिवार पाल्न के कस्ता कठिनाई, दुःख, कष्ट झेल्नु पर्छ भन्ने कुरा महसूस हुनु पर्दछ । दुःख र सङ्कटका घडीहरूमा यस्ता कुराको अनुभव हुन्छ । मानव स्वभावको दोषहरूलाई दृष्टिगत गरी बुद्धले पञ्चशीलमध्ये एक शीलमा काम वासनाको मिथ्याचरण वा व्यभिचारबाट टाढा रहने शिक्षा दिनु भएको हो ।

विवाहप्रति बौद्ध दृष्टिकोण बडो उदार छः बुद्धधर्ममा विवाहलाई धार्मिक कर्तव्य सम्भिन्न र यसलाई पूर्णतः व्यक्तिगत र आफूखुसीको विषयमा गनिन्छ । मानिसले विवाह गर्नै पर्छ वा गर्नै हुन्न भन्ने करकापमा कुनै धार्मिक नियमहरू बुद्धधर्ममा



https://dhamma.digital

छैनन् । सकेजति बच्चा जन्माउनु हुन्छ वा पर्छ भन्ने कुरा कतै भनिएको छैन । वैवाहिक सम्बन्धका यावत कुरामा योग्य अनुसार सोच विचार गर्न सबैलाई स्वतन्त्रता दिइएको छ । अब प्रश्न उठ्न सक्छ, विवाह गर्न हुन्छ वा हुँदैन भन्ने कुरामा । कुनै नियमहरू नभए बौद्ध भिक्षुहरूले किन विवाह गर्दैनन् त ? यसको स्पष्ट कारण हो मानव सेवा, जसको लागि भिक्षुहरूले ब्रम्हचर्ययुक्त जीवनयापन गर्दछन् । जो व्यक्ति मानसिक शान्तिको लागि भौतिक मोहबाट पृथक रहन बैवाहिक जीवन त्याग गर्दछ, उसले आफ्नो सम्पूर्ण जीवन अन्य धर्मकामी व्यक्तिहरूको आध्यात्मिक उन्नतिका लागि समर्पण गर्न सक्दछ । बौद्ध भिक्षुहरूले विवाह उत्सवमा भाग लिन्नन् तर दम्पत्तिहरूको मङ्गल कामना कार्यमा भाग लिन्छन् ।

## सम्बन्ध बिच्छेद/पारपाचुके

पारपाचुके वा सम्बन्ध बिच्छेदलाई बुद्धधर्ममा वर्जित गरेको त छैन, तथापि बुद्धका शिक्षाहरूको इमान्दारीका साथ पालना गर्नेहरूलाई त्यस्तो नौवत (अवस्था) यदाकदामात्र आउने गर्दछ । यदि एक अर्कोसँग साँच्चै नै मिलेर बस्न नसकिने हो भने त्यस्तो अवस्थामा छुट्टिएर बस्ने स्वतन्त्रता स्त्री पुरुष दुवैमा हुनुपर्दछ । लामो समयसम्मको नाजुक पारिवारीक जीवन बिताउनु नपरोस् भन्नाका खातिर सम्बन्ध बिच्छेदलाई ग्राह्यता दिइन्छ । पराभव सूत्रमा बुद्ध भन्नुहुन्छ - 'बूढो मानिसले तरुनी स्वास्नी राख्नु हुन्न, किनकि बूढापा र जवानीपन एक आपसमा मेल नखाने हुनाले यसले अनावश्यक समस्या जन्माउँछ, दुःख र अवनति गराउँदछ ।'

एक अर्कामा निर्भर रहने र परिपूरक रहने आपसी सम्बन्धहरूबाट कुनै पनि समाजको अभिवृद्धि हुन्छ । कुनैपनि समूह वा समुदायमा आपसी सम्बन्ध भन्नु नै हृदयदेखि अरूको मद्दत र रक्षा गर्नु हो । यस्तो सम्बन्धको परिपाटीमा विवाहले



https://dhamma.digital

अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आपसी समझ्दारी र इमान्दारीताबाट विवाहलाई सुखद र उन्नत बनाएको हुन्छ । विवाह विधिले संस्कृतिको विकास र दुई अनजान व्यक्तिहरूको सुखद मिलन गराउनुका साथै डर, एकांकीपन र अलगपना मिटाई दिन्छ । विवाहपछि, हरेक दम्पत्ति एक अर्कामा शारीरिक र बौद्धिक उत्साहको आदान प्रदान गरी एक आपसमा परिपूरक बन्छन् । यहाँनिर श्रेष्ठता र नीचताको कुरा ल्याउनु हुन्न, प्रत्येक दम्पत्ति एक अर्काका परिपूरक हुन्, समानताका साझेदार हुन्, शिष्टता, उदारता, स्वच्छता र समर्पणका उद्गम हुन् ।

## जन्म नियन्त्रण, गर्भपतन र आत्महत्या

मानिसलाई आफ्नो सुविधानुसारको परिवार बनाउने स्वतन्त्रता छ तापनि गर्भपतनलाई क्षम्य मान्न सकिंदैन ।

जन्म नियन्त्रणमा बौद्धहरूलाई कुनै प्रतिबन्ध लगाइएको छैन । यसकार्यका लागि उनीहरूले प्राचीन वा आधुनिक तरिकाहरू स्वतन्त्रतापूर्वक अपनाउन सक्छन् । जन्म नियन्त्रण गर्नु ईश्वरको नियम विपरित कार्य हो भन्ने कुरा युक्तिसंगत छैन । जन्म नियन्त्रण गर्नु भनेको कुनै अस्तित्वको प्रादुर्भावलाई रोक्नु हो । यसमा कसैको हिंसा वा अकुशल कर्म हुँदैन । तर यदि गर्भपतनका कुनै उपाय अबलम्बन गरेमा त्यो गलत ठहरिन्छ, किनकि यसले दृष्य वा अदृष्य जीवनको नाश गर्दछ । तसर्थ गर्भपतन कार्य क्षम्य हुँदैन ।

बुद्धको शिक्षा अनुसार, प्राणीहिंसा गरेको ठहरिनको लागि पाँचवटा अवस्था पूरा भएको हुनुपर्छ, ती हुन्:

१. जीवित प्राणी

२. जीवित प्राणी हो भन्ने ज्ञान अथवा सचेतता

३. हिंसाको प्रबल भावना


https://dhamma.digital

४. हिंसाको प्रयत्न र

५. उक्त प्राणीको मृत्यु ।

जब कोही महिलाले गर्भधारण गर्दछ, तब उनको पाठेघरमा प्राणी रहन्छ - पहिलो अवस्था पूरा भयो । केही महिनापछि नै उक्त महिलाले आफू गर्भवती भएको थाहा पाउँछ याने आफूभित्र नयाँ जीवनको अस्तित्व भएको चाल पाउँछ - दोश्रो अवस्था पूरा भयो । कुनै कारणवश उक्त महिलाले गर्भपतनको इच्छा गर्छ र गर्भपतन गराउन सक्ने कुनै व्यक्तिको खोजतलास गर्छ - तेश्रो अवस्था पूरा भयो । जब गर्भपतन गराउँछ - चौथो अवस्था पनि पूरा हुन्छ र अन्ततः उक्त गर्भमा रहेको प्राणीको मृत्यु हुन्छ - सबै अवस्था पूरा हुन्छ । यस प्रकार 'प्राणीहिंसा नगर्ने' पहिलो शीलको उल्लंघन हुन्छ र यो मानिसहत्या सरह मानिन्छ । कसैको ज्यान लिने अधिकार हामीमा छ भन्नुमा कुनै आधार छैन भन्ने कुरा बुद्धधर्मले बताउँछ ।

कुनै कुनै परिवेशमा मानिसले आफ्नो सुविधाको लागि गर्भपतन गराउन बाध्य भएको महसूस गर्छन् । तर गर्भपतन जस्तो खराब कार्यलाई एक वा अन्य कारण देखाएर उचित ठहऱ्याउन सकिंदैन । आफूले गरेको खराब कार्यको फल अवश्यै भोग्नु पर्ने छ । कुनै कुनै देशमा कुनै केही समस्याहरूको समाधानका लागि गर्भपतनलाई कानूनी मान्यता दिइएको छ । मानिसहरूको सुविधा र स्वार्थको लागि धार्मिक सिद्धान्तहरूलाई कहिल्यै पनि लत्याउनु हुँदैन । यिनीहरू सम्पूर्ण मानवको कल्याणका लागि स्थापित भएका हुन् ।

## आत्महत्या

कुनैपनि अवस्थामा गरिएको भएपनि आत्महत्या सदैव नैतिक एवं धार्मिक रूपमा गलत नै हुन्छन् । नैराश्यताबस आत्महत्या



https://dhamma.digital

गर्नाले झन् ठूलो दुःख पाइने हुन्छ। जीवनका समस्याहरूबाट मुक्त हुन आत्महत्या गर्नु कायरतापूर्ण कार्य हो । स्वच्छ र सन्तुलित हृदय भएका मानिसले आत्महत्या गर्न सक्दैन । ब्याकुल र निराश भएर यस संसारलाई छोड्ने व्यक्ति असल स्थानमा जन्मन गाह्रो पर्दछ । लोभ, द्वेष र मोहले भरेको चित्तको कारणले आत्महत्या गरिने हुनाले यो एक अस्वस्थकर अथवा मूर्खतापूर्ण कार्य हो । जसले आत्महत्या गर्छन् त्यसले समस्यासँग सामना गर्न सिकेको छैन । जीवनका वास्तविकताबाट अनभिज्ञ छन् र आफ्नो मनलाई ठीक तरिकासँग उपयोग गर्न जानेको छैन । त्यस्ता व्यक्तिले जीवनको स्वभाव र सांसारीक वास्तविकता, यथार्थताबारे थाहा पाएका हुँदैनन् ।

कोही-कोहीले असल र राम्रो कारणको लागि भनेर आफ्नो जीवन त्याग गर्छन् । त्यस्ता व्यक्तिले आत्म-बलिदान गरेर गोली हानेर अथवा भोकै बसेर आत्महत्या गर्छन् । यस्ता कार्यलाई बहादुरी र साहसी भनेर कसै कसैले बयान गर्छन् । तथापि बौद्ध दृष्टिकोणमा यस्ता कार्यलाई क्षम्य मानिंदैन । आत्महत्यातर्फ उन्मुख मनले अझ बढी दुःखतिर धकेल्छ भन्ने कुरातर्फ बुद्धले स्पष्टसँग इंगित गर्नुभएको छ ।

## विश्वको जनसंख्या किन बढ्दैछ ?

**यो समयमा मात्र विश्वको जनसंख्या वृद्धि भइरहेको छ भन्नुमा कुनै आधार छैन ।**

यदि ईश्वरले श्रृष्टि गरेको आत्मामा बौद्धहरू विश्वास गर्दैनन् भने आजको विश्व जनसंख्या वृद्धिलाई तिनीहरू कसरी हेर्छन् त ? आजभोलि धेरैले सोध्ने प्रश्न हो यो । यो प्रश्न गर्नेहरूले प्राणी अथवा जीवाणुहरूको अस्तित्व एउटा मात्रै संसारमा छ भन्ने


https://dhamma.digital

अनुमान लगाएका हुन्छन् । राम्रो हावापानी भएको स्थानमा, औषधी उपचारको उचित प्रबन्ध भएको स्थानमा, खाना र सुरक्षाको राम्रो बन्दोवस्त भएको स्थानमा मानिसको संख्या वृद्धि हुनु स्वाभाविक कुरो हो भन्ने कुरा बिर्सनु हुन्न ।

त्यस्तै, यो समयमा मात्र विश्व जनसंख्या वृद्धि भइरहेको छ भन्नेमा कुनै ठोस आधार छैन भन्ने कुरा पनि बिर्सनु हुन्न । प्राचीन इतिहासको कुनै पनि समयसँग तुलना गर्नुमा कुनै अर्थ रहन्न । मध्य एशिया, मध्यपूर्व, अफ्रिका र प्राचीन अमेरिकामा विशाल सभ्यताहरू प्रादुर्भाव भए र लोप पनि भए । यी समयमा जनगणनाका तथ्याङ्कहरूको कुनै गन्ध पनि कहीं छैन । जनसंख्या भन्नाले ब्रम्हाण्डका अरू चीज जस्तै वृद्धि र विनाश हुने कुरा हुन् । जन्मदरको भयावह वृद्धिलाई दृष्टिगत गरी पुनर्जन्मबारे जो कसैले पनि तर्क गर्न सक्छन् । केही हजारवर्ष यता कुनै एक ठाउँमा आजकोभन्दा बढी जनसंख्या थिए भन्ने कुरा प्रमाणित गर्न कुनै प्रमाण भेटिएको छैन । विभिन्न ब्रम्हाण्डमा रहेका जीवाणु अथवा प्राणीहरूको संख्या वास्तवमा अनगिन्ति छन् । त्यसमध्ये मानिसमात्रलाई एक कण बालुवाको रूपमा लिने हो भने अरू जीवाणुहरू समुद्र किनाराका बालुवाहरू जति हुन्छन् । अनुकूल परिस्थिति र राम्रो कर्मको फलस्वरूप ती जीवाणुहरू मध्ये केही मात्र मनुष्यको चोलामा जन्मिन्छन् ।

चिकित्सा विज्ञानको उन्नतिको फलस्वरुप १९ औं र २० औं शताब्दीमा मानिसहरू बढी समयसम्म र बढी स्वस्थ भएर बाँच्न सक्षम भएका हुन् । जनसंख्या वृद्धि हुनुमा यो एक कारण हो । सचेत नागरिकहरूले प्रयत्न नगरेमा जनसंख्या अझ वृद्धि हुँदै जानेछ । तसर्थ जनसंख्या वृद्धि हुनुमा चिकित्सा विज्ञान आदि


https://dhamma.digital

जस्ता सुविधाकै देन ठहर्छ । यसको लागि कुनै एक धर्म वा बाह्य कारणलाई जिम्मेदार ठहऱ्याउन सकिन्न ।

विश्वको जनसंख्या कम गर्न ईश्वरले विभिन्न दैवी प्रकोप मच्चाउँछ भन्ने जनधारणा पनि पाइन्छ । यदि यस्तो हो भने, उसले आफ्नो सन्तानलाई दुःख दिनुको साटो उत्पादनमै नियन्त्रण गर्न किन सकेन ? राम्ररी खाने, लगाउने जस्ता आधारभूत आवश्यकता नै पूरा हुन नसकेको घना आवादी भएका मुलुकहरूमै जनसंख्या सृष्टि किन गर्छन् ? ईश्वर नै सृष्टिकर्ता हुन् भन्ने विश्वास राख्नेले यी प्रश्नका सन्तोषजनक जवाफ दिन सक्दैनन् । गरीबी, दुःख, लडाई, भोकमरी, रोगव्याधी, दुर्भिक्ष आदि कुनै ईश्वरको इच्छा वा दुष्टात्माको कारणले हुने होइन, बल्कि थाहा पाउन सकिने विभिन्न कारणहरूले गर्दा त्यसो हुन्छन् ।

## यौन र धर्म

**'हाम्रो अधोभाग अझै पनि पशुतुल्य नै छ ।' - (गान्धी)**

यौनप्रवृत्ति मानव स्वभावको सबभन्दा शक्तिशाली बल हो । यसरी शक्तिशाली र दूरगामी प्रभावशाली भएकोले नै साधारण अवस्थामा पनि आत्मनियन्त्रणको खाँचो पर्ने हुन्छ । आध्यात्मिक उन्नतिको लागि त झन बढी आत्मअनुशासनको जरुरत पर्दछ । यस्तो बलवान शक्तिलाई एकाग्रताको अभ्यास र नियन्त्रित विचारलेमात्र आफ्नो वशमा पार्न सकिन्छ । यौनशक्तिको संरक्षण गर्नाले मात्र यस्तो सम्भव हुन्छ । जसले यौनशक्तिको नियन्त्रण गर्छ, उसले आफ्ना सबै मानसिक शक्तिमाथि नियन्त्रण गर्नसक्ने हुन्छ ।

मुक्तिको लागि आध्यात्मिक उन्नति चाहने व्यक्तिले ब्रम्हचर्य पालन गर्नुपर्छ । तथापि, बुद्धको शिक्षा अभ्यास गर्न प्रत्येक व्यक्ति



https://dhamma.digital

ब्रम्हचारी नै हुनुपर्छ भन्ने अनिवार्यता छैन। आध्यात्मिक उपलब्धिका लागि ब्रम्हचर्य पालनले बढी फाइदा गर्छ भन्नेमात्र बुद्धको सल्लाह हो । साधारण बौद्ध उपासक उपासिकाहरूका लागि व्यभिचार कर्मबाट टाढा रहने शील (शिक्षा) दिइन्छ । यद्यपि, यौनशक्तिको दुरुपयोग यस अन्तर्गत पर्दैनन् र दूषित व्यक्ति शारीरिक वा मानसिक दुवै तर्फबाट दुःखित हुन्छन् ।

बौद्ध उपासक उपासिकाहरूले आफ्नो यौनशक्तिको नियन्त्रणको लागि अभ्यास गर्नुपर्छ । मानसिक यौनइच्छालाई उचित रूपमा नियन्त्रित राख्नुपर्छ, होइन भने कामवासनाले उन्मत्त व्यक्तिले पशुभन्दा नीच व्यवहार गर्छ । 'निम्न पशु' को यौनव्यवहार हेरौं र भनौं कुनचाहीं नीच हुन्छ - मानिस अथवा पशु ? र अनियमित र दूषित कार्य गर्नमा कुनचाहिं पहिला हुन्छ ? यसमा मानिसभन्दा पशु नै जाति पाउँछौं । र यस्तो किन हुन्छ त ? किनकि मानिस जसले आफ्नो मानसिक शक्तिलाई नियन्त्रण गरेर आफ्ना कुण्ठित भावनाहरू माथि विजय पाउन सक्छन्, उसैले त्यसको दुरुपयोग गरेर ती भावनाहरूको दास बन्न पुग्छन् । त्यसकारण, मानिस कहिलेकाहीं पशुभन्दा पनि नीच हुन जान्छन् ।

हाम्रा पुर्खाहरूले यस्ता यौनक्रिडाहरू धेरै खेले; तिनीहरूलाई थाहा थियो कि कुनै प्रेरणा नै नदिए तापनि यो (यौनप्रवृत्ति) अति नै बलवान हुन्छ । तर आज आएर हामीले प्रेरणा र उत्तेजनाका विभिन्न विज्ञापन दिएर, अति नै महत्व र खुला छुट दिएर यस (यौनप्रवृत्ति) लाई बढावा दिन्छौं र यौनेच्छाको रुकावट भयावहमात्र होइन मानसिक असन्तुलनका कारण पनि हुन् भन्ने धारणाले यसलाई सुसज्जित पारेका छौं ।

तथापि यौनेच्छाको नियन्त्रण नै कुनै पनि सभ्यताको प्रथम सिद्धान्त हो । तर आजको हाम्रो सभ्यता हामीले तन र मनलाई



https://dhamma.digital

यौनतृप्तिमा प्रेरित गर्नु नै महानता हो भनेर यौन वातावरणलाई नै प्रदूषित पारिसकेका छौं ।

आधुनिक समाजका यस्ता अदृष्य प्रेरकहरूका यौन स्वार्थान्धताको फलस्वरुप आजका युवाहरूमा यौन सम्बन्धी जुन धारणाहरू देखिन थाले, त्यो समाजको लागि अति नै उत्पातपूर्ण हुन थालेको छ । एक निरपराध (निर्दोष) केटीलाई बिना कुनै बाधा कतै जान स्वतन्त्रता छैन । अर्कोतिर नारीहरूले पनि लोग्ने मानिसहरूभित्र लुकेको पशुत्वलाई उत्तेजित नपार्ने खालको पहिरन लगाउनु पर्दछ ।

मानिसमात्र त्यस्तो प्राणी हो, जसको लागि यौनशक्ति निस्क्रिय हुने कुनै समय हुन्न । तर दुर्भाग्यवश, व्यावसायिक रूपमा मानिसभित्र रहेको कामुकतालाई उत्तेजित पारिनाले आजको आधुनिक मानिस हरबखत चारैतिरबाट अनवरत रूपमा उत्तेजित भइरहेको हुन्छ ।

वर्तमान जीवनका अधिकांश पागलपन यिनै असन्तुलित व्यवहारसँग दाँज्न सकिन्छ । पुरुषहरूबाट एक विवाहको अपेक्षा गरिन्छ, तर स्त्रीलाई आफ्नो पतिको लागिमात्र होइन अरूलाई पनि उत्तेजित पार्ने खालको 'मोहनी' लाउनमा प्रेरित गर्दछ ।

कतिपय समाजले एक विवाह प्रणालीलाई बढावा दिएको छ । ताकि अवगुणले भरिएको मानिसपनि आदर्श व्यक्ति बन्न सकोस्, याने कि ऊ एक पत्नीप्रति बफादार रहेको होस् । तर यहाँनिर खतरा के आउँछ भने विचारवान् र बुद्धिमान भनाउँदा मानिसहरूले यी नियमहरू कृत्रिम हुन् र सर्वसम्मत सिद्धान्तमा आधारित छैनन् भन्ने ठानेपछि अरू नीति नियम जस्तै यो पनि पतन हुन जान्छ ।



https://dhamma.digital

मानिसको सामान्य जीवनमा यौनलाई उचित स्थान दिनु पर्छ; यसलाई न त अस्वस्थकर रूपमा दबाउनु हुन्छ न त खुला रूपमा छुट दिनु हुन्छ। र यसलाई आफ्नो इच्छाशक्तिको अधिनमा उचित र स्वस्थ किसिमबाट राख्नुपर्छ।

यौनलाई वैवाहिक जीवनको सबैभन्दा महत्वपूर्ण अंगको रूपमा लिइनु हुन्न । जो यसमा बढी महत्वाकांक्षी हुन्छ, ऊ यौनाचारको दास बन्छ र उसले विवाहबाट पाउने प्रेम र दयालाई बर्बाद पार्छ । अरूहरूमा जस्तै, यौनेच्छामा पनि एक अर्काको भावना र स्वभावप्रति संयमी र विवेकशील हुनुपर्छ।

विवाह भनेको पुरुष र स्त्रीबीच साझा जीवन व्यतित गर्न गरिने एक सम्झौता हो । दम्पतिले धैर्य, सहनशीलता र समझदारी यी तीन मुख्य गुणहरूको विकास र स्याहार गर्नु पर्छ। दुवै जोडीलाई सँगै बाँच्न प्रेम चाहिन्छ भने पुरुष साथीले सुखी परिवारको लागि आवश्यक भौतिक सामानहरू जुटाउनु पर्छ । असल दाम्पत्य जीवनको लागि 'हाम्रो' भन्ने भावना राख्नुपर्छ, 'तिम्रो' वा 'मेरो' होइन। राम्रो जोडी हुन एक अर्काको मन 'खुला' राख्नुपर्छ र 'गोप्य' भन्ने शब्दबाट टाढा बस्नुपर्छ। 'गोप्य' राख्नाले शंका उत्पन्न हुन्छ र शंकाले दम्पत्तिको 'प्रेम'लाई नष्ट पार्दछ । शंकाले डाह, इर्ष्यालाई जन्माउँछ, डाहले रीस उत्पन्न गर्छ, रीसले घृणा उब्जाउँछ, घृणा शत्रुतामा परिणत हुन्छ र शत्रुताले रक्तपात, आत्महत्या र हत्या जस्ता अकथनीय दुःखलाई निम्त्याउँछ।

## मानिस र धर्म

### यस संसारमा धर्म पत्ता लगाउने र पूजापाठ गर्ने प्राणीहरू मानिस मात्रै हुन्।

मानिसले आफूभित्रको जीवन र आफू बाहिरको संसारबारे जान्ने इच्छा परिपूर्तिका लागि धर्मको विकास गरे। सबभन्दा पहिलेका


https://dhamma.digital

धर्महरू ब्रम्हवादी (Animistic) थिए र यी धर्महरू मानिसका डर र अज्ञान भएका कारण सृजना गरिएका थिए । समय बित्दै गएपछि यी धर्महरू भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक, राजनैतिक र बौद्धिक वातावरण अनुरूप ढालिंदै र बदलिंदै गए ।

यीमध्ये कतिपय धर्महरू संगठीत रूपमा विकास भएको छ र आज पर्यन्त धेरै अनुयायीहरूसहित उन्नत भइरहेको छ । धेरै मानिसहरू पूजा आजा, उत्सव एवं बाहिरी रिवाजका कारण यी संगठीत धर्ममा लागेका छन् भने कोहीले धर्मलाई व्यक्तिगत रूपमा आन्तरिक जीवनमा उतार्न मन दिएर आफ्ना धार्मिक गुरुलाई भित्री हृदयमा सम्मानपूर्वक स्थापित गरी उनको शिक्षालाई दैनिक जीवनमा प्रयोग गर्न रुचाउँछन् । धर्मलाई केवल भक्ति होइन जीवन जिउने मार्ग हो भन्छन् । तिनीहरूको उत्पत्ति र विकासक्रमलाई हेर्दा मानिसका धर्महरू आ-आफ्नो धारणामा, तिनका अनुयायीहरूले बुझेको र गरिने व्याख्यानमा, तिनका लक्ष्य एवं असल खराब कर्मको फल र दण्डबारे धारणामा कतिसम्म फरक हुन सक्छ भन्ने कुरा आश्चर्यलाग्दा नै छन् ।

Dhamma.Digital

धार्मिक क्रियाकलापहरू श्रद्धा, डर, ज्ञान अथवा भलाईमा आधारित भएको पाइन्छ । मानिसको डर हटाउन र आवश्यकता परिपूर्ति गर्न बनेका धेरै धर्महरू भक्तिमा आधारित हुन्छन् । चमत्कार र अलौकिक शक्तिमा आधारित धर्मले अज्ञानताका कारणले उत्पन्न भएको मानिसको डरको फाइदा उठाउँछ र लोभका कारण आवश्यक देखिने भौतिक उपलब्धि गराइदिने वचन दिन्छ । अलौकिक शक्तिको भय हटाउनको लागि बनेको धर्ममा पूजा र पाठ गरी त्यस्तो भय शान्त गर्छन् । श्रद्धामा आधारित



https://dhamma.digital

धर्मले मानवजीवन र परिस्थितिका अनिश्चिततासँग सामना गर्न सकिने विश्वास र दृढता हासिल गर्न सिकाउँछ ।

केही धार्मिक अभ्यासहरू मानिसको ज्ञान, अनुभव र बुद्धिको विकासको फलस्वरुप विकसित भएका पनि छन् । यस्तो धर्ममा मानवीय मूल्य र प्राकृतिक नियम कानूनहरूको संयुक्त सहभागिता हुने गर्दछ । यो धर्म मानवतामा आधारित हुन्छ र मानवीय गुणहरूको विकासमा केन्द्रित हुन्छ । कार्य र कारण अथवा 'कम्म' (कर्म) को सिद्धान्त राखेको धर्म स्वावलम्बनमा आधारित छ र यसले मानिसलाई उसको सुख र दुःखका साथै मुक्तिको जिम्मेवार उसैलाई ठहऱ्याउँछ । जीवनको यथार्थता र सांसारिक स्वभावको विश्लेषणात्मक ज्ञानले जान्नुपर्छ भन्ने भनाई प्रज्ञामा आधारित धर्ममा रहेको छ ।

कल्याण र सुकर्म सबै धर्ममा पाइने साझा तत्व हुन् । शान्तिमा आधारित धर्मले आफ्नो साथै अरू कसैको पनि कुभलो चिताउँदैन र आफ्ना अनुयायीहरूलाई सौम्य, उदार र शान्त जीवन निर्वाह गर्ने शिक्षा दिन्छ । अर्काको सुख र भलाईको लागि त्याग र सेवा गर्नुपर्छ भन्ने भनाइ मैत्रीमा आधारित धर्ममा रहेको पाइन्छ । धर्मगुरुहरूद्वारा गरिने व्याख्या र परिभाषा र दिइएका उपदेशलाई तिनका अनुयायीहरूको बुझ्ने क्षमता अनुसार धर्म फरक-फरक हुन जान्छन् । कुनै धर्ममा धार्मिक नियम र नैतिक आचरणबारे कडा निर्देशन दिइएको हुन्छ भने कुनैमा त्यस्ता नियम र आचरण गर्ने तरिकामात्र बताइएको हुन्छ । प्रत्येक धर्मले विद्यमान मानवीय समस्या र असमानताका कारण बताउने र त्यसको सुधारको कुरा गर्छन् । यही क्रममा कुनै धर्म भन्छन्- मानिसले यी सबै समस्या भोग्नै पर्छ, किनकि ऊ संसारको यात्रामा रहेको छ । यस्तो भनाइप्रति कसैले प्रश्न गर्न सक्छ- 'तर यी सबै केका



https://dhamma.digital

लागि ? जबकि प्रत्येक मानिस भौतिक, बौद्धिक, सामाजिक, आर्थिक र वातावरणीय रूपमा फरक-फरक छन् भने सबैलाई एकैनासको कसरी मान्ने ?'

आध्यात्मिक जीवनको लक्ष्यबारे प्रत्येक धर्मको आआफ्नै दृष्टिकोण रहेको छ। कुनै धर्मले स्वर्ग प्राप्तिलाई आफ्नो अन्तिम लक्ष्य राखेको हुन्छ। कुनैले विश्वव्यापी चेतनाको ऐक्यबद्धता नै जीवनको लक्ष्य ठान्छन्, किनकि प्रत्येक जीवन चेतनाको एक इकाई हो र त्यो जरुर पनि मूल चेतनामा बिलीन हुनुपर्छ भन्ने तिनीहरूको विश्वास रहेको छ। कसैले जीवन र मृत्युबाट छुटकारा अथवा दुःखको अन्तलाई नै आफ्नो अन्तिम लक्ष्य ठानेका छन्। कोहीले अनिश्चित जीवन अवश्यंभावी छ र स्वर्ग प्राप्ति अथवा ब्रम्हलीन भन्ने कुरा पछिमात्र आउँछ भन्छन्। र कोही यस्तापनि छन् जसले जीवनको लक्ष्य अनुभव गर्न वर्तमान जीवन नै यथेष्ट छ भन्छन्।

परिलक्षित लक्ष्य हासिल गर्न प्रत्येक धर्मले आ-आफ्नै तरिकाहरू बताएका हुन्छन्। कुनै धर्मले ईश्वरमा आत्मसमर्पण गर्न अथवा सबै कुराको लागि ईश्वरमा निर्भर रहने निर्देशन दिन्छन्। कसैले खराबी हटाउन तपस्या गर्नुपर्छ भनी कठोर सन्यास लिन लगाउँछन्। कुनै धर्मले शुद्धि र लक्ष्य प्राप्तिको लागि मन्त्र पाठ, पूजाआजाका साथै प्राणी बलिको समेत सिफारिश गर्छन्। अरू यस्तो पनि छ, जसले सत्यलाई बौद्धिक स्तरमा ग्रहण गर्न र ध्यानद्वारा मन एकाग्र गर्न विभिन्न उपाय र युक्तिहरू सिकाउँछ।

खराब कार्यका लागि दण्डको विषयमा प्रत्येक धर्मको फरक-फरक धारणा रहेको छ। केही धर्मका अनुसार जसले अपराध गर्छ, ऊ सधैंका लागि ईश्वरको दण्डभागी हुन्छ। कोही भन्छ- क्रिया र प्रतिक्रियाहरू प्राकृतिक नियम अनुसार भइनै रहन्छन् र कुनै


https://dhamma.digital

कार्यको फल केही समयमात्र भोग गरे पुग्छ। कुनै धर्म भन्छ- असंख्य जीवनहरूमध्ये यो एक जीवन हो र मानिसले उच्चतम मोक्ष प्राप्त नगरुन्जेल आफ्नो अवस्था सुधार्ने मौका पाउँछ।

मानव श्रृजित विभिन्न धर्मबारे यी र यस्ता बिस्तृत विवरण, व्याख्या र लक्ष्य पाइसकेपछि मानिसले आफ्नो धर्मकोमात्र अन्धानुकरण गर्ने होइन बल्कि अरू धर्मप्रति पनि सहनशील भई खुला दिल राख्नु पर्छ।

बुद्ध भन्नुहुन्छ - 'मैले भनेको भनेरै मात्र मेरो शिक्षा ग्रहण नगर्नू, पहिले त्यसलाई सुन जाँचे झैं जाँच।'

धर्मका सिद्धान्तहरू बुझिसकेपछि यो सम्झनु आवश्यक छ कि धर्मको आवश्यकता र अभ्यास सबै प्राणीको हित, सुख र स्वतन्त्रताको लागि हो। याने कि सबै प्राणीको जीवन सुधार गर्न धार्मिक शिक्षालाई सकारात्मक रूपमा उपयोग गर्नुपर्छ। तैपनि आज मानिस पथभ्रष्ट र धार्मिक सिद्धान्तबाट विमुख हुँदैछन्। अनैतिक र दुष्कार्य सार्वजनिक जस्तै भइसके। र आधुनिक जीवनमा धार्मिक भावना भएका मानिसहरूलाई धार्मिक मूल्य र मान्यता जोगाउन कठिन हुँदैछ। दूषित र स्वार्थीमनलाई बुझाउन धर्मको आधारभूत शिक्षाको स्तर खस्कंदो छ। मानिसले आफ्नो स्वार्थ र लोभको वशमा परेर विश्वव्यापी नैतिक नियमलाई दूषित र उल्लंघन गर्न हुन्न, बल्कि धर्मद्वारा निर्देशित ती सिद्धान्तमा आफूलाई पनि ढाल्न सक्नु पर्छ। शान्ति र सुखी जीवनको आदर्शपथ थाहापाएका पवित्र धर्मगुरुहरूले शील आचरणको शिक्षा दिनुभएका छन्। जसले यी शील आचरण भंग गर्छ, उसले प्राकृतिक नियम उपर अपराध गरेको ठहर्छ, बुद्धधर्म अनुसार त्यस्ताले खराब फल भोग्नै पर्ने हुन्छ।


https://dhamma.digital

यसको अर्थ यो पनि होइन कि, धर्ममा उल्लेख भएको छ भन्दैमा समयानुकूल छ कि छैन भन्ने नै नसोचिकन त्यसको अन्धानुशरण गर्नु पर्छ। धार्मिक नियम र शील आचरण मानिसलाई रुढिवादी र अन्धभक्तिमा बाँधी राख्न होइन, अपितु मानिसलाई अर्थपूर्ण जीवन जिउन समर्थवान बनाउनका लागि हो । धर्मको आधारभूत सिद्धान्तलाई अंगाल्ने व्यक्तिले मानवीय प्रज्ञा (ठीक, बेठीक छुट्याउन सक्ने क्षमता) लाई मान्यता दिनुपर्छ र मानवीय प्रतिष्ठाका साथ एक आदरपूर्ण जीवन जिउनु पर्छ । हामीले धार्मिक क्रियाकलापलाई धर्मको मूलशिक्षामा प्रभाव नपर्ने गरी हाम्रो शिक्षा र बदलिंदो समाज सुहाउँदो रूपमा ढाल्नु पर्छ, तर यसो गर्दा केही कट्टरपन्थीहरूको विरोध सधैं भई नै रहन्छ । यस्तो कट्टरपन्थी विचारधारालाई कुनै पोखरीको प्रवाहहीन पानीको उपमा दिन सकिन्छ, जबकि स्वच्छ विचारलाई झरनाको पानीको उपमा दिन सकिन्छ, जहाँ पानी निरन्तर रूपमा स्वच्छ भइरहन्छ र उपभोग्य हुन्छ ।

## धर्मको विकृति

नैतिक उत्थान गर्नमा धर्मको महत्व भए तापनि धर्म एउटा धार्मिक खोल ओढाएर अन्धविश्वास र धार्मिक पाखण्डीलाई विकास गर्ने एक उर्वरभूमि पनि हो । कतिपय मानिसहरू धर्म र धार्मिक व्यवहारको पोशाक लगाएर जीवनको वास्तविकताबाट भाग्ने गर्छन् । तिनीहरूले पूजा प्रार्थना आदि गर्ने गर्छन्, तर तिनीहरूको मन साँच्चिनै धर्मभीरु हुँदैनन् र धर्म वास्तवमा केका लागि हो भन्ने कुरा पनि बुझेका हुँदैनन् । जब धर्म अज्ञानता, स्वार्थपन र शक्तिको लालचबाट अवमूल्यन भएको हुन्छ, तब मानिसहरू त्यसप्रति औंला ठड्याउँछन् र भन्छन् 'धर्म बेकारको छ ।' तर तथाकथित धर्म (कुनैपनि शिक्षाको बाह्य कर्मकाण्ड वा अभ्यास) र धर्मको वास्तविक शिक्षालाई छुट्याउन सक्नुपर्छ । आलोचना


https://dhamma.digital

गर्नुभन्दा पहिले ती धर्ममा प्रतिपादकहरूले दिएका मूलशिक्षा अध्ययन गर्नुपर्छ र हेर्नुपर्छ कि त्यसमा नै कुनै दोष छ वा छैन ।

धर्मले मानिसलाई असल हुन र असल काम गर्न सल्लाह दिन्छ, तर मानिसहरू यस्तो गर्न इच्छुक छैनन् । यसको सट्टा तिनीहरू कुनै धार्मिक मूल्य नै नभएको काम कुरा अंगाल्न नै चाहन्छन् । यदि उनीहरूले आफ्नो मनलाई इर्ष्या, घमण्ड, निर्दयीता र स्वार्थीपनबाट मात्र बचाउन सकेको भए पनि कमसेकम धर्मको अनुशरण गर्ने सही बाटो थाहा पाउन सक्थे । धेरै मानिस आफू धार्मिक भएको अभिनय गर्छन्, तर धर्मको नाममा ठूल्ठूला अत्याचार गर्छन् । धर्मको उच्च आदर्श बिर्सेर उनीहरू धर्मकै नाममा लड्छन्, अशान्त कृयाकलाप र गतिविधिहरूमा भएको वृद्धिले गर्दा धर्मको उन्नति भएको छ भन्ने भान हामीमा हुन सक्छ, तर वास्तविकता ठीक यसको उल्टो छ । किनकि मानसिक विशुद्धि र समभ्कदारीको अभ्यास धेरै नै कम मात्रामा मात्र भइरहेको छ ।

धर्मको अभ्यास भन्नाले अरू केही होइन बल्कि आफ्नो आन्तरिक (भित्री) चेतना, मैत्रीभाव र समभ्कदारीको विकास हो । आफ्नो आध्यात्मिक शक्तिमाथि पूर्णरूपमा निर्भर रहेरमात्र समस्यासँग सामना गरिनु पर्ने हुन्छ। अध्यात्मको नाममा समस्याबाट भाग्नु कायरता हो । आजको अस्तव्यस्त परिस्थितिमा मानिसहरू आफ्नै विनाशको बाटोतिर निरन्तर लाग्दैछन् । बिडम्बना यही छ कि मानिसहरू गौरवशाली सभ्यतातिर उन्मुख हुँदै छौं भन्ने सोच्छन् जबकि त्यो प्राप्त गर्न बांकी नै छ । यस्तो द्विविधाको बीचमा फेरि मानिसको मनमा अरू बढी लोभ र भ्रम सृजना गर्ने खालका काल्पनिक र बनावटी धार्मिक व्याख्यानहरू गरिंदैछन् । धर्मलाई व्यक्तिगत फाइदा र शक्तिको लागि दुरुपयोग गरिंदैछन । युवाहरूमा आफ्नो धर्म प्रचार गर्न केही गैरजिम्मेवार धार्मिक



https://dhamma.digital

समूहहरू स्वतन्त्र यौन जस्ता सस्ता र अनैतिक क्रियाकलापहरूलाई बढावा दिँदैछन् । वासनायुक्त प्रलोभनको मद्दतद्वारा यिनीहरूले केटा र केटीहरूलाई आफ्नो धर्मको अनुयायी बन्न बहकाउन खोज्दैछन् । आज धर्मको वास्तविक अर्थ एवं नैतिक मूल्यलाई न्यून र संकुचित पारेर धर्मलाई धार्मिक बजारमा सस्तो वस्तुको रूपमा पतित गरेको छ । केही धर्मदूतहरू ईश्वरप्रति श्रद्धा र भक्तिमात्र भए पुग्छ, नैतिकता र शील आचरण त्यति महत्वपूर्ण छैन भन्ने दावी गर्छन् र यहीनै मुक्तिको लागि यथेष्ट छ भन्छन् । केही धर्माधिकारीहरूले यूरोपका आफ्ना अनुयायीहरूलाई कसरी धोखा दिइयो र अन्धकारमा राखियो भन्ने कुरा प्रकाशमा आएपछि कार्ल मार्क्सले यस्तो निन्दापूर्ण अभिव्यक्ति प्रकट गरेको छ - 'धर्म भनेको शोषित प्राणीहरूको 'ऐय्या !' (गहिरो सास) हो, हृदय विहीनहरूको संसारको अनुभूति हो, आत्महीन अवस्थाको आत्मा हो । यो मानिसहरूको लागि अफिम हो ।'

मानिस आफ्नो विवेक बुद्धिलाई बन्धक राखेर अरूको लागि बाधा बन्ने भई जिउने कट्टर शिक्षाको लागि अथवा अर्को जन्मको मिठो सपना देखाउनको लागि मानिसलाई धर्म चाहिएको होइन । धर्म भनेको मानिसलाई सुसभ्य, समझ्दार व्यक्तिका रूपमा अरूका लागि समेत अनुकरणीय उदाहरण भई 'यहाँ' र 'अहिले' (वर्तमानमा) जीवन जिउने युक्तिसंगत र भरपर्दो तरिका हुनुपर्दछ । कतिपय धर्मले मानिसलाई आफूबाट भन्दा परको दैवीय प्राणीतर्फ ध्यान दिन लगाउँछ भने बुद्धधर्मले मानिसलाई आफैभित्र लुकेर बसेको शान्तिको खोज गर्नेतर्फ निर्देशित गर्छ । 'धर्म' (माने-धारण गरेको) भनेको बाहिर खोज्ने वस्तु होइन, किनकि वास्तवमा मानिस नै 'धर्म' हो र 'धर्म' नै मानिस हो । तसर्थ, सच्चा धर्म, याने कि 'धम्म' हामीभन्दा बाहिरबाट पाइने होइन बल्कि आफूभित्र ज्ञान, मैत्री र परिशुद्धताको विकास र प्राप्ति नै 'धर्म' हो ।



https://dhamma.digital

# मृत्यु अगाडि धर्म परिवर्तन

**मनका दुर्भावना नहटाइकनै कसैले आफ्नो अपराधहरू पखाली दिन्छ भनी विश्वास गर्नु बुद्धशिक्षा अनुरूप होइन ।**

आफ्नो जीवनको अन्तिम अवस्थामा आएर धर्म परिवर्तन गर्ने मानिसहरू यदाकदा देखिन्छन् । 'आफ्ना अपराधहरू पखाली दिन्छ' र स्वर्गको सुगम पथ (मार्ग) पाइन्छ भन्ने भ्रममा परी तिनीहरूले अरू धर्म ग्रहण गर्ने गर्छन् । त्यस्तै राम्रो र साधारण अन्त्येष्टि पाउँछ भन्ने आशा राख्दछन् । कुनै एक धर्ममा आफ्नो सारा जीवन बिताइसकेको मान्छेले बिल्कुलै नयाँ र अपरिचित धर्म अपनाएर त्यसबाट शक्ति पाउँछ भनी निश्चिन्त हुनु वास्तवमा अति क्लिष्ट चाहना हो । यो सपना मात्रै हुन्छ । कसै कसैलाई अचेतावस्थामै र अझ मृत्युपछि समेत अर्को धर्ममा दिक्षित गराइन्छन् । जसले यस्तो गराउँछ, उसले आफ्नो धर्ममामात्र स्वर्ग प्राप्तिको सजिलो र छोटो उपाय छ भनी अशिक्षित व्यक्तिहरूलाई झुक्याएका हुन्छन् । आफ्नो जीवनमा गरेका पापहरू पखाली दिने 'कोही' माथि छ भनी यदि कसैले मानिसहरूलाई विश्वास दिलायो भने त्यस विश्वासले तिनीहरूलाई खराब काम गर्नमा मात्र प्रेरित गराउँछ ।

पाप पखाल्ने कोही छैन भनी बुद्धशिक्षाले सिकाउँछ । जब मानिसले आफूले अपराध गरेको वा विराम गरेको महसूस गर्दछ, तब उसले आफूलाई सुधार्ने र आफ्ना नराम्रा कार्यबाट आउने परिणामबाट बच्न असल कार्यहरू गर्दछ ।

'मृत्युपछि जीवन दिन्छौं' भन्ने प्रतिज्ञा गर्दै विरामीहरूको वरपर चक्कर लगाउने केही धर्मका दाताहरू अस्पतालहरूमा छ्याप्छ्याप्ति देखिन्छन् । यो विरामीहरूको अज्ञानता र मानसिक डरबाट लाभ उठाएको मात्र हो । यदि तिनीहरूले साँच्चै मद्दत



https://dhamma.digital

गर्न खोजेको हो भने, तिनीहरूका किताबमा उल्लेख भएजस्तै चमत्कार गरेर देखाउन सक्नु पर्दथ्यो । यदि तिनीहरूले चमत्कार गर्न सक्ने नै हो भने, हामीलाई अस्पताल किन चाहियो र ? यस्ता व्यक्तिहरूको जालमा बौद्धहरू कहिल्यै पर्नु हुन्न । सारा दुःखका कारण मानिसको आफ्नै कर्म वा भाग्य हुन् भन्ने आफ्नो धर्मको शिक्षालाई बिर्सनु हुन्न । दुःखबाट मुक्ति पाउने एकमात्र उपाय मानसिक शुद्धि हो । मानिस आफैले आफ्नो दुःख सृजना गर्दछ । त्यसैले ऊ आफैले त्यसको अन्त्य गर्नु पर्दछ । मृत्युको द्वारमा पुगेपछि धर्म परिवर्तन गर्दैमा दुष्कर्मको दुष्परिणाम हटाउन सकिन्छ भनी आशा गर्नु निरर्थक छ ।

मरणान्त व्यक्तिको भविष्य उसको अन्तिम चित्तमा निर्भर गर्दछ । आफ्नो जीवनकालमा गरेका सुकर्म र दुष्कर्मको परिणाम अनुसार त्यो अन्तिम चित्त उत्पन्न हुन्छ । अन्तिम क्षणमा ग्रहण गरेको धर्मको आधारमा त्यो चित्त उत्पन्न हुने होइन ।

## स्वर्ग जाने छोटो बाटो

**कुनै विशेष धर्म मान्नेहरूका लागिमात्र स्वर्गको द्वार खुल्ला रहने होइन, अपितु सम्यक् र आदर्श जीवन जिउने प्रत्येक व्यक्तिको लागि खुल्ला रहन्छ ।**

बौद्धहरूले इच्छा गरेमा स्वर्ग जान कुनै गाह्रो छैन । तर कोही-कोही धर्मावलम्बीहरू आफ्नो धर्म ग्रहण गरेमा स्वर्ग जान पाइन्छ भनी घर-घरमा गई प्रचार गरिरहेका छन् । तिनीहरूले आफूलाई "स्वर्ग पठाउने आधिकारिक व्यक्ति हुँ" भनी दाबी गर्छन् । तिनीहरू आफ्नो धर्मलाई आजको पिडादायक विश्वमा राहत दिने आधिकारिक औषधी भनी प्रस्तुत गर्दछन् । आफ्नो धर्मबारे अनभिज्ञ


https://dhamma.digital

कतिपय अन्जान व्यक्तिहरू यस्ता स्वर्गका व्यापारीहरूको चंगुलमा फँसेका छन् ।

बुद्धको शिक्षा थाहा पाउने कोही पनि व्यक्ति यस्ता मानिसहरूबाट दिग्भ्रमित हुँदैनन् । ती स्वर्गका व्यापारीहरूले 'ईश्वरबाट सृजित यो विश्व चाँडै नै विनाश हुने छ' भन्ने भ्रम पनि फैलाइरहेका छन् र भन्छन्- 'जसले विश्व विनाशपछि स्थायी स्वर्गमा बस्ने इच्छा गर्दछ, उसले उनीहरूको धर्म ग्रहण गरी हाल, होइन भने यो सुवर्ण मौका गुमेपछि नर्कमा दुःख पाउने छौ ।'

विश्व विनाशको यो चेतावनीको लहर चलेको सयौं वर्ष भैसक्यो । आश्चर्यको कुरो यो हो कि त्यस्ता मनगढन्त र कपोलकल्पित चेतावनीप्रति विश्वास गर्ने मानिसहरू अझै पनि छन् । कोही कोही त यस्तो कुरा सुनेर आँखा चिम्लेर धर्म परिवर्तन गर्दछन् ।

दण्ड दिने वा पुरस्कार दिने कोही व्यक्ति विशेष हुँदैन, यो त आचरणको कार्य कारण सिद्धान्त र प्राकृतिक न्याय अनुसारमात्र हुने कुरा हो ।

## दुष्ट मानिस सुखी र असल मानिस दुःखी किन हुन्छन ?

कोही सोध्छन्, "यदि असल गरे असल परिणाम र खराब गरे खराब परिणाम आउने हो भने किन दुष्ट मानिसहरू सुखी हुन्छन् र असल मानिसहरू दुःखी हुन्छन् ?" बौद्ध दृष्टिकोणबाट यस प्रश्नको जवाफ यसरी दिन सकिन्छ - कसैले आफ्नो पूर्वजन्महरूमा पुण्यकार्य गरेर आएका थिएनन् अथवा केही पाप कर्म गरेर आएका थिए भने यस जन्ममा ऊ असल व्यक्ति भए पनि पुरानो कर्मफल अनुसार दुःखी हुन सक्दछन् । त्यस्तै कसैले आफ्नो पूर्वजन्महरूमा


https://dhamma.digital

ठूलै पुण्यकर्म गरेर आएका थिए भने यस जन्ममा ऊ दुष्ट नै भएपनि केही हदसम्म सुखी भएको देख्छौं ।

'उदाहरणको लागि, कोही मानिस स्वभावैले हृष्टपुष्ट र बलिया हुन्छन् र निरोगी हुन्छन् । तिनीहरूको रोग प्रतिरोधक क्षमता बलियो हुनेहुनाले रोगी हुन पाउँदैनन् । यद्यपि तिनीहरू आफ्नो स्वास्थ्यबारे विशेष चनाखो नरहे पनि बलिया र स्वस्थ रहन्छन् । तर अर्कोतिर विभिन्न भिटामिन र बलबर्द्धक औषधि खानेहरू पनि बलिया र स्वस्थ हुनुको साटो दुर्बल र अस्वस्थ नै रहन्छन् ।

यस जीवनमा असल वा खराब जेसुकै काम गरेपनि त्यसको फल यही जीवनमा अथवा अर्को जीवनमा नभोगी सुखै छैन । प्रार्थनामात्र गर्नाले त्यो फलबाट बच्न असम्भव नै छ, तर सम्यक् जीवन र स्वच्छ मन रहेमा त्यसबाट उम्कन सकिन्छ ।

स्वर्गमा स्थान प्राप्तिको लागि होइन बल्कि आफ्ना स्वार्थीपन हटाउन र सुख शान्तिको अनुभव गराउनको लागि बौद्धहरूलाई राम्रो काम गर्नमा प्रेरित गराउँछ ।

Dhamma.Digital

## युद्ध र शान्ति

### किन शान्ति छैन ?

**मानिसले आफूसँग हृदय छ भन्ने कुरा बिर्सिसके । आफूले राम्रो व्यवहार गरेमा आफूले पनि राम्रो व्यवहार पाइन्छ भन्ने कुरा पनि बिर्सन्छ ।**

हामी वास्तवमा आश्चर्यपूर्ण विषमताले भरिएको विश्वमा बाँचिरहेका छौं । एकातिर मानिस युद्धदेखि त्रस्त छन्, अर्कोतिर



https://dhamma.digital

युद्धकालागि उन्मत्त हुन्छन् । तिनीहरू मनग्गे उत्पादन गर्छन्, तर बाँड्नमा कन्जुस्याईं गर्छन् । विश्वमा आवादी बढ्दैछ, तर मानिस झन् झन् एक्लिंदै र अलग्गिंदै छ । मानिसहरू ठूलो परिवारमा जस्तै सँगसँगै बस्छन्, तर प्रत्येक व्यक्ति आफ्नो छरछिमेकबाट पहिलेभन्दा टाढिंदै गएको अनुभव गर्दछन् । आपसी समझ्दारी र निष्कपटता नराम्ररी खस्किसकेको छ, असलै भएपनि एकले अर्कालाई विश्वास गर्न सकिरहेका छैनन् ।

दोस्रो विश्वयुद्धको विभिषिका पछि जब संयुक्त राष्ट्र संघ गठन भयो, त्यसको बडापत्रमा हस्ताक्षर गर्न भेला भएका राष्ट्र प्रमुखहरूले प्रस्तावनाको शुरुमा यस्तो लेखेः- युद्धको शुरुवात मानिसको मनमा हुने भएकोले शान्तिको किल्ला पनि मानिसको मनमा नै बनाउनु पर्छ ।' यही भावना धम्मपदको पहिलो गाथामै प्रतिध्वनित भएको छ, जसमा भनिएको छ- 'मन नै सबभन्दा अग्रज छ, मन नै श्रेष्ठ छ, सबै कुरा मनोमय छन् । जसले खराब मनले केही भन्छ वा गर्छ, उसलाई दुःखले यसरी पिछा गर्छ, जसरी बयल गाडालाई पांग्राले पिछा गर्छ ।'

कुनै शक्तिसित लड्न त्योभन्दा बढी शक्तिशाली हुनु पर्छ भन्ने धारणाले गर्दा नै ठूला शक्तिहरूबीच शस्त्रास्त्रको होडबाजी चलेको हो र यस होडबाजीले गर्दा मानिसलाई आफ्नै विनाशको संघारमा ल्याइपुऱ्याएको छ । यदि यस विषयमा हामीले केही गरेनौं भने, अर्को युद्ध विश्व विनाशको युद्ध हुनेछ र त्यसबेला न कुनै विजयी हुने छन् न कुनै पराजयी हुने छन्, मात्र मृत शरीरहरू हुनेछन् ।

'द्वेष भावलाई द्वेषले होइन प्रेमलेमात्र हटाउन सकिन्छ ।' मानिसलाई विद्रोह र युद्धमा उक्साउने र शत्रुता र दुष्ट विचार फैलाउनेहरूका लागि यो बुद्धको शिक्षा हो । दुष्टलाई भलो गर्नुपर्छ



https://dhamma.digital

भन्ने बुद्धको शिक्षालाई अधिकांश मानिसहरू अव्यावहारिक ठान्छन् । वास्तवमा, कुनैपनि समस्या समाधानको लागि यही मात्र सही तरिका हो । यो तरिका बुद्धले आफ्नै अनुभवबाट बताउनु भएको हो । हामी घमण्डी र अहंकारी भएको कारणले दुष्टलाई भलो गर्न इच्छुक हुँदैनौ, किनकि अरूले हामीलाई डरछेरुवा, काँतर भन्ला भन्ने डर रहेको हुन्छ । कोही सोच्छन् कि दयालुपन र नरमीपन स्त्री स्वभाव हुन् । तर हाम्रो डरलाग्दो घमण्डलाई त्यागी, सुसभ्य तरिका अपनाएर समस्या समाधान गरी सुख शान्ति प्राप्त गर्नुमा के हानि छ त ?

यदि शान्ति चाहिन्छ भने सहनशीलताको अभ्यास नगरी हुँदैन । शक्ति र दवाबले अधैर्यमात्र बढाउँछ । मानिसहरू बीच शान्ति र सुख स्थापना गर्दा हरएक व्यक्तिले दुष्कर्मको मूल कारण लोभ, द्वेष र मोहलाई निमिट्यान्न पार्ने अभ्यास गर्नुपर्छ । यदि हामीले यी अकुशल शक्तिहरूलाई निर्मूल गर्न सकेमा विश्वमा सहजै शान्ति र सहनशीलता छाउने छ ।

आज महाकरुणावान बुद्धका अनुयायीहरूको विशेष कर्तव्य र विश्वास, शान्ति स्थापना गर्नमा योगदान पुऱ्याउनु रहेको छ, र 'सबै प्राणी दण्डदेखि भयभीत हुन्छन्, मृत्युदेखि डराउँछन्, आफै उपमा बनेर कसैको हत्या नगर, नगराऊ' भन्ने बुद्धको उपदेशलाई व्यवहारमा उतारी समाजमा उदाहरण बन्नु परेको छ ।

शान्ति सधैं प्राप्त गर्न सकिन्छ । तर शान्ति प्राप्तिको लागि प्रार्थना र कर्मकाण्डमात्र पर्याप्त हुन्न । सबै प्राणीहरूसित र प्रकृतिसँगको एकात्मताबाट नै शान्ति ल्याउन सकिन्छ । बलपूर्वक ल्याएको वा पाएको शान्ति क्षणिक हुन्छ । यो स्वार्थी इच्छा र सांसारिक अवस्थाको वैमनस्यता बीचको मध्यान्तरमात्र हो ।



https://dhamma.digital

सहनशीलताको अभ्यास बिना यस धरतीमा शान्ति छाउन सक्दैन । सहनशील हुनको लागि हामीले हाम्रो मनमा क्रोध र इर्ष्यालाई आउन दिनुहुन्न । बुद्ध भन्नु हुन्छ- 'हामीलाई आफ्नै मन भित्रको लोभ, घृणा र इर्ष्याले जति हानि पुऱ्याउँछ, त्यति हानि कुनै पनि अरू बाह्य शत्रुले पुऱ्याउन सक्दैन ।' (धम्मपद ४२)

आत्मसंयमी जीवन जिउन सिकाउने हुनाले बुद्धधर्मलाई सहनशीलताको धर्म भनिन्छ। बुद्धधर्मले नियममा होइन सिद्धान्तमा आधारित जीवन जिउन सिकाउँछ। अन्य धर्मावलम्बीलाई बुद्धधर्मले कहिल्यै कुनै भेदभाव एवं दुर्व्यवहार गरेको छैन । यस धर्मको आदर्श सिद्धान्त सिक्न बौद्ध नै हुनुपर्छ भनी समेत कहिल्यै भनेको छैन ।

संसार ऐना जस्तै हो, यदि ऐनामा आफू मुस्कुराएर हेऱ्यो भने आफ्नो मुस्काएको अनुहार नै देखिन्छ । त्यस्तै मुख बिगारी हेऱ्यो भने नराम्रो अनुहार नै देखिन्छ । यसै अनुरूप यदि आफूले राम्रो व्यवहार गरेमा आफूले पनि राम्रै व्यवहार पाइन्छ । त्यसैले आफू शान्त हुन सिक्यौं भने आफूले पनि शान्ति नै पाइन्छ ।

मानिस आफ्नो कमजोरी अरूलाई देखाउन रुचाउन्न । आफूलाई निर्दोष सावित गराउन कपोलकल्पित कुरा अगाडि राख्छन् । यदि मानिस साँच्चिकै स्वतन्त्र र निर्दोष हुन रुचाउँछ भने उसले आफ्नो कमजोरी छर्लङ्ग पार्ने साहस गर्नुपर्छ। बुद्ध भन्नु हुन्छ - "अरूको दोष सजिलै देखिन्छ, आफ्नो दोष देख्न गाह्रो हुन्छ ।"

## लडाईंको समर्थन गर्न सक्छौं ?

### कुकुर भिडन्त र मानिसको लडाईंमा स्वरूप मात्र फरक छन् ।

मानव इतिहास भनेको नै मानिसको लोभ, द्वेष, अभिमान, इर्ष्या र मोहको विविध रूप मात्रै हो । विगतका ३००० वर्षभित्र



https://dhamma.digital

मानिसले ठूल्ठूला १५००० लडाईं लडिसके । के यो मानिसको विशिष्ट गुण हो ? उसको लक्ष्य के हो ? मानिसले एक अर्काको विनाश गर्न कसरी सके ?

यद्यपि मानिसले धेरै महत्वपूर्ण कुराहरू पत्ता लगाए र आविष्कार गरे, साथै आफ्नै विनाशका उपायहरूको पनि उन्नति गरे । यही कारण हो कि कतिपय मानव सभ्यता यस संसारबाट विलिन भइसके । आधुनिक मानिस आफ्नो युद्धको कला र उपायमा यति सुसज्जित भइसके मानिसलाई केही सकेण्डमै खरानी पार्न सक्ने क्षमता उसमा भइसक्यो । 'सैनिक होडबाजी' नामको सानो खेलको परिणाम स्वरुप विश्व नै सैनिक सामग्रीको भण्डार भइसक्यो ।

भनिन्छ, अगष्ट १९४५ मा जापानको हिरोशिमामा खसालिएको अणुबमभन्दा अहिलेको आणविक शस्त्र अत्यन्त शक्तिशाली छन् । विश्वविनाशको लागि त्यस्ता शस्त्र केही सयमात्रै पनि पर्याप्त हुन्छ भन्ने वैज्ञानिकहरूको धारणा छ । हेर्नुस्, हामी हाम्रो जातिको लागि के गर्दैछौं । भन्नुस् यो कस्तो किसिमको वैज्ञानिक उन्नति हो ! सोच्नुस्, मानिस कतिसम्म मूर्ख र स्वार्थी हुन सक्दो रहेछ !

मानिसले आफ्नो आक्रामक स्वभावलाई बढावा दिनु हुन्न । उसले आफ्ना धार्मिक गुरुहरूले दिनुभएका धार्मिक तथा नैतिक शिक्षालाई अंगिकार गरेर, नैतिकवान भएर शान्ति फैलाउनमा सहयोग दिनुपर्छ ।

संसारमा शान्ति कायम गर्न र शान्तिको सम्बर्द्धन गर्ने उपाय पत्ता लगाएका हौं भनी भाषण गर्ने कतिपय नेता भनाउँदाहरूले विभिन्न शान्ति सन्धिहरू तय गरिसकेका छन् । तर तिनीहरूको हरेक प्रयास बावजूद पनि मानिसहरूमाथिको भय हटाउन सफल



https://dhamma.digital

हुनसकेका छैनन् । यसको कारण हामीले हाम्रा नयाँ पिंढीलाई स्वार्थीपनको खराबी र निस्वार्थ सेवाको आवश्यकताबारे यथार्थ रूपमा सम्झाउन नसक्नु हो । सच्चा शान्ति स्थापना गर्न, हामीले नयाँ पिंढीलाई अरूप्रति प्रेम, सद्भाव र सहनशीलताको शिक्षामा राम्ररी शिक्षित तुल्याउनु पर्दछ ।

## लडाईंप्रति बौद्ध दृष्टिकोण

आफ्नो धर्मको रक्षा गर्न समेत वा अरू कुनै पनि कुराका लागि बौद्धहरू आक्रामक हुनुहुँदैन । कुनैपनि प्रकारको आतंक हुन नदिन आफूले सकुन्जेल कोशिस गर्नु पर्दछ । बुद्धको भाइचाराको शिक्षा नमान्ने कोही कोहीले उसलाई लडाईंमा जान बाध्य तुल्याउन सक्छ । आफ्ना स्व-जनहरूको प्रतिरक्षार्थ (सेनामा) सम्मिलित हुन उसलाई आदेश आउन सक्छ र गृहस्थी जीवनमा रहेसम्म शान्ति र स्वतन्त्रताको संग्राममा सम्मिलित हुन ऊ बाँधिएको हुन्छ । यस परिप्रेक्षमा उसलाई सेनामा सम्मिलित भएकोमा वा प्रत्याक्रमण गरेकोमा दोषदिने ठाउँ हुन्न । किन्तु, सबैले बुद्धको शिक्षा अनुशरण गरेमा संसारमा लडाईं गर्नु पर्ने कुनै कारण नै हुने छैन । लडाईंको घोषणा गरी मानिस मार्नुको साटो शान्ति कायम गर्न सकिने हरेक सम्भावनाको अवलम्बन गर्नु हरेक सभ्य मानिसको कर्तव्य हो । बुद्धले आफ्ना अनुयायीहरूलाई कुनै पनि खराब शक्तिको अगाडि (चाहे त्यो कुनै मानिस होस् वा अलौकिक शक्ति नै होस्) आत्मसमर्पण नगर्न सिकाउनु भएको छ ।

वास्तवमा बुद्धि र वैज्ञानिक हिसाबले मानिसले प्रकृतिमाथि विजय प्राप्त गर्न सक्थ्यो, तर पनि उसले स्वयं आफ्नो जीवन सुरक्षित पार्नसम्म पनि सकेको छैन । किन हाम्रो जीवन सुरक्षित पार्नसम्म पनि सकेको छैन ? किन हाम्रो जीवन सुरक्षित नभएको त ? तर्क र बुद्धिमामात्र डुब्नाले र विज्ञानद्वारा आफू नियन्त्रित हुन


https://dhamma.digital

पुग्नाले मानिसले आफूभित्र 'हृदय' पनि छ भन्ने कुरा बिर्सिसके र त्यसलाई बेवास्ता गरेर भावनाको बहावमा बग्न दिएर प्रदूषित हुन दिए ।

जब हामी आफ्नै जीवनको सुरक्षा गर्न सक्दैनौं, तब विश्वशान्ति कसरी सम्भव हुन्छ ? शान्ति प्राप्त गर्न हामीले आफ्नो मनलाई वास्तविकतासँग सामना गर्न सिकाउनु पर्छ । हामी नम्र र यथार्थवादी हुनुपर्छ । कुनै एक व्यक्ति वा कुनै एक राष्ट्रमात्रै गलत हुन्न भन्ने कुरा महसूस गर्नुपर्छ । बराबरी मै नभए पनि अपक्षपातपूर्वक पृथ्वीको सम्पदा बाँडेर हामी शान्ति पाउन सक्छौं । पृथ्वीका पाँच प्रतिशत जनताले यसको पचास प्रतिशत सम्पदा उपभोग गर्नु अथवा पच्चीस प्रतिशत जनताले राम्ररी खान पाउनु र पचहत्तर प्रतिशतले भोकै बस्नु पर्ने कुरा एकदमै नमिल्ने कुरा हो । शान्ति तबमात्र आउँछ जब राष्ट्रहरू एक आपसमा न्यायपूर्वक बाँडचुँड गरी अन्तर्राष्ट्रिय सद्भावना बढाउँछन् तथा धनीले गरीबलाई र बलियाले निर्धालाई मद्दत गर्छन् ।

शस्त्रास्त्रको होडबाजीको बहुलट्ठीपन रोक्नै पर्छ ! जंगीजहाजहरूको सट्टा स्कूल, आणविक अस्त्रको सट्टा अस्पतालहरू बनाउने कार्यको थालनी गर्नु पर्छ । विभिन्न राष्ट्रले शस्त्रास्त्रको निर्माणमा नष्ट गरिने धन र जनलाई मानवीय जीवनस्तर उकास्ने विकासकार्य तर्फ मोड्नुपर्छ ।

प्रत्येक मानिस र राष्ट्रले स्वार्थीपन नत्यागेसम्म, जातीय अभिमान नछाडेसम्म, शक्ति र अधिकारको लागि अहंकारी प्रवृत्ति नत्यागेसम्म शान्ति स्थापना सम्भव छैन । धन सम्पत्तिलेमात्र सुखी होइन्न । धर्मको माध्यमद्वारा मात्रै मानिसको हृदय परिवर्तन गर्न तथा मनभित्र निशस्त्रीकरण, जुनमात्र साँच्चैको निशस्त्रीकरण हो, गर्न सकिन्छ ।


https://dhamma.digital

सबै धर्मले अहिंसाको शिक्षा दिन्छन्; तर दुर्भाग्यवश यस महत्वपूर्ण शिक्षालाई जानाजानी बिर्सिदिन्छन् । आज, आधुनिक शस्त्रद्वारा एक सेकेण्डमै लाखौंको ज्यान लिनसक्छ, जुनकि प्राचीन जातिहरूले एक शताब्दीमामात्र गर्न सक्थे ।

कुनै राष्ट्रका केही मानिसहरूले आफ्नो युद्धभूमिमा धार्मिक पहिचान, धार्मिक वाणीहरू र धार्मिक झण्डा बोकेर आउनु झन दुर्भाग्यको कुरा हो । तिनीहरूले धर्मको महत्तालाई अवनति गरेको कुरा चाल पाउँदैनन् ।

बुद्ध भन्नुहुन्छ- 'भिक्षुहरू ! काम तृष्णाको कारण राजा - राजा बीच, राजकुमार - राजकुमार बीच, पुरोहित-पुरोहित बीच, नागरिक - नागरिक बीच आमा - छोरी बीच, बाबु - छोरा बीच, भाइ - भाइ बीच, भाइ - बहिनी बीच, दिदी - भाइ बीच, साथी - साथी बीच झगडा भइरहन्छन् ।' (मज्झिम निकाय)

हामी गर्वसाथ भन्न सक्छौं विगत २५०० वर्षमा बौद्धहरूले धर्मको नाममा युद्ध हुने कुनै कारण वा समस्या खडा गरेका छैनन् । यसो हुनुको मुख्य कारण बुद्धको शिक्षामा निहीत सहनशीलताको सशक्त पाठ नै हो ।

## कोही बौद्ध सेनामा सम्मिलित हुन सक्छ ?

### तपाईं आक्रमणकारी होइन, सच्चाईको सेना बन्न सक्नु हुन्छ ।

एकदिन सिंह नामक एक सेनापति बुद्धकहाँ गए र भने 'भो भगवान, म एक सिपाहीं हुँ । कानून रक्षा र युद्धको लागि मलाई राजाले नियुक्ति गरेको हो । तपाईंले सारा दुःखी प्राणीको लागि अनन्त प्रेम, करुणा र मैत्रीको पाठ सिकाउनु भएको छ । के तपाईंले



https://dhamma.digital

अपराधीलाई दण्ड दिने कुरामा स्वीकृति दिनु हुन्छ ? आफ्नो घर, आफ्नो जहान, बालबच्चा र धन सम्पत्तिको रक्षाको लागि गरिने युद्धलाई तपाईं गलत भन्नुहुन्छ ? के तपाईंले पूर्ण आत्मसमर्पणको शिक्षा दिनु भएको छ ? के दुष्ट व्यक्तिको खुसीको लागि मैले दुःख पाउँ ? के मेरो सम्पत्ति लुट्न आउनेलाई म नम्रताको व्यवहार गरुँ ? सच्चाईको लागि गरिने युद्धलगायत सबै प्रकारमा झगडालाई माफ गर्नु पर्छ भन्ने तपाईंको धारणा हो ?'

बुद्धले जवाफमा भन्नुभयो - 'जो दण्ड योग्य छ, ऊ दण्डित हुनै पर्छ । र जो पुरस्कार योग्य छ, ऊ पुरस्कृत हुनै पर्छ । कसैको पनि हानि नगर्नु तर न्याय, प्रेम र दया भाव राख्नु । यी निर्देशनहरू विरोधाभास छैनन्, किनकि अपराधीले न्यायाधीशको खराब नियतको कारणले होइन आफ्नै अपराधको कारणलेमात्र दुःख भोग्नु परेको हो । न्यायका उत्तराधिकारीले उसको (अपराधीको) आफ्नै कर्म अनुसारको दण्ड दिएको मात्र हो । जब कोही प्रशासकले दण्ड दिन्छ त आफ्नो मनमा द्वेषभाव राख्नु हुँदैन । जब एक ज्यानमारालाई मृत्युदण्ड दिन्छ त उसले आफ्नै कार्यको फलस्वरूप दण्ड भोगेको हो भन्ने कुरा महसूस गर्नुपर्छ । यस्तो महसूसबाट उसले आफ्नो भाग्यमाथि विलाप गर्न छोडी आफ्नो मनलाई ढाडस दिन समर्थ हुन्छ । 'भाइ-भाइ बीच हुने हत्या, युद्ध निन्दनीय छ भन्ने कुरा बुद्धले सिकाउनु हुन्छ । तर झगडा वा कलह शान्त गर्ने उपाय जति सबै प्रयोग गरिसकेपछि पनि शान्त नभएको स्थितिमा शान्ति र सुव्यवस्थाको लागि गरिने युद्ध निन्दनीय छ भन्नु हुन्न ।'

सबै प्रकारको जीवन संघर्षयुक्त भएको हुनाले संघर्षशील भइरहनै पर्छ । तर सत्य र न्यायको विरुद्ध, स्वार्थको लागि गरिने संघर्षबाट आफू मुक्त हुनुपर्छ । जसले धनी हुन वा नाम कमाउन वा ठूलो कहलाउनको लागि संघर्ष गर्छ उसले केही पाउन्न । तर



https://dhamma.digital

जसले शान्ति र सत्यको लागि संघर्ष गर्छ, उसले ठूलो पुरस्कार पाउँछ ।

'राम्रै कारणले युद्धमा गएको भए पनि, सिंह (सेनापति) उसले शत्रुबाट मर्न तयार रहनु पर्छ, किनकि मृत्यु नै योद्धाको भाग्य हुन्छ। उसले भाग्यप्रति कुनै गुनासो (सिकायत) गर्न मिल्दैन। यदि ऊ विजयी भयो भने महान कहलाइने छ, तर जतिसुकै महान भए तापनि आखिर पछि गएर ऊ माटोमै मिल्नु पर्छ। किन्तु, यदि कसैले आफूलाई परिमार्जित गर्छ र आफ्नो मनको द्वेष भावनालाई हटाउँछ, यदि कसैले आफ्नो शत्रुलाई 'आऊ, शान्ति कायम गरौं र हामीमा भ्रातृत्वभाव राखौं' भन्छ भने उनले महान विजय गरेको ठहर्छ, जुनकि उसको अल्पकालिक सफलता होइन, दीर्घकालसम्म रहिरहने विजय हो ।'

'सिंह ! सफल योद्धा महान हुन्छ, तापनि जसले आफूमाथि विजय पाउँछ, उही नै वास्तवमा महान विजेता हुन्छ। अरूको नाश गर्नको लागि होइन आफ्नै बचावटको लागि आत्मविजयको शिक्षा दिइएको हो । जो व्यक्ति आत्मविजयी बन्छ ऊ आत्मदासीभन्दा बढी बाँच्न लायकको हुन्छ, सफल र विजयी बन्छ। जसको मन स्वार्थरहीत छ, उसले जीवनको लडाईंमा कहिल्यै असफलता भोग्नु पर्दैन । ऊ आफ्नो साहसिक कार्यमा सधैं सफल रहन्छ र त्यो सफलता दृढ हुन्छ। जसको मनमा सत्य र प्रेमले आश्रय पाउँछ उसले दुःख झेल्नु नपर्ने हुन्छ। तसर्थ साहसपूर्वक र बुद्धिमानीपूर्वक संघर्ष गर । त्यसपछि तिमी सत्यताका सिपाहीं बन्ने छौं ।'

युद्ध वा आतंकमा कुनै धर्मनीति हुँदैन । जब हामी युद्धको घोषणा गर्दछौं, तब यसको हामी समर्थन गर्दछौं, तर जब अरूले युद्धको घोषणा गर्दछ, हामी भन्छौं यो त न्याय भएन। त लडाईंको



https://dhamma.digital

समर्थन गर्ने को ? मानवीय समस्या समाधानको लागि मानिसले जङ्गलको कानूनलाई अंगाल्न हुँदैन ।

## संसारको श्रृष्टि

**संसारको श्रृष्टिबारे अनुमान गर्ने कुनै आधार छैन । हाम्रो वैचारिक दरिद्रताको कारणले नै कुनै वस्तुको आरम्भ हुनैपर्छ भनी हामी सोच्छौं । -(वरट्रायण्ड रस्सेल)'**

विश्वको श्रृष्टिबारे तीन थरी भनाई पाइन्छ । पहिलो भनाईले भन्छ - यो विश्व प्राकृतिक रूपमा बनेको हो । प्रकृति आफ्नै नियम अनुसार चल्दछ र परिवर्तन हुँदै जान्छ । दोश्रो भनाई अनुसार सर्वशक्तिमान ईश्वरले यो संसार श्रृष्टि गरेको हो । तेश्रो विचार अनुसार जीवन र जगतको न आदि छ न अन्त छ, त्यसैले संसारको श्रृष्टि अकल्पनीय छ। बुद्धधर्मले तेश्रो विचारलाई अंगालेको छ । यसप्रति समर्थन जनाउँदै वरट्राय्ण्ड रस्सेल भन्नुहुन्छ - 'विश्वको श्रृष्टिबारे अनुमान गर्न कुनै आधार छैन । हाम्रो वैचारिक कमीको कारणले नै कुनै वस्तुको आरम्भ हुनैपर्छ भनी हामी सोच्छौं ।'

Dhamma.Digital

आधुनिक विज्ञान भन्छ - लाखौं वर्ष पहिले पृथ्वी चिसो र जीवनरहित थियो र महासागरबाट जीवनको शुरुवात भयो । बुद्धधर्मले यो पृथ्वी, सूर्य, चन्द्र, तारा, हावा, पानी, दिन र रात कुनै शक्तिशाली ईश्वर वा बुद्धले श्रृष्टि गरेको हो भनी कहिल्यै भन्दैनन् । बौद्धहरूको विश्वास अनुसार संसार कुनै एक समयमा श्रृष्टि भएको होइन बल्कि प्रत्येक क्षणमा लाखौं पटक उत्पति भइरहेको छ र विनाश भइरहेको छ । बुद्धधर्म अनुसार वैज्ञानिक तथा बुद्धिजीवीहरूका लागि ग्राह्य छैनन् । बौद्ध लेखकहरूले लेखिएका बौद्ध ग्रन्थका 'टीका' (विस्तृतीकरण) मा यस सम्बन्धमा



https://dhamma.digital

गरिएका व्याख्यानलाई समेत आजका वैज्ञानिकहरूले कोट्याउन सकेका छैनन् । बुद्धले यस्ता विवादमा समय नष्ट गर्नु भएन । कारण यस विवादमा आध्यात्मिक ज्ञान प्राप्तिको कुनै धार्मिक महत्व नभएकोले नै उहाँ चुपलाग्नु भएको थियो । ब्रम्हाण्डको संरचनाबारे व्याख्या गर्ने काम धर्मसँग सम्बन्धित होइन । सम्यक् आजीविका र भावी जीवनको रेखांकनको लागि यस्ता सैद्धान्तिक वादविवादको आवश्यकता छैन । तथापि, यसबारेमा अध्ययन गर्न मन लाग्छ भने उसले विज्ञान, खगोलशास्त्र, भूगर्भशास्त्र, जीवविज्ञान र मानवशास्त्रको खोज गर्नु पर्छ । यस प्रश्नमा कुनै पनि धर्मलेभन्दा यी विषयहरूले बढी विश्वासिलो र खोजपूर्ण जवाफ दिन सक्छ । आफूलाई मनका विकारबाट पूर्णरुपले मुक्त नगरुन्जेल यस जीवनलाई र भविष्यका जीवनलाई समेत सुसभ्य बनाउँदै जानु नै धर्मको मुख्य उद्देश्य हो ।

बुद्धको दृष्टिमा यो विश्व केही होइन, मात्र जन्म-मरणको अनन्त संसारचक्र हो । उहाँका लागि विश्वको सृष्टि र विनाश यसै 'संसारचक्र' भित्र छ । कुनैपनि तत्व र शक्ति एक अर्कासँग सम्बन्धित र आश्रित रहेको हुनाले कुनै एकलाई मात्र शुरुवात मान्नु अर्थहीन हुन्छ । संसारको उत्पत्तिबारे हामीले जतिसुकै कल्पना गरेपनि त्यसमा सत्यता पाउन सक्दैनौं ।

'आकाश अनन्त छ, सत्वहरू अनन्त छन्,
बृहत् ब्रम्हाण्डमा विश्व अनन्त छन्
बुद्धले सिकाउनु भएको ज्ञान अनन्त छ,
जसमा अनन्त छन् धर्म, सदाचार, गुण' (श्री रामचन्द्र)

एकदिन मालुंक्यपुत्त भन्ने व्यक्तिले बुद्धकहाँ गएर ब्रम्हाण्डको सृष्टिबारे बताइदिन आग्रह गरे । यदि बुद्धको जवाफ सन्तोषजनक


https://dhamma.digital

भएन भने उसले बुद्धका अनुयायीहरूलाई समेत भड्काउने धम्कि पनि दिए । मालुंक्यपुत्त बुद्धका अनुयायी बनुन् या नबनुन् यसमा कुनै महत्व छैन, किनकि सत्यलाई कसैको सहारा चाहिन्न भनी बुद्ध शान्तपूर्वक नै रहनु भयो । बुद्धले उसलाई ब्रम्हाण्डको श्रृष्टिबारे बादविवादतिर नजान भन्नुभयो । यस्तो काम समय खेर फाल्नुमात्र हो, किनभने मानिसले वर्तमानबाट मुक्ति पाउने कार्य गर्नु पर्दछ न कि भूत वा भविष्यबाट । यसको व्याख्या गर्नुहुँदै बुद्धले विषालु बाणबाट घाइते बनेका मानिसको उपमा दिनुभयो । उक्त मूर्ख मानिसले बाण हान्ने व्यक्ति को हो भनी थाहा नपाएसम्म बाण झिक्न इन्कार गरेका थिए । उसका सहयोगीहरूले बाण हान्ने व्यक्तिको जानकारी लिएर आउँदासम्ममा उसको मृत्यु भइसकेको हुन्थ्यो । ठीक यसै प्रकार हाम्रो प्रथम प्रयास निर्वाण प्राप्ति हो, शुरुवात वा आरम्भसँग मतलब राख्नु आवश्यक छैन ।

## अन्य संसारचक्रहरू

**आधुनिक वैज्ञानिक खोजको आधारमा हामीले मानव संसारका सीमा र ब्रम्हाण्डको अन्य स्थानमा जीवनको अस्तित्वको संभावनालाई स्वीकार्न सक्छौं ।**

कुनै एक अवसरमा, बुद्धले ब्रम्हाण्डको प्रकृति र बनावटबारे बताउनु भएको छ । उहाँका अनुसार ब्रम्हाण्डका अन्य भागमा पनि जीवनको अस्तित्व छ । एकतीसवटा भुवन (लोक) बारे बुद्धले व्याख्या गर्नुभएको छ, तिनीहरूः-

४ वटा - दुःखी लोक वा मानिसभन्दा तल्लो श्रेणीका प्राणीहरू (नरक, प्रेत, पशुपंक्षी र असूर)

१ वटा - मनुष्यलोक

६ वटा - देवलोक अथवा स्वर्ग भूमि



https://dhamma.digital

१६ वटा - रूपलोक अथवा सूक्ष्म साकार जगत

४ वटा - अरूपलोक अथवा निराकार जगत

यी अन्य भूमिहरू आधुनिक विज्ञानवाट पुष्टि हुन अझै बाँकी नै छ। तथापि, वैज्ञानिकहरू अरू ग्रहहरूमा जीवनको अस्तित्व हुनु पर्नेबारेमा अनुसन्धान गर्दैछन्। आजको द्रुततर वैज्ञानिक प्रगतिको फलस्वरुप अति दुर्गम तारापुन्ज समूहका ग्रहहरूमा जीवित प्राणीहरू पत्ता लगाउन सक्षम होइने छ। संयोगले, तिनीहरू पनि हामी जस्तै भएको पाउने छौं। तिनीहरू शारीरिक बनावटको हिसाबले हामीभन्दा भिन्दै आकृति, तत्व र रासायनिक सम्मिश्रण र आकारमा होलान्। त्यस्तै तिनीहरू हामीभन्दा जाती वा हामीभन्दा खराब पनि हुन सक्लान्।

किन पृथ्वी एकमात्र जीवधारी ग्रह भएको ? विशाल ब्रम्हाण्डमा पृथ्वी अति नै सूक्ष्म बिन्दुमात्र हो। नामी खगोल भौतिक शास्त्री सर जेम्सजिन्सले ब्रम्हाण्डको क्षेत्रफल टेलेस्कोपले देखिने अन्तरिक्षको क्षेत्रफलको अरब गुणा ठूलो छ भनी अनुमान गरेका छन्। 'रहस्यमय ब्रम्हाण्ड' भन्ने आफ्नो पुस्तकमा उहाँले ब्रम्हाण्डको कूलसंख्या पृथ्वीको समुद्र किनारमा पाइने बालुवाको कूलसंख्या बराबर हुन्छ भनेका छन्। त्यस्तो ब्रम्हाण्डमा यो पृथ्वी बालुवा कणको १० लाख भागमा एक भागमात्र हुन आउँछ। उनले यो पनि भनेका छन् कि पृथ्वीमा आइपुग्न एक सेकेण्डको सातौं भाग समय लाग्ने सूर्यको प्रकाशलाई सम्पूर्ण ब्रम्हाण्ड छिचोल्न एक खरब वर्ष लाग्छ। कति विशाल छ, विश्व ब्रम्हाण्ड। 'बाह्य अन्तरिक्ष'को रूपमा ब्रम्हाण्डको विशालतालाई अंगीकार गर्दा अन्य सांसारिक क्रियाकलापको सिद्धान्तमा वैज्ञानिक सम्भाव्यता देखिन आउँछ।



https://dhamma.digital

आधुनिक वैज्ञानिक खोजको आधारमा मानव संसारको सिमानाको हामी सह्राहना गर्न सक्छौं । आज विज्ञानले मानव संसार इन्द्रियद्वारबाट स्पर्श गर्नसकिने तीब्र कम्पनको सिमानाभित्र बाँधिएको कुरा छर्लंग्याइसकेको छ । र हामीले प्राप्त गर्नसक्ने सीमाभन्दा माथी वा तलपनि त्यस्ता तीव्र कम्पन भएको कुरा देखाएका छन् । रेडियो तरंग, एक्सरे, टि.भी. तरंग र माइक्रोवेभको खोज पछि हाम्रो इन्द्रियद्वारबाट हामीमाथि हदैसम्म प्रभावित गरेको कुराको सह्राहना गर्नसक्छौं । हामीले आफ्ना इन्द्रियद्वारको सानो दुलोबाट ब्रम्हाण्डलाई चियाउँछौं, जस्तो कि सानो बच्चाले ढोकाको सानो दुलोबाट बाहिर चियाउँछ । यो सीमित ज्ञानको सतर्कताले हामीलाई हामीभन्दा टाढा वा हामीभित्रै छिरिरहेको अन्य विश्व संरचनाको सम्भाव्यतालाई दर्शाउँछ ।

बुद्धले भन्नुभएको छ कि ब्रम्हाण्डको प्रकृति अनुसार यसको शुरु र अन्त अचिन्तेय छ । बौद्धहरू यो संसार एकै चोटी र सम्पूर्णरूपमा समाप्त हुन्छ भनी विश्वास गर्दैनन् । सारा ब्रम्हाण्ड एकैचोटी विनाश भएका उदाहरण केही छैनन् । जब ब्रम्हाण्डको एक खण्ड लोप हुन्छ तब अर्को खण्ड यथावत नै रहेको हुन्छ । जब अर्को खण्ड लोप हुन्छ, पुनः अर्को खण्ड देखापर्छ अथवा अघिल्लो खण्डको विनाशबाट छरिएर रहेका वस्तुहरू मिली अर्कै खण्डको प्रादुर्भाव हुन्छ । अणुहरूको जमघट, आधारभूत तत्वहरूको मिलीभगत, ग्यास र असंख्य शक्तिहरूको सम्मिश्रणबाट नै यो सम्भव भएको हो । तब केही अरू नयाँ विश्व संरचना देखापर्छ र केही समयको लागि रहिरहन्छ । यो ब्रम्हाण्डीय शक्तिहरूको स्वभाव हो । यसउसले बुद्धले ब्रम्हाण्डको आदि अचिन्तेय छ भन्नुभएको हो । कुनै कुनै बेला र विशेष कारणमा मात्र बुद्धले ब्रम्हाण्डको स्वभाव र बनावटबारे व्याख्या गर्नुहुन्छ । जब उहाँ



https://dhamma.digital

यसबारे बताउनुहुन्छ त प्रश्नकर्ताको क्षमता हेरी भन्नुहुन्छ। उच्च आध्यात्मिक उन्नतिमा नलाने यस प्रकारको आध्यात्मिक कल्पनामा उहाँ इच्छुक देखिनु हुन्न ।

मानव समुदायमा अविश्वास र भ्रष्टाचार बढ्यो भने ईश्वरले संसारको विनाश गर्छ भन्ने धारणासँग बौद्धहरू सहमत छैनन् । यस धारणामा यो प्रश्न उठ्न सक्छ, किन त्यस ईश्वरले संसारको विनाशको सट्टा मानव हृदयबाट नै खराब विचार नहटाइ दिने ? ईश्वरले विनाश गरुन् या नगरुन् उत्पत्ति भएको जुनसुकै वस्तुको एक न एक दिन विनाश नभइ छोड्दैन । बुद्धको शब्दमा संसार भनेको अरू केही होइन उत्पत्ति, स्थिति, भंग र नाम र रूपको पुनर्उत्पत्ति मात्र हो ।

अन्ततोगत्वा, बुद्धको शिक्षा अचम्भित तुल्याउने खालको भएपनि आधुनिक विज्ञानको खोजभन्दा अगाडि नै छन् । विज्ञानमा आत्मसुरक्षा र भौतिक सुविधाको लागि ब्रम्हाण्डमाथि विजय प्राप्त गर्न समर्थ तुल्याउनु नै ब्रम्हाण्डको ज्ञान हो । तर बुद्धले जन्म-मरणको दुःखबाट मुक्त हुन धेरै मात्रामा वास्तविक ज्ञानको आवश्यकता औंल्याउनु भएको छ । दुःख मुक्तिको लागि तबसम्म आफैंले प्रयत्न गर्नुपर्छ जबसम्म आफ्नो स्वभावको यथार्थता र सांसारिक परिवर्तनशीलतालाई राम्ररी जान्दैन । साँच्चै नै मुक्त हुन चाहनेले आफ्नो मनलाई तालीम गर्नु पर्छ, इन्द्रिय सुखलाई त्याग्नु पर्छ । आफूले विजय प्राप्त गर्न खोजेको संसार जब अनित्य छ भनी थाहा पाउँछ, तब मानिसले आफूभित्र अद्भूतको लडाईं देख्छ । यही सम्यक् दृष्टिको माध्यमबाट मानिसले महत्वहीन र अनावश्यक विवाद त्यागी आफ्ना मनका विकारहरू हटाउनमा सारा समय र शक्ति लगाउन थाल्छ ।


https://dhamma.digital

# स्वर्ग र नर्क

**बुद्धिमान मानिसले आफ्नो स्वर्ग आफै बनाउँछ, जबकि मूर्खले इहलोक र परलोकमा समेत आफ्नो नरक आफैं बनाउँछ ।**

स्वर्ग र नर्कबारे अरू धर्मको धारणाभन्दा बौद्धधारणा बिल्कुलै फरक छ । यी ठाउँहरू स्थायी छन् भनी बौद्धहरू मान्दैनन् । मानवीय कमजोरीको लागि मानिसलाई अपराधी ठहऱ्याई नरकको डर देखाउनुको साटो उसलाई आत्मविकासको लागि प्रयास गर्ने मौका दिनु तर्कसंगत छ । नरक पुगेका कोही पनि व्यक्तिले राम्रो काम गरी त्यहाँबाट माथि उठ्न सक्छ भन्ने बौद्ध दृष्टिकोण रहेको छ । नरकद्वारमा कहीं पनि ताला हुँदैन । त्यो अस्थायी ठाउँ हो र सँधै त्यहीं दुःख सहेर बस्नुपर्छ भन्ने कुनै कारण छैन ।

स्वर्ग र नर्क यस संसारभन्दा पर होइन, यसै संसारभित्र छ भनी बुद्धको शिक्षाले बताउँछ । तसर्थ स्वर्ग र नर्क सम्बन्धी बौद्ध धारणामा यथार्थता छ । उदाहरणको लागि, बुद्धले एकपल्ट भन्नुभएको थियो - 'महासागर मुनि नरक (पाताल) छ भनी कुरा गर्ने व्यक्ति अज्ञानी हो र यो कुरा मिथ्या र आधारहीन छ। 'नरक' भन्ने शब्द दुःखपूर्ण अनुभूतिको लागि प्रयोग गरिने शब्द हो ।' स्वर्ग र नर्क ईश्वरले बनाइदिएको कुनै निश्चित ठाउँ हो भन्ने कुरा बौद्ध धारणाले स्वीकार गर्दैन ।

यस संसारमा विद्यमान नरकअग्नि, अरू अग्निभन्दा तातो छ। रिस, राग अथवा लोभ र अज्ञानता समानको आगो अरू छैन। बुद्धका अनुसार हामी राग, द्वेष, मिथ्या धारणा, रोग, मृत्यु, चिन्ता, शोक, पिडा (शारीरिक र मानसिक), उदासीनता र पश्चाताप जस्ता एघार प्रकारका शारीरिक दुःख र मानसिक यातनामा जलिरहेका



https://dhamma.digital

छौं । मानसिक कलहका यस्ता केही अग्निले पनि सारा विश्व नै जलाउन सकिन्छ। जुन ठाउँमा बढी सुखको अनुभव गर्न सकिन्छ, त्यही नै स्वर्ग हो । यद्यपि मानव जगत दुःख र सुखको सम्मिश्रण स्थल हो, मानिसले दुःख र सुख दुवैको अनुभव गर्छन् र जीवनको यथार्थ स्वभावको पहिचान गर्छन्। तर अरू अधिकांश लोकहरूमा बस्नेहरूले यस्तो अनुभूतिको मौका कमैमात्र पाउँछन्। कहीं बढी दुःख पाइन्छ भने कहीं बढी सुख पाइन्छ ।

मृत्युपछि कुनै न कुनै लोकमा पुनर्जन्म हुन्छ भन्ने बौद्ध विश्वास छ। मानिसको मृत्युको अन्तिम क्षणको चित्तको अवस्थाले भावी जीवन निश्चित गर्दछ। उक्त अन्तिम क्षणको चित्तको अवस्था मानिसको वर्तमान कार्य वा विगतका कार्यहरूमा निर्भर गर्दछ । तसर्थ, असल कार्य गर्नेले भावी जीवन सुखमय पाउँछन्। तर त्यो अवस्था क्षणिकमात्र हुन्छ र आफ्नो 'कर्म' फल अनुसार पुनः नयाँ जीवन गुजार्नु पर्ने हुन्छ। यो क्रम तबसम्म निरन्तर दोहोरिरहन्छ जबसम्म सम्यक्दृष्टि (यथार्थ ज्ञान) प्राप्त गर्दैन र निर्वाणको सच्चा सुखतर्फ लैजाने आर्य मार्गमा सुप्रतिष्ठित होइन्न ।

स्वर्ग एक अस्थायी ठाउँ हो, जहाँ असल कार्य गर्ने व्यक्तिले केही बढी समयसम्म इन्द्रिय सुख भोग्न पाउँछ। त्यस्तै नरक पनि एक अस्थायी ठाउँ हो, जहाँ खराब कार्य गर्ने व्यक्तिले शारीरिक र मानसिक दुःख भोग्न पर्छ। यस्ता ठाउँहरू स्थायीरूपमा छन् भन्ने तर्क न्यायसंगत छैन । स्वर्ग र नरकको पछाडि कुनै ईश्वर हुन्न । प्रत्येक व्यक्तिले आफ्नो असल र खराब 'कर्म' अनुसार नै फल पाउँछन् । नरकअग्निबाट तर्साएर अथवा स्वर्गको सुख देखाएर बौद्धहरूले कहिल्यै बुद्धधर्मको प्रचार गरेनन् । उनीहरू मानसिक विकास र चारित्रिक निर्माणमा बढी जोड दिन्छन् । नरकको डर अथवा स्वर्गको लोभ बिना नै बौद्धहरू आफ्नो धर्मको अभ्यास



https://dhamma.digital

गर्छन् । मानवताको विकास र मानसिक शान्तिबाट सम्यक् जीवन व्यतीत गर्नु नै उनीहरू आफ्नो कर्तव्य ठान्छन् ।

# सत्व लोक

## दृष्य र अदृष्य प्रकाश भए जस्तै दृष्य र अदृष्य सत्वहरू पनि छन् ।

बुद्धधर्मले असल वा खराब आत्माको अस्तित्वलाई इन्कार गर्दैन । दृष्य र अदृष्य प्रकाशहरू विद्यमान भए जस्तै दृष्य र अदृष्य सत्वहरू पनि विद्यमान छन् । अदृष्य प्रकाश हेर्न विशेष उपकरण चाहिए जस्तै अदृष्य सत्व हेर्न पनि विशेष इन्द्रिय चाहिन्छ । नांगो आँखाले देखेन भन्दैमा त्यस्ता सत्वहरू छँदैछैन भन्न मिल्दैन । ती सत्वहरूको पनि जन्म र मृत्यु हुन्छ । तिनीहरू स्थायी रूपमा त्यसरी रहिरहन्न । तिनीहरू हाम्रै संसारमा बस्छन् । बुद्धले बताउनु भएको कार्य कारण सिद्धान्त अनुसार आफूलाई ढाल्न सक्ने व्यक्ति नै सच्चा बौद्ध कहलाइन्छ । उसले ती ईश्वर वा सत्वहरूको पूजाआजामा आफूलाई लगाउनु पर्दैन । किन्तु, यसप्रकारको पूजाआजा कोहीलाई मनमोहक लाग्दछ र बौद्धहरू पनि यसमा भुल्ने गरेका पाइन्छन् ।

खराब सत्वहरूबाट बच्न असल कार्यले रक्षा कवचको काम गर्छ । जबसम्म असल व्यक्तिले आफूमा खराब विचार पस्न दिंदैन, तबसम्म असल कार्यले पर्खालको काम गर्दछ । धार्मिक र पवित्र जीवन व्यतीत गर्ने व्यक्तिले पनि दुष्टात्माको शक्तिले आफूलाई हानि गर्छ भनी विश्वास गर्न थाल्यो भने उसको रक्षा कवच हराउँछ ।

बुद्धले त्यस्ता सत्वलाई पूजा गर्न र तिनीहरूदेखि डराउन कहिल्यै भन्नु भएन । तिनीहरूलाई पुण्यानुमोदन (आफूले गरेको



https://dhamma.digital

पुण्यको दान दिने) र मैत्रीभाव दिनुपर्छ भन्ने बौद्ध धारणा छ। बौद्धहरू त्यस्तालाई कहिल्यै हानि पुऱ्याउँदैनन्। यदि कोही मानिस धार्मिक छ, निश्चल मन छ, मेधावी छ र बलियो इच्छा शक्ति र समझ्दार छ भने, त्यो व्यक्ति ती सत्वहरू भन्दा बलवान छ भनी विश्वास गर्न सकिन्छ। दुष्टात्माहरू ऊदेखि टाढै रहन्छन् र पुण्यात्माहरूले उसलाई रक्षा गर्छन्।

## पुण्यानुमोदनको महत्व

**यदि परलोक भइसकेका आफन्त कसैलाई तपाईं सम्मान गर्न र मद्दत गर्न चाहनु हुन्छ भने, उसको नाममा धार्मिक कार्य गर्नुहोस् र पुण्य छोडी दिनुहोस्।**

बुद्धधर्म अनुसार असल कार्य अथवा 'धर्म कार्य' (पुण्य) गर्नेलाई यस लोक र परलोकमा समेत सुख मिल्दछ। 'पुण्य कार्य' ले अनन्त सुख प्राप्तिमा समेत मद्दत गर्दछ भन्ने जनविश्वास छ। शरीर, वचन र मन तीनवटैले सो कार्य गर्न सकिन्छ। प्रत्येक असल कार्यले 'पुण्य' बढाउँछ र पुण्य कार्य गर्ने व्यक्तिलाई त्यस पुण्य लाभ हुन्छ। यसरी लाभ भएको पुण्य अरूलाई पनि बाँड्न सकिन्छ। अर्को शब्दमा भन्ने हो भने पुण्य 'आदान प्रदान' गर्न सकिन्छ र त्यसकारण अरू व्यक्तिलाई बाँड्न सकिन्छ। त्यो पुण्य बाँडिलिने व्यक्ति जीवित वा दिवंगत जो कोही पनि हुन सक्छ।

पुण्यानुमोदनको तरिका अति सरल छ। पहिले केही असल कार्य गरिन्छ। यस्तो गर्नेले आफूले प्राप्त गरेको पुण्य कसैलाई अथवा 'सबै प्राणी' को लागि लाभदायक होस् भनी आशिका गर्नु पर्छ। यस्तो आशिका शुद्ध मनले अथवा शब्दद्वारा पनि गर्न सकिन्छ।



https://dhamma.digital

यस्तो पुण्य लाभ गर्न इच्छुक जीवित वा दिवंगतहरूलाई यसरी पुण्य बाँडी दिन सकिन्छ। जब त्यो व्यक्तिले इच्छा गरेको हुन्छ, तब आपसी 'प्रसन्नता' उत्पन्न हुन्छ। यसो हुँदा खास कार्य गर्ने व्यक्तिले गरेको कार्यको सहभागी ऊ बन्दछ। यदि त्यो व्यक्तिले धर्मका आधारमा उक्त कार्यको प्रशंसा गर्दछ र बढी गौरवान्वित हुन्छ भने साविकको व्यक्तिभन्दा उसले बढी पुण्य आर्जन गर्छ। यस्तो घटनाहरू बौद्ध साहित्यमा धेरै पाइन्छन्।

पुण्य गर्ने व्यक्तिले थाहा नपाउने किसिमले पनि पुण्यानुमोदनको फल पाउन सकिन्छ। यसको लागि असल कार्यप्रति मन प्रसन्न गर्नमात्र जान्नु पर्दछ। र प्रसन्न मनले 'साधुकार' दिनु पर्दछ। यस्तो गर्नु एकप्रकारको मानसिक प्रसन्नता सृजना गर्नु हो। अरूले गरेको असल कार्यको हकदार हुन उक्त कार्यको यथार्थ अनुमोदन हृदय प्रसन्न हुनुपर्दछ।

यदि पुण्यानुमोदनमा कसैले रोक लागाउन चाहेमा पनि रोक्न सकिंदैन किनकि आफ्नो मनमा अरूको अधिकार हुन्न। हरेक कार्यमा मन प्रमुख हुन्छ भनी बुद्धले भन्नुभएको छ। पुण्यानुमोदन पनि मनकै कार्य हो।

Dhamma.Digital

पुण्यानुमोदन गर्दैमा वा आफूले गरेको पुण्य अरूलाई बाँड्दैमा आफूले गरेको असल कार्यको फलबाट आफू वञ्चित हुनु पर्दैन। यसको ठीक विपरित, पुण्य बाँड्ने काम आफैंमा असल कार्य हो नै, यसबाट आफूले पहिले प्राप्त गरेको पुण्य अझ झन् वृद्धि हुन्छ।

## दिवंगत भएकालाई दिइने सर्वोच्चदान

दिवंगत भइसकेका आफन्तहरूलाई दिन सकिने सबभन्दा ठूलो दान वा उपहार नै आफूले असल कार्य गरी आर्जन गरेको पुण्य उसलाई छोडी दिनु हो भनी बुद्धले भन्नुभएको छ। उहाँले



https://dhamma.digital

यो पनि भन्नु भएको छ - यसरी पुण्य भाग दिनेले पनि त्यसको फल पाउँछ। पवित्र व्यक्तिलाई दान दिने आदि जस्ता असल कार्य गरी त्यसको पुण्य दिवंगतलाई छोडी दिन बुद्धले प्रेरणा दिनु भएको छ। दान दिंदा आफ्ना दिवंगत स्वजनलाई सम्झेर 'उहाँ जीवित हुनुहुँदा उहाँले मलाई यसरी सहयोग गर्नु भएको थियो, मलाई यस्तो उपकार गर्नु भएको थियो, उहाँ मेरो नाताकुतुम्ब हुनुहुन्थ्यो, मेरो साथी हुनुहुन्थ्यो' आदि कुरा मनमा राख्नु पर्छ (तिरोकुड्ड सुत्त खुद्दकपाठ)। रुनु, कराउनु, दुःख मनाउनु, विह्वल हुनु, विलाप गर्नुले दिवंगत व्यक्तिलाई केही पनि फल दिने होइन।

मानिस मरेपछि उसको 'पुण्य' र 'पाप' को फल अनुसार उसको भावी जीवन निश्चित हुन्छ, सुखको संसारमा अथवा दुःखको सागरमा; यस्तो विश्वासको आधारमा नै पुण्यानुमोदनको चलन बसेको हो। मरेपछि मृत्युलोकमा गइन्छ भन्ने जनविश्वास छ। त्यस्तो ठाउँमा पुगेपछि, त्यहाँ पुण्य कार्य गर्न सक्दैन र यहाँ आर्जन गरेर गएको पुण्यको भरमा बाँच्नु पर्ने हुन्छ भन्ने धारणा छ।

जसले आफ्नो जीवनमा अरूलाई हानि पुऱ्याउँदैन र असल कार्यहरू गर्छन्, उसले सुखी ठाउँमा जन्मने मौका पाउँछ। त्यस्ता व्यक्तिलाई मृत्युपछि आफन्तहरूको सहयोग चाहिंदैन। किन्तु, जसले सुखी ठाउँमा स्थान पाएको छैन उसले त्यस्तो ठाउँमा जानसक्ने हुनको लागि आफन्तहरूबाट पुण्यको आशा गरिरहन्छ। आफ्ना आफन्त वा साथीहरूबाट पुण्य कार्य गरी पुण्यानुमोदन गरेको पुण्य प्राप्त गरेर दुःखी वा विपन्नताबाट छुटकारा पाउन सकिन्छ।

पुण्यानुमोदनको प्रचलन हिन्दू रितिमा पनि पाइन्छ। दिवंगत स्वजनले शान्तिपूर्ण जीवन पाउन् भन्ने मनसायले विभिन्न धार्मिक


https://dhamma.digital

कार्य गर्छन् । केही बौद्ध मुलुकहरूमा यस्ता प्रचलनले धेरै प्रभाव पारीसकेका छन् । कुनै पनि शुभकार्य र खासगरी जन्मदिन र मरेको दिनमा दिवंगत स्वजनको स्मरण गर्ने गर्छन् । यस्तोबेला एक विशेष रित पुऱ्याउँछन् । पुण्य छोडी दिनेले पानीले भरेको ठूलो भाँडोबाट सानो भाँडोमा पानी खन्याई निम्न कुरा भन्छन्, जो पालीबाट अनुवाद गरिएका छन्:

जब नदीमा पानी भर्छ त बग्नै पर्छ
र गन्तव्य स्थानमा पुगेर गर्ने काम गर्छ
त्यस्तै जुन कुरा यहाँबाट दिइयो
त्यो दिवंगतसम्म पुगुन् र कल्याण गरुन् ।
जब पहाडको टुप्पामा पानी खन्याउँछ
तुरुन्तै बगेर जमीनमा फिंजिन्छ
त्यस्तै जुन कुरा यहाँबाट दिइयो
त्यो दिवंगतसम्म पुगुन् र कल्याण गरुन् ।

(निधिकन्द सुत्त - खुद्दक पाठ)

पुण्यानुमोदनको आरम्भ र महत्वबारे तर्क गर्न पूरा छूट छ । यद्यपि पुण्यानुमोदनको पुरानो रीति अझसम्म पनि धेरै बौद्ध मुलुकहरूमा विद्यमान छन् । तर पुण्यानुमोदनको खास अर्थ र गर्ने तरिका कममात्र बौद्धहरूले जानेका छन् ।

दिवंगत स्वजनको सम्झनामा कोही कोही मानिस अर्थ न बर्थका कार्यहरू गरी समय र धनको नाश गरिरहेका पनि छन् । खालि ठूल्ठूला कब्रिस्तान, समाधिस्थान, आभूषण आदि बनाएर दिवंगत भइसकेकाहरूको लागि मद्दत गर्न सकिन्न भन्ने कुरा तिनीहरूले महसूस गर्दैनन् । दिवंगतहरूलाई न त धूप दीप बालेर


https://dhamma.digital

मद्दत गर्न सकिन्छ न त प्राणीको बलि चढाएर वा केही खानेकुरा चढाएर नै मद्दत गर्न सकिन्छ । त्यस्तै, मरेका व्यक्तिको सामान जलाएर उसलाई प्राप्त होस् भनी कामना गर्नु पनि बुद्धिमानी होइन । बरु त्यस्ता सामान आवश्यक परेका व्यक्तिलाई दिइदिए हुन्छ ।

स्वर्गीय भइसकेकाको पुण्य स्मृतिमा धर्म कार्य गर्नु नै उनीहरूलाई मद्दत गर्न सकिने एउटैमात्र उपाय हो । धर्मकार्य भन्नाले दान गर्नु, विद्यालय, मन्दिर, अनाथालय, पुस्तकालय, अस्पताल बनाईदिनु, धार्मिक पुस्तक प्रकाशन गरी निःशुल्क वितरण गर्नु र यस्तै सहयोगात्मक काम गर्नु हो ।

बुद्धका अनुयायीहरूले बुद्धिपूर्वक काम गर्नुपर्छ र आँखा चिम्लेर कुनै कुरामा लाग्नु हुँदैन । मरेका व्यक्तिको लागि अरूले ईश्वरसँग प्रार्थना गर्छन्, बौद्धहरू आफ्नो मैत्री प्रसारण गर्छन् । पुण्य कार्य गरी पुण्य बाँडिदिनु नै उनीहरूप्रति सच्चा सम्मान र आदर गर्नु हो । यसो खुसी भएमा उनीहरूले पनि आशिर्वाद दिन्छन् । त्यसकारण पुण्यानुमोदन गरेर र मैत्री प्रसारण गरेर मरिसकेकालाई स्मरण गर्नु आफन्तहरूको कर्तव्य हो ।

## भविष्यकाबारे थाहा पाउने र जन्त्रमन्त्र

### 'कडा परिश्रम नै सबभन्दा ठूलो भाग्य हो ।'

यद्यपि बुद्धधर्मले देवी देवता, ईश्वर, ज्योतिषशास्त्र र भविष्यवाणी माथिको विश्वासलाई खण्डन गर्दैन, तर यिनीहरूको दास नहुन बुद्ध सल्लाह दिनुहुन्छ । यदि आफ्नो लगन र सदिच्छा भएमा कुनैपनि अप्ठ्याराहरू माथि विजय पाउन सकिन्छ । माथि उल्लिखित धारणाहरूमा कुनै पनि धार्मिक मूल्य वा मान्यता छैन ।


https://dhamma.digital

आफ्ना समस्या र अप्ठ्याराहरू माथि विजय पाउन मानिस आफैले मिहेनत गर्नु पर्छ। देवी देवता, ईश्वर आदिको माध्यमबाट होइन।

एउटा जातक कथामा बोधिसत्वले भन्नु भएको छः

'मूर्खले शुभ दिनको प्रतिक्षा गर्छ
तर उसले सधैं शुभ (भाग्य) गुमाउँछ
शुभ आफैंमा भाग्यको तारा हो भने
केवल ताराले मात्र के पाउन सकिन्छ ?'

उहाँको धारणा थियो कडा परिश्रम नै सबभन्दा ठूलो भाग्य हो र कुनै तारा वा नक्षत्र र शुभ दिनको प्रतिक्षामा आफ्नो समय खेर फाल्नु हुँदैन। आफूले आफैंलाई मद्दत गर्नु भन्दा ठूलो शक्ति अरू छैन।

यद्यपि केही बौद्धहरू भविष्यवाणी गर्ने काम गर्छन् र धर्मको बहानामा जन्त्र, मन्त्र आदि औषधि बनाउँछन्, तर बुद्धले यस्ता कुरामा लाग्न कहिल्यै भन्नुभएको छैन। भविष्यवाणी जस्तै रक्षाजन्त्र पनि अन्धविश्वास अन्तर्गत नै पर्छ र यसको कुनै धार्मिक महत्व छैन। विरामी हुनु र अभागी हुनुको दोष जन्त्र मन्त्रमाथि वा कुनै बाह्य कारण माथि थुपार्ने मानिसहरू आज पनि छन्। उनीहरूले आफू बीसौं शताब्दीमा बाँचिरहेको कुरा भुलेका छन्। यो युग वैज्ञानिक विकास र उपलब्धिको युग हो। हाम्रा दिग्गज वैज्ञानिकहरूले कतिपय अन्धविश्वासलाई पन्छाइसके र मानिसलाई चन्द्रमामा समेत टेकाइसके !

अस्वस्थताका कारण मानसिक वा शारीरिक दुवै हुन्। शेक्सपियरको म्याकबेथले डाक्टरसँग सोधेको थियो कि उसकी स्वास्नीलाई निको पार्ने कुनै औषधि छ वा छैन, जवाफमा डाक्टरले भने 'तिनीलाई डाक्टरको भन्दा दैवीय गुणको खाँचो छ' यसको



https://dhamma.digital

तात्पर्य थियो, कुनै रोग मानसिक निर्मलताले मात्र निको हुन्छ । केही मानसिक असन्तुलनले शारीरिक वेदना सृजना गर्दछ - जस्तो कि अल्सर, पेट दुःखाई आदि आदि ।

हो, रोगहरू शारीरिक नै हुन्छन् र कुशल डाक्टरले निको पार्न पनि सक्छन् । तर कुनै यस्ता असाध्य रोग पनि छन् जसलाई कि बौद्धहरू कर्मफलको कारणले भएको मान्छन् । यसको अर्थ हाम्रो पूर्व कुकर्मको लागि हामीले केही भोग्नै पर्छ । असाध्य रोगहरूबारे यस्तो धारणा बुझ्न सकेमा त्यसको वास्तविकतालाई बुझेर हामीले धैर्य धारण गर्नसक्ने हुन्छौं ।

विरामी मानिसलाई कुनै विशेषज्ञ चिकित्सककहाँ जान सल्लाह दिइन्छ । त्यहाँ गएर पनि ऊ स्वस्थ भएको महसूस गर्दैन भने उसले कुनै धार्मिक गुरुबाट आध्यात्मिक परिशुद्धिका लागि शिक्षा हासिल गर्नुपर्छ ।

बौद्धहरूलाई अन्धविश्वासको भयानक दलदलमा नफस्न र अनावश्यक र अनभिज्ञ डरहरूबाट मन विचलित नपार्न सल्लाह दिइएको छ । जन्त्रमन्त्रको विश्वासलाई तिरस्कार गरी आफ्नै मानसिक शक्तिलाई उन्नत गर्न सल्लाह दिइएको छ ।

छोटो अवधिको ध्यानले पनि मनको दूषित भावनाहरूलाई सफा पार्न मद्दत गर्दछ । ध्यानले मनलाई निर्मलतातिर डोऱ्याउँछ । निर्मल मनले शरीरलाई पनि स्वभावतः स्वच्छ र स्वस्थ बनाउँछ । यस प्रकारको औषधि बुद्धधर्मले बताउँछ ।

## अन्धविश्वास र कट्टरता

**'मानिस अरूको अन्धविश्वासप्रति खिल्ली उडाउँछन्, आफ्नो चाहिं पालेरै राख्छन् ।'**



https://dhamma.digital

सबै प्रकारका रोगहरूको उपचार छ, तर अन्धविश्वासको उपचार छैन । धर्मसंग अन्धविश्वास कुनै न कुनै प्रकारबाट गाँसिएको हुन्छ र असाध्य रोग बन्छ। कुनै धार्मिक कार्यहरू गर्दा अति हास्यास्पद र अन्धविश्वासयुक्त धारणालाई आजका शिक्षित मानिसहरूले पनि मानवीय मूल्यलाई नै बिर्सेर ग्रहण गर्ने गरेका छन् ।

समाजलाई आकर्षित गर्न नै धर्ममा अन्धविश्वास र मिथ्या कर्मकाण्डको सजावट गर्ने गर्छन् । तर केही समयपछि नै त्यस्ता सजावटको लहराले धार्मिक सिद्धान्तलाई पछाडि धकेलेर अन्धविश्वासयुक्त धारणा र मिथ्या कर्मकाण्डलाई बलवान र शक्तिशाली बनाइदिन्छ, धर्ममा ग्रहण लगाइदिन्छ ।

अन्धविश्वासले जस्तै कट्टर भावनाले पनि धर्मको स्वस्थ अभिवृद्धिमा अवरोध ल्याउँछ। कट्टर भावना र असहिष्णुता सँगसँगै रहन्छ । निर्मम हत्या, हिंसा, यातना, आगजनी, असभ्य र क्रूर धर्मयुद्ध जस्ता मध्ययुगीन कार्यहरू धार्मिक अधिकारीहरूको कट्टर भावनाकै फलस्वरुप उत्पन्न हुन्छन् र असहिष्णुता त्यसकै परिणाम हुन् ।

Dhamma.Digital

वैज्ञानिक ज्ञानको विकासभन्दा पहिले अज्ञानीहरूमा थुप्रै अन्धविश्वासयुक्त धारणाहरू थिए । उदाहरणको लागि चन्द्रग्रहण र सूर्यग्रहणलाई दुर्भाग्य र महामारीको सूचकको रूपमा लिइन्थ्यो। यी कुरा सत्य होइनन् भनी आज हामीले थाहा पायौं र पनि केही धर्माधिकारीहरूले आफ्नो स्वार्थ सिद्धिका लागि मानिसहरूलाई अन्धविश्वासमा विश्वास गर्न उक्साइरहेका छन् । जब मानिसले आफ्नो मोहयुक्त मनलाई साँचो अर्थमा निर्मल पार्दछ, तब उसले सांसारीक यथार्थतालाई बुझ्दछ र अन्धविश्वास र कट्टरता जस्ता



https://dhamma.digital

दूर्भावनाले कहिल्यै सताइनु पर्ने छैन। यही नै बौद्धहरूले इच्छाएको 'मुक्ति' हो।

अन्धविश्वास र कट्टरतामा टाँसिएको भावनात्मक संवेदनाहरूबाट छुटकारा पाउनु अत्यन्तै कठीन छ। वैज्ञानिक ज्ञानको प्रकाश पनि यस कार्यमा अपर्याप्त नै छन्। उदाहरण लिउँ- पृथ्वीले सूर्यलाई परिक्रमा गर्दछ भन्ने कुरा हामीले पुस्तौंदेखि थाहापाई आएका हौं, तर अनुभवमा हामी देख्छौं सूर्य उदाउँछ, आकाश मार्ग हुँदै साँझमा अस्ताउँछ। हामीले सूर्यलाई बेग गतिमा परिक्रमा गरिरहेका छौं भन्ने कुरा कल्पना मात्र गर्न सक्छौं।

धर्ममा अन्धविश्वास र कट्टरता सँगसँगै रहन्छ भन्ने कुरा थाहा पाउनु अत्यावश्यक छ। बुद्धिमानहरूले अन्धविश्वास र कट्टरताबाट धर्मलाई अलग गर्ने समय आएको छ। नत्रभने धर्मको विशुद्ध नाम प्रदूषित भई अहिलेभन्दा बढी अन्धविश्वासीहरू बढ्ने छन्।

॥ भवतु सब्ब मंगलं ॥

Dhamma.Digital



https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital

ISBN 978-9937-1-3453-8

https://dhamma.digital